# नेपाल कानून पत्रिका

भाग - ५७ | **२०७२ फागुन** | अङ्क - ११




प्रकाशक

## सर्वोच्च अदालत



**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**



नेकाप २०७२ फागुन अङ्क ११

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**प्रकाशित सङ्ख्या : २००० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**
**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७२... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल) (महिना)*

**उदाहरणार्थ** : *नेकाप* २०७२, फागुन, नि.नं.९४९१, पृष्ठ १८७७

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**
**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ* बुलेटिन २०७२ ... ... ... १ वा २, पृष्ठ ...

*(साल) (महिना)*

**उदाहरणार्थ** : सअ बुलेटिन, २०७२, फागुन – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

विषय सूची


| क्र.स. | नि.नं./इजलास/विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९४९१<br>विशेष<br>उत्प्रेषण / परमादेश | राजेन्द्रप्रसाद पौडेलसमेत विरूद्ध नेपाल सरकार | ▪ वर्ग विभाजन गर्नुको बोधगम्य आधार र वर्ग विभाजन गरिएका संस्थाले प्राप्त गर्ने सुविधाबिच विवेकपरक सम्बन्ध छ र सो कुरा न्यायका मान्य सिद्धान्तविपरीत छैन भने त्यसरी गरिएको विभाजनमा परेका कुनै संस्थाले अर्कै हैसियत र भिन्न कार्य प्रकृतिको संस्थाको समान हुनु पर्ने भनि समानताको निरपेक्ष अर्थ गरि दाबी गर्न मिल्दैन । "क" र "ख" वर्गका संस्थाहरूको कार्यप्रकृति, संस्था दर्ता हुँदा स्वीकार गरेको सर्त र निजहरूले प्राप्त गरेको इजाजतपत्रको वर्गसमेत फरक रहेकाले फरक हैसियत भएका संस्थाले फरक सुविधा प्राप्त गर्ने कुराले समानताको हक उल्लङ्घन भएको भनि अर्थ गर्न मिल्ने नदेखिने । | १८७७ |
| २. | ९४९२<br>संयुक्त<br>गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरि भ्रष्टाचार गरेको | नेपाल सरकार विरूद्ध भरतप्रसाद नेपालसमेत | ▪ कर्मचारी सुविधाअन्तर्गत प्रतिकित्ता १००।– का दरले ५३० कित्ता सेयरको रू. ५३,०००।– हुने भनि उल्लेख गरि आरोप पत्रमा कुनै पनि जिकिर लिएको नदेखिए तापनि सो सेयर वीरगञ्ज फाइनान्सबाट कर्मचारी सुविधा अन्तर्गत मौद्रिक रकम नतिरि लिएको भन्ने कुरा देखाउन सकेको पाइँदैन । बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन । स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ । यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो । यसरी एकाघरकी छोरी सुष्मा नेपालले कर्मचारी सुविधाअन्तर्गत | १८८८ |

| | | | | |
|---|---|---|---|---|
| | | | मौद्रिक रकम नतिरि रू.५३,०००।– रकम बराबरको ५३० कित्ता सेयर प्राप्त गरेको भन्ने कुरा स्थापित हुन नआएबाट विशेष अदालत, काठमाडौंको फैसला अन्यथा देखिन नआउने । | |
| ३. | ९४९३<br>संयुक्त<br>उत्प्रेषण | सोमेन्द्र गौतमसमेत<br>विरूद्ध<br>नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङसमेत | ▪ समानताको हकले निरपेक्षरूपमा सबैलाई समान व्यवहार गर्नु पर्छ भन्ने अर्थ बोध गर्ने नभई समान अवस्थाका व्यक्तिहरूका बिचमा मात्र समान व्यवहार गरिनु पर्छ भन्ने मान्यता राख्दछ । अवस्था समान नरहेकामा आफ्नो हकको आधार सुनिश्चित नगरि उनाउ व्यक्तिको हकमा विना हकदैया दाबी गर्न वा प्रश्न गर्न पनि मिल्दैन । विपक्षीले निवृत्तिभरण पाउने भएकाले आफूहरूले पनि पाउनु पर्छ भन्ने निवेदकहरूको भनाई कुनै कानून र तर्कमा आधारित रहेको देखिँदैन । न्युनतम सेवा अवधि नपुगि निवृत्तिभरण दिन मिल्ने पनि नहुने । | १९४८ |
| ४. | ९४९४<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | अधिवक्ता सल्लु तिवारी<br>विरूद्ध<br>नेपाल सरकार | ▪ वस्तुतः मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाअन्तर्गत त्यस्तो कुनै कार्यनीति विना पनि नेपाल सरकारले आफ्नो अधिकार प्रयोग गरि सरकारी वा सार्वजनिक जग्गाको व्यवस्थापन गरि रहेको परिप्रेक्ष्यमा प्रस्तुत कार्यनीतिमार्फत स्पष्ट मापदण्ड, प्रक्रिया र सर्तहरू कबुल गरि कार्यनीतिको माध्यमबाट व्यवस्थित गर्ने कार्यलाई स्वेच्छाचारी कार्य भएको भन्न नमिल्ने । | १९५४ |
| ५. | ९४९५<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | स्वस्ती पौड्याल (आचार्य)<br>विरूद्ध<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | ▪ सरूवा बदर गर्नु पर्नाको कारणमा कानूनको समस्या नभई व्यवस्थापकीय समस्यालाई विपक्षीहरूले लिखित जवाफमा उठाएको देखिन्छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक र ट्रेड युनियनबिच गरिएको सहमतिले कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्न सक्दैन । महानिर्देशक र ट्रेड युनियनका बिचमा कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्ने | १९६७ |

| | | | | |
|---|---|---|---|---|
| | | | गरि कुनै सहमति भए पनि त्यस्तो सहमतिले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । कानूनबमोजिम हुने सरूवाको विषयमा ट्रेड युनियन बाधाको रूपमा रहन पनि हुँदैन । विपक्षी स्वास्थ्य सेवा विभागले आफैँले मिति २०६९।४।२३ मा गरेको सरूवा निर्णयलाई मौजुद स्वास्थ्य सेवासम्बन्धी ऐन नियमविपरीत रहेको नदेखिएसम्म आफैँले बदर गर्न नमिल्ने । | |
| ६. | ९४९६<br>संयुक्त<br>मानव बेचबिखन तथा ओसारपसार | लाक्पा तामाङ<br>विरूद्ध<br>नेपाल सरकार | ▪ प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काकडभिट्टासम्म पुऱ्याएको देखिएको र कानूनले पनि बिक्रीसमेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएको कार्यलाई कसुर मानेको हुँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसुर गरेको देखिने । | १९७३ |
| ७. | ९४९७<br>संयुक्त<br>उत्प्रेषण / प्रतिषेध | रामआधार साह<br>विरूद्ध<br>अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | ▪ निजामती कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० विशेष ऐनबमोजिम विभागीय कारवाही गर्दा सो ऐन नियममा उल्लेख गरिएको विधि र तरिकाबाट विभागीय कारवाही गरिने व्यवस्था गरिएको छ । सो विभागीय कारवाहीमा चित्त नबुझे कानूनले नै यी रिट निवेदकलाई पुनरावेदनको लागि प्रशासकीय अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको छ । विवादको विषयवस्तु यी रिट निवेदक गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, विराटनगरमा मिति २०६४।२।१७ मा कार्यरत् रहँदा सोही मितिको घटनालाई लिएर पुनः अख्तियार | १९८१ |

| | | | | |
|---|---|---|---|---|
| | | | दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि लेखि पठाएको देखियो र सोही पत्रबाट पुनः यी रिट निवेदकलाई विभागीय कारवाही गर्न लागिएको पनि देखिँदा सोही विषयको आरोपमा प्रशासकीय अदालतबाट समेत एकपटक फैसला भई रिट निवेदकउपरको २(दुई) तलब वृद्धि रोक्का गर्ने गरेको विभागीय कारवाही बदर भएको देखिँदा अदालतको फैसला अन्तिमताको सिद्धान्तअनुसार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतबाट यी रिट निवेदकउपर पटकपटक एकै मितिको एकै घटनाको विषय वस्तुउपरमा कारवाही गर्न नपाउने। | |
| ८. | ९४९८<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | राजेन्द्र के.सी.<br>विरूद्ध<br>वन तथा भू-संरक्षण मन्त्रालय,<br>सिंहदरबार,<br>काठमाडौंसमेत | ▪ निर्धारित समयावधिभित्र निवेदकले माग गरेको बिदा अस्वीकृत भएको देखिँदैन । निवेदकले माग गरेको असाधारण अध्ययन बिदा मिति २०६६।६।६ मा वन विभागमा दर्ता भएपछि सो मितिले ६० दिनभित्र अर्थात् मिति २०६६।८।५ भित्रमा अनिवार्यरूपमा बिदा स्वीकृत वा अस्वीकृतको कार्य अख्तियार प्राप्त अधिकारीले अनिवार्यरूपमा गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिने। | १९८९ |
| ९. | ९४९९<br><br>संयुक्त<br><br>सम्पत्ति शुद्धीकरण | दावा टासी लामा<br>विरूद्ध<br>नेपाल सरकार | ▪ निकै ठूलो परिमाणको रकम कसैले बोकेको सुटकेसबाट बरामद हुन्छ र त्यसको साँचो पनि निजबाटै बरामद भएको अवस्थामा रकमको मालिक यो हो भनि यकिन वतनसमेत देखाई पहिचान गराउन नसकेको अवस्थामा जसको साथबाट बरामद भएको हो उक्त रकम विषयको सम्पूर्ण कानूनी दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी उसैमा | १९९८ |

| | | | | |
|---|---|---|---|---|
| | | | रहन्छ । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ मा कुनै व्यक्तिमा भएको सम्पत्ति के कस्तो स्रोतबाट प्राप्त गरेको हो ? सो सम्पत्तिको स्रोत खुलाउने भार निज व्यक्तिमा नै रहेको देखिन्छ । तर, प्रतिवादीले उक्त बरामद भएको सम्पत्तिको वैधानिक स्रोत खुलाउन सकेको देखिएन । तसर्थ अन्यथा प्रमाणित नभएसम्म उक्त रकम विषयमा जवाफदेहिता निज प्रतिवादीमै रहने । | |
| १०. | ९५००<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | बलबहादुर वि.क.<br>विरूद्ध<br>कारागार कार्यालय, जगन्नाथदेवल, त्रिपुरेश्वर, काठमाडौंसमेत | ▪ कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्मकैदको सजाय भुक्तान गरेपछि एकै व्यक्तिलाई एकभन्दा धेरै मुद्दाहरूमा भएको कैद सजायको लगत कारागार ऐन, २०१९ को दफा २४(६) र कर्तव्य ज्यान मुद्दामा सर्वश्व भएपछि एकभन्दा धेरै मुद्दाहरूमा भएको जरिवानाको सजाय मुलुकी ऐन, दण्ड सजायको १० नं. बमोजिम स्वतः कट्टा हुने हुँदा स्याङ्जा जिल्ला अदालतको पछिल्लो कैदी पुर्जीअनुरूप मिति २०७२।४।१० देखिको निवेदकको थुना गैरकानूनी रहेको देखिने । | २००५ |
| ११. | ९५०१<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | श्रीमती झलककुमारी श्रेष्ठ<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ▪ पुनरावेदन अदालतबाट विदेशी विनिमय मुद्दामा तामेल भएको म्याद र फैसलासमेत कानूनबमोजिमको ठहरि अन्तिम आदेश भइरहेको अवस्थामा सोही विषयलाई लिएर निवेदनको स्वरूप परिवर्तन गरि प्रतिवादी निवेदकका हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेको पाइने । | २०१७ |

| | | | | |
|---|---|---|---|---|
| १२. | ९५०२<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | प्रा.डा.संगिता भण्डारी<br>विरूद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ प्रतिष्ठानलाई सुचारू राख्ने प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक एवम् प्रतिष्ठानको सर्वोच्च निकाय मानिएको सभाको कर्तव्य जिम्मेवारीलाई अनदेखा गरि प्रतिष्ठानको सम्पूर्ण जिम्मेवारी उपकुलपतिको मात्र हो भन्ने अर्थ गरि प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक र विद्यार्थीहरूले स्वयम् उपकुलपतिको राजीनामा माग गरि वार्ता इन्कार गरि चलाएको आन्दोलनलाई समाधान गर्न नसकेको भन्ने फितलो आधारमा निवेदिका उपकुलपतिको कार्य क्षमताको अभाव वा उपकुलपतिले संस्थाप्रति नकारात्मक भूमिका निभाएको भन्ने विपक्षीहरूको भनाइसित सहमत हुन सकिने आधार नदेखिने। | २०२३ |
| १३. | ९५०३<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | गोखुल महतो नुनियासमेत<br>विरूद्ध<br>भुखल महतोसमेत | ▪ कानूनले निर्दिष्ट प्रक्रिया अवलम्बन गरि अदालतसमक्ष प्रतिरक्षा गर्नु पर्नेमा **due process of law** लाई छलेर निवेदकहरू प्रस्तुत निवेदन गर्न आएको देखिँदा कानूनको व्यवस्था र कार्यविधिलाई निस्तेज पार्ने गरि वा सुरू अदालतसमक्ष विचाराधीन मुद्दाको तथ्यमा प्रवेश गरि वा सुरू अदालतको न्यायिक क्षेत्राधिकारमा हस्तक्षेप हुने गरि निवेदन मागबमोजिम उत्प्रेषण एवम् परमादेशको आदेश जारी गर्न नमिल्ने। | २०४१ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

## निर्णय नं.९४९१

सर्वोच्च अदालत, विशेष इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओम प्रकाश मिश्र
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
आदेश मिति : २०७२।२।७।५
०६८-WS-००५७

विषयः उत्प्रेषण परमादेश ।

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ मा अवस्थित डेभलपमेन्ट बैंकर्स एसोसियसनको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का महासचिव राजेन्द्रप्रसाद पौडेलसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **कुनै संस्थाको सेवाको प्रकृतिको आधारमा ति संस्थाहरूलाई छुट्टा छुट्टै वर्गीकरण गरि त्यस्ता संस्थाले गर्ने लगानी र प्राप्त हुने प्रतिफलका आधारमा संस्था दर्ता गर्दासमेत तोकिएका सर्तका अधीनमा रहि स्थापित भएका संस्थाहरूको हकमा विभिन्न वर्गमा वर्गीकरण गरि फरक फरक व्यवस्था गरिएको छ । यसरी वर्गीकरण गर्नुको खास बोधगम्य कारण र सो कानूनबाट प्राप्त गर्न खोजिएको उद्देश्य विवेकपरक सम्बन्धमा तात्त्विक भिन्नता नहुँदा फरक हैसियत भएका संस्थाले छुट्टै हैसियत भएका अन्य संस्थासरहको सुविधा प्राप्त गर्नुपर्ने भनि दाबी गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **वर्ग विभाजन गर्नुको बोधगम्य आधार र वर्ग विभाजन गरिएका संस्थाले प्राप्त गर्ने सुविधाबिच विवेकपरक सम्बन्ध छ र सो कुरा न्यायका मान्य सिद्धान्तविपरीत छैन भने त्यसरी गरिएको विभाजनमा परेका कुनै संस्थाले अर्कै हैसियत र भिन्न कार्य प्रकृतिको संस्थाको समान हुनु पर्ने भनि समानताको निरपेक्ष अर्थ गरि दाबी गर्न मिल्दैन । "क" र "ख" वर्गका संस्थाहरूको कार्यप्रकृति, संस्था दर्ता हुँदा स्वीकार गरेको सर्त र निजहरूले प्राप्त गरेको इजाजतपत्रको वर्गसमेत फरक रहेकाले फरक हैसियत भएका संस्थाले फरक सुविधा प्राप्त गर्ने कुराले समानताको हक उल्लङ्घन भएको भनि अर्थ गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.५)

- **संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि राज्यका निकायहरूले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा वा निक्षेप राख्दा नेपाल राष्ट्र बैंक वा "क" वर्गको बैंक वा वाणिज्य बैंकसँग मात्रै गर्नुपर्ने भनि जारी गरिएका विभिन्न ऐनहरूका कानूनी प्रावधानहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (च) ले प्रदान गरेको पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको हक हनन् गरेको भन्ने जिकिर रहेतर्फ विचार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) ले "ख" वर्गका**

वित्तीय संस्थाले ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानत पत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने लगायतका अन्य वित्तीय कारोबार गर्न पाउने अधिकार प्रदान गरेको देखिन्छ । उक्त अधिकारहरूको प्रयोगमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) तथा संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि निकायहरूसँग सम्बन्धित विषयगत विशेष ऐनले कुनै बन्देज लगाएको अवस्था छैन। संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि संस्थाका कानूनहरूले तोकेको बैंकमा निक्षेप राख्ने कुराले विकास बैंक वा अन्य वित्तीय संस्थाले निक्षेप लिन पाउने अधिकारमा कटौती भएको वा अङ्कुश लगाइएको भन्न नमिल्ने।

(प्रकरण नं.६)

- प्रचलित कानूनबमोजिम राज्यलाई प्राप्त हुने राजश्व, सरकारी वा सार्वजनिक रकम कानूनबमोजिम तोकिएको बैंकमा राख्नुपर्ने प्रावधानले विकास बैंकहरूलाई राज्यले हतोत्साहित गरेको भन्न पनि मिल्दैन । राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाई जारी गरेको भए निवेदकले दाबी गरेजस्तो हक हनन् हुने गरि कानून बनेको भन्न सकिने अवस्था हुने थियो, तर प्रस्तुत विवादमा निवेदकले दाबी गरे जस्तो त्यस्तो अवस्था छैन। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१)(च) बमोजिम बैंकिङ तथा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) बमोजिमको वित्तीय कारोबार गरि आएका निवेदक संस्थाहरूले "ख" वर्गको वित्तीय संस्थाले गर्न पाउने वित्तीय कारोबार गरि आएको भन्ने कुरा निवेदन लेखबाट नै देखिँदा निवेदकहरूलाई वित्तीय कारोबार गर्नबाट वञ्चित गरेको भन्ने देखिन नआएबाट निवेदकहरूको स्वतन्त्रताको हकमा असर परेको भन्न नमिल्ने।

(प्रकरण नं.७)

- राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाई जारी गरेको अवस्था छैन। "ख" वर्गका वित्तीय संस्था निवेदकहरूले नागरिक वा कुनै निजी संघ संस्थाबाट निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानत पत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने लगायतका अन्य वित्तीय कारोबार गर्न पाउने अधिकार प्राप्त भए रहेको अवस्थामा समेत व्यापार प्रबर्द्धन गर्ने हिसाबले मात्र सम्पत्तिको हकमा असर परेको भनि ऐन बदर माग गरेको निवेदकहरूको दाबीलाई वैधानिक दाबी भन्न नमिल्ने।

(प्रकरण नं.८)

- **कुनै कानूनका प्रावधानहरू अर्को कुनै कानूनसँग बाझिएको वा नबाझिएको भन्ने प्रश्नको निरूपण संविधानको धारा १०७(१) अन्तर्गत हुन सक्ने अवस्था हुँदैन । संविधानसँग नेपाल कानून बाझिएकामा मात्र न्यायिक पुनरावलोकन हुन सक्ने हो तर कुनै कानूनका व्यवस्था अर्को कानूनसँग बाझिएको भन्ने आधारमा धारा १०७ (१) आकर्षित हुन नसक्ने ।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय हरिशचन्द्र सुवेदी र विमल ढकाल

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता सञ्जिवराज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (च), १३, १९ १०७ (१),(२)
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१) (च)
- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७ (२)(३)(४) र ९२
- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा २, दफा ४७(२)

आदेश

**न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(१) र (२) बमोजिम रिट निवेदन दायर भई नियमबमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र आदेश यसप्रकार छ :

**डेभलपमेन्ट बैंकर्स एसोसियसनसमेतको तर्फबाट राजेन्द्रप्रसाद पौडेलको निवेदन**

नेपालको वित्तीय क्षेत्रमा कार्य गर्ने ३२ वटा “क” वर्ग, ८३ वटा “ख” वर्ग, ८९ वटा “ग” वर्गका र “घ” वर्गका अन्य वित्तीय संस्थाहरू रहेका छन् । उल्लिखित सङ्ख्यामा रहेका वित्तीय संस्थाहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने गरि वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकले ऐनबमोजिम इजाजतपत्र दिई वित्तीय संस्थाहरूले आफ्नो कारोबार गरि आएका संस्थाहरूलाई नियमन गर्ने निकाय नेपाल राष्ट्र बैंक रहेको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१) (च) र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) को अधीनमा रहेर नेपाल राष्ट्र बैंकले “ख” श्रेणीका विकास बैंकहरूलाई आर्थिक कारोबार गर्न इजाजत दिएको छ । सो इजाजतको आधारमा “ख” वर्गका विकास बैंकहरूले आफ्नो कारोबार सञ्चालन गरि आएका छन् । इजाजत प्राप्त बैंकहरूले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) तथा बैंकको प्रबन्धपत्र र नियमावलीमा उल्लिखित भएबमोजिम कारोबार गर्न पाउँदछन् । ऐनको दफा ४७(२) (क) मा निक्षेप स्वीकार गर्न पाउने कार्य र दफा ४७ (२) (ज) मा आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सोबापत ग्राहकसँग आवश्यक सर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने अधिकारसमेत विकास बैंकलाई प्रदान गरेको छ । यी अधिकारहरू निःसर्त प्रदान गरिएका अधिकारहरू हुन् । कुनै अमुक व्यक्ति, संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदिको निक्षेप स्वीकार गर्न नपाउने वा बैंक ग्यारेन्टी जारी गर्न नपाउने भन्ने बन्देज छैन । तर नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ विपरीत हुने गरि बनेका उक्त संघ संस्थासँग सम्बन्धित ऐन तथा नियमहरू विभेदपूर्ण रहेका छन् ।

संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि राज्यका निकायहरूले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा वा निक्षेप राख्दा नेपाल राष्ट्र बैंक वा "क" वर्गको बैंक वा वाणिज्य बैंकसँग मात्रै गर्नुपर्ने भनि जारी गरिएका आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा १६(५), कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा ३(२), काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १९(२), पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा २९(३), नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा २०(२), प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ को दफा १०(२), खेलकुद विकास ऐन, २०४८ को दफा २०(४), त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २४ (३), विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १५(३), नेपाल स्काउट ऐन, २०५० को दफा २१(३), पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा ३१(३), लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा २९(३), सुदुरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३२(३), मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३२(३), कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३२(३), नगर विकास ऐन, २०४५ को दफा १४(२) नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा १४(२), नगर विकास कोष ऐन, २०५३ को दफा २१(२), नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा २८(४), सडक बोर्ड ऐन, २०५८ को दफा २४(५), गरिबी निवारण कोष ऐन, २०६३ को दफा २२(२), गुठी संस्थान ऐन, २०३३ को दफा १३(२), लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा १३(३), पशुपतिक्षेत्र विकास कोष ऐन, २०४४ को दफा १८(४), समाज कल्याण ऐन, २०४९ को दफा १७(२), बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ को दफा १९(३), ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १७(४), राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा १४(४), नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २६ (४), नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २६(४), नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २६(४), राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा २४ (२), गोरखापत्र संस्थान ऐन, २०१९ को दफा २३(२), नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ को दफा २३(२), सञ्चार संस्थान ऐन, २०२८ को दफा २३(२), नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा २४(३), दूरसञ्चार ऐन, २०५३ को दफा ४४ (३), नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा २७(४), वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा १४(४), पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २८(४), स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ को दफा १२(३), न्यायिक कोष ऐन, २०४३ को दफा ८(१), राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा २२(३), नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा १३(३), दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा १३(४), नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा ३६(२), धितोपत्रसम्बन्धी ऐन, २०६३ को २२(३), राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १२(२), फोहोर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ को दफा ६.१.३, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को दफा १४(७), स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६०(३), नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११(४), राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ११(४), राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा १२(४),

राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ११(४), नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २१ (५), संस्थान ऐन, २०२१ को दफा ८(२), वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५(२), ११(२), ११(५), आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(ङ), ४, ६(१), ६(३), १२(१), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३(१), ५३(४), का व्यवस्थाले समानता, पेसा रोजगारी गर्ने तथा संघ संस्था खोल्न पाउने र सम्पत्ति उपभोग गर्न पाउने हक अधिकारमा आघात पुर्‍याएको छ।

यसरी वाणिज्य बैंकमा मात्र निक्षेप राख्नुपर्ने र वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेण्टीमात्र राष्ट्रको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र निजीकरण गर्ने राष्ट्रको नीति विपरीत हुने गरि जारी गरिएका माथि उल्लिखित ऐन तथा नियमका उपर्युक्त कानूनी व्यवस्थाहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३ र १९ ले प्रदान गरेको संवैधानिक हक हनन् गर्नुको साथै संवैधानिक व्यवस्थासँग बाझिएको हुँदा अमान्य बदर घोषित गरिपाऊँ। नेपाल राष्ट्र बैंकले "ख" श्रेणीका विकास बैंकहरूलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१)(च) र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) को अधीनमा रहेर कारोबार गर्न इजाजत पाएका वित्तीय संस्थाले ऐनको दफा ४७ (२)(क) मा निक्षेप स्वीकार गर्न पाउने कार्य र उपदफा २(ज) मा आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सोबापत ग्राहकसँग आवश्यक सर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने अधिकारलाई कुण्ठित हुने गरि कुनै कानून निर्माण नगर्नु, नगराउनु र अन्य त्यस्ता असमान असंवैधानिक कानूनी व्यवस्थाहरू छन् भने सो व्यवस्थाहरू समेत संशोधन गरि एकरूपता कायम गर्नु गराउनु भनि विपक्षीहरूको नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदन व्यहोरा।

**यस अदालतको मिति २०६८।१२।१ को कारण देखाउ आदेश**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनि रिट निवेदनको एकप्रति नक्कल साथै राखि विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरि पेस गर्नू।

**कानून तथा न्याय मन्त्रालयको लिखित जवाफ**

कानून निर्माण गर्ने कार्य व्यवस्थापिकाको भएको र पृथकपृथक विषयका ऐनबाट पृथकपृथक कानूनी व्यवस्था गर्न सकिने नै भएकाले उक्त व्यवस्था संविधानसँग बाझिएको नहुँदा रिट निवेदन खारेज गरिपाऊँ।

**भौतिक योजना तथा निर्माण मन्त्रालयको लिखित जवाफ**

मुलुक सञ्चालनको लागि आवश्यक पर्ने ऐन बनाउने अधिकार व्यवस्थापिकाको हो। विधायिकाले पारित गरेको कानूनबमोजिम कार्यपालिकाले कार्यसञ्चालन तथा सम्पादन गर्ने हो। यसरी विधायिकाले आफ्नो क्षेत्रभित्र रहेर बनाएको निवेदनमा उल्लिखित ऐनका प्रावधानबमोजिम त्यस्ता निकायहरूलाई प्राप्त हुने रकम प्रचलित ऐनले तोकेबमोजिम बैंक वा वित्तीय संस्थामा खाता खोलि कार्य सञ्चालन हुने हुँदा यसलाई निक्षेप स्वीकार गर्न पाउने र ग्राहकको तर्फबाट जमानत जारी गर्ने र सोबापत ग्राहकसँग आवश्यक सर्त गराउने, सुरक्षण लिने, चल अचल सम्पत्ति धितो बन्धक लिनेलगायतको अधिकारमा कुण्ठित हुने गरि कानून बनाइयो भन्ने

विपक्षीको माग दाबी कानूनसम्मत छैन । उक्त ऐनको सीमामा रहि गठन भएका त्यस्ता स्वशासित निकायहरूले जुनसुकै बैंक वा वित्तीय संस्थामार्फत बैंकिङ कार्य गर्न नपाउने होइन । नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारोबार गर्न इजाजत प्राप्त गरेका वित्तीय संस्थाको अधिकारलाई कुण्ठित हुने गरि कुनै काम कारवाही नगरिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु नपर्ने हुँदा रिट निवेदन खारेज गरिपाऊँ ।

**अर्थ मन्त्रालयको लिखित जवाफ**

राज्यलाई के कस्तो कानून आवश्यक पर्दछ, कुन कानून बनाउने, लागू गर्ने वा के कस्तो कानून खारेज गर्ने तथा संशोधन गर्ने भन्ने कार्य व्यवस्थापिका संसदबाट हुने हुँदा व्यवस्थापिका संसदले बनाएको कानून सबैले पालन गर्नुपर्ने हुन्छ । सोहीअनुरूप नेपाल राष्ट्र बैंकले व्यवस्थापिका संसदले बनाएको कानूनबमोजिम नै कार्य गर्ने भएकाले विपक्षीले लिएको जिकिर के कति कारणले संविधानसँग बाझिएको छ स्पष्टरूपमा उल्लेख नगरि असम्बन्धित यस मन्त्रालय समेतलाई विपक्षी बनाई रिट दायर गरेको देखिएकाले उक्त रिट निवेदन खारेज गरिपाऊँ ।

**व्यवस्थापिका संसदका सभामुख सुवासचन्द्र नेम्वाङ र व्यवस्थापिका संसदको लिखित जवाफ**

विभिन्न संस्था, परिषद्, कोष, प्रतिष्ठानहरूले कारोबार गर्दा नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकसँग मात्र गर्नुपर्ने गरि व्यवस्थापिकाले निर्माण गरेका विभिन्न ऐनको व्यवस्था संविधानसँग बाझिएको भन्ने निवेदकहरूले दाबी लिएको देखिन्छ । राज्यकोष परिचालन गर्ने सरकारी संस्थाहरूले कानूनले निर्माण गरेको विधि र प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । कस्तो कानून निर्माण गर्ने, त्यसमा के कस्ता प्रावधानहरू राख्ने भन्ने कुरा विधायिकाको विवेकको विषय हो । संस्थाको उद्देश्य र कारोबारको प्रकृतिसमेतका आधारमा बैंक तथा वित्तीय संस्थाहरूलाई विभिन्न वर्गमा विभाजन गरिएको कुरा निवेदकहरू स्वयम्ले स्वीकार गर्नुभएको छ । यसरी वर्गीकरण गरिसकेपछि सबै बैंक तथा वित्तीय संस्था समान हुन् भनि निरपेक्ष रूपमा दाबी गर्न सकिने अवस्था रहँदैन । नागरिकको लागि प्रत्याभूत गरिएका मौलिक हकहरूसँग अमूक कानूनको व्यवस्था बाझियो भनि वा मौलिक हकलाई कानूनले अनुचित बन्देज लगायो भनि दाबी गर्नेले सो कुराको स्पष्टरूपमा पुष्टि गर्नुपर्ने हुन्छ । निवेदकहरूले दाबी गरेका ऐनका व्यवस्थाहरूले नागरिकको कुनै पनि मौलिक हकलाई सीमित नगरेको हुनाले अमान्य हुने अवस्था छैन । दाबी लिँदैमा कानून असंवैधानिक ठहर्न नसक्ने हुँदा रिट निवेदन खारेज गरिपाऊँ ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।**

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ख) मा बैंक भन्नाले दफा ४७ को उपदफा (१) बमोजिमको वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनुपर्छ भन्ने व्यवस्था भएको पाइन्छ । यसैगरि सोही दफाको खण्ड (ग) मा "वित्तीय संस्था भन्नाले दफा ४७ को उपदफा (२)(३) वा (४) बमोजिमको कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त कम्पनी वा लघु वित्त विकास बैंकसमेतलाई जनाउँछ भन्ने व्यवस्था भएको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्थाले बैंक तथा वित्तीय संस्थाबिच फरक छुट्टयाई तत्सम्बन्धी अलग व्यवस्था गरेको छ । दफा ४७ को उपदफा (१) बमोजिमको कारोबार गर्न स्थापित संगठित संस्थालाई "क" वर्गको इजाजत प्राप्त संस्थाको रूपमा उक्त दफाले परिभाषा गरेको छ भने सोही दफाको उपदफा (२) बमोजिमको कारोबार गर्न स्थापना भएको संगठित संस्थालाई "ख" वर्गको इजाजत प्राप्त संस्थाको रूपमा राखेको छ । निवेदकहरूले उल्लेख गरेको संस्था

"ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था हो भन्नेमा विवाद छैन। सम्बन्धित ऐनले नै "क" वर्ग र "ख" वर्गको अतिरिक्त "ग" र "घ" वर्गको रूपमा वर्गीकरण गरेको छ। उपर्युक्त चार वर्गको संगठित संस्थाहरूमध्ये कुन वर्गको संस्थाले के कस्तो वित्तीय कारोबार गर्न पाउँछ भन्ने सम्बन्धमा समेत सो दफाको उपदफा (१), (२), (३) र (४) मा छुट्टै व्यवस्थाहरू गरिएको देखिन्छ। प्रत्येक वर्गले गर्न सक्ने वित्तीय कारोबारको प्रकृति र सीमा फरक फरक छ। "क" वर्गको इजाजतप्राप्त संस्थालाई वाणिज्य बैंकको रूपमा लिइएको छ भने "ख" वर्गको संस्थालाई वित्तीय संस्थाको रूपमा राखेको छ। बैंक तथा वित्तीय संस्थाहरूको हकमा सम्बन्धित ऐनका अतिरिक्त नेपाल राष्ट्र बैंक ऐन, २०५८ समेत आकर्षित हुन्छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २ को खण्ड (छ) मा वित्तीय संस्थाको परिभाषा गर्दै "वित्तीय संस्था भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनको लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्छ भनि परिभाषा गरेको छ भने खण्ड (च) मा वाणिज्य बैंक भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको वाणिज्य बैंक सम्झनु पर्छ भन्ने परिभाषा गरिएको छ। उपर्युक्त व्यवस्थाबाट वाणिज्य बैंक तथा वित्तीय संस्थाबिच फरक रहेको प्रस्ट देखिन्छ। बैंक तथा वित्तीय संस्थालाई एउटै श्रेणीमा राख्न मिल्दैन। वाणिज्य बैंकको तुलनामा वित्तीय संस्थाको उद्देश्य र प्रकृति सीमित छ। "क" वर्गको श्रेणीको इजाजत प्राप्त संस्थाको रूपमा वाणिज्य बैंक रहेको हुन्छ भने "ख" श्रेणीको इजाजत प्राप्त संस्थाको रूपमा विकास बैंक रहेको हुन्छ। दुवै संस्थाको प्रकृति र हैसियत एउटै नभई फरक रहेकाले नै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले छुट्टाछुट्टै व्यवस्था गरि वित्तीय कारोबारको सीमा र प्रकृतिलाई समेत छुट्टयाई दिएको छ। यी दुई संस्थाले गर्ने वित्तीय कारोबारहरूमध्ये केहीमा समानता र केहीमा असमानता छ। वाणिज्य बैंकले दफा ४७ को उपदफा (१) को खण्ड (घ) अनुसार हाइपोथिकेसन कर्जासमेत दिन सक्छ भने विकास बैंकले हाइपोथिकेसन कर्जा दिन सक्दैन। त्यसैले यी दुई संस्थाहरू कानूनी प्रयोजनको लागि समान हैसियत र प्रकृति भएका संस्थाहरू होइनन्। यी दुई संस्थाहरू बिच फरक छुट्टयाउने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ तथा राष्ट्र बैंक ऐन, २०५८ का प्रावधानलाई निवेदकले चुनौती दिएको अवस्था पनि होइन। "क" र "ख" वर्गका यी संस्थाहरू नै फरक रहेकाले फरक हैसियत भएका संस्थाले समानताको हक उल्लङ्घन भएको भनि अर्थ गर्न मिल्दैन।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (२) अनुसार विकास बैंकले समेत ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने अधिकार रहेको देखिन्छ। उक्त अधिकारहरूको प्रयोगमा कुनै बन्देज लगाएको अवस्था छैन। राज्यको निकायसँग सम्बन्धित विभिन्न कानूनहरूमा तत्तत् संस्थाको रकम बैंकमा खाता खोलि जम्मा गरिने छ भन्ने प्रकृतिका व्यवस्थाहरू छन्। उल्लिखित व्यवस्था त्यस्ता संस्थाहरूको हकमा मात्र गरिएको छ जुन संस्था वा राज्यको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको संस्थाहरूको हकमा मात्र त्यस प्रकृतिको व्यवस्था रहेको छ। त्यस्ता संस्थाहरूमा राज्यको वा सार्वजनिक सम्पत्तिको हिस्सा रहेको वा प्रयोग भएको हुन्छ। ती संस्थाहरूको कोषसम्बन्धी व्यवस्था गर्दा नेपाल सरकारबाट प्राप्त अनुदान भनि उल्लेख भएको तत्सम्बन्धी कानूनी प्रावधानहरूबाट देखिन्छ। ती संस्थाहरू मध्ये कतिपय संस्थालाई कार्यगत र व्यवस्थापकीय स्वतन्त्रता प्रदान

गर्ने अभिप्रायले सम्बन्धित ऐनले नै अविछिन्न उत्तराधिकारवाला स्वचालित र संगठित संस्थाको रूपमा व्यवहार गरेको सम्म हो । त्यसको अर्थ ती संस्थाहरू निजी संस्थाको रूपमा परिणत भएको भन्ने होइन । ती संस्थाहरू सार्वजनिक निकाय भएकाले पारदर्शिता र उत्तरदायित्व कायम गर्न ती संस्थाहरूले नेपाल सरकारले अपनाएको ढाँचामा लेखा राख्नुपर्ने, तिनको हिसाब किताब र स्रेस्ता नेपाल सरकारले जुनसुकै बखत जाँच्न सक्ने एवम् अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेसमेतका व्यवस्थाहरू कानूनमा नै गरिएका छन् । त्यस्ता संस्थाहरूलाई नेपाल सरकारले निर्देशन दिनसक्ने एवम् दिइएका निर्देशनहरूको पालना गर्नु पर्ने व्यवस्थासमेत कानूनमा नै गरिएको छ । यसका साथै कुनै कारणले संस्था विघटन भएमा त्यसको हक, दायित्व र सम्पत्ति नेपाल सरकारमा सर्ने कानूनी व्यवस्था गरिएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाबाट ती संस्थाहरूप्रति राज्यको दायित्व अनवरत र अटुट रहने देखिन्छ । त्यसैले ती संस्थाहरूलाई एउटा श्रेणीमा राखि ती संस्थाहरूले बैंकमा निक्षेप राख्नुपर्ने व्यवस्था भएको हो । यस्तो व्यवस्थाअन्तर्गत ती संस्थाले तोकेको बैंकमा निक्षेप राख्ने कुराले विकास बैंक वा अन्य वित्तीय संस्थाले निक्षेप लिन पाउने अधिकारमा कटौती भएको वा अङ्कुश लगाइएको भन्न मिल्दैन । राज्यका निकायहरूको हकमा राज्यले नियमित गरिएको कारणले राज्यले वाणिज्य बैंक र विकास बैंकबिच भेदभाव गरेको भन्न मिल्दैन । त्यस्ता संगठित संस्थाहरूको स्वतन्त्रता र स्वायत्तता माथि अनुचित बन्देज लगाएको भन्न पनि मिल्दैन । प्रचलित कानूनबमोजिम राज्यलाई प्राप्त हुने राजश्व, सरकारी वा सार्वजनिक रकम कानूनबमोजिम तोकिएको बैंकमा राख्नुपर्ने प्रावधानले विकास बैंकहरूलाई राज्यले हतोत्साहित गरेको भन्न पनि मिल्दैन । राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाएको भए त्यस्तो कानून निःसन्देह समानताको सिद्धान्तविपरीत भई बदरभागी हुने थियो । तर यहाँ यस्तो अवस्था छैन । राज्यले वाणिज्य बैंक वा विकास बैंकहरू बिच कुनै भेदभाव गरेको छैन । राज्यले सार्वजनिक जवाफदेहिता एवम् पारदर्शिता सुनिश्चितता गर्न पाउने अधिकारमा आघात पुगेको भन्न मिल्दैन । त्यसैगरि कुनै एउटा कानून अर्कोसँग बाझिएको भनि कुनै कानून बदर हुन पनि सक्दैन । राज्यका निकायहरूको समेत निक्षेप लिन पाउनुपर्ने एवम् जमानतपत्र जारी गर्न पाउने भनि निवेदकहरूले दाबी गर्ने र सोको लागि कानून बनाउन वा विद्यमान कानूनमा संशोधन गर्न भनि दाबी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाऊँ ।

## ठहर खण्ड

**निवेदकहरूतर्फबाट विद्वान् अधिवक्ताद्वय श्री हरिश्चन्द्र सुवेदी र श्री विमल ढकालले गर्नुभएको बहस**

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) अन्तर्गत इजाजतप्राप्त गरेका "ख" वर्गका वित्तीय संस्थाले "क" वर्गका बैंकहरू सरह नै बैंकिङ कारोबार गर्न पाउनेमा सोबमोजिम बैंकिङ कारोबार गर्न नपाउने गरि जारी गरिएका कानूनहरू असंवैधानिक छन् । वित्तीय संस्था सञ्चालन गर्न इजाजत दिने कानून सामान्य कानून भएको र सो सामान्य कानूनको स्रोत पनि विधायिका नै हुँदा "क" वर्गका बैंकहरू सरह "ख" वर्गका वित्तीय संस्थाले बैंकिङ कारोबार गर्न नपाउने गरि जारी गरिएका कानूनहरू संविधान प्रतिकूल हुँदा अमान्य घोषित हुनु पर्दछ ।

**विपक्षीहरूतर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मीले गर्नु भएको बहस**

राष्ट्र बैंकले निवेदक संस्थाहरूलाई तोकिएको

सिमित कारोबार गर्न मात्रै इजाजतपत्र दिएको छ । सोभन्दा बढी कार्यक्षेत्रको माग गर्न मिल्दैन। "ख" वर्गका वित्तीय संस्थाले "क" वर्गका बैंकहरू सरह बैंकिङ कारोबार गर्न पाउनु पर्छ भनि राखिएको माग कानून र संविधानसम्मत नभएकाले रिट निवेदन खारेज हुनु पर्दछ।

पक्ष विपक्षतर्फबाट प्रस्तुत भएको बहससमेत सुनि मिसिल अध्ययन गरि हेर्दा निवेदकहरूले बदर माग गरेका कानूनहरू नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको छ छैन र मागबमोजिम आदेश जारी हुनु पर्ने हो होइन सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

२. संघ, संस्था, कम्पनी, परिषद्, आयोग, कोष र विश्वविद्यालय आदि राज्यका निकायहरूले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा वा निक्षेप राख्दा नेपाल राष्ट्र बैंक वा "क" वर्गको बैंक वा वाणिज्य बैंकसँग मात्रै गर्नुपर्ने भनि जारी गरिएका विभिन्न ६० वटा ऐनहरू तथा नियमावलीहरूका कानूनी प्रावधानहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (च), १३, १९ ले प्रदान गरेको संवैधानिक हक र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७ (२) र ९२ ले प्रदान गरेको कानूनी हक हनन् गर्नुको साथै संवैधानिक तथा कानूनी व्यवस्थासँग बाझिएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) बमोजिम अमान्य घोषित गरि विभेदकारी कानूनहरू संशोधन गरि एकरूपता कायम गर्नु भनि विपक्षीहरूको नाममा धारा १०७(२) बमोजिम परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको देखिन्छ।

३. निवेदनमा उल्लेख गरेका विभिन्न ऐनका प्रावधानहरू समानताको हक विरूद्ध भएको भन्ने निवेदकहरूको मागतर्फ विचार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ख) मा बैंक भन्नाले दफा ४७ को उपदफा (१) बमोजिमको वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनुपर्छ भन्ने व्यवस्था भएको पाइन्छ । यसै गरि सोही दफाको खण्ड (ग) मा "वित्तीय संस्था भन्नाले दफा ४७ को उपदफा (२)(३) वा (४) बमोजिमको कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त कम्पनी वा लघुवित्त विकास बैंकसमेतलाई जनाउँछ भन्ने व्यवस्था गरेको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थाले बैंक तथा वित्तीय संस्था बिच फरक छुट्टयाई तत्सम्बन्धी अलगअलग व्यवस्था गरेको देखिन आएको छ । दफा ४७ को उपदफा (१) बमोजिमको कारोबार गर्न स्थापित संगठित संस्थालाई "क" वर्गको इजाजत प्राप्त संस्थाको रूपमा उक्त दफाले परिभाषा गरेको छ भने सोही दफाको उपदफा (२) बमोजिमको कारोबार गर्न स्थापना भएको संगठित संस्थालाई "ख" वर्गको इजाजत प्राप्त संस्थाको रूपमा राखेको छ । निवेदकहरूले उल्लेख गरेको संस्था "ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था हो भन्ने कुरामा निवेदकहरूले स्वीकार गरेका छन्। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनले नै "क" वर्ग र "ख" वर्गको अतिरिक्त "ग" र "घ" वर्गको रूपमा वर्गीकरण गरि वर्गको आधारमा कुन वर्गको संस्थाले के कस्तो वित्तीय कारोबार गर्न पाउने भन्ने सम्बन्धमा समेत सो दफाको उपदफा (१), (२), (३) र (४) मा छुट्टै व्यवस्थाहरू गरेको देखिन्छ। प्रत्येक वर्गले गर्न सक्ने वित्तीय कारोबारको प्रकृति र सीमा पनि फरक फरक तोकिएको अवस्था छ । "क" वर्गको इजाजतप्राप्त संस्थालाई वाणिज्य बैंकको रूपमा लिइएको छ भने "ख" वर्गको संस्थालाई वित्तीय संस्थाको रूपमा राखेको देखिन्छ । दुवै संस्थाको प्रकृति र हैसियत एउटै नभई फरक रहेकाले नै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले छुट्टाछुट्टै व्यवस्था गरि वित्तीय कारोबारको सीमा र प्रकृतिसमेत छुट्टयाएको देखिन आएको छ।

४. समान स्तर, अवस्था र हैसियत भएका समानहरू बिच असमान हुने गरि एउटाको तुलनामा

अर्कोलाई विशेष सुविधा दिने वा संरक्षण गर्ने गरि कानून बनाइएको छ भने त्यस्तो अवस्थामा समानताको हकविपरीत हुन जाने हो । तर कुनै संस्थाको सेवाको प्रकृतिको आधारमा ति संस्थाहरूलाई छुट्टा छुट्टै वर्गीकरण गरि त्यस्ता संस्थाले गर्ने लगानी र प्राप्त हुने प्रतिफलका आधारमा संस्था दर्ता गर्दासमेत तोकिएका सर्तका अधीनमा रहि स्थापित भएका संस्थाहरूको हकमा विभिन्न वर्गमा वर्गीकरण गरि फरक फरक व्यवस्था गरिएको छ । यसरी वर्गीकरण गर्नुको खास बोधगम्य कारण र सो कानूनबाट प्राप्त गर्न खोजिएको उद्वेश्य विवेकपरक सम्बन्धमा तात्त्विक भिन्नता नहुँदा फरक हैसियत भएका संस्थाले छुट्टै हैसियत भएका अन्य संस्थासरहको सुविधा प्राप्त गर्नुपर्ने भनि दाबी गर्न मिल्दैन ।

५. वर्ग विभाजन गर्नुको बोधगम्य आधार र वर्ग विभाजन गरिएका संस्थाले प्राप्त गर्ने सुविधाबिच विवेकपरक सम्बन्ध छ र सो कुरा न्यायका मान्य सिद्धान्तविपरीत छैन भने त्यसरी गरिएको विभाजनमा परेका कुनै संस्थाले अर्कै हैसियत र भिन्न कार्य प्रकृतिको संस्थाको समान हुनु पर्ने भनि समानताको निरपेक्ष अर्थ गरि दाबी गर्न मिल्दैन । "क" र "ख" वर्गका संस्थाहरूको कार्य प्रकृति, संस्था दर्ता हुँदा स्वीकार गरेको सर्त र निजहरूले प्राप्त गरेको इजाजतपत्रको वर्गसमेत फरक रहेकाले फरक हैसियत भएका संस्थाले फरक सुविधा प्राप्त गर्ने कुराले समानताको हक उल्लङ्घन भएको भनि अर्थ गर्न मिल्ने देखिँदैन ।

६. संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि राज्यका निकायहरूले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा वा निक्षेप राख्दा नेपाल राष्ट्र बैंक वा "क" वर्गको बैंक वा वाणिज्य बैंकसँग मात्रै गर्नुपर्ने भनि जारी गरिएका विभिन्न ऐनहरूका कानूनी प्रावधानहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (च) ले प्रदान गरेको पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको हक हनन् गरेको भन्ने जिकिर रहेतर्फ विचार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) ले "ख" वर्गका वित्तीय संस्थाले ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने लगायतका अन्य वित्तीय कारोबार गर्न पाउने अधिकार प्रदान गरेको देखिन्छ । उक्त अधिकारहरूको प्रयोगमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) तथा संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि निकायहरूसँग सम्बन्धित विषयगत विशेष ऐनले कुनै बन्देज लगाएको अवस्था छैन । संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि संस्थाका कानूनहरूले तोकेको बैंकमा निक्षेप राख्ने कुराले विकास बैंक वा अन्य वित्तीय संस्थाले निक्षेप लिन पाउने अधिकारमा कटौती भएको वा अङ्कुश लगाइएको भन्न मिल्दैन ।

७. प्रचलित कानूनबमोजिम राज्यलाई प्राप्त हुने राजश्व, सरकारी वा सार्वजनिक रकम कानूनबमोजिम तोकिएको बैंकमा राख्नुपर्ने प्रावधानले विकास बैंकहरूलाई राज्यले हतोत्साहित गरेको भन्न पनि मिल्दैन । राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाई जारी गरेको भए निवेदकले दाबी गरेजस्तो हक हनन् हुने गरि कानून बनेको भन्न सकिने अवस्था हुने थियो, तर प्रस्तुत विवादमा निवेदकले दाबी गरे जस्तो त्यस्तो अवस्था छैन । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१)(च) बमोजिम बैंकिङ तथा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) बमोजिमको वित्तीय कारोबार गरि आएका निवेदक संस्थाहरूले "ख" वर्गको वित्तीय संस्थाले

गर्न पाउने वित्तीय कारोबार गरि आएको भन्ने कुरा निवेदन लेखबाट नै देखिँदा निवेदकहरूलाई वित्तीय कारोबार गर्नबाट वञ्चित गरेको भन्ने देखिन नआएबाट निवेदकहरूको स्वतन्त्रताको हकमा असर परेको भन्न मिलेन।

८. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ ले प्रत्याभूत गरेको सम्पत्तिसम्बन्धी हक हनन् भएको भन्ने निवेदकहरूको अर्को जिकिर रहेतर्फ विचार गर्दा राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाई जारी गरेको अवस्था छैन। "ख" वर्गका वित्तीय संस्था निवेदकहरूले नागरिक वा कुनै निजी संघ संस्थाबाट निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानत पत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउने लगायतका अन्य वित्तीय कारोबार गर्न पाउने अधिकार प्राप्त भए रहेको अवस्थामा समेत व्यापार प्रबर्द्धन गर्ने हिसाबले मात्र सम्पत्तिको हकमा असर परेको भनि ऐन बदर माग गरेको निवेदकहरूको दाबीलाई वैधानिक दाबी भन्न मिलेन।

९. संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि राज्यका निकायहरूले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा वा निक्षेप राख्दा नेपाल राष्ट्र बैंक वा "क" वर्गको बैंक वा वाणिज्य बैंकसँग मात्रै गर्नुपर्ने भनि जारी गरिएका विभिन्न ऐनहरूका कानूनी प्रावधानहरू बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) र ९२ सँग बाझिएको भन्ने निवेदकको अर्को जिकिरतर्फ विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम कुनै कानून बदर माग गर्न कुनै कानूनका प्रावधानहरू संविधानसँग प्रत्यक्ष बाझिएको देखिनु पर्दछ। कुनै कानूनका प्रावधानहरू अर्को कुनै कानूनसँग बाझिएको वा नबाझिएको भन्ने प्रश्नको निरूपण संविधानको धारा १०७(१) अन्तर्गत हुन सक्ने अवस्था हुँदैन। संविधानसँग नेपाल कानून बाझिएकामा मात्र न्यायिक पुनरावलोकन हुन सक्ने हो तर कुनै कानूनका व्यवस्था अर्को कानूनसँग बाझिएको भन्ने आधारमा धारा १०७ (१) आकर्षित हुन सक्दैन।

१०. अतः संघ, संस्था, कम्पनी, परिषद्, कोष, आयोग र विश्वविद्यालयसमेत ६० संस्थाका ऐनहरू जारी भई लागू भएका विधायनका कुनै प्रावधानहरू सम्बन्धी समस्या हो भने त्यस्ता समस्यालाई संशोधन गराई माग्न निवेदकहरू सम्बन्धित निकायमा जानु पर्ने हो तर सो पहल नगरि आफ्नो व्यापार प्रबर्द्धन गर्ने हिसाबले मात्र निवेदकहरूले ऐन बदर माग गरि अदालत प्रवेश गरेको देखियो। निवेदकहरूको संवैधानिक र कानूनी हकमा असर नपुगेसम्म अदालतले प्रचलित कानूनमा हस्तक्षेप गरि कानून बदर गर्न मिल्दैन। विधायिकाले आवश्यकताअनुसार विवेक प्रयोग गरि ऐनको संशोधन र परिमार्जन गरि उपयुक्त कानून बनाउन र निवेदकले माग गरेको विषयमा उपयुक्तताको आधारमा सम्बोधन गर्न सक्ने नै हुँदा तत्काल मागबमोजिम आदेश जारी गर्नुपर्ने नदेखिएकाले विपक्षीहरूको नाममा आदेश जारी गरि रहन पर्ने अवस्था विद्यमान नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यो आदेशको जानकारी विपक्षीहरूलाई गराई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. ओमप्रकाश मिश्र
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः दीपक ढकाल
इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम्।

## निर्णय नं.९४९२

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७१।५।१८।४
०६७–CR–०७७८

मुद्दा : गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरि भ्रष्टाचार गरेको ।

पुनरावेदक / वादी : अनुसन्धान अधिकृत परमेश्वर पराजुलीको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : स्व. कपिलमुनि उपाध्यायको नाति, स्व. ध्रूव प्रसाद शर्माको छोरा, नारायणी अञ्चल, जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४, अस्पताल रोड, भगवती राईस मिल्सभित्र घर नं.४।२५८ घर भई हाल विराटनगर भन्सार कार्यालय, रानीमा नायब सुब्बा पदमा कार्यरत् भरतप्रसाद नेपालसमेत

०६८–CR–००१७

पुनरावेदक / प्रतिवादी : पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४ घर भई हाल विराटनगर भन्सार कार्यालयमा नायब सुब्बा पदमा कार्यरत् भरतप्रसाद नेपालसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : अनुसन्धान अधिकृत परमेश्वर पराजुलीको प्रतिवेदनले नेपाल सरकार

- **कर्मचारी सुविधाअन्तर्गत प्रतिकित्ता १००।– का दरले ५३० कित्ता सेयरको रू. ५३,०००।– हुने भनि उल्लेख गरि आरोप पत्रमा कुनै पनि जिकिर लिएको नदेखिए तापनि सो सेयर वीरगञ्ज फाइनान्सबाट कर्मचारी सुविधा अन्तर्गत मौद्रिक रकम नतिरि लिएको भन्ने कुरा देखाउन सकेको पाइँदैन । बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन । स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ । यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो । यसरी एकाघरकी छोरी सुष्मा नेपालले कर्मचारी सुविधाअन्तर्गत मौद्रिक रकम नतिरि रू.५३,०००।– रकम बराबरको ५३० कित्ता सेयर प्राप्त गरेको भन्ने कुरा स्थापित हुन नआएबाट विशेष अदालत, काठमाडौंको फैसला अन्यथा देखिन नआउने ।**

(प्रकरण नं.२१)

पुनरावेदक / वादीका तर्फबाट : उपन्यायाधिवक्ता शंकरबहादुर राई

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, कृष्णप्रसाद सापकोटा र अधिवक्ता तिलप्रसाद गौतम

अवलम्बित नजिर :

- ने.का.प. २०६७, चैत, निर्णय नं. ८५१९, पृष्ठ २००७
- ने.का.प. २०६८, असोज, निर्णय नं. ८६३०, पृष्ठ ९१७
- ने.का.प. २०६८, फागुन, निर्णय नं. ८७२२, पृष्ठ १८९०

- ने.का.प. २०६९, भदौ, निर्णय नं. ८८३२, पृष्ठ ७७१
- ने.का.प. २०६९, जेठ, निर्णय नं. ८७७०, पृष्ठ २५९
- ने.का.प. २०६९, पुस, निर्णय नं. ८८८६, पृष्ठ १३४१
- नेपाल सरकार विरूद्ध गणेश अर्याल (०६३–CR–०६५०)
- नेपाल सरकार विरूद्ध डिल्लीरमण निरौला (०६५–CR–००३१)
- नेपाल सरकार विरूद्ध लक्ष्मीराज पाठक (०६५–CR–००४५)
- नेपाल सरकार विरूद्ध रामकृष्ण तिवारी (२०६२ सालको फौ.पु.नं. ३३९९ समेत)
- नेपाल सरकार विरूद्ध मुरारीबहादुर कार्की (०६५–CR–०००९)
- नेपाल सरकार विरूद्ध निरञ्जन बाबु श्रेष्ठ (०६५–CR–००६४)
- नेपाल सरकार विरूद्ध आनन्द प्रसाद खनालसमेत

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १०, १५ र दफा १६ग. तथा २९
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) (२) र दफा ४७
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख)

विशेष अदालत, काठमाडौंमा फैसला गर्ने:
अध्यक्ष माननीय न्यायाधीश श्री गौरीबहादुर कार्की
सदस्य माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
सदस्य माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

फैसला

**न्या.जगदीश शर्मा पौडेल :** विशेष अदालत, काठमाडौंको मिति २०६७।५।२ को फैसलाउपर विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम वादी प्रतिवादी दुवैतर्फबाट यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छ:–

वीरगञ्ज उपमहानगरपालिका वडा नं.३ घर भई आन्तरिक राजस्व कार्यालय पर्सा, वीरगञ्जमा खरिदार पदमा कार्यरत् भरतप्रसाद नेपालले वीरगञ्जका व्यापारीहरूसँग मिली भ्रष्टाचार गरि घर जग्गा खरिद गरेकाले निजको सम्पत्ति छानबिन होस् भन्ने व्यहोराले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको उजुरी निवेदनको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजको पारिवारिक विवरण, सार्वजनिक पद धारण गरेको विवरण, अंशबन्डासम्बन्धी विवरण, बैंक तथा वित्तीय संस्थाको मौज्दात तथा कारोबार, सेयर, घर तथा जग्गासमेतको विवरण सङ्कलन गरि अनुसन्धान गर्दा निज र निजको श्रीमती प्रतिवादी अम्बिका देवी नेपालको सँगसाथमा स्रोत नखुलेको सम्पत्ति देखिएको हुँदा कानूनबमोजिमको कारवाही गरिपाउँ भनि प्रस्तुत मुद्दा विशेष अदालत, काठमाडौंमा दायर भएको देखिन्छ।

पुनरावेदक प्रतिवादी भरतप्रसाद नेपालबाहेक निजका परिवारका अन्य सदस्यको विवरण :–

तालिका नं. १

| क्र.सं. | नाम, थर | नाता | वतन | पेसा | कैफियत |
|---|---|---|---|---|---|
| १. | अम्बिका देवी नेपाल | श्रीमती | जिल्ला पर्सा, वीरगञ्ज, उपमहानगरपालिका वडा नं. ४, अस्पताल रोड | गृहिणी | |
| २. | अर्चना नेपाल | छोरी | काठमाडौं, सिनामङ्गल | गृहिणी | २०५९ मा विवाह |
| ३. | रचना नेपाल | छोरी | विराटनगर, शान्ती चोक | गृहिणी | २०६० मा विवाह |
| ४. | सुष्मा नेपाल | छोरी | जिल्ला पर्सा, वीरगञ्ज, उपमहानगरपालिका वडा नं. ४, अस्पताल रोड | कर्मचारी र विद्यार्थी | वीरगञ्ज फाइनान्स |
| ५. | सीमा नेपाल | छोरी | ऐ.ऐ. | विद्यार्थी र कर्मचारी | सिद्धार्थ बैंक |
| ६. | विक्रान्त नेपाल | छोरा | ऐ.ऐ. | विद्यार्थी | |
| ७. | पद्म कुमारी शर्मा | आमा | ऐ.ऐ. वडा न. ३ | गृहिणी | |

प्रतिवादी भरतप्रसाद नेपाल सार्वजनिक पद धारण गरेको विवरण :–

तालिका नं. २

| क्र.सं. | कार्यालय / निकाय / संस्था | सार्वजनिक पद | बहाल रहेको अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | भूमिसुधार कार्यालय, पर्सा | खरिदार (रा.प.अनं.द्वि) | ०३९।६।१८ | २०४४।७।९ |
| २. | जिल्ला विकास समितिको कार्यालय, पर्सा | खरिदार (रा.प.अनं.द्वि) | ०४४।७।१० | २०४५।२।५ |
| ३. | जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक | खरिदार (रा.प.अनं.द्वि) | २०४५।२।१६ | २०४७।६।४ |
| ४. | जिल्ला विकास समितिको कार्यालय, बारा | खरिदार (रा.प.अनं.द्वि) | २०४७।६।१० | २०४९।१०।१ |
| ५. | भन्सार कार्यालय, सर्लाही | खरिदार (रा.प.अनं.द्वि) | २०४९।१०।२ | २०५४।६।१३ |
| ६. | कर कार्यालय, जनकपुर | खरिदार (रा.प.अनं.द्वि) | २०५४।६।१५ | २०५५।६।२२ |
| ७. | वीरगञ्ज भन्सार कार्यालय, पर्सा | खरिदार (रा.प.अनं.द्वि) | २०५५।६।२८ | २०५९।११।१३ |
| ८. | आन्तरिक राजस्व कार्यालय, पर्सा वीरगञ्ज | खरिदार (रा.प.अनं.द्वि) | २०५९।११।१४ | २०६३।६।११ |
| ९. | विराटनगर भन्सार कार्यालय, रानी | खरिदार (रा.प.अनं.द्वि) | २०६३।६।१२ | २०६४।११।२६ |
| १०. | विराटनगर भन्सार कार्यालय, रानी | नायब सुब्बा | २०६४।११।२६ | हालसम्म |

प्रतिवादीको अंशबन्डासम्बन्धी विवरण:–

पर्सा जिल्ला अदालतको मिति २०६१।९।५ को दे.नं. २७१५ को अंश मुद्दाको फैसला, मिति २०६१।११।५ को बन्डा मुचुल्का र तामेली पर्चाअनुसार पर्सा जिल्ला वीरगञ्ज उ.म.न.पा–३ कि.नं. २७६ को ०००६७.२२ वर्ग मिटर जग्गा बुबा ध्रूवप्रसाद शर्माको नाममा रहेकामा सोमध्ये तिन भागको एक भाग ऐ.ऐ. कि.नं. २८५ को ०००४४.८१ वर्ग मिटर (तिन धुर) पैतृक जग्गा पुनरावेदक भरतप्रसाद नेपालको नाममा कायम भएको देखिएको।

सम्पत्तिसम्बन्धी विवरण :–

चल सम्पत्तिसम्बन्धी विवरण

भरतप्रसाद नेपाल र निजका परिवारका नाममा रहेको चल अचल सम्पत्तिहरूको विवरण देहायबमोजिम रहेको छ।

स्वदेशी बैंक/वित्तीय संस्थाको खाताको मौज्दात:

तालिका नं. ३

| क्र.सं. | खातावालाको नाम | बैंक वा वित्तीय संस्थाको नाम | खाता नं. | रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|
| १. | भरतप्रसाद नेपाल/ संजय अग्रवाल | नेपाल बंगलादेश बैंक, वीरगञ्ज | ००७५३१ एस | ८,६९७।६७ | |
| २. | अम्बिका देवी नेपाल | महालक्ष्मी फाइनान्स कं.लि., वीरगञ्ज | १२–१०४८७–७ | ४६,१६३।९९ | |
| ३. | अम्बिका देवी नेपाल | एभरेष्ट बैंक लि., वीरगञ्ज | ०१९६६० ए | १,०००।– | |
| ४. | अम्बिका देवी नेपाल | नेपाल बंगलादेश बैंक, वीरगञ्ज | ०१८०७० वी. | ४,३२५।१७ | |
| ५. | सीमा नेपाल | नेपाल बंगलादेश बैंक, वीरगञ्ज | ०१८०६० वी | ५,०७८।८२ | व्ययमा गणना नगरिएको। |
| ६. | सीमा नेपाल | सिद्धार्थ बैंक लि. वीरगञ्ज | ०२५३९१ एस | ५२४।१४ | “ |
| ७. | सुष्मा नेपाल | वीरगञ्ज फाइनान्स लि. | ११११०००0५५ | १०४९।१५ | ” |
| ८. | सुष्मा नेपाल | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. | ००९३११ पि. | १३,२७२।३४ | ” |
| जम्मा | | | | ६०,१८६।८३ | |

विदेशी मुद्रा मौज्दात रहेको बैंकको विवरण :

तालिका नं. ४

| **क्र.सं.** | **खातावालाको नाम** | **बैंक वा वित्तीय संस्थाको नाम** | **खाता नं.** | **रकम (रू)** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | भरतप्रसाद नेपाल | पंजाव नेसनल बैंक, रक्सौल, भारत | ३२४२ | ५५५।– | भारतीय रूपैयाँ |

विदेशमा रहेको खाताको विवरण:

तालिका नं. ५

| **क्र.सं.** | **खातावालाको नाम** | **बैंकको नाम** | **खाता नं.** | **रकम (रू)** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | भरतप्रसाद नेपाल | पंजाव नेसनल बैंक, रक्सौल, भारत | ३२४२ | ५५५।– | भारतीय रूपैयाँ |

सुन चाँदीको विवरण:

भरतप्रसाद नेपाल र निजको परिवारको साथमा रहेको सुन, चाँदीको विवरण देहायबमोजिम रहेको देखिन्छ।

तालिका नं. ६

| **क्र.सं.** | **विवरण** | **परिमाण** | **प्राप्तिको तरिका** | **प्राप्ति मिति** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | सुन | १४ तोला | पुर्खौली/खरिद | ०३४ देखि ०६२ सम्म | व्ययमा गणना नगरिएको |
| २. | चाँदी | १५ तोला | पुर्खौली/खरिद | ०३४ देखि ०६२ सम्म | व्ययमा गणना नगरिएको |

पुनरावेदक प्रतिवादी भरतप्रसाद नेपालले निजामती किताबखानामा पेस गरेको सम्पत्ति विवरण हेर्दा हरेक वर्ष फरक–फरक मात्रामा अस्वाभाविक रूपमा सुनको परिमाण उल्लेख गरेको देखिएकाले सो कार्यलाई बदनियतपूर्ण मान्नु पर्ने हुन्छ । तसर्थ निजले आयोगसमक्ष पेस गरेको व्यक्तिगत विवरण फाराममा उल्लेख गरेको परिमाणलाई नै आधार मानि उल्लिखित सुन चाँदीको परिमाण उल्लेख गरिएको छ । साथै बयानको क्रममा प्रतिवादीहरूले सुन बिक्री गरेको रकमलाई समेत आयको रूपमा उल्लेख गरेकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुन खरिद र बिक्रीको रकमलाई प्रतिवादीको आय व्यय विवरणमा गणना गरेको देखिँदैन।

सेयरसम्बन्धी विवरण:

प्रतिवादीकी छोरी सुष्मा नेपालको नाममा खरिद गरिएको देहायबमोजिमको सेयरलाई निजकि छोरीको जागिरबाट आर्जित आम्दानी मानि प्रतिवादी भरतप्रसाद नेपालको व्ययमा गणना गरेको देखिँदैन।

तालिका नं. ७

| **सि.नं** | **सेयरधनीको नाम** | **कम्पनीको नाम, ठेगाना** | **सेयरका प्रकार** | **सेयर कित्ता** | **प्रतिकित्ता मूल्य** | **लगानी रकम (रू)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १. | सुष्मा नेपाल | वीरगञ्ज फाइनान्स लि. वीरगञ्ज | साधारण | ५३० | १००।– | ५३,०००।– | कर्मचारी सुविधा अन्तर्गत |

सवारी साधनको विवरण:

भरतप्रसाद नेपाल तथा निजको परिवारको नाममा खरिद गरेको सवारी साधनको विवरण निम्नअनुसार रहेको छ।

तालिका नं. ८

| क्र.सं. | विवरण | मूल्य (रू) | प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|
| १. | सुष्मा नेपालको नाममा रहेको ना.४ प. ६६२४ नं. को मोटर साइकल | ८२,०००।– | ०६२।१।४ | व्ययमा गणना नगरिएको |
| २. | विक्रान्त नेपालको नाममा रहेको ना.४ प. ७९४० नं को मोटर साइकल | १,०१,३९९।– | ०६२।३।१३ | |
| जम्मा | | १,०१,३९९।– | | |

विद्युतीय उपकरणको विवरण:

तालिका नं. ९

| क्र.सं. | विवरण | मूल्य (रू) | खरिद मिति | कैफियत |
|---|---|---|---|---|
| १. | टि.भी थान – १ | १३,०००।– | २०५८ | |
| २. | टि.भी थान – १ | ७,५००।– | २०३३ | व्ययमा गणना नगरिएको। |
| ३. | टि.भी थान – १ | ६,७००।– | २०६२ | |
| ४. | कम्प्युटर थान – १ | ९,५००।– | २०६० | |
| ५. | फ्रिज थान – २ | २०,६००।– | २०३३/२०५८ | १ थानमात्र व्ययमा गणना गरिएको। |
| जम्मा | | (५७,३००।–) ३९,५००।– | | |

प्रतिवादीले २ थान टी.भी र २ थान फ्रिज दाईजोबाट प्राप्त गरेको भनि उल्लेख गरेको भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एक थान टि.भी र एक थान फ्रिजलाई व्ययमा गणना गरेको देखिँदैन।

अचल सम्पत्तिसम्बन्धी विवरण

सार्वजनिक  पदमा प्रवेश गर्नुपूर्व आर्जित घर/निर्माण:

तालिका नं. १०

| क्र.सं. | घरधनीको नाम र नाता | घरको विवरण | | | | प्रतिवादीले उल्लेख गरेको विवरण अनुसारको मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | न.पा / वडा नं. | कि.नं. | निर्माणको किसिम | | |
| १. | भरतप्रसाद नेपाल | पर्सा | वीरगञ्ज – ३ | २४९ | पक्की (भुइँ तल्ले) | २,७५,०००।– | जग्गा मात्र, घर भाइको। |

सार्वजनिक पदमा प्रवेश गरे पछिको स्वआर्जित घर/निर्माण:

तालिका नं. ११

| क्र. सं. | घरधनीको नाम र नाता | घरको विवरण | | | | निर्माण मिति | प्रतिवादीले उल्लेख गरेको मूल्य |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | न.पा. / वडा नं. | कि.नं. | निर्माणको किसिम | | |
| १. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | वी.उ.म. न.पा वडा नं. ४ | ५० | ४ तले पक्की | २०५३ मा भुइँ तला ०५६ मा पहिलो तला ०५९–०६१ मा दोस्रो र तेस्रो तला | १६,२०,०००।- |
| २. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | वी.उ.म.न.पा वडा नं. ४ | २५७, २५८ | ३ तले पक्की | ०६१–०६३ साल | ७५,००,०००।- |

नोटः क्रमसङ्ख्या १ मा उल्लिखित घरको निर्माण लागत र क्रमसङ्ख्या २ मा उल्लिखित घरको निर्माण लागत प्रतिवादी भरतप्रसाद नेपालले अनुसन्धानको क्रममा गरेको बयानको स.ज. १७ र १८ को आधारमा उल्लेख गरेको देखिएको ।

हाल कायम रहेको स्वआर्जित घर/निर्माण:

तालिका नं. १२

| क्र. सं. | जग्गाधनीको नाम र नाता | घर रहेको जग्गा तथा अन्य जग्गाको विवरण | | | | लागत मूल्य (रू) | हालको मूल्याङ्कन | प्राप्तिको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | न.पा / वडा नं. | कि. नं. | क्षेत्रफल | | | | |
| १. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | वी.उ.म. न.पा वडा नं. ४ | ५० | ४ तले पक्की | २०५३ भुइँ तला, ०५६ पहिलो तला, ०६० दोस्रो तला र ०६१ तेस्रो तला ४,७३६.५७ वर्ग फिट | ४०,८२,९३५।९५ | स्व-आर्जन | मिति ०६३।२।१ को प्राविधिक मूल्याङ्कन प्रतिवेदन अनुसार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | ऐ.ऐ. | २५७, २५८ | ३ तले पक्की | ०६२।०६३ साल १४,७२३.९९ वर्ग फिट | १,२७,०७,३९२।३३ | स्वआर्जन | मिति ०६५।१।२५ को मूल्याङ्कन प्रतिवेदन अनुसार |
| जम्मा | | | | | | | १,६७,५५,५५७।४८ | | |

पैतृक जग्गा:

प्रतिवादी भरतप्रसाद नेपालको पैतृक जग्गाको विवरण देहायबमोजिम रहेको छ।

तालिका नं. १३

| **क्र.सं.** | **जग्गाधनीको नाम र नाता** | **घरको रहेको जग्गा तथा अन्य जग्गाको विवरण** | | | | **प्राप्तिको किसिम** |
|---|---|---|---|---|---|---|
| | | **जिल्ला** | **न.पा. / वडा नं.** | **कि.नं.** | **क्षेत्रफल** | |
| १. | भरतप्रसाद नेपाल | पर्सा | वी.उ.म.न.पा वडा नं. ३ | २४९ | ०–०–३ | पैतृक |

सार्वजनिक पदमा प्रवेश गरेपछिको स्वआर्जित जग्गा:

प्रतिवादी भरतप्रसाद नेपाल र निजका परिवारको नाममा देहायबमोजिमको स्वआर्जित जग्गा रहेको देखिएको।

तालिका नं. १४

| **क्र. सं.** | **जग्गाधनीको नाम प्रतिवादीसँगको नाता** | **घर रहेको तथा अन्य जग्गाको विवरण** | | | **लागत मूल्य** | **प्राप्तिको किसिम** |
|---|---|---|---|---|---|---|
| | | **गा.वि.स / न.पा / वडा नं.** | **कि.नं.** | **क्षेत्रफल** | | |
| १. | अम्बिका देवी नेपाल (श्रीमती) | नगवा १ | ६४० | ०–०–७–९ | ९४००।– | ०४६।६।११ राजीनामा |
| २. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | ३२१ | ०–०–१० | ८,०००।– | ०४८।११।२३ राजीनामा |
| ३. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | ३९० | ०–१–० | १०,०००।– | ०५०।१।११ राजीनामा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | १।५० | ०–१–० | १,००,०००।- | ०५०।८।२८ राजीनामा |
| ५. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | १५२८।७६ | ०–०–१२–१०.५ | ८८,८००।– | ०५३।११।१५ राजीनामा |
| | | | १५३०।७५ | ०–०–१७–० | | |
| ६. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | ६९६।६० | ०–१–३ | २,३१,०००।– | ०५९।१।५ राजीनामा |
| ७. | सीमा नेपाल (छोरी) | छपकैया ४ | ६९५।५९ | ०–१–३–३/४ | २,३१,०००।– | ०५९।१।५ राजीनामा |
| ८. | पद्म कुमारी शर्मा (आमा) | मसिहानी ६ ख | ७४ | ०–९–७ | ७०,०००।– | ०६०।४।१२ राजीनामा |
| ९. | अम्बिका देवी नेपाल (श्रीमती) | वी.उ.न.पा वडा नं. ४ | २५७ | ०००५०.७९ | ३,७५,०००।– | ०६१।३।४ राजीनामा |
| १०. | अम्बिका देवी नेपाल (श्रीमती) | ऐ.ऐ. | २५८ | ००४८९.६१ | २,००,०००। | ०६१।८।२८ राजीनामा |
| जम्मा | | | | | १३,२३,२००। | |

नोट: तालिकाको सि.न. ८ मा उल्लिखित पद्मकुमारी शर्मा नामको जग्गाको खरिद मूल्य व्ययमा गणना गरेको देखिँदैन।

**सार्वजनिक पदमा प्रवेश गरेपछिको जग्गा बिक्रीको विवरण:**

भरतप्रसाद नेपाल र निजका परिवारको नामको देहायबमोजिमका जग्गाहरू बिक्री भएको देखिएको।

तालिका नं. १५

| क्र.सं. | जग्गाधनीको नाम र प्रतिवादीसँगको नाता | घर रहेको जग्गा तथा अन्य जग्गाको विवरण | | | | लागत मूल्य (रू) | हालको मूल्याङ्कन | प्राप्तिको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स / न.पा / वडा नं. | कि.नं. | क्षेत्रफल | | | |
| १. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | छपकैया ४ | ३२१ | ०–०–१० | १२,५००।– | | ०५०।६।१४ राजीनामा |
| २. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | नगवा १ | ६४० | ०–०–७–९ | ९,५००।– | | ०५१।८।६ राजीनामा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | अम्बिकादेवी नेपाल श्रीमती) | पर्सा | छपकैया ४ | ३९०।४३५ | ०–०–४ | ५,०००।– | | ०५१।११।२८ राजीनामा |
| ४. | अम्बिकादेवी नेपाल श्रीमती) | पर्सा | वीरगञ्ज २ | १५२८।७६ | १०२३५.६९ | १,००,०००।– | | ०६०।८।९ राजीनामा |
| ५. | अम्बिकादेवी नेपाल श्रीमती) | पर्सा | वीरगञ्ज २ | ६९६।६० | ००३९०.७९ | ३,५०,०००।– | | ०६०।११।१२ राजीनामा |
| ६. | सीमा नेपाल (छोरी) | पर्सा | वीरगञ्ज २ | ६९५।५९ | ००३९४.७९ | ३,५०,०००।– | | ०६०।११।१२ राजीनामा |
| ७. | अम्बिकादेवी नेपाल श्रीमती) | पर्सा | वीरगञ्ज २ | १५३०।७५ | ००३०६.८५ | १,२६,०००।– | | ०६१।३।४ राजीनामा |
| जम्मा | | | | | | (९,५३,०००।–) २,५०,१४५।२० | | खरिद स्रोत पुष्टि भएको अनुपातमा |

हाल कायम रहेको जग्गाको विवरण :

तालिका नं. १६

| क्र. सं. | जग्गाधनीको नाम र प्रतिवादीको नाता | घर रहेको जग्गा तथा अन्य जग्गाको विवरण | | | | खरिद/लागत मूल्य (रू) | हालको मूल्याङ्कन | प्राप्तिको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स / न.पा / वडा नं. | कि.नं. | क्षेत्रफल | | | |
| १. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | वीरगञ्ज १ | ४३५।१९९ | ००२७०.८८ | १०,०००।– | १,५९,९८७।१५ | |
| २. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | वीरगञ्ज ४ | २५७ | ०००५०.७९ | ३,७५,०००।– | ३,९०,०००।– | |
| ३. | अम्बिका देवी नेपाल (श्रीमती) | पर्सा | वीरगञ्ज ४ | २५८ | ००४८९.६१ | २,००,०००।– | ३७,७०,०००।– | |
| ५. | पद्मकुमारी शर्मा (आमा) | पर्सा | मसीहानी ६ ख | ७४ | ०–९–७ | ७०,०००।– | १,१६,८७५।– | |
| ६. | भरतप्रसाद नेपाल | पर्सा | वीरगञ्ज ३ | २४९ | ०–०–३ | पैतृक | – | पैतृक |
| जम्मा | | | | | | ७,५५,०००।– | ५२,३६,८६२।२० पैतृक जग्गाको बाहेक | |

मेरो पेसा नोकरी हो । कानूनी रूपमा हामी सबै भिन्न भइसकेका छौं । तर व्यापार व्यवसायमा एकै ठाउँमा काम गरि रहेका छौ । मेरो पूर्व श्रीमती अम्बिका देवी नेपालले खुकुरी फुटवेयर प्रा.लि. मा मिति ०४६।१।१ देखि मिति ०६१।१२।३० सम्म काम गरेको थिइन् । भाइ शत्रूघनकुमार नेपालले नेपाल प्रकाशन प्रा.लि., वीरगञ्ज एक्सप्रेस साप्ताहिक पत्रिकाको प्रकाशक भई पत्रिका चलाएका थिए । मालिङ्गो साप्ताहिक पत्रिकामा प्रतिनिधि भई मिति २०३९।२।१ देखि मिति २०५२।५।९ सम्म मासिक रू २,०००। का दरले, मिति २०५२।५।१० देखि २०५९ असार मसान्तसम्म मासिक रू. ४,०००। का दरले र मिति २०५९।४।१ देखि रू. ५,०००। का दरले पारिश्रमिक पाई २०६२।१०।२४ सम्म कार्यरत् छ । त्यसैगरि सत्य सन्देश दैनिक पत्रिकाको प्रतिनिधिको रूपमा काम गरि आय आर्जन गरेको थिएँ। छोरी सुष्मा नेपाल हाल वीरगञ्ज फाइनान्समा काम गर्दछिन् । त्यसैगरि छोरी सीमा नेपाल सिद्धार्थ बैंक काठमाडौंमा कार्यरत् छिन्। छोरा विक्रान्त नेपाल पढ्दैछन्। आमा तथा भाइ बुहारी गृहिणी हुन्। छोरीहरू अर्चना नेपाल र रचना नेपालको विवाह भई सकेको छ। म ०३४।६।४ गतेदेखि ०३९।६।१७ सम्म वन पैदावर विकास समितिमा कार्यरत् रहेको थिएँ। मिति २०३९।६।१८ गते देखि खरिदार पदमा स्थायीरूपमा भूमिसुधार कार्यालय पर्साबाट सेवा सुरू गरि हाल आन्तरिक राजस्व कार्यालय पर्सामा खरिदार पदमा कार्यरत् छु। म, आमा र भाइबिच अंशबन्डा भई सकेको छ। मेरो नाममा अंशबाट प्राप्त पैतृक ०००४४.८१ वर्ग मिटर जग्गाबाहेक अरू अचल सम्पत्ति केही पनि छैन।

सार्वजनिक पद धारण गरेदेखि तलब, भत्ता, पुरस्कारबाहेक मेरो अरू आय स्रोत छैन। मेरो नियमित खर्च हुने क्षेत्रहरू छैन। गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको छैन । मेरो पूर्व श्रीमती अम्बिका देवी नेपालको नाममा खरिद गरेको साबिक कि.नं. १, क्षेत्रफल ०–१–० हालको कि.नं. ५० को क्षेत्रफल ००३३८.६० मिति ०५०।८।२८ मा रू.१,००,०००।– मा र कि.नं. ३९०, क्षेत्रफल ०–१–० हाल कि.नं. १९९ को जग्गा मिति २०५०।१।११ मा रू.१०,०००।– मा मेरो, श्रीमतीको र भाइको तलब भत्ताबाट खरिद गरेको हो। मेरो श्रीमती अम्बिका देवी नेपालको नाममा रहेको जिल्ला पर्सा छपकैया–९ कि.नं. १५२८ को ०–०–१२–१०१/२, कि.नं. १५३० को ०–०–१७–०, तथा ऐ. छपकैया ६ ख कि.नं. ६९६ को ०–१–३–३/४ जग्गाहरू जग्गा बिक्रीको रकम, गाडीको कमाई, वीरगञ्ज एक्सप्रेस साप्ताहिक पत्रिकाको आम्दानीबाट खरिद गरेको हो।

मेरो छोरी सीमा नेपालको नाममा रहेको छपकैया–९ कि.नं. ६९५ को ०–१–३–३/४ जग्गा, जग्गा बिक्रीको रकमबाट खरिद गरेको हो । मेरो आमाको नाममा रहेको जिल्ला पर्सा मसिहानी–६ख कि.नं. ७४ को ०–९–७ जग्गा मिति २०६०।४।१२ गते रू.७०,०००।– मा खरिद गरेको हो । जग्गा बिक्रीको रकम, भाइको, छोरीहरूको, श्रीमतीको तलब भत्ता, पत्रिका र गाडीको आम्दानीसमेतबाट उक्त जग्गा खरिद गरेको हो । अम्बिकादेवी नेपालको नाममा रहेको कि.नं. २५७ को ०००५०.७९ वर्ग मिटर जग्गा रू.३,७५,०००।– मा र कि.नं. २५८ को ००४८९.६१ वर्ग मिटर जग्गा रू.२,००,०००।– मा मेरो, भाइको, श्रीमतीको र छोरीहरूको तलब भत्ता, जग्गा बिक्रीसमेतको आयबाट खरिद गरेको हो।

भाइ शत्रूघन कुमार नेपालको नाममा रहेको पैतृक जग्गामा पैतृक घर छ । त्यसैगरि मेरो श्रीमतीको नामको वीरगञ्ज उपमहानगरपालिका–४ कि.नं. ५० को जग्गामा चार तले पक्की घर छ । उक्त घर निर्माण मिति २०५३।९।१२ मा भुइँ तल्लाको नक्सा पास भई निर्माण भएको हो। उक्त भुइँ तलाको लागत रू.३,६०,०००।– हो । पहिलो तला मिति २०५६।४।२८ मा नक्सा पास भएको हो। उक्त तला निर्माणको लागत रू.४,२०,०००।– हो । दोस्रो र

तेस्रो तला मिति २०५९।७।२९ मा नक्सा पास गरि रू.८,४०,०००।– मा निर्माण गरेको हो। स्रोतको हकमा तलब, भत्ता, घर भाडा, गाडीको कमाई, सञ्चयकोष सापटी, जग्गा बिक्रीबाट प्राप्त रकमसमेतबाट निर्माण भएको हो । कि.नं. २५७ र २५८ को जग्गामा तिन तलाको पक्की घर छ । उक्त घरको लागत हालसम्म रू.७५,००,०००।– लागेको छ । सो घर निर्माणको स्रोतको हकमा महालक्ष्मी फाइनान्सबाट लिएको ऋण, तलब, भत्ता, घर भाडा, गाडीको कमाईको रकमसमेत हो।

जग्गाको हकमा म तथा मेरो परिवारको नाममा हाल पैतृक जग्गाबाहेक मेरो श्रीमतीको नाममा कि.नं. १९९, ५०, २५७, २५८ र आमाको नाममा कि.नं. ७४ को जग्गा छ। घरको हकमा कि.नं. २८५ को पैतृक जग्गामा र श्रीमतीको नामको कि.नं. ५० को जग्गामा चार तले पक्की घर र कि.नं. २५७ र २५८ को जग्गामा तिन तले पक्की घर निर्माणाधीन छ। मेरो नाममा कुनै सवारी साधन छैन । भाइ शत्रूघनकुमार नेपालले मिति २०५६।४।१४ मा वीरगञ्ज भन्सार कार्यालयबाट रू.७,१०,८१५।– मा ना१ च ६५३६ नं. को कियाभ्यान लिलाम सकार गरेको र मिति २०५६।११।३ मा रू.७,०३,३९४।– मा ना १ च ६६७६ नं. को टाटासुमो जीप लिलाम सकार गरि व्यवसाय सञ्चालन गरेको छ । उक्त गाडीहरू महालक्ष्मी फाइनान्सबाट लिएको ऋण तथा तलब भत्तासमेतबाट खरिद गरेको हो । त्यसै गरि मिति २०५८।३।१ गते ना.१.च ६६७६ नं. को टाटा सुमो जीप रू.६,०३,०००।– मा बिक्री भएको छ। उक्त रकम महालक्ष्मी फाइनान्सलाई पटक–पटक गरि तिरेको छु। ना. ४. प २५६६ नं. को स्कुटर मोटर साइकल वीरगञ्ज फाइनान्सबाट हा.प.मा रू.८२,०००।– मा खरिद गरेको हो । ना. १ प. ७९४० नं. को होण्डा मोटर साइकल रू.१,०१,३९९।– मा छोरा विक्रान्त नेपालको नाममा खरिद गरेको हो । शत्रूघनकुमार नेपालको नाममासमेत ना. ४ प. ८०२७ नं को मोटर साइकल महालक्ष्मी फाइनान्सबाट ऋण लिई खरिद गरेको छ । ना.१.च. ६५३६ र ना.१ च. ६६७६ नं. को गाडीहरू महालक्ष्मी फाइनान्सको गृह कर्जा नं. ५५५, हा.प. कर्जा नं ३३४, ४१९, ५९३ बाट क्रमश: रू.५,११,०००।–, रू.५,११,०००।–, रू.९,०९,०००।– र रू.४,०५,८००।–समेत ऋण लिएको हो। ऋण तिर्दै लिँदै गरेको हो। उक्त ऋण गाडी भाडामा लगाएर चुक्ता गरिएको हो।

मेरो तथा परिवारको नाममा रहेको बैंक खाताहरूमध्ये मेरो नाममा भारतको रक्सौलस्थित नेसनल बैंकमा खाता नं. ३२४२ मा भारतीय रूपैयाँ ५५०।– जति छ । नेपाल अरब बैंक काठमाडौंको खाता नं. ०५३५३ मा करिव रू.१०० जति हुनु पर्दछ । नेपाल बंगलादेश बैंक वीरगञ्जको खाता नं. ००७५३१ एस मा लगभग रू.१५,०००।– जति छ। यो खाता मेरो र संजय अग्रवालको संयुक्त खाता हो। त्यसैगरि अम्बिका देवी नेपालको महालक्ष्मी फाइनान्स लि.को खाता नं. १०४८७–७ मा रू.३,०००।– जति छ। निजको नाममा एभरेष्ट बैंक लि. र बंगलादेश बैंक लि. मा गृहिणी बचत खाता छ, । उक्त खाताहरूमा रू.१,०००।– हुनु पर्दछ। छोरी सीमा नेपालको नेपाल बंगलादेश बैंकमा खोलिएको गृहिणी बचत खाता नं ०१८६ मा रू. १,०००। छ। छोरी सुष्मा नेपालको वीरगञ्ज फाइनान्स क. लिमिटेडको को खाता नं. ११५१०००००३५ मा रू.८,०००।– जति छ। भाइ सत्रूघनकुमार नेपालको वीरगञ्ज स्थित लक्ष्मी बैंक लि. मा रू.५,०००।– होला। मैले अंश छोडपत्र गर्दा श्रीमती अम्बिकादेवी नेपालबाट रू.२०,००,०००।– नगद, १०० तोला सुन र १० किलो चाँदी लिई घर, जग्गा र गाडीहरू श्रीमतीलाई छाडि दिएको हो। उक्त रकम मैले सम्पत्ति विवरणमा उल्लेख गरेको नै छु।

कि.नं. ५० को चार तले घरमा २०५३ भदौदेखि उदयपुर सिमेन्ट उद्योग भाडामा बसेको

छ । सो उद्योगबाट घर भाडा रू.२,८९,७५०।– भाडा प्राप्त गरेको छु । सो घरबाट मिति २०५३।५।१ देखि मिति २०५६।६।१ सम्म जम्मा रू.१,६६,५००।– घर भाडा प्राप्त गरेको छु । कि.नं. २५७ र २५८ मा बनेको घरमा कृष्णा नर्सिङ्ग होम प्रा.लि भाडामा बसेको हुँदा घरभाडा बापत रू.५,१५,०००।– प्राप्त गरेको छु । साथै तिन महिनाको एडभान्ससमेत प्राप्त गरेको छु । मैले मेरो तथा मेरो परिवारको नाममा राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र तथा कुनै कम्पनी तथा वित्तीय संस्थाको सेयर, डिबेञ्चर खरिद बिक्री गरेको छैन । मेरो श्रीमतीको नाममा विभिन्न व्यापारिक फर्म, उद्योग, व्यवसाय दर्ता भए तापनि पत्रिका बाहेक अन्य सञ्चालनमा छैनन् । मेरो श्रीमती तथा भाइको नाममा विभिन्न मितिमा घर निर्माण तथा गाडी खरिदको लागि ऋण लिएको छु । उक्त ऋणहरू मध्ये केही चुक्ता गरिसकेको छु । हाल कि.नं. २५७ र २५८ को जग्गाको निर्माणाधीन तिन तले पक्की घर निर्माणको क्रममा लिएको ऋण चुक्ता गर्न बाँकी छ ।

श्रीमती अम्बिका देवी नेपालले महालक्ष्मी फाइनान्सबाट मिति २०५६।४।१४ तथा मिति २०५६।४।२२ मा क्रमशः रू. ५,११,०००।- का दरले हायर पर्चेज कर्जा र मिति २०५४।१२।१६ मा रू. ७०,०००।-, मिति २०५८।२।१ मा रू.४,०५,८००।- मिति २०६०।९।११, मिति २०६१।१।९, तथा मिति २०६१।३।२४ मा तिन पटक रू.६,००,०००।- का दरले, मिति २०६१।४।१८, मिति २०६१।७।१६, मिति २०६१।९।२१ मा क्रमशः रू. ५,००,०००।- का दरले, मिति २०६१।८।२८ मा रू.६,५०,०००।- मिति २०६१।११।१७ मा रू.२९,३९,०००।-, मिति २०६१।११।२६ मा रू.३९,०५,०००।- मिति २०६२।२।३१ मा रू.४२,१९,०००।- मिति २०६२।४।३२ मा रू.४९,८३,०००।-, मिति २०६२।६।१६ मा रू.५७,४३,४००।, मिति २०६२।८।१६ मा रू.५७,८४,०००।-, मिति २०६२।१२।१८ मा रू.५७,२२,५००।-, मिति २०६२।२।४ मा रू.५६,७६,०००।- गृह कर्जा लिएको जानकारी छ भन्नेसमेत व्यहोराको प्रतिवादी भरतप्रसाद नेपालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मेरो पेसा गृहिणी हो । मेरो पति सरकारी जागिरे हुनुहुन्छ । मैले कक्षा ८ सम्म पढेकी छु । मेरो परिवारमा सासू पद्मकुमारी, देवर शत्रूघनकुमार नेपाल, देउरानी पद्मकुमारी तिवारी (नेपाल), छोरीहरू सुष्मा नेपाल, सीमा नेपाल, छोरा विक्रान्त नेपाल छन् । भतिजाहरू नाबालक छन् । हामी परिवारमा पति, सासू, देवर सबै अलग छौं । मेरो नियमित आयका स्रोतहरूको सम्बन्धमा यस आयोगसमक्ष मेरो श्रीमान्ले गरेको बयानमा मेरो सहमति छ । मैले साल याद भएन साकम्बरी ट्रेडिङ कन्सर्न र खुकुरी फुटवेयरमा काम गरेकी थिएँ । यी दुवै एउटै व्यक्तिको हो । अन्दाजी १५ वर्ष जति उक्त ट्रेडिङ कन्सर्नमा काम गरे । यस सम्बन्धमा मेरो श्रीमान्ले बयानमा लेखाउनु भएको होला । हाल मलाई पुरै सम्झना भएन । मेरो नाममा वीरगञ्ज उ.म.न.पा. वडा नं. ४ कि.नं. २५७, कि.नं. २५८ र कि.नं. ५०समेतका जग्गाहरूमा दुईवटा घरहरू छन् र वडा नं. ४ कि.नं. १९९ को एउटा घडेरी जग्गा छ । घर निर्माण र लागत सम्बन्धमा मलाई यकिन थाहा छैन । मेरो नाममा महालक्ष्मी फाइनान्स लि. वीरगञ्जमा खाता नं. १०४७८–७ को बचत खाता र एभरेष्ट बैंक लि. वीरगञ्जको खाता नं. ०१९६६० ए. को बचत खाता रहेको छ । उक्त खाताहरू मध्ये महालक्ष्मी फाइनान्समा अन्दाजी रू.५,०००।– र एभरेष्ट बैंकमा अन्दाजी रू.१,०००।– छ । सोबाहेक मेरो नाममा अन्यत्र बैंक खाता छैन ।

मेरो नाममा गाडी खरिद र घर निर्माणको लागि पटक पटक ऋण लिएको छु । फाइनान्समा भएको सम्पूर्ण कारोबार मेरो नाममा भए तापनि मेरो श्रीमान्ले गर्नु भएको हुँदा सो सम्बन्धमा श्रीमान्लाई

थाहा नै होला । म तथा मेरो परिवारको नाममा छोरा, छोरी, देवरले प्रयोग गर्दै आएको मोटर साइकल तिन वटा छन् । टाटा सुमो बिक्री भयो । कियाभ्यान चोरी भयो । मैले मेरो श्रीमान्सँग मिति २०५९।५।११ मा अंश छोडपत्र गर्दा घर जग्गाबापत रू.२०,००,०००।– पटक पटक गरि श्रीमान्लाई दिएको हो । उक्त रकम गाडीको कमाई, सुन, चाँदी बेचेर, घर बहालको आयबाट दिएको हो । एउटा घर श्रीमान् र देवरको नाममा छ । सोबाहेक मेरो नाममा अन्यत्र घर जग्गाहरू छैन । घर निर्माणसमेतको लागि लिएको कर्जा हाल रू.७५,००,०००। तिर्न बुझाउन बाँकी छ भन्नेसमेत व्यहोराको प्रतिवादी अम्बिकादेवी नेपालले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादी भरतप्रसाद नेपाल र अम्बिका देवी नेपालले प्राप्त गरेको वैधानिक आयका स्रोतहरू देहायबमोजिम भएको देखियो ।

**तलब भत्ता:**

प्रतिवादी भरतप्रसाद नेपाल २०३४ सालदेखि नै सार्वजनिक सेवामा प्रवेश गरि सहायक रेकर्डर पदमा काम गरेको भनि बयानमा उल्लेख गरेता पनि सो कुरा आधिकारिक निकायबाट लेखाएर ल्याउन सकेको देखिएन । तसर्थ प्रतिवादी भरतप्रसाद नेपालले मिति २०३९।६।१८ देखि स्थायी नोकरी गर्दा पाएको तलबमा १० प्रतिशतका दरले सञ्चयकोष कट्टिको रकम घटाई खुद पाएको तलब रकमको मात्र गणना गरिएको छ । २०६२ साउन महिनादेखिको बीमा प्रिमियम बापतको रकम मासिक रू.२००।– पनि तलबमा घटाई गणना गरिएको छ ।

तालिका नं. १७

| सि.नं. | आ.व. | रकम | कैफियत |
|---|---|---|---|
| १. | ०३९।४० | ३,१९५।– | निजामती किताबखानाबाट प्राप्त विवरणअनुसार |
| २. | ०४०।४१ | ३,८३४।– | " |
| ३. | ०४१।४२ | ७,१६०।४० | " |
| ४. | ०४२।४३ | ७,३००।८० | " |
| ५. | ०४३।४४ | ७,४४१।२० | " |
| ६. | ०४४।४५ | ८,६६१।६० | " |
| ७. | ०४५।४६ | १०,८५४।– | " |
| ८. | ०४६।४७ | १०,९९४।४० | " |
| ९. | ०४७।४८ | १४,७५२।८० | " |
| १०. | ०४८।४९ | १४,९४७।२० | " |
| ११. | ०४९।५० | १८,५११।२० | " |
| १२. | ०५०।५१ | १८,७२७।२० | " |
| १३. | ०५१।५२ | १८,९४३।२० | " |
| १४. | ०५२।५३ | २२,३९९।२० | " |
| १५. | ०५३।५४ | २२,६१५।२० | " |
| १६. | ०५४।५५ | ३०,५९६।४० | " |

| | | | |
|---|---|---|---|
| १७. | ०५५।५६ | ३१,५५७।६० | निजामती किताबखानाबाट प्राप्त विवरणअनुसार |
| १८. | ०५६।५७ | ३२,३०२।८० | " |
| १९. | ०५७।५८ | ५०,७७०।८० | " |
| २० | ०५८।५९ | ५१,९५८।८० | " |
| २१. | ०५९।६० | ५३,१४६।८० | " |
| २२. | ०६०।६१ | ५४,३३४।८० | " |
| २३. | ०६१।६२ | ५५,५२२।८० | " |
| २४. | ०६२।६३ | ६५,५६६।८० | " |
| २५. | ०६३।४ देखि ०६३।७।३० सम्म | २२,२५१।६० | " |
| जम्मा | | ६,३८,३४६।६० | |
| विमा कट्टी रकम घटाएको | | ३,२००।– | २०६२।४।१ देखि २०६३।७।३० सम्मको मासिक रू २००।– को दरले १६ महिनाको। |
| प्राप्त जम्मा तलब | | ६,३५,१४६।६० | |

**घर भाडा :**

प्रतिवादीले निर्माण गरेको वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४ स्थित कित्ता नं. ५० को जग्गा र कित्ता नं. २५७ र २५८ का जग्गामा निर्माण गरेका दुई वटा घरहरूबाट प्राप्त गरेको घर बहाल रकम देहायबमोजिम देखिएको।

तालिका नं. १८

| क्र. सं. | कि.नं. ५० को घर | | | कि.नं. २५७ र २५८ को घर | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **अवधि** | **दर** | **प्राप्त रकम** | **अवधि** | **दर** | **प्राप्त रकम** | |
| १. | २०५३।५।१ देखि २०५६।६।१ सम्म | ४५००।– | १,६६,५००।– | ०६२ असोज देखि ०६३ कात्तिकसम्म भुइँ तलाको | ३०,०००।– | ४,२०,०००।– | घर बहाल कर तिरेको देखिएको |
| २. | ०५६।६।१६ देखि ०५८।१।१४ सम्म | ९,५००।- | १,८०,५००।– | ०६२ फागुन देखि ०६३ कात्तिकसम्म दुवै तलाको | ३५,०००।– | ३,१५,०००।– | " |
| ३. | ०५८।१।१५ देखि ०५८।१२।३० सम्म | ५,५००। | ६३,२५०।– | - | - | - | |
| ४. | ०५९।१।१ देखि ०६३।७।३० सम्म | ४,५००। | २,४७,५००।– | | | | |
| जम्मा | | | ६,५७,७५०।– | | | ७,३५,०००।– | |

माथि उल्लिखित घर भाडा रकम प्रतिवादी भरतप्रसाद नेपालले पेस गरेको सम्झौता कागजातअनुसार उल्लेख गरिएको छ। तर उल्लिखित घर भाडा रकममध्ये तालिका नं. २२ र २३ को आय व्यय प्रवाह विवरणमा उल्लेख भएअनुसार घर निर्माण स्रोत पुष्टि भएको अनुपातमा कि.नं. ५० को घरको घर भाडाको हकमा भुइँतलाको घर निर्माणको स्रोत ११.६० प्रतिशतमात्र पुष्टि भएकाले कुल घर भाडाको ११.६० प्रतिशतलाई मात्र यी प्रतिवादीको वैधानिक स्रोत खुलेको आयमा गणना गरेको देखिन्छ । साथै दुवै तला घर भाडामा लागेको अवस्थामा औसत स्रोत १०.८६ प्रतिशतको मात्र पुष्टि हुने भनि कुल घर भाडाको १०.८६ प्रतिशतमात्र आयमा गणना गरेको देखिन्छ।

यसै गरि कि.नं. २५७ र २५८ मा निर्मित घरको उल्लिखित घरभाडा रकममध्ये तालिका नं. २२ र २३ को आय व्यय प्रवाह विवरणमा उल्लेख भएअनुसार घर निर्माणको स्रोत औसतमा सबै तलाको गरेर ४२.९६ प्रतिशतमात्र पुष्टि भएको हुँदा सोही अनुपातको घर भाडा रकमलाई मात्र यी प्रतिवादीको वैध आयको रूपमा गणना गरेको देखिएको।

**बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी :**

महालक्ष्मी फाइनान्सको मिति २०६४।११।१८ समेतको पत्रानुसार प्रतिवादी भरतप्रसाद नेपाल एवम् निजको श्रीमती अम्बिका देवी नेपालले आ.व. ०५४।५५ देखि ०६३।६४ सम्ममा रू.६,८८,५४,४००।– घर कर्जा बापत ऋण लिएको देखिन्छ, । साथै सो कर्जामध्ये पटकपटक तिर्दै आ.व. ०६३।६४ सम्ममा रू.६,१४,३०,०९४।– साँवा र रू.१८,७९,५०३।९६ ब्याजसमेत गरि जम्मा रू. ६,३३,०९,५९७।९६ ऋण तिरेको पनि देखिन्छ।

**घर जग्गा बिक्रीबाट प्राप्त आय:**

भरतप्रसाद नेपाल र निजका परिवारको नाममा रहेका देहायबमोजिमका जग्गाहरू लिखत मूल्य रू.९,५३,०००।– मा बिक्री भएको देखिएकामा स्रोत पुष्टि भएको अनुपातमा जम्मा रू.२,५०,१४५।२० लाई मात्र निजको वैध आयको रूपमा गणना गरिएको देखिन्छ।

तालिका नं. १९

| क्र. सं. | जग्गाधनीको नाम र नाता | घर तथा जग्गाको विवरण | | | बिक्री/लागत मूल्य (रू) | हालको मूल्य | प्राप्तिको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स / न.पा / वडा नं. | कि.नं. | क्षेत्रफल | | | | |
| १. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | ३२१ | ०–०–१० | १२,५००।– | | ०५०।६।१४ राजीनामा | शत प्रतिशत |
| २. | अम्बिका देवी नेपाल (श्रीमती) | नगवा १ | ६४० | ०–०–७–९ | ९,५००।– | | ०५१।८।६ राजीनामा | ” |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | अम्बिका देवी नेपाल (श्रीमती) | छपकैया ४ | ३९०।४३४ | ०–०–४ | ५,०००।– | | ०५१।११।२८ राजीनामा | " |
| ४. | अम्बिका देवी नेपाल (श्रीमती) | वीरगञ्ज २ | १५२८।७६ | १०२३५.६९ | १,००,०००। | | ०६०।८।९ राजीनामा | १६.२७ प्रतिशत मात्र स्रोत पुष्टि |
| ५. | अम्बिका देवी नेपाल (श्रीमती) | वीरगञ्ज २ | ६९६।६० | ००३९०.७९ | ३,५०,०००। | | ०६०।११।१२ राजीनामा | ५३.२५ प्रतिशत मात्र स्रोत पुष्टि |
| ६. | सीमा नेपाल (छोरी) | वीरगञ्ज २ | ६९५।५९ | ००३९४.७९ | ३,५०,०००। | | ०६०।११।१२ राजीनामा | स्रोत पुष्टि नै नभएको |
| ७. | अम्बिका देवी नेपाल (श्रीमती) | वीरगञ्ज २ | १५३०।७५ | ००३०६.८५ | १,२६,०००। | | ०६१।३।४ राजीनामा | १६.२७ प्रतिशत मात्र स्रोत पुष्टि |
| जम्मा | | | | | (९,५३,०००) २,५०,१४५।२० | केही जग्गाको खरिद स्रोत पुष्टि भएको र केही पुष्टि नभएको अनुपातमा | | |

**कर्मचारी सञ्चयकोषबाट सापटी :**

प्रतिवादी भरतप्रसाद नेपालले कर्मचारी सञ्चयकोषबाट प्राप्त गरेको ऋण र सापटी रकम देहायबमोजिम देखिएको ।

तालिका नं. २०

| सि.नं. | सापटी दिने संस्था | मिति | ऋण रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारी सञ्चय कोष | ०४७।१०।३० | १०,०६१।८८ | |
| २. | " | ०४८।२।१७ | ५,९८१।९२ | ६० प्रतिशत आंशिक भुक्तानी |

| | | | | |
|---|---|---|---|---|
| ३. | " | ०५०।६।७ | ८,२५६।२० | " |
| ४. | " | ०५२।६।३१ | ७,९००।– | " |
| ५. | " | ०५४।७।८ | ९,०००।– | " |
| ६. | " | ०६०।३।१७ | ६५,०००।– | विशेष सापटी |
| जम्मा | | | १,०६,२००। | |

**सुष्मा नेपाल र सीमा नेपालको तलब भत्ता:**

तालिका नं. २१

| क्र.सं. | आवद्ध संस्था | अवधि | दर | प्राप्त रकम |
|---|---|---|---|---|
| १. | सिद्धार्थ बैंक लि. (सीमा नेपाल) | ०६२।९।२० देखि ०६२।१२।३० सम्म | | १६,६६६।६६ |
| २. | सिद्धार्थ बैंक लि. (सीमा नेपाल) | ०६३।१।१ देखि ०६३।६।३० सम्म | | ४५,०००।– |
| ३. | वीरगञ्ज फाइनान्स लि. (सुष्मा नेपाल) | ०६०।६।१ देखि ०६०।१२।३० सम्म | ४२००।– | २५,२००।– |
| ४. | वीरगञ्ज फाइनान्स लि. (सुष्मा नेपाल) | ०६१।१।१ देखि ०६१।३।३० सम्म | ४२००।– | १२,६००।– |
| ५. | वीरगञ्ज फाइनान्स लि. (सुष्मा नेपाल) | ०६१।४।१ देखि ०६२।३।३० सम्म | ४२००।– | ५०,४००।– |
| ६. | वीरगञ्ज फाइनान्स लि. (सुष्मा नेपाल) | ०६२।४।१ देखि ०६३।३।३० सम्म | ६१००।– | ७३,२००।– |
| ७. | वीरगञ्ज फाइनान्स लि. (सुष्मा नेपाल) | ०६३।४।१ देखि ०६३।६।३० सम्म | ६१००।– | १८,३००।– |
| जम्मा | | | २४,८००।– | २,४१,३६६।६६ |

सीमा नेपाल र सुष्मा नेपालको उपर्युक्त आयलाई भरतप्रसाद नेपालको आयमा गणना गरेको नदेखिएको।

**आय व्ययको विवरण:–**

जग्गाको खरिद बिक्रीको मूल्य अन्य प्रमाणबाट अन्यथा देखिएको अवस्थामा बाहेक जग्गा खरिद बिक्री वा हक हस्तान्तरणको लिखतमा उल्लिखित रकमलाई, घर निर्माण लागत मूल्यको हकमा मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित रकमलाई, कर्जाको हकमा वित्तिय संस्थाबाट प्राप्त पत्रमा उल्लिखित रकमलाई विश्लेषण गरि आधार बनाएको देखिएको।

मिति २०५९।४।३० सम्मको अवस्था:

तालिका नं. २२

| क्र.स. | विवरण | आय रकम | व्यय रकम | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०३९।४० देखि ०४५।४६ सम्मको तलब भत्ता | ४८,४४७।– | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०४६।६।११ मा अम्बिका देवी नेपालको नाममा पर्सा नगवा –१ कि.नं. ६४० को क्षे.फ. ०–०–७–९ जग्गा खरिद। | | ९,४००।– | | |
| | जम्मा | ४८,४४७।– | ९,४००।– | ३९,०४७।– | |
| २. | अ.ल्या. | ३९,०४७।– | | | |
| | ०४६।४७ देखि ०४७।४८ सम्मको तलब भत्ता। | २५,७४७।२० | | | |
| | २०४७।१०।३० मा क.सं. कोष सापटी। | १०,०६१।८८ | | | |
| | ०४८।२।१७ मा क.सं. कोष सापटी | ५,९८१।९२ | | | |
| | ०४८।११।२३ मा अम्बिका देवी नेपालको नाममा पर्सा छपकैया –४ कि.नं. ३२१ को क्षे.फ. ०–०–१० जग्गा खरिद। | | ८,०००।– | | |
| | जम्मा | ८०,८३८।– | ८,०००।– | ७२,८३८।– | |
| ३. | अ.ल्या. | ७२,८३८।– | | | |
| | ०४८।४९ देखि ०४९ चैत मसान्तसम्मको तलब भत्ता। | २८,८३०।६० | | | |
| | ०५०।१।११ मा अम्बिकादेवी नेपालको नाममा पर्सा छपकैया –४ कि.नं. ३९० को क्षे.फ. ०–१–० जग्गा खरिद। | | १०,०००।– | | |
| | जम्मा | १,०१,६६८।६० | १०,०००।– | ९१,६६८।६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | अ.ल्या. | ९१,६६८।६० | | | |
| | ०५० वैशाखदेखि कात्तिकसम्मको तलब भत्ता। | १०,८७०।२० | | | |
| | ०५०।६।७ मा क.सं. कोष सापटी | ८,२५६।२० | | | |
| | ०५०।६।१४ मा अम्बिकादेवी नेपालको नामको पर्सा छपकैया –४ कि.नं. ३२१ को ०–०–१० जग्गा बिक्री। | १२,५००।– | | | |
| | ०५०।८।२८ मा अम्बिकादेवी नेपालको नाममा पर्सा वीरगञ्ज उपमहानगरपालिका –३ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गा खरिद | | १,००,०००।– | | |
| | जम्मा | १,२३,२९५।– | १,००,०००।– | २३,२९५।– | |
| ५. | अ.ल्या. | २३,२९५।– | | | |
| | ०५० मङ्सिरदेखि ०५३ साउनसम्मको तलब<br>भत्ता। | ५७,२७२।४० | | | |
| | ०५१।८।६ गते अम्बिकादेवी नेपालको नामको पर्सा नगवा –१ कि.नं. ६४० को ०–०–७–९ जग्गा बिक्री। | ९,५००।– | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०५१।११।२८ गते अम्बिका देवी नेपालको नामको साबिक कि.नं. ३९० हाल पर्सा छपकैया –४ कि.नं. ४३५ को ०–०–४ जग्गा बिक्री। | ५,०००।– | | | |
| | ०५२।६।३१ मा क.सं. कोष सापटी | ७,९००।– | | | |
| | ०५२।९।१२ गते नक्सा पास गरि २०५३ साउन सम्ममा कि.नं. ५० को जग्गामा भुइँतल्ले घर र बाहिर शौचालय निर्माण | | ८,८७,८५३।९६ | | ८८.४० प्रतिशत स्रोत पुष्टि नभएको |
| | जम्मा | १,०२,९६७।४० | ८,८७,८५३।९६ | (७,८४,८८६।५६) | |
| ६. | २०५३ भदौदेखि २०५३ माघसम्मको तलब | ११,३०७।६० | | | |
| | २०५३।५।१ देखि २०५३।१० सम्मको कि.नं. ५० मा बनेको घरको भुइँतलाको भाडा रकम। | [२७,०००।–]<br>३,१३२।– | | | ११.६० प्रतिशतमात्र स्रोत पुष्टि भएको हुँदा |
| | ०५३।११।१५ गते अम्बिकादेवी नेपालको नाममा पर्सा छपकैया –९ साबिक कि.नं. १५२८ हाल कि.नं. ७६ को ०–०–१२–१०.५ र साबिक कि.नं. १५३० हाल कि.नं. ७५ को ०–०–१७ जग्गा खरिद। | | ८८,८००।– | | ८३.७३ प्रतिशत स्रोत पुष्टि नभएको |
| | जम्मा | १४,४३९।६० | ८८,८००।– | (७४,३६०।४०) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | ०५३ फागुनदेखि ०५६ भदौसम्मको तलब भत्ता। | ७६,९६०।८० | | | |
| | ०५४।७।८ मा क.सं. कोष सापटी | ९,०००।– | | | |
| | ०५३ फागुनदेखि ०५६ भदौ मसान्तसम्मको कि.नं. ५० को घरको भुइँ तलाको भाडाको रकम। | [१,३९,५००।] १६,१८२।– | | | ११.६० प्रतिशतमात्र स्रोत पुष्टि भएको हुँदा |
| | २०५४।१२।१६ गते सम्ममा महालक्ष्मी फाइनान्सबाट लिएको ऋणको ब्याज चुक्ता गरेको रकम। | | ५,८३,३९४।– | | |
| | ०५६।४।२८ गते कि.नं. ५० को जग्गामा रहेको भुइँतल्ले घरमा पहिलो तला थप निर्माण। | | ९,८५,४९२।६५ | | ८९.८७ प्रतिशत स्रोत पुष्टि नभएको |
| | जम्मा | ६,८३,१४२।८० | १५,६८,८८६।६५ | (८,८५,७४३।८५) | |
| ८. | २०५६ भदौदेखि २०५८ चैतसम्मको तलब भत्ता | १,१९,३५१।– | | | |
| | २०५६।६।१६ देखि २०५८।१।१४ सम्मको कि.नं. ५० को घरको दुवै तलाको भाडा रकम। | [१,८०,५००।] १९,६०२।३० | | | घर बहाल कर बुझाएको देखिएको र घर निर्माणको दुवै तलाको औसतमा हिसाब गर्दा १०.८६ प्रतिशत स्रोत पुष्टि भएकाले सोही आधारमा घर बहाललाई आयमा गणना गरिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०५८।१।१५ देखि २०५८ चैतसम्मको कि.नं. ५० को एक तलाको घर भाडा रकम। | [६३,२५०।–] ७,३३७।– | | | ११.६० प्रतिशतमात्र स्रोत पुष्टि भएको आधारमा |
| | २०५८ सालमा फ्रीज १ र टि.भी. १ खरिद। | | २३,३००।– | | |
| | ०५९।१।१५ गते अम्बिका देवी नेपालको नाममा पर्सा छपकैया साबिक कि.नं. ६९६ हाल कि.नं. ६० को ०–१–३ जग्गा खरिद। | | २,३१,०००।– | | ४६.७५ प्रतिशत स्रोत पुष्टि नभएको |
| | जम्मा | १,४६,२९०।३० | २,५४,३००।– | (१,०८,००९।७०) | |
| ९. | ०५९।१।१० गते अम्बिकादेवी नेपालको नाममा पर्सा छपकैया –९ साबिक कि.नं. ६९५ हाल कि.नं. ५९ को ०–१–३/२ जग्गा खरिद। | | २,३१,०००।– | | शतप्रतिशत स्रोत पुष्टि नभएको |
| | जम्मा | ०० | २,३१,०००।– | (२,३१,०००।–) | |
| १० | ०५९ वैशाखदेखि २०५९ साउनसम्मको तलब | १७,४१८।६० | | | |
| | २०५९ वैशाखदेखि ०५९ साउन मसान्तसम्मको कि.नं. ५० को एक तलाको घर भाडा रकम | [१८,०००।–] २,०८८।– | | | ११.६० प्रतिशतमात्र स्रोत पुष्टि भएको |
| जम्मा | | १९,५०६।६० | | १९,५०६।६० | |

मिति २०५९।४।३० पछिको अवस्था :

तालिका नं. २३

| क्र.सं. | विवरण | आय रकम | व्यय रकम | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| ११ | अ.ल्या. | १९,५०६।६० | | | |
| | ०५९।५।१ गतेदेखि २०६० कात्तिकसम्मको तलब भत्ता। | ६६,८२९।५० | | | |
| | २०५९।५।१ देखि २०६० कात्तिकसम्मको कि.नं. ५० को घरको एकतलाको घरभाडा रकम। | [६७,५००।–] ७,८३०।– | | | ११.६० प्रतिशतमात्र स्रोत पुष्टि भएको |
| | ०६०।३।१ गते क.सं. कोषबाट विशेष सापटी प्राप्त | ६५,०००।– | | | |
| | ०५९।७।२९ देखि २०६० कात्तिकसम्ममा कि.नं. ५० को जग्गामा रहेको घरमा दोस्रो तल्ला थप निर्माण | | ११,१४,२९५।६४ | | ८५.७१ प्रतिशत स्रोत पुष्टि नभएको |
| | ०५९।५।७ गते निजामती किताबखानामा भरत नेपालले सम्पत्ति विवरण पेस गर्दा उल्लेख गरेको साथमा रहेको नगद। | | २०,००,०००। | शतप्रतिशत स्रोत पुष्टि नभएको | |
| | जम्मा | १,५९,१६६।१० | ३१,१४,२९५।६४ | (२९,५५,१२९।५४) | |
| १२ | २०६० मार्गदेखि २०६१ जेठसम्मको तलब भत्ता। | ३१,६९५।३० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०६० मार्गदेखि ०६१ जेठसम्मको कि.नं. ५० को घरको एकतलाको घरभाडा रकम। | [३१,५००।–] ३,६५४।– | | | घर निर्माणमा ११.६० प्रतिशत स्रोत पुष्टि भएको |
| | ०६०।८।९ गते अम्बिका देवी नेपालको नामको पर्सा वीरगञ्ज–२ साबिक कि.नं. १५२८ हाल कि.नं. ७६ को १०२३५.६९ जग्गा बिक्री। | [१,००,०००।] १६,२७०।– | | | खरिद मै ८३.७३ प्रतिशत स्रोत नखुलेको आधारमा आय गणना गरिएको |
| | ०६०।११।१२ गते अम्बिका देवी नेपालको नामको पर्सा वीरगञ्ज–२ साबिक कि.नं. ६९६ हाल कि.नं. ६० को ००३९०.७९ जग्गा बिक्री। | [३,५०,०००।] १,८६,३७५।– | | | खरिद मै ४६.७५ प्रतिशत स्रोत नखुलेको आधारमा आय गणना गरिएको |
| | ०६०।११।१२ गते सीमा नेपालको नामको पर्सा वीरगञ्ज–२ कि.नं. ५९ को ००३९४.७९ जग्गा बिक्री। | [३,५०,०००।] | | | खरिद मै शतप्रतिशत स्रोत नखुलेको कारण बिक्रीको आय गणना नगरिएको |
| | ०६१।३।४ गते अम्बिकादेवी नेपालको नामको पर्सा वीरगञ्ज–२ साबिक कि.नं. १५३० हाल कि.नं. ७५ को ००३०६.८५ जग्गा बिक्री। | [१,२६,०००।] २०,५००।२० | | | ८३.७३ प्रतिशत स्रोत नखुलेको हुँदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०६० सालको कम्प्युटर १ खरिद खर्च। | | ९,५००।– | | |
| | ०६१।३।४ गते अम्बिकादेवी नेपालको नाममा पर्सा वीरगञ्ज –४ कि.नं. २५७ को ०००५०.७९ क्षे.फ जग्गा खरिद | | ३,७५,०००।– | | ३३.६० प्रतिशत खरिद स्रोत नपुगेको |
| | जम्मा | २,५८,४९४३।३० | ३,८४,५००।– | (१,२६,००५।७०) | |
| १३. | ०६१ असारदेखि २०६१ मार्गसम्मको तलब | २७,६६२।४० | | | |
| | ०६० मार्गदेखि ०६१ जेठसम्मको कि.नं. ५० को घरको एकतलाको घर भाडा रकम। | [२७,०००।–] ३,१३२।– | | | |
| | ०६१।८।२८ गते अम्बिकादेवी नेपालको नाममा पर्सा वी.उ.म.न.पा–४ कि.नं. २५८ को ००४८९.६१ वर्गमिटर जग्गा खरिद। | | २,००,०००।– | | ८४.६० प्रतिशत खरिद स्रोत नपुगेको |
| | जम्मा | ३०,७९४।– | २,००,०००।– | (१,६९,२०६।–) | |
| १४ | २०६०।९।११ र २०६१।८।२८ गतेसम्ममा अम्बिका देवी नेपालको नाममा महालक्ष्मी फाइनान्स वीरगञ्जबाट प्राप्त घर कर्जा रकम। | ३४,५०,०००। | | | महालक्ष्मी फाइनान्सको २०६४।११।१८ को पत्रबाट खुलिआए अनुसार |
| | यस अवधिमा तिरेको फाइनान्सको ऋण रकम। | | १४,३५,२५७।९४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०५९।७।२९ देखि २०६१ कात्तिकसम्ममा कि.नं. ५० को जग्गामा रहेको घरमा तेस्रो तल्ला थप निर्माण। | | ७,५२,४०२।७३ | | |
| | जम्मा | ३४,५०,०००।– | २१,८७,६६०।६७ | १२,६२,३३९।३३ | |
| १५ | अ.ल्या. | १२,६२,३३९।३३ | | | |
| | २०६१ मार्गदेखि २०६३ कात्तिक महिनासम्मको तलब। | ८४,६५५।५५ | | | |
| | २०६१ मार्गदेखि २०६३ कात्तिक महिनासम्मको कि.नं. ५० को घरको एक तलाको घर भाडा रकम। | [१,०८,०००।] १२,५२८।– | | | |
| | २०६१।९।२१ देखि २०६३।८।४ गतेसम्ममा अम्बिका देवी नेपालको नाममा महालक्ष्मी फाइनान्स वीरगञ्जबाट प्राप्त घर कर्जा रकम। | ६,४८,२३,४००।– | | | महालक्ष्मी फाइनान्सको २०६४।११।१८ को पत्रबाट खुलि आए अनुसार |
| | मिति २०६२।६।१ देखि २०६२ माघ सम्मको कि.नं. २५७ र २५८ घरको भुइँतलाको घरभाडा रकम। | [१,५०,०००।] ६४,४४०।– | | | औसतमा ५७.०४ प्रतिशत स्रोत पुष्टि नभएको अनुपातमा साथै घर बहाल कर बुझाएको देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | मिति २०६२ फागुनदेखि २०६३ कात्तिकसम्मको कि.नं. २५७ र २५८ को घरको भुइँ तलाको र पहिलो तलाको घरभाडा रकम। | [५,८५,०००।] २,५१,३१६।– | | | |
| | यस अवधिमा तिरेको फाइनान्सको घर कर्जाबापतको साँवा र ब्याज रकम। | | ६,१२,९०,५५२।०२ | | महालक्ष्मी फाइनान्सको २०६४।११।१८ को पत्रबाट खुलिआएको |
| | मिति २०६२।३।१३ मा न ४ प ७९४० को मोटरसाइकल खरिद। | | १,०१,३९९।– | | |
| | २०६२ सालमा टि.भी १ खरिद। | | ६,७००।– | | |
| | हाल सम्मको विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात। | | ६०,१८६।८३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०६१।११।२१ देखि २०६३।७।३० सम्ममा (आयोगबाट २०६३।१।३१ मा मूल्याङ्कन हुँदा दोस्रो तल्ला पनि ६० प्रतिशत निर्माण भइसकेको देखिँदा २०६३।७।३० सम्ममा पुरै घर निर्माण सम्पन्न भई सकेको मानिएको) अम्बिकादेवी नेपालको नामको पर्सा वीरगञ्ज उ.म.न.पा. ४ कि.नं. २५७, २५८ को जग्गामा प्रति तल्ला क्रमशः ४८६७.९६, ४८६७.९६ र ४९८८.०७ वर्ग फुटको ३ तले घर निर्माण। | | १,२७,०७,३९२।३३ | | घर भाडा रकम पुरै गणना गर्दासमेत ५७.०४ प्रतिशत स्रोत पुष्टि नभएको |
| जम्मा | | [६,६९,१७,९२२।८८] नव निर्मित घरको पुरै गणना गर्दा | ७,४१,६६,२३०।१८ | (७२,४८,३०७।३०) | |
| ६,६४,९८,६७८।८८ नव निर्मित घरको घरभाडा स्रोतको अनुपातको गणना गर्दा | | ७,४१,६६,२३०।१८ | (७६,६७,५५१।३०) | | |

नोट: माथि तालिकाको [ ] भित्रको रकमले स्रोत खुलेको अनुपातको हिसाब नगरि राखिएको जम्मा रकमलाई र ( ) भित्रको अङ्कले ऋणात्मक अवस्थालाई दर्साउँछ।

तालिका नं. २४

स्रोत खुलेको सम्पत्ति

| सि.नं. | सम्पत्तिको विवरण | सम्पत्ति धनीको नाम | स्रोत पुष्टि भएको रकम (बिक्री भइसकेको जग्गाको हकमा बिक्री हुँदाको लिखत मूल्यका आधारमा र बिक्री भई नसकेको जग्गाको हकमा हालको मूल्याङ्कन रकमको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | मिति ०४६।६।११ मा अम्बिका देवी नेपालको नाममा पर्सा नगवा –१ कि.नं. ६४० को क्षे.फ. ०–०–७–९ जग्गा खरिद | अम्बिका देवी नेपाल | ९,५००।– | खरिदमा शत प्रतिशत स्रोत पुष्टि भएकाले बिक्री हुँदाको लिखत मूल्यको आधारमा |
| २. | मिति ०४८।११।२३ मा अम्बिका देवी नेपालको नाममा पर्सा छपकैया –४ कि.नं. ३२१ को क्षे.फ ०–१–१० जग्गा खरिद। | अम्बिका देवी नेपाल | १२,५००।– | खरिदमा शत प्रतिशत स्रोत पुष्टि भएकाले बिक्री हुँदाको लिखत मूल्यका आधारमा |
| ३. | मिति ०५०।१।११ मा अम्बिका देवी नेपालको नाममा पर्सा छपकैया –४ कि.नं. ३९० को क्षे.फ ०–१–० जग्गा खरिद। | अम्बिका देवी नेपाल | १,६४,९८७।१५ | खरिदमा शत प्रतिशत स्रोत पुष्टि भएकाले २०५१।८।१६ मा ०–०–४ जग्गा रू.५०००।– मा बिक्री हुँदाको रकम र हाल बाँकी जग्गाको हालको मूल्याङ्कनबमोजिमको रकमका आधारमा |
| ४. | मिति ०५०।८।२८ गते अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका वडा नं. ३ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गा खरिद। | अम्बिका देवी नेपाल | ८,००,०००।– | खरिदमा शत प्रतिशत स्रोत पुष्टि भएकाले हालको मूल्याङ्कन बमोजिमको रकमलाई गणना गरिएको। |
| ५. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गामा निर्माण गरिएको चार तले पक्की घरको निर्माण लागतमध्ये देहायबमोजिमको रकम। | अम्बिका देवी नेपाल | | |

| | | | | |
|---|---|---|---|---|
| क. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गामा भुइँ तला घर र बाहिरको शौचालय निर्माण गर्दाको लागत सम्बन्धमा :– | अम्बिका देवी नेपाल | १,२३,७९१।८५ | निर्माणको ११.६० प्रतिशत स्रोत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको । |
| ख. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गामा भुइँ तला घर र पहिलो तला थप गर्दाको निर्माण लागत सम्बन्धमा :– | अम्बिका देवी नेपाल | १,१२,८७८।१४ | निर्माणको १०.१३ प्रतिशत स्रोत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको । |
| ग. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गामा निर्मित घरमा दोस्रो तल्ला थप गर्दाको निर्माण लागत सम्बन्धमा :– | अम्बिका देवी नेपाल | १,५९,२३२।८४ | निर्माणको १४.२९ प्रतिशत स्रोत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको । |
| घ. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गामा निर्मित घरमा तेस्रो तल्ला थप गर्दाको निर्माण लागत सम्बन्धमा :– | अम्बिका देवी नेपाल | ७,५२,४०२।७३ | निर्माणको शतप्रतिशत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको । |
| ६. | मिति २०५३।११।१५ गते अम्बिका देवी नेपालको नाममा खरिद गरिएको पर्सा छपर्कैया –९ कि.नं. १५२८।७६ र १५३०।७५ मा क्रमश ०–०–१२–१०.५ र ०–०–१७–० क्षे.फ जग्गाको सम्बन्धमा | अम्बिका देवी नेपाल | १६,२७०।– | जग्गा खरिदमा १६.२७ प्रतिशत स्रोत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको |

| | | | | |
|---|---|---|---|---|
| ७. | मिति ०५९।१।५ गते अम्बिका देवी नेपालको नाममा खरिद गरिएको जिल्ला पर्सा साबिक छपकैया –९ कि.नं. ६९६ हाल पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. २ कि.नं. ६० को ०–१–३ जग्गाको सम्बन्धमा | अम्बिका देवी नेपाल | १,८६,३७५।– | जग्गा खरिदमा ५३.२५ प्रतिशतमात्र स्रोत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको |
| ८. | मिति ०६१।३।४ गते अम्बिका देवी नेपालको नाममा खरिद गरिएको पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४ कि.नं. २५७ को ०००५०.७९ वर्ग मिटर क्षेत्रफल जग्गाको सम्बन्धमा | अम्बिका देवी नेपाल | २,५८,९६०।– | जग्गा खरिदमा ६६.४० प्रतिशतमात्र स्रोत पुष्टि भएकाले हालको मूल्याङ्कन बमोजिमको रकमको सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको |
| ९. | मिति ०६१।८।२८ गते अम्बिका देवी नेपालको नाममा खरिद गरिएको पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४ कि.नं. २५८ को ००४८९.६१ वर्ग मिटर क्षेत्रफल जग्गाको सम्वन्धमा | अम्बिका देवी नेपाल | ५,८०,५८०।– | जग्गा खरिदमा १५.२७ प्रतिशतमात्र स्रोत पुष्टि भएकाले हालको मूल्याङ्कनबमोजिमको रकमको सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको |
| १०. | मिति २०६२।३।१३ मा ना ४ प ७९४० को मोटरसाइकल खरिद हुँदाको लागतमध्ये | विक्रान्त नेपाल | १,०१,३९९।– | खरिदमा शत प्रतिशत स्रोत पुष्टि भएको |
| ११. | विभिन्न मितिमा खरिद गरिएका इलेक्ट्रोनिक्स सामान खरिद हुँदाको लागतमध्ये | भरत नेपाल<br>अम्बिका देवी नेपाल | ३९,५००।– | खरिदमा शत प्रतिशत स्रोत पुष्टि भएको |
| १२. | विभिन्न बैंकहरूमा रहेको नगद मौज्दात | भरतप्रसाद नेपाल<br>अम्बिका देवी नेपाल | ६०,१८६।८३ | स्रोत पुष्टि भएको |

| | | | | |
|---|---|---|---|---|
| १३. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. २५७ र २५८ को जग्गामा प्रति तल्ला क्रमश: ४८६७।९६, ४,८६७।९६ र ४,९८८।०७ वर्ग फुटको ३ तले घर निर्माण हुँदाको लागत सम्बन्धमा :– | अम्बिका देवी नेपाल | ५४,५५,२८३।५२ | घर निर्माणको ४२.९३ प्रतिशत स्रोत पुष्टि भएकाले सोही अनुपातको रकमलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको |
| जम्मा | | | ८८,३३,८४७।०६ | |

स्रोत नखुलेको सम्पत्ति:

तालिका नं. २५

| **सि.नं.** | **सम्पत्तिको विवरण** | **सम्पत्ति धनीको नाम** | **स्रोत पुष्टि भएको रकम (बिक्री भएको जग्गाको हकमा बिक्री हुँदाको मूल्यका आधारमा र बाँकी जग्गाको हकमा हालको मूल्याङ्कनको आधारमा)** |
|---|---|---|---|
| १. | अम्बिका देवी नेपालको नाममा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका, वडा नं. ४ कि.नं. १ हाल कि.नं. ५० को ०–१–० जग्गामा निर्माण गरिएको चार तले पक्की घरको निर्माण लागतमध्ये देहायबमोजिमको रकम। | अम्बिका देवी नेपाल | |
| क. | मिति ०५२।९।१२ गते देखि २०५३ देखि २०५३ साउनसम्म वीरगञ्ज उप म.न.पा.३ स्थित कि.नं. ५० को जग्गामा भुइँतल्ले घर र शौचालय निर्माण सम्पन्न भएकामा ८८.४० प्रतिशत स्रोत पुष्टि नभएकाले हालको मूल्याङ्कन रू.१०,६७,१७१।१४ को सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | | ९,४३,३७९।२८ |
| ख. | मिति ०५६।४।२८ गते सम्ममा कि.नं. ५० को जग्गामा रहेको भुइँतले घरमा पहिलो तला घर थप निर्माण हुँदा ८९.८७ प्रतिशत स्रोत पुष्टि नभएकाले हालको मूल्याङ्कन रू.११,१४,२९५।– को सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | १०,०१,४१७।४९ |
| ग. | मिति ०५९।७।२९ गते कि.नं. ५० को जग्गामा दोस्रो तल्ला घर निर्माणको समयमा रू.११,१४,२९५।६४ मा निर्माण सम्पन्न भएकामा सोको ८५.७१ प्रतिशत स्रोत पुष्टि नभएकाले हालको मूल्याङ्कन रू.११,१४,२९५।६४ को सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | ९,५५,०६२।७९ |

| | | | |
|---|---|---|---|
| २. | मिति ०५३।११।१५ गते अम्बिका देवी नेपालको नाममा पर्सा छपकैया –९ कि.नं. १५२८ को ०–०–१२–१०.५ र कि.नं. १५३०को ०–०–१७ जग्गा रू. ८८,८००। मा खरिद गरेकामा मिति २०६०।८।९ गते र २०६१।३।४ गतेमा जम्मा रू २,२६,०००।– मा बिक्री भएकाले सो दुवै जग्गाको खरिद स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | १,८९,२२९।८० |
| ३. | मिति २०५९।१।५ गते अम्बिका देवी नेपालको नाममा पर्सा वीरगञ्ज२ साबिक कि.नं. ६९६ हाल ६० को ०–१–३/४ जग्गा रू.२,३१,०००।– मा खरिद गरेकामा उक्त जग्गा खरिदको स्रोत ४६.७५ प्रतिशत पुष्टि नभएकाले मिति २०६०।११।१२ मा रू.३,५०,०००।– मा बिक्री हुँदाको बिक्री मूल्यलाई सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | १,६३,६२५।– |
| ४. | मिति ०५९।९।१० गते अम्बिका देवी नेपालको नाममा पर्सा छपकैया –९ कि.नं. ६९५ को ०–१–३/४ जग्गा रू.२,३१,०००।– मा खरिद गरेकामा उक्त जग्गा खरिदको स्रोत शत प्रतिशत पुष्टि नभएकाले मिति २०६०।११।१२ को बिक्री हुँदाको पुरै बिक्री मूल्यलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | सीमा नेपाल | ३,५०,०००।– |
| ५. | मिति ०६०।५।२७ गते निजामती किताबखानामा भरत नेपालले सम्पत्ति विवरण पेस गर्दा साथमा रहेको भनि उल्लेख गरेको नगदको स्रोत नखुलेको। | भरतप्रसाद नेपाल | (२०,००,०००।–) |
| ६. | मिति २०६१।३।४ गते अम्बिका देवी नेपालको नाममा पर्सा वी.उ.म.न.पा. –४ कि.नं. २५७ को ०००५०.७९ वर्ग मिटर क्षे.फ जग्गाहरू रू.३,७५,०००।– मा खरिद गर्दा ३३.६० प्रतिशत स्रोत पुष्टि नभएको हुँदा हालको मूल्य रू.३,९०,०००।– को सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | १,३१,०४५।९२ |
| ७. | मिति २०६१।८।२८ गते अम्बिका देवी नेपालको नाममा पर्सा वी.उ.म.न.पा. –४ कि.नं. २५८ को ००४८९.६१ वर्ग मिटर जग्गा रू.२,००,०००।– मा खरिद गर्दा ८४.६० प्रतिशत स्रोत पुष्टि नभएको हुँदा हालको मूल्य रू.३७,७०,०००।– को सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | ३१,८९,४२०।– |
| ८. | मिति ०६१।११।२१ देखि ०६३।७।३० गतेसम्ममा अम्बिका देवी नेपालको नामको पर्सा वीरगञ्ज उ.म.न.पा. –४ कि.नं. २५७ र २५८ को जग्गामा १४,७२३.९९ वर्ग फुटको ३ तल्ला घर निर्माण गर्दा घर निर्माणको कुल लागतमा ५७.०४ प्रतिशत को स्रोत पुष्टि नभएकाले हालको मूल्याङ्कनबमोजिम उक्त घरको मूल्य रू.१,२७,०७,३९२।३३ भएको हुँदा सोही अनुपातमा स्रोत नखुलेको सम्पत्तिमा गणना गरिएको। | अम्बिका देवी नेपाल | ७२,४८,३०७।३० |
| जम्मा | | | १,४१,७१,४८७।५८ |

**प्रतिवादी भरतप्रसाद नेपालको बदनियतपूर्ण कार्यहरू र भनाइहरू :–**

प्रतिवादी भरतप्रसाद नेपालले आफ्नो परिवारको नाममा करोडौं मूल्यको सम्पत्ति हुँदाहुँदै पनि चल अचल सम्पत्ति आर्जन गरेको छैन भनि गरेको बयान, निजको परिवारको नाममा चल अचल सम्पत्ति जोडिँदा र बैंक कर्जा कारोबार गर्दा सम्पूर्ण काम कारवाही निज प्रतिवादी स्वयम्ले गरि रहेको अवस्थामा निजले सो सम्पत्ति पूर्व श्रीमतीको हो भनि सम्पत्ति लुकाउन श्रीमतीसँग अंश छोडपत्र गरेको जस्तो देखाउने कार्य, श्रीमतीसँग अंश छोडपत्र गर्दा श्रीमतीबाट २० लाख नगद, १०० तोला सुन र १० किलो चाँदी पाएको भनि सम्पत्ति विवरण पेस गर्दा उल्लेख गरेको, आफूसँग पहिलेदेखि नै मानो छुट्टिई भिन्न भई बसेको भाइ शत्रूघनकुमार नेपालको नाममा रहेको सवारी साधन, निजले प्राप्त गरेको तलब भत्ता र निजले सञ्चालन गरेको प्रेस, पत्रिकाको कमाईबाट समेत आफ्नी श्रीमतीको नाममा सम्पत्ति जोडेको भनि देखाउनु, प्रतिवादी अम्बिका देवी नेपालको नाममा महालक्ष्मी फाइनान्स वीरगञ्जबाट गृह कर्जा लिँदा बिक्री भइसकेको जग्गाहरूको समेत मूल्याङ्कन गराई कर्जा प्राप्त गरेको देखिँदा सो कार्य, वीरगञ्ज उपमहानगरपालिका–४ स्थित कि.नं. २५७ र २५८ का जग्गाहरू खरिद गर्दा लिखत अङ्कमा मात्र खरिद गरेको भनि बयान गर्ने तर खरिद लगत्तै फाइनान्सबाट कर्जा लिने प्रयोजनका लागि सो जग्गाहरू मूल्याङ्कन गरिँदा धेरै बढी मूल्याङ्कन गराई खरिद मूल्यसमेत झुट्ठा उल्लेख गर्नेसमेतका कार्य तथा काम कारवाही यी प्रतिवादीको बदनियतपूर्ण कार्यभित्र पर्ने देखिन्छ।

यी प्रतिवादीले निजकी पत्नी अम्बिका देवी नेपालसमेतका नाममा राखेको चल अचल सम्पत्ति भ्रष्टाचार गरि गैरकानूनीरूपमा आर्जन गरेको तथ्य हालसम्म सङ्कलित प्रमाणहरूबाट पुष्टि हुन आएकाले निजको सो कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ अनुसार तथा त्यसैलाई निरन्तरता प्रदान गरेको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर हो। निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १०, १५ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवानाको सजाय गरि रू.१,४१,७१,४८७।५८ (एक करोड एकचालिस लाख एकहत्तर हजार चार सय सतासी रूपैयाँ पैसा अन्ठाउन्न) बराबर कायम भएको बिगोको सम्पत्ति भरतप्रसाद नेपालको पत्नी प्रतिवादी अम्बिका देवी नेपालको नाममा रहेका सम्पत्तिहरू र प्रतिवादी भरतप्रसाद नेपालका अन्य सम्पत्तिहरूबाटसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गरि असुलउपर गरिपाऊँ। प्रतिवादी भरतप्रसाद नेपालले गैर कानूनीरूपमा आर्जन गरेको रू.१,४१,७१,४८७।५८ बराबरको चल अचल सम्पत्ति जफत गरि असुलउपर गर्ने प्रयोजनका लागि मात्र निजकी पत्नी अम्बिका देवी नेपाललाई प्रतिवादी बनाइएको हुँदा प्रतिवादी अम्बिका देवी नेपालको नाममा हाल कायम रहेको सम्पत्तिहरूमध्येबाट स्रोत नखुलेको बिगोको हदसम्म कानूनबमोजिम जफत गरि असुलउपर गरिपाउँ भन्नेसमेत व्यहोराको विशेष अदालत, काठमाडौंमा पेस भएको आरोपपत्र।

म मिति २०३४।६।४ मा सेवा प्रवेश गरि वन पैदावार विकास उपसमिति वीरगञ्जमा मिति २०३९।६।१७ सम्म सहायक रेकडर र रेकडर पदमा कार्यरत् रहेँ। मिति २०३९।६।१८ देखि मिति २०६४।११।२६ सम्म निजामती सेवाको खरिदार पदमा र मिति २०६४।११।२७ मा खरिदार पदबाट

बढुवा भइ ना.सु. पदमा कार्यरत् छु । मेरो परिवारमा आमा, श्रीमती, ४ जना छोरी, एक छोरा, भाइ–बुहारी र दुई जना भतिजा भएकामा दुई वटी छोरीको विवाह भै सकेकाले हाल मससमेत १० जना छौं । जागिर र व्यवसायले घर परिवार चलाएको छु । मेरो परिवार मध्यम वर्गको परिवार हो । मैले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा मेरो सबै भएको आय विवरण भरि बुझाएकामा सो आय विवरणबमोजिम गाडी भाडामा लगाई प्राप्त आम्दानीसमेतलाई आयमा समावेश नगरि आरोपपत्रको तालिका नं. २२ मा विवरण उल्लेख गरेको छ । यो मिलेको छैन । मेरो तथा मेरो परिवारको आय स्रोत एवम् खर्च विवरण यस सम्मानित अदालतमा पेस गरेको छु । मैले गरेको बयानमा उल्लिखित व्यहोरा तथा पेस गरेको प्रमाणहरूको आधारमा आय व्यय कायम गरिपाऊँ । मैले मिति २०३४।६।४ देखि मिति २०३९।६।१७ सम्म वन पैदावार विकास उपसमितिमा कार्यरत् रहँदाको समयमा तलब र भत्ता गरि रू.१०,५३०।– प्राप्त गरेको छु । मिति २०३९।६।१८ देखि मिति २०५३।४।३० सम्म खरिदार पदमा कार्यरत् रहँदा तलब भत्ता र ग्रेडसमेतबाट रू.१,७१,१६७।– प्राप्त गरेको छु । सोही अवधिमा कर्मचारी सञ्चय कोषबाट रू.३२,२००।– सापटी पनि लिएको छु । साथै दशैं खर्च रू.१४,५७०।– प्राप्त गरेको छु । त्यो मेरो वैध आय हो ।

श्रीमती अम्बिका देवी नेपालले मिति २०३९।१।१ देखि मिति २०४६।९।१ सम्म साकम्बरी ट्रेडिङ कन्सर्नमा काम गर्दा प्रतिमहिना रू.२,१००।– का दरले रू.१,९३,२००।–, मिति २०४७।१।१ देखि मिति २०५१।१२।३० सम्म खुकुरी फुटवेयर ईन्डष्ट्रिजमा काम गरेको अवधिमा प्रतिमहिना रू.३,०००।– का दरले रू.१,८०,०००।–, मिति २०५२।१।१ देखि ०५३ साउन सम्म ऐ. इन्डष्ट्रिजमा काम गर्दा प्रति महिना रू.३,५००।– का दरले रू.५६,०००।–समेत पारिश्रमिक प्राप्त गरेकी छन् । मिति ०५१।११।२८ मा कि.नं. ३९० को जग्गामध्ये ०–०–४ धुर जग्गा रूद्र नारायण नापितलाई बिक्री गरि सोबाट रू.५,०००।– नगद प्राप्त भएको छ । एकासगोलको भाइ शत्रूघन कुमार नेपालले निजको नाममासमेत संयुक्त दर्ता रहेको नेपाल प्रकाशन प्रा. लि. द्वारा प्रकाशित वीरगञ्ज एक्सप्रेस साप्ताहिक पत्रिकाबाट मिति २०४७।५।३१ देखि २०५३ साउनसम्म प्रति महिना रू.८,०००।– का दरले ११४ महिनामा रू. ९,१२,०००।–, मालिङ्गो साप्ताहिकबाट प्रति महिना रू.२,०००।– का दरले रू.३,१८,०००।– , सोही पत्रिकाबाट मिति २०५२।५।१० देखि २०५३ साउनसम्मको अवधिमा प्रति महिना रू.४,०००।– का दरले रू.४४,०००।– प्राप्त गरको छ । भाइले काठमाडौं निवासी रवीन्द्र प्रसाद श्रेष्ठबाट रू.२,५०,०००।– ऋण लिएको छ । यसप्रकार उक्त उल्लिखित अवधिमा मेरो परिवारको रू.२१,८६,६६७।– आय भएको छ । सोही अवधिमा श्रीमतीको नाममा पर्सा जिल्लाको नगवा १ कि.नं. ६४० को ०–०–७–९ जग्गा रू. ९,४००।– मा ऐ. को नाममा ऐ. छपकैया ४ मा कि.नं. ३२१ को क्षे.फ. ०–०–१० जग्गा रू.८,०००।–, ऐ. को नाममा ऐ ऐ. को कि.नं. ३९० को ०–१–० जग्गा रू.१०,०००।– मा ऐ. नाममा ऐ. वीरगञ्ज उपमहानगरपालिका वडा नं. ३ मा कि.नं. ५० को ०–१–० जग्गा रू.१,००,०००।– मा ऐ. जग्गामा निर्माण भएको घरको निर्माण लागतमा रू.३,६०,०००।–समेत गरि रू.४,८७,४००।– खर्च भएको छ । सो खर्च कट्टा गरि रू.१६,९९,२६७।– बचत रहेको छ ।

२०५३ भदौदेखि २०५६ भदौसम्मको अवधिमा तलब भत्ता र ग्रेडसमेतबाट रू.१,११,९३२।– प्राप्त गरेको छु । सोही अवधिमा सञ्चयकोषबाट रू.९,०००।– सापटी लिएको छु । कि.नं. ५० को वीरगञ्जको घरको भुइँ तलाबाट घरभाडा रू.१,६२,०००।– प्राप्त गरेको छु । साथै महालक्ष्मी फाइनान्स लि. बाट गृह कर्जा रू.५,८१,०००।– ऋण

पनि लिएको छु । सोही अवधिमा श्रीमती अम्बिका देवीले खुकुरी फुटवेर प्रा.लि. बाट रू.१,२६,०००।– पारिश्रमिक प्राप्त गरेकी छिन् । एक्सप्रेस साप्ताहिक पत्रिकाबाट भाइले र श्रीमतीले रू.११,३३,९३२।- प्राप्त गरेका छन् । यस रकममा श्रीमतीको रू.१,४४,०००।– छ । यसप्रकार २०३४ देखि २०५३ साउनसम्मको बचत रू.१६,९९,२६७।– समेत रू.२८,३३,१९९।– रकम जम्मा भएको थियो। यस रकमबाट सोही अवधिमा कि.नं. ७६ र ७५ को जग्गा खरिदमा रू.८८,८००।– र फाइनान्सको ब्याज भुक्तानीमा रू.५,८३,०००।–, घरमा एकतला थप गर्दा निर्माण लागतमा रू.४,२०,०००।–, गाडी खरिदमा रू.७,१०,८१५।– को आधी रू.३,५५,४०७।–समेत खर्च भई रू.१४,४७,४०७।– खर्च भएको छ । गाडी भाइ र आफूले संयुक्तरूपमा सञ्चालन गर्ने सहमति भएको थियो। गाडी खरिद गर्दा उक्त कि.नं. ५० को घर जग्गा धितो राखि खरिद भएको हो। ०५६ भदौसम्ममा जम्मा भएको रकमबाट खर्च भई रू.१३,८५,९९२।– बचत भएको छ।

२०५६ असोजदेखि २०६१ कात्तिकसम्म तलब भत्ता र ग्रेडबाट रू.२,४२,५१०।–, दशैं खर्च रू.१८,८००।– प्राप्त भएको छ । सोही अवधिमा कर्मचारी सञ्चयकोषबाट रू.६५,०००।– ऋण लिएको छ। कि.नं. ७६ को जग्गा बिक्रीबाट रू.१,००,०००।–, कि.नं. ६० को जग्गा बिक्रीबाट रू.३,५०,०००।–, कि.नं. ७५ को जग्गाबाट रू.१,२६,०००।–, छोरी सीमा नेपालको कि.नं. ५९ को जग्गा बिक्रीबाट रू.३,५०,०००।–, २०५६।६।१ देखि मिति २०५८।१।१४ सम्मको घरको भुइँतलाको भाडा रू.१,८०,५००।–, मिति २०५८।१।१५ देखि ऐ. चैतसम्मको रू.६२,२५०।–, मिति २०५९।१।१ देखि ०५९ साउन मसान्तसम्मको रू.१८,०००।–, ०५९ भदौदेखि ०६० कात्तिकसम्मको रू.६७,५००।–, २०६०मङ्सिरदेखि०६१जेठसम्मकोरू.२१,५००।– अर्को तलाको रू.२७,०००।– र २०६१ असारदेखि ऐ. कात्तिकसम्मको रू.२२,५००।– घरभाडा प्राप्त भएको छ। सोही अवधिमा महालक्ष्मी फाइनान्सबाट मिति २०६१।७।१६ मा रू.५,००,०००।–, मिति २०६०।९।११ मा रू.६,००,०००।–, मिति २०६१।१।९ मा रू.६,००,०००।–, मिति २०६१।३।२४ मा रू.६,००,०००।–, मिति २०६१।४।१८ मा रू.५,००,०००।– तथा श्रीमतीको खुकुरी फुटवेयर प्रा.लि. मा ०५६ असोजदेखि चैतसम्म काम गर्दाको रू.२४,५००।–,२०५७ वैशाखदेखि ०६१ कात्तिकसम्मको रू.२,३१,०००।– किया गाडीको गाडीभाडा रू.२०,५८,२००।- बाट आधा रू.१०,२९,१००।–, सुमो गाडीको रू.१४,७२,५००।– बाट आधा रू.७,३६,२५०।–, छोरी सीमाले अल टायम्स कम्युनिकेसनबाट प्राप्त गरेको रू.६३,०००।– समेत रू.६६,१५,४१०।– आय भएको छ । उक्त अवधिमा उक्त रकममध्येबाट टि.भि. खरिदमा रू.२३,३००।–, कि.नं. ५९ र ६० को जग्गा खरिदमा रू.२,३१,०००।– का दरले रू.४,६२,०००।–, घरको दोस्रो र तेस्रो तला थप गर्दा रू.८,४०,०००।–, गाडी खरिदको ऋण चुक्तामा रू.३,५१,६९७।– र फाइनान्सको साँवा ब्याज तिरेको रू.१२,३५,२५७।– समेत रू.२९,१२,२५४।– खर्च भई अरू रकम बचत भएको छ।

२०६१ माघदेखि मिति २०६३।७।३० सम्म मेरो तलब, भत्ता, ग्रेड सञ्चयकोष सापटीसमेत गरि रू.१,३४,५८३।– आय भएको छ । श्रीमती अम्बिका देवीले सोही अवधिको मिति २०६१।८।२८ मा रू.६,५०,०००।–, कि.नं. ५० को घरको घरभाडा रू.१,०८,०००।–, कि.नं. २५७ र २५८ को घरको भुइँतलाको घरभाडा २०६२।१०।३० सम्म रू.६०,०००।– तथा २०६२।८।१ देखि २०६२।१०।३० सम्मको भुइँ तल्ला र पहिलो तलाको रू.१,९५,०००।–, २०६२ फागुनदेखि

२०६३ कात्तिकसम्मको रू.५,८५,०००।– घर भाडा प्राप्त भएको छ । सो रकम पनि मेरो आय हो । श्रीमतीको ०६१ मङ्सिरदेखि ऐ.चैतसम्मको तलब रू.२१,०००।– प्राप्त भएको छ । छोरी सुष्मा नेपालको रू.३,३६,०००।– र निज छोरीलाई डोलनाथ उप्रेतीले आयरल्याण्डबाट पठाएको रू.२२,८४,७०२।५० र निजले मोटरसाइकल खरिदको लागि वीरगञ्ज फाइनान्सबाट रू.१,००,०००।– कर्जा लिएको छ । छोरी सीमा नेपालको उक्त अवधिमा अल टाईम कम्युनिकेसनको तलब रू.३६,७५०।–, सिद्धार्थ बैंकमा काम गर्दाको तलब, भत्ता रू.३,२४,६५९।७५ समेत रू.३,६१,४०९।७५ आय भएको छ । सोही अवधिमा श्रीमतीको नामको प्राईभेट फर्म होटल र जग्गा खरिद बिक्रीबाट रू.१,२५,०००।– पनि थप आय भएको छ । त्यसै गरि कि.नं. २५७ र २५८ मा निर्मित घरको अग्रीम घरभाडाबापत प्राप्त रू. ९०,०००।– समेत रू.६,९८,७४,०९४।– बचत भई त्यसैबाट छोरा विक्रान्तको नाममा रू.१,०१,३९९।– मा मोटरसाइकल, रू.६,७००।– को टि.भी खरिद, बैंक मौज्दातमा रू.६०,१८६।–, कि.नं. २५७ र २५८ को घर निर्माणमा रू.६०,००,०००।–, महालक्ष्मी फाइनान्सको कर्जा भुक्तानीमा रू.६,१२,९०,५५२।– समेत रू.६,७४,५८,८३७। खर्च भएको छ । २०६३ कात्तिकसम्मको मेरो आय स्रोत रू.७,४९,६३,२४२।– थियो । छोरीलाई डोलनाथ उप्रेतीले पठाएको रकम हाल तिरी सकेको छु । त्यस अवधिमा मसँग रू.७५,०४,४०५।– बचत रहेको थियो ।

महालक्ष्मी फाइनान्सलाई रू. ८०,९४,६३४।७७ तिर्न बुझाउन पर्ने भनि पत्र प्राप्त भएको छ । कि.नं. ५०,२५७ र २५८ का जग्गा तथा घर फाइनान्समा धितो रहेको छ । आरोपपत्रको तालिका नं. २५ मा उल्लिखित सम्पत्तिको स्रोत नखुलेको भन्ने अभियोग झुट्ठा छ । सबै सम्पत्ति कानूनबमोजिम आर्जन गरेको हो । आरोपपत्रको तालिका नं. २५ को क्र.सं. १ मा उल्लिखित कि.नं. ५० को भुइँतले घर २०५३ साउनमा निर्माण सम्पन्न भएको हो । घर निर्माणमा रू.३,६०,०००।– खर्च लागेको छ । २०५३।५।१ देखि नै घर भाडामा लागेको छ । घर ११९९.५६ वर्ग फिटमा निर्माण भएकामा २२.३५ वर्ग फिट बढी देखाई १२२१.९१ को हिसाब गरेको छ । त्यो गलत छ । उक्त २०५३ सालसम्मको अवधिमा मेरो परिवारको रू.२१,८६,६६७।– आय भएको थियो । सो घरको पहिलो तला रू.४,२०,०००।– को लागतमा २०५६ वैशाखदेखि २०५६ भदौभित्रमा निर्माण सम्पन्न भएको हो । तर नक्सा पास भने २०५६।४।२८ मा भएको हो । उक्त घरलाई रू.११,१४,२९५।६४ मूल्याङ्कन गरि रू.१०,०१,४१७।४९ को स्रोत नखुलेको भनि दाबी लिएको गलत छ । स्रोतको हकमा २०५३ भदौदेखि २०५६ भदौसम्ममा एकासगोलको परिवारमा रू.११,३३,९३२।– बराबर आय भएको थियो । त्यसमा पनि मेरो त्यस समयभन्दा पहिलेको बचत पनि थियो । यसरी प्रशस्त बचत भएको देखिँदा देखिँदै स्रोत नखुलेको भन्नु गलत हो । क्र.सं. १ को खण्ड (ग) को हकमा घरको दोस्रो र तेस्रो तला थप गर्नका लागि मिति २०५९।७।२९ मा नक्सा पास गरि ०६१ कात्तिकसम्मको अवधिमा रू.८,४०,०००।– को लागतमा दुवै तला २०१८.४९ वर्ग फिटमा निर्माण भएको हो । तर आयोगले १८२.३९ वर्ग फिट बढी देखाई २२००.८८ वर्ग फिट देखाएको छ । आयोगले दोस्रो तलाको निर्माण लागत रू.११,१४,२५९।– र तेस्रो तलाको रू.७,५२,४०२।– समेत रू.१८,६६,६९७।– खर्च देखाउँदै तेस्रो तलाको स्रोत खुलेको र दोस्रो तलाको लागतमा रू. ९,५५,०६२।७९ को स्रोत नखुलेको भनि उल्लेख गरेको मिलेको छैन । सो अवधिमा मेरो परिवारको साथमा रू.६६,१५,४१०।– बचत थियो । स्रोतको हकमा श्रीमान्, श्रीमती छोरीहरूको तलब भत्ता, जग्गा बिक्रीको रकम र फाइनान्सको ऋण रकम हो । रू.६६,१५,४१०।– मा घर निर्माणमा

रू.८,४०,०००।–, जग्गा, गाडी खरिद तथा फाइनान्सको ब्याज तिरेकोसमेत रू.२९,१२,२५४।– खर्च भएको छ। साथै ०६१ कात्तिकसम्मको अवधिमा रू.८०,०१,४०२।– आय स्रोत भएकाले स्रोत नखुलेको भनि दाबी लिएको सर्वथा गलत छ।

आरोपपत्रको तालिका नं. २५ को सि.नं. २ मा उल्लिखित कि.नं. १५२८ र १५३० को जग्गा रू.८८,८००।– मा २०५३ फागुनमा खरिद गरेको हो। मसँग २०५३ साउनसम्मको अवधिमा रू.१६,९९,२६७।– आयस्रोत भएको अवस्थामा रू.८८,८००।– मा खरिद भएको जग्गालाई ८३.७३ प्रतिशत स्रोत नखुलेको भन्नु पनि गलत हो। क्र.सं. ३ मा उल्लिखित जग्गा मिति २०५९।१।५ मा श्रीमती अम्बिका देवी नेपालको नाममा रू.२,३१,०००।– मा खरिद भएको हो। यो अवधिमा पनि मसँग प्रशस्त स्रोत भएको हुँदा ४६.७५ प्रतिशत स्रोत नखुलेको भन्नु गलत हो। सो सम्पत्ति खरिदको स्रोत खुलेको छ। क्र.सं. ४ को जग्गा पनि रू.२,३१,०००।– मा नै खरिद गरेको हो। मेरो तथा परिवारको नामको सम्पत्तिको कुनै यकिन मूल्याङ्कन गरिएको छैन। क्र.सं. ५ मा उल्लिखित सम्पत्ति विवरण फाराममा देखाइएको रू.२०,००,०००।– उक्त अवधिको मेरो बचत रकम हो। क्र.सं. ६ को कि.नं. २५७ को जग्गा श्रीमती अम्बिका देवी नेपालको नाममा मिति २०६१।३।४ मा रू.३,७५,०००।– मा खरिद गरेको हो। जग्गा खरिद गर्दाको समयमा माथि उल्लिखित अवधिको रकम नै मसँग बचत रहेको अवस्था हुँदाहुँदै ३३.६० प्रतिशत स्रोत नखुलेको भन्नु गलत हो। उल्लिखित सम्पत्तिको स्रोत खुलेको छ।

कि.नं. २५८ को जग्गा पनि रू.२,००,०००।– मूल्यमा खरिद भएको हो। खरिद गर्दाको अवस्थामा मसँग बचत रहेको रू.८०,०१,४०२।– बाटै खरिद भएको हुँदा स्रोत पुष्टि हुन्छ। तर आयोगले हालको मूल्य रू.३७,७०,०००।– मूल्याङ्कन गरि ३१,८९,४२०।– को स्रोत पुष्टि नभएको भनि लिएको दाबी पूर्वाग्रही छ। साथै अन्यायपूर्ण पनि छ। आरोपपत्रको तालिका नं. २५ को क्र.सं. ८ मा उल्लिखित घर मिति २०६१।११।२१ देखि ०६२ भदौ मसान्तको अवधिमा भुइँ तला निर्माण सम्पन्न भएको हो। २०६२ कात्तिकसम्म पहिलो तला निर्माणाधीन नै थियो। २०६२ माघमा पहिलो तला निर्माण सम्पन्न भएको हो। २०६२ चैतबाट दोस्रो तला निर्माण सुरू भएको हो। ०६३ कात्तिकसम्मको अवधिमा सो घर निर्माणमा रू.६०,००,०००।– खर्च भएको छ। घर निर्माणाधीन अवस्थामा नै छ। घर २०६६ भदौमा निर्माण सम्पन्न भएको हो। तला थप गर्दा महालक्ष्मी फाइनान्सबाट रू.१०,००,०००।– ऋण लिएको छ। यसप्रकार सो घर पुरा निर्माणमा रू.७५,००,०००।– खर्च भएको छ। त्यसमा डोलनाथ उप्रेतीले आयरल्याण्डबाट पठाएको रू.२२,८४,७०२।५० पनि खर्च भएको छ। २०६३ कात्तिकसम्मको अवधिमा सबै गरेर रू.६,९८,७४,०९४।– बराबरको आयस्रोत थियो। २०६१ कात्तिकसम्म रू.५०,८९,१४८।– बचत रहेको कुरा आय विवरणबाट स्पष्ट छ। यसप्रकार उल्लिखित अवधिमा मेरो बचत रू.७,४९,६३,२४८।– हुन्छ। त्यसैले कि.नं. २५७ र २५८ मा बनेको घर स्रोतविहिन हुन सक्दैन। श्रीमती अम्बिका देवीले मिति २०५९।५।११ मा अंश छोडपत्र गरि उनको आयबाट तथा कि.नं. ५० को घरको घरभाडा, महालक्ष्मी फाइनान्सको ऋण रकमबाट घर निर्माण भएको हो।

श्रीमतीले मसँग अंश छोडपत्र गरे पछि निजको नाममा रहेको सम्पत्तिमा मउपर कुनै अभियोग लाग्न सक्दैन। मेरो श्रीमती भाइ एवम् छोरा छोरी एकासगोलमा रहँदा प्राप्त गरेको आय आर्जनको बारेमा आयोगमा सबै बताइएकामा आयोगले निजहरूको आय आर्जनलाई समुचित विवेचना गरि आयमा गणना गरेको छैन। सबै आय कानूनबमोजिम प्राप्त आय हुन्। मेरो मिति २०३४।६।४ देखि मिति २०३९।६।१७ सम्म

वन पैदावार विकास उपसमितिमा काम गर्दाको तलब भत्ता आयमा समावेश नभएको हुँदा आयमा समावेश हुनु पर्दछ । २०६३ मङ्सिरदेखि ०६५ भदौसम्मको मेरो तलब भत्ता रू.१,५९,४९५।–, २०६५।२।१४ मा छोरा विक्रान्त नेपालले पब्लिक डेभलपमेन्ट बैंक वीरगञ्जबाट लिएको रू.२७,००,०००।– कर्जा पनि आयमा गणना गरिनु पर्दछ । श्रीमतीको २०६२।०६३ को आय रू.१,३८,०००।– गणना हुनु पर्दछ । सो रकम बापत २०६४।६।१ मा रू.२,०००।– कर तिरेको छु । मेरो २०३४।६।४ देखि ०६५।६।१ सम्मको अवधिमा रू. ८,३८,०७,५९९।– बराबरको आय भई सोही अवधिमा रू.७,२३,०५,८९८।– बराबरको खर्च भएको छ । व्ययको तुलनामा आय बढी छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बयान कार्य नै पुरा गराएको छैन । मलाई मिति २०६३।१२।१८ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बयान गराउँदैको अवस्थामा खोजेको बखत उपस्थित हुने भनि पठाएकामा पुनः मलाई बोलाउँदै नबोलाई आयोग आफैँले मेरो आय व्ययको हिसाब गरि फाइनान्सको कर्जा, पब्लिक डेभलपमेन्ट बैंकको कर्जा, डोलनाथ उप्रेतीले आयरल्याण्डबाट पठाएको रकम, व्यक्तिगत ऋण तथा आयका अन्य स्रोतहरूको विवेचना नै नगरि मउपर आरोप लगाइएको छ । त्यो आरोप पूर्वाग्रही तथा अन्यायपूर्ण छ । मिति २०६३।३।१ मा बयान गराई आज बयान कार्य सम्पन्न नभएकाले अर्को दिन उपस्थित हुने छु भनि हस्ताक्षर गराएकामा मिति २०६३।४।७, मिति ०६३।५।४, मिति ०६३।७।१९ मा उपस्थित हुँदा बयान नगराई मिति ०६३।१२।१८ मा बयान गराइयो ।

आयोगले मिति २०६५।६।१ मा मुद्दा दर्ता गरेको भए तापनि म मिति २०६५।६।९ सम्म कार्यालयमा हाजिर छु । आरोपपत्रको तालिका नं. २४ को क्र.सं. ५ मा उल्लिखित घरको आफूखुसी मूल्याङ्कन गरि भुइँ तलाको ११.६० प्रतिशत, पहिलो तलाको १०.१३ प्रतिशत र दोस्रो तलाको १४.२९ प्रतिशतमात्रै स्रोत पुष्टि भएको उल्लेख गरेको छ । त्यो गलत छ । त्यो घरमा जम्मा रू.१६,२०,०००।– लागत लागेको छ । अभियोग दाबी गलत छ । मैले गैर कानूनी कार्य गरेको छैन । मैले बैंक तथा फाइनान्सबाट लिएको कर्जामध्ये रू.१,०३,००,०००।– तिर्न बाँकी नै छ । छोरी सुष्माले वीरगञ्ज फाइनान्सबाट स्टाफ लोन रू.१,७५,०००।– लिएको छ । समग्रमा मेरो सम्पत्तिको स्रोत खुलेको हुँदा आरोपित कसुरबाट सफाई हुनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी भरतप्रसाद नेपालले विशेष अदालत, काठमाडौंमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरि हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम प्रतिवादी भरतप्रसाद नेपालले रू.१५,००,०००।– (पन्ध्र लाख) नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राखि र नदिए वा दिन नसके थुनामा राखि मुद्दाको पुर्पक्ष गर्न दिनु भन्नेसमेत व्यहोराको विशेष अदालत, काठमाडौंको मिति २०६६।८।११ मा भएको आदेशानुसार प्रतिवादीले विशेष अदालतमा जेथा जमानत राखि तारेखमा रहेको देखिन्छ ।

अभियोग माग दाबीबमोजिम मलाई सजाय हुनु पर्ने होइन । मेरो २०३४ सालमा भरतप्रसाद नेपालसँग विवाह भएको हो । हामीबाट ४ छोरी १ छोराको जन्म भएको छ । मैले मिति २०३९।१।१ देखि साकम्बरी ट्रेडिङ्ग कन्सर्न वीरगञ्जमा जागिर सुरू गरि मिति २०४६।८।३० सम्म कार्यरत् रहेँ । मिति २०४६।१२।३० देखि २०५६ चैतसम्म खुकुरी फुटवेयर प्रा.लि.मा कार्यरत् रहेँ । वीरगञ्ज एक्सप्रेस साप्ताहिक पत्रिका मेरो र मेरो देवरको नाममा २०४७ सालमा दर्ता भएको हो । त्यसबाट भएको आम्दानी तथा सोबाट बढे बढाएको रकमसमेतबाट मेरो नाममा सम्पत्ति आर्जन भएको हो । देवर र मेरो पत्रिकाको आम्दानी कि.नं. ५० मा बनेको घरमा लगानी परेको

छ । घर निर्माणको क्रममा महालक्ष्मी फाइनान्सबाट घर कर्जा लिएको छ । घर निर्माणमा छोरीहरूको आय आर्जन पनि परेको छ । कि.नं. २५७ र २५८ को जग्गामा निर्मित घरमा ज्वाइँ डोलनाथ उप्रेतीले पठाएको रकम पनि समावेश छ । हाम्रो परिवारको आय विवरण श्रीमान्ले यस अदालतमा खुलाई सक्नु भएको छ । निजले पेस गरेको प्रमाणलाई मेरो हकमा पनि प्रमाणमा लगाई पाऊँ । २ वटा गाडी देवरसँग साझेदारीमा सञ्चालन गर्दा त्यसबाट पनि आय आर्जन भएको छ । त्यो पनि घर जग्गामा लगानी भएको छ । छोरी र मेरो नामको जग्गा पटकपटक खरिद बिक्री भएका छन् । मेरो नामको होटल नेपाल, जग्गा खरिद बिक्री लगानी फर्मबाट पनि आय आर्जन भएको छ ।

फाइनान्सबाट लिएको कर्जामध्ये ८५ लाख जति कर्जा हाल पनि तिर्न बुझाउन बाँकी छ । छोराले बैङ्कबाट लिएको कर्जामध्ये रू.१०,००,०००।- बुझाउन बाँकी छ । यसप्रकार मेरो निजी आर्जन, दाईजो, पेवा, छोरीहरूको पारिश्रमिक, भरत नेपालको पारिश्रमिक तथा अन्य सुविधा, कर्जा, लगानीबाट प्राप्त आय, घरभाडासमेतको आय स्रोतबाट म तथा छोरीहरूको नाममा जग्गा खरिद भई घरसमेत निर्माण भएका हुन् । स्रोत खुलेको सम्पत्ति हुँदा जफत हुनु पर्ने होइन । महालक्ष्मी फाइनान्स कम्पनी लि. वीरगञ्ज, एभरेष्ट बैंक लि. वीरगञ्ज, नेपाल बंगलादेश बैंक, वीरगञ्जलगायतका बैंकहरूमा खोलिएका खाता खोल्ने प्रयोजनको लागि मात्र खोलिएको हो । घर भाडा, पारिश्रमिक लगायतका वैध आर्जनका रकम जम्मा भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी अम्बिका देवी नेपालले विशेष अदालत, काठमाडौंमा गरेको बयान ।

प्रतिवादी अम्बिका देवी नेपाल विशेष अदालतको मिति २०६६।९।७ को आदेशानुसार तारेखमा रहेको देखियो ।

प्रतिवादी अम्बिकादेवी नेपालका नामको २ वटा घरको मूल्याङ्कन म र आयोगका कर्मचारीसमेत भई मूल्याङ्कन गरेको हो । रोहवरमा प्रतिवादीलाई पनि राखेको छ । ती घरको मूल्याङ्कन अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट स्वीकृत दररेटको आधारमा गरिएको हो । एउटै घरको मूल्याङ्कन फरक–फरक हुनुको कारण सुरूमा घर निर्माणाधीन अवस्थामा थियो भने दोस्रो पटक मूल्याङ्कन गर्दा करिब करिब निर्माण कार्य सकिन लागेको थियो । त्यसैले फरक–फरक भएको हो । घरको मूल्याङ्कन गर्दा स्थानीय स्वायत्त शासन ऐनमा उल्लेख भएको दररेटको आधारमा गरिएको हो । त्यस बेला मूल्याङ्कन गर्ने दररेट कति थियो मलाई थाहा भएन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको दररेटको आधारमा गरेको हो । निर्माण लागतमा ठाउँ विशेष र व्यक्ति विशेषमा फरक पर्न सक्छ भन्नेसमेत व्यहोराको वादीका साक्षी शैलेन्द्र श्रेष्ठले गरेको बकपत्र ।

प्रतिवादीसँग सानैदेखि चिनजान छ । तर नाता सम्बन्ध छैन । मैले निज प्रतिवादीलाई घर बनाउने क्रममा मिति २०५२।११।१५ मा रू.२,५०,०००।– ऋण दिएको थिएँ । तर सो रकम मिति २०५९।७।६ मा फिर्ता लिइसकेको छु । ऋण रकम दिने लिने क्रममा कागज गराएको थिएन । विश्वासको आधारमा कारोबार भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी रवीन्द्र प्रसाद श्रेष्ठले गरेको बकपत्र ।

प्रतिवादी भरतप्रसाद नेपालसँग मेरो नाता चिनजान र लेनदेन केही छैन । प्रतिवादीको वीरगञ्जको घरको फोटोहरू मैले छायाङ्कन गरि मैले नै धुलाएको हो भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको साक्षी महेश थापाले गरेको बकपत्र ।

म वीरगञ्ज उपमहानगरपालिकामा जु.ई. पदमा कार्यरत् छु । प्रतिवादीसँग चिनजान नाता लेनदेन केही छैन । वीरगञ्ज उपमहानगरपालिकाबाट मसमेतलाई अम्बिका देवी नेपालको घर नाँप जाँच गरि मूल्याङ्कन गर्न पठाउन खटाएबमोजिम नाप नक्सा गरि आयोगमा प्रतिवेदन पेस गरेको हो । मेरो काम स्थलगत नापजाँच

र नक्सा तयार गर्ने मात्र हो । कि.नं. ५० मा निर्मित घर निर्माण ईजाजतको नक्सा पास गर्दाको क्षेत्रफल र हाल मूल्याङ्कन गर्दाको क्षेत्रफल फरक–फरक भएको विषयमा मलाई थाहा छैन । सो घरको शौचालय ईंटाको पर्खाल लगाई जस्ता पाताको छाना लगाएको थियो । वीरगञ्ज उपमहानगरपालिकाको मूल्याङ्कन दररेट फ्रेम स्ट्रक्चरको प्रति वर्गफिट ६३५।– छ भने लोड वेरिङ सिस्टमको प्रतिवर्ग फिट ३०० देखि ३५० सम्म छ भन्नेसमेत व्यहोराको वादीको साक्षी हेमन्त वर्माले गरेको बकपत्र ।

प्रतिवादी भरतप्रसाद नेपालसँग चिनजान, नाता, लेनदेन केही छैन । प्रतिवादीको वीरगञ्जका दुई वटा घरको पहिलो मूल्याङ्कन प्रतिवेदन मिति २०६३।१।३१ मा र दोस्रो पटक मिति २०६५।१।२५ मा गरेको हो । मेरो भूमिका भनेको मुचुल्का तयार गर्ने मात्र हो भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको साक्षी तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कार्यरत् उमेश मानन्धरले गरेको बकपत्र ।

प्रतिवादी अम्बिका देवी नेपालका नामको घरको मूल्याङ्कन गर्न जाँदा आयोगको तर्फबाट मूल्याङ्कन टोलीको प्रमुख म थिएँ । वीरगञ्ज उपमहानगरपालिकाका फिल्ड प्राविधिकसमेतको सहयोगमा मूल्याङ्कन प्रतिवेदन तयार पारिएको हो । निजको घर कि.नं. २५७ र कि.नं. २५८ को जग्गामा बनाएको थियो । घरको नाप जाँच गर्दा मेजरिङ्ग टेप प्रयोग गरेको थिएँ । घरको मूल्याङ्कन प्रति वर्ग फिट ७४४ सरकारी दररेटको आधारमा गरेको हो । उक्त दररेट आर.सि.सि. फ्रेम स्ट्रक्चर निर्माणमा बनेको घरमा नेपाल अधिराज्यभर लागू हुन्छ । जिल्ला दररेटको बारेमा मलाई थाहा छैन । निर्माण लागत व्यक्ति विशेष तथा स्थान विशेषको आधारमा फरक हुन्छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको साक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कार्यरत् अनील शाक्यले गरेको बकपत्र ।

प्रतिवादीको दुई वटा घरको मूल्याङ्कन सरकारी दररेटको आधारमा गरि प्रतिवेदन तयार बनाएको हो । सो घरमा प्रयोग गरेको दररेट नेपाल अधिराज्यमा प्रचलनमा आएको दररेट हो । शहरी विकास तथा भवन निर्माण विभागको दररेट प्लिन्थ एरियामा आधारित रहि तयार गरिन्छ भने जिल्ला जिल्लामा इष्टिमेट प्रयोजनको लागि तयार हुने दररेटका हरेक आईटम र कामको शीर्षकको दररेट निकालिएको हुन्छ । मूल्याङ्कन गर्ने एक तरिका हो भने इष्टिमेट गर्ने अर्को तरिका हो । यसो हुनाले दररेटमा समानता हुँदैन । भवन विभागबाट तयार हुने दररेट मूल्याङ्कनको लागि र जिल्लाबाट तयार हुने दररेट लागत अनुमानका लागि तयार गरिएको हुन्छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारका साक्षी पुस्करप्रसाद पोखरेलले गरेको बकपत्र ।

यी प्रतिवादीले जाँच अवधिमा जग्गा बिक्रीबाट रू.९,५३,०००।–, तलब भत्ताबापत रू.६,९०,५०६।६०, घर भाडाबापतको रू.११,१६,२५०।–, प्रतिवादीले वीरगञ्जस्थित महालक्ष्मी फाइनान्सबाट लिएको कर्जा रू. ६,८८,५४,४००।–, कर्मचारी सञ्चयकोषबाट सापटी लिएको रू.१,०६,२००।–, छोरीहरू सुष्मा नेपाल र सीमा नेपालको पारिश्रमिक रू.२,४१,३६६।६६, छोरी सुष्मा नेपालको नाममा आयरलैण्डबाट डोलनाथ उप्रेतीले पठाएको रकम रू.२२,८४,७०२।५० र प्रतिवादी भरतप्रसाद नेपालकी छोरी सुष्मा नेपालले वीरगञ्ज फाइनान्सबाट कर्जा लिएको रकम रू.१,००,०००।– समेत रू. ७,४३,४६,४२५।७६ प्रतिवादी भरतप्रसाद नेपालको आय भएको देखिन्छ । प्रतिवादी अम्बिका देवी नेपालले खुकुरी फुटवेयर ईन्डष्ट्रिज र साकम्भरी ट्रेडिङ कन्सर्नमा काम गरि आय आर्जन गरेको भनि दाबी गरेको रकम, प्रकाशन प्रा.लि. द्वारा प्रकाशित वीरगञ्ज एक्सप्रेस साप्ताहिक पत्रिकाको आय, गाडी भाडाबापत प्राप्त

रकम, रवीन्द्र प्रसाद श्रेष्ठसँगबाट कर्जा लिएको रकम, मालिङ्गो साप्ताहिकबाट भाइ शत्रूधन नेपालले आय आर्जन गरेको रकमलाई पुष्ट्याँई हुने आधिकारिक प्रमाणहरू पेस नभएकाले मान्यता दिन मिलेन।

उपर्युक्त आयको तुलनामा हेर्दा स्वदेशी बैंकमा मौज्दात रू.८०,१११।२८, विदेशी बैंकमा मौज्दात नेपाली रूपैयाँ ८८८।–, सेयर खरिदको रू.५३,०००।– सवारी साधन खरिदको रू.१,८३,३९९।–, घरमा जडान गरिएका विद्युतीय उपकरणको रू ३९,५००।–, जग्गा खरिदको रू. १२,५३,२००।–, कि.नं. ५०, २५७ र २५८ का जग्गामा घर निर्माणको लागत रू. १,३०,३८,१३२।३५, महालक्ष्मी फाइनान्सलाई साँवा र ब्याज भुक्तानी गरेको रू.६,३३,०९,५९७।९६ र छोरी सुष्मा नेपाललाई बुझाएको रू. २२,८४,७०२।५० समेत रू. ८,०२,४२,५१३।०९ बराबरको सम्पत्ति प्रतिवादीसँग रहे भएको देखियो। प्रतिवादीसँग स्रोत खुलेको रू.७,४३,४६,४२५।७६ बराबरको सम्पत्ति रहेकामा रू.५८,९६,१०५।३३ बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट प्रतिवादी भरतप्रसाद नेपालले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ तथा ७(१) र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरि भ्रष्टाचारको कसुर गरेको ठहर्छ। सो ठहरेकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम कैद वर्ष १ (एक) र बिगोबमोजिम जरिवाना भई बिगो रू.५८,९६,१०५।३३ बराबरको सम्पत्ति जफतसमेत हुन्छ। प्रतिवादीबाट बिगो रू. ५८,९६,१०५।३३ बराबरको सम्पत्ति जफत गर्नु पर्ने भएकाले निजको पत्नी प्रतिवादी अम्बिकादेवी नेपालको नाममा रहेको पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४ कि.नं. २५७ र २५८ को जग्गा र सोमा बनेको रू.१,०७,४०,९१३।८६ मोल कायम भएको घर जग्गामध्येबाट ५४.८९ प्रतिशत को हदसम्म हुन आउने घर जग्गा जफत हुने ठहर्छ भन्नेसमेत व्यहोराको विशेष अदालत, काठमाडौंको मिति २०६७।५।२ को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन। प्रतिवादी अम्बिकादेवी नेपालको नाममा रहेका जग्गाहरू मध्ये वीरगञ्ज उपमहानगरपालिका अन्तर्गतका कि.नं. १५२८।७६ को १६.२७ प्रतिशत, कि.नं. ६९६।६० को जग्गाको ५३.२५ प्रतिशत, कि.नं. १५३०।७५ को १६.२७ र छोरी सीमा नेपालको नाममा रहेको कि.नं. ६९५।५९ को पुरै जग्गाको स्रोत पुष्टि हुन सकेको छैन। यसरी उल्लिखित जग्गाको स्रोत पुष्टि नभएबाट रू. २,५०,१४५।२० मात्र वैध आय प्राप्त भएको भनि आरोपपत्र पेस भएकामा जग्गा बिक्रीबाट रू. ९,५३,०००।- वैध आय कायम गर्न मिल्दैन। तलब, भत्ता र चाडबाड खर्चबापत प्राप्त भएको रकम आयमा गणना गरेकामा सो रकम बचत हुँदैन। तसर्थ आयमा गणना गरेको मिलेको छैन। घर भाडा सुनिश्चित आय भए तापनि प्रस्तुत मुद्दामा रू.११,१६,२५०।- घर भाडा प्रदान गरिएको पनि मिलेको छैन। किनभने घर निर्माण गर्दाको लागतको स्रोत पुष्टि भएको छैन। गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानको पृष्ठभूमिमा जग्गा खरिद र घरको मूल्य कायम गरेको मिलेको छैन। जुन समयमा जग्गा खरिद र घर निर्माण गरेको हो, सो समयको लागत कायम गर्न मिल्दैन। हालको प्रचलित मूल्यको आधारमा कायम गरिनु पर्दछ। खरिद गर्दाको वा निर्माण गर्दाको समयको लागतलाई बिगो कायम गर्दा प्रतिवादीलाई फाइदा पुग्न जाने हुँदा सो हदसम्म त्रुटिपूर्ण फैसला बदर गरिपाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पेस हुन आएको पुनरावेदन पत्र।

विशेष अदालत, काठमाडौंको फैसलामा जग्गा खरिदको र विद्युतीय उपकरणको बिगो कायम गरेको र मेरो तलब, भत्ता र दशैं खर्च, जग्गा बिक्रीको

मूल्य र ज्वाइँ डोलनाथ उप्रेतीले छोरीलाई पठाएको रकमलाई आयमा गणना गरेकामा चित्त बुझेको छैन । तत् सम्बन्धमा सर्वप्रथम बिगो कायम गरेको मिलेको छैन । वादीले आरोपपत्रमा महालक्ष्मी फाइनान्सको कर्जा कारोबारलाई बिगोमा कायम गरेको छैन । त्यो अभियोग दाबीको विषयवस्तु पनि होइन । त्यसैगरि बैंक मौज्दात भनि रू. २०,८१२।४५ समेतलाई थप बिगोमा कायम गरेको मिलेको छैन। किनभने उक्त रकम बैंक मौज्दातमा रहेको रकमको ब्याज हो । बैंक ब्याज गैरकानूनी हुँदैन । स्रोत खुलाउनु पर्दैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अभियोग लगाउँदा कायम गरेको बिगोभन्दा बाहिर गै अदालतले बिगो कायम गर्न मिल्दैन। बिगो बढी कायम गरेको फैसला न्यायको मान्य सिद्वान्त र तथ्यको विपरीत हुँदा बैंक मौज्दातमा रहेको रकम रू.६०,१८६।८३, जग्गाको खरिदको रू. १२,५३,२००।, सवारी साधनको रू.१,०१,३९९।, विद्युतीय उपकरणको रू.३९,५००। र कि.नं. ५० को घर निर्माणको रू.२७,९०,४३३।१० र कि.नं. २५७ तथा २५८ को घर निर्माणको रू. ७५,७६,१५८।- समेत जम्मा रू. १,१८,२०,८७६।९० मात्र बिगो कायम हुनु पर्दछ ।

उपर्युक्त बिगोको आधारमा हामी प्रतिवादीको सँगसाथमा सो बराबरको स्रोत खुलेको सम्पत्ति रहेको छ, छैन भन्ने कुरा विशेष विचारणीय र महत्त्वपूर्ण कुरा हो । आरोपपत्रमा महालक्ष्मी फाइनान्सको कारोबार रकम र विवरणलाई दाबी लिइएको छैन। विशेष अदालतले कारोबार गरेको रकम भनि रू. ६,३३,०९,५९७।९६ बिगो कायम गर्नु पर्नाको आधार र कारण खुलाउन सकेको पाइँदैन । उक्त रकम मेरो वास्तविक कर्जा लेनदेनको रकम होइन। रोलिङ कर्जा कारोबार हो। फाइनान्सको कर्जा विवरणको अभिलेखले पनि सो कुराको पुष्टि हुन्छ । उक्त फाइनान्ससँग मेरो सम्बन्ध कि.नं.२५७ र कि.नं.२५८ का जग्गामा घर निर्माण गर्न गृह कर्जा लिनेसम्मको हो । घर कर्जा लिई फाइनान्समा धितो राखि घर निर्माण गरेको हो। उक्त रू.६,३३,०९,५९७।९६ मेरो बिगोमा कायम हुन सक्दैन । रू.२२,८४,७०२।५० आयरल्याण्डमा बस्ने छोरी ज्वाइँ डोलनाथ उप्रेतीले छोरीलाई पठाएको भन्ने कुरा कुमारी बैंकबाट प्राप्त बैंक इस्टिमेटबाट पनि समर्थित नै छ। उक्त रकमलाई वादीले बिगोमा समावेश नगरेकामा विशेष अदालतले बिगोमा कायम गरेको छ । मैले घर बनाउन सो रकम खर्च गरेको छु । पछि फाइनान्सबाट ऋण लिई ज्वाइँलाई तिरेको हो । उक्त रकमलाई विशेष अदालतले मेरो आय पनि र व्यय पनि मानेको छ। एउटै रकम आय पनि र व्यय पनि दुवै हुन सक्दैन । सोही रकम तिरेको फाइनान्सको कर्जालाई पनि व्ययमा पनि समावेश गरि दोहोरो गणना गरेको देखिन्छ । तसर्थ रू.२२,८४,७०२।५० बिगोबाट घटाई आयमा मात्र गणना गरिनु पर्दछ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कि.नं. ५० को घरको निर्माण लागत वास्तविक क्षेत्रफलभन्दा बढी क्षेत्रफल कायम गरि रू.३५,९०,२७३।१२ कायम गरेको छ । २० प्रतिशतले हुने ओभरहेड कस्ट र ठेक्का करसमेत घटाउँदा घर निर्माणको रू.२७,९०,४३३।१० कायम हुनु पर्दछ। आयतर्फ प्रतिवादी अम्बिका देवी नेपालले साकम्वरी ट्रेडिङ कन्सर्न र खुकुरी फुटवेयर प्रा.लि.मा काम गर्दा प्राप्त गरेको पारिश्रमिक रू.८,३१,७००।–, प्रकाशन प्रा.लि.को आय रू.१४,१८,०००।–, जग्गा खरिद बिक्री लगानीबाट प्राप्त आय रू.१,२५,०००।–, छोरी सीमा र सुष्मा नेपालको पारिश्रमिक बापत प्राप्त रकममा थप रू.६,१८,९९३।– कायम हुनु पर्दछ । त्यसैगरि संयुक्त लगानीबाट सञ्चालित गाडी भाडाबाट प्राप्त रू.१७,६५,३५०।–, घर भाडा बापतको थप रू.६,४१,०००।-, रवीन्द्रप्रसाद श्रेष्ठबाट सापटी लिएको रू.२,५०,०००।– समेत रू.९५,९५,३९०।– थप आय कायम हुनु पर्दछ। अतः जाँच अवधिमा मेरो रू.२,०६,४२,११७।– को आय भएको हुँदा विशेष

अदालत, काठमाडौंको फैसला बदर गरि आरोप दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भरतप्रसाद नेपाल र अम्बिका देवी नेपालको तर्फबाट यस अदालतमा पेस भएको संयुक्त पुनरावेदनपत्र।

यसमा वादी पक्षको पुनरावेदन प्रतिवादी पक्षलाई जानकारी गराई प्रतिवादी पक्षको पुनरावेदनपत्रको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नु भन्ने व्यहोराको यस अदालतको मिति २०६८।९।२४ को आदेश।

यसमा महालक्ष्मी फाइनान्स लिमिटेडको कर्जा नं.७२–१०७४० र ७२–१०९८९ को कर्जा स्वीकृत मिसिल झिकाई नियमानुसार पेस गर्नु भन्ने व्यहोराको यस अदालतको मिति २०६९।५।३१ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री शंकरबहादुर राईले स्रोत नखुलेको सम्पत्तिको स्रोत खुलाउने दायित्व कानूनले प्रतिवादीलाई दिएको छ। यी प्रतिवादीहरूले आफूहरूसँग रू.२,०६,४२,११७।– बराबरको सम्पत्ति रहेको र स्रोत खुलाउनु पर्ने सम्पत्ति कम भएको हुँदा विशेष अदालत, काठमाडौंको फैसला बदरको माग गरेको देखिन्छ। यस प्रकृतिका मुद्दाहरूमा सम्पत्ति धारकले आरोप दाबीको खण्डन गर्ने गरि प्रमाण पेस नगरेको अवस्थामा अनुमानित कसुरमा सजाय गर्न मिल्छ। राष्ट्रसेवक भई सार्वजनिक पद धारण गरेका व्यक्तिले कानूनी दायित्वलाई भुल्न मिल्दैन। प्रतिवादी अम्बिका देवी नेपालको नामको कि.नं. ५०, २५७ र २५८ का जग्गामा बनेका घरको निर्माण लागत रू.१,६७,५५,५५७।४८ देखिएकामा हालको मूल्यलाई नमानि निर्माण हुँदाको साबिक समयको लागतलाई कायम गर्न मिल्दैन। घर निर्माणको लागत आरोपपत्रमा उल्लेख भएको नै कायम हुनु पर्दछ। कम कायम गरेको हदसम्म नेपाल सरकार विरूद्ध मुरारीबहादुर कार्की र निरन्जन बाबु श्रेष्ठ प्रतिवादी भएको मुद्दामा प्रतिपादित सिद्धान्तको विपरीत छ।

प्रतिवादीको आयमा गणना गरेको तलब, भत्ता र दशैं खर्च बचत हुने प्रकृतिको स्रोत होइन। तलबलाई बचत भएको भनि मान्दा पनि घर निर्माणको स्रोत पुग्दैन। त्यसैगरि बन्दै गरेको घरको भाडा सोही घर निर्माणको स्रोत हुँदैन। घर निर्माणको स्रोतको रूपमा महालक्ष्मी फाइनान्सबाट लिएको कर्जालाई देखाइएको छ। फाइनान्सबाट धेरै कर्जा कारोबार भएको देखिन्छ। तर पनि वास्तवमा प्रतिवादीले के कति रकम लिएको हो र कति रकम बुझाएको भन्ने कुरा यकिन उल्लेख छैन। यस्तो अवस्थामा विशेष अदालतले फाइनान्सबाट लिएको रकमलाई आय र तिरेको रकमलाई व्यय मानी गरेको फैसला मिलेको छ। तसर्थ जग्गा बिक्रीको आय बढी मानेको, तलब, भत्ता र दशैं खर्च पुरै बचत गरेको मानेको र बढी घर भाडा प्रदान गरेको हदसम्म विशेष अदालत, काठमाडौंको फैसला बदर हुनु पर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी भरतप्रसाद नेपाल र अम्बिका देवी नेपालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री राधेश्याम अधिकारी, श्री कृष्णप्रसाद सापकोटा र अधिवक्ता श्री तिलप्रसाद गौतमले प्रतिवादीको हकमा विशेष अदालत, काठमाडौंले बिगो बढी कायम गरेको, डोलराज उप्रेतीले पठाएको रकम बिगोमा गणना गरेको, प्रतिवादी अम्बिका देवी नेपालको र छोरीहरूको तलब आयमा गणना नगरेको, घर बहाल कम कायम गरेको, पत्रपत्रिकाबाट प्राप्त आय, सञ्चय कोष सापटी, गाडीबाट प्राप्त आय र व्यक्तिगत कर्जालाई आयमा गणना नगरि कसुरदार ठहर गरेको हदसम्म प्रस्तुत मुद्दा यस अदालतमा पेस हुन आएको हो।

प्रतिवादी अम्बिका देवी नेपालले कि.नं.२५७ र २५८ का जग्गामा घर निर्माण गर्दा महालक्ष्मी

फाइनान्सबाट कर्जा उपभोग गरेको तथ्यमा विवाद छैन । कारोबारमा देखिएको उक्त रकम रोलिङ कर्जा प्रणालीअन्तर्गतको कर्जा रकम हो । तर विशेष अदालतले सबै रोलिङ कर्जालाई बिगो कायम गरेको कुरामा विवाद भएको छ । यस सम्बन्धमा महालक्ष्मी फाइनान्सको ऋण रकम तिर्न बुझाउन बाँकी रहेको हुँदा प्रतिवादीको आय मानिनु पर्दछ । बिगो कायम गर्न मिल्दैन । प्रतिवादीको साथमा रहेको सम्पत्तिको स्रोत खुलेको वा नखुलेको सम्बन्धमा प्रमाणबाट मूल्याङ्कन गरिनु पर्दछ । यस प्रकृतिका मुद्दामा प्रमाणको भार प्रतिवादीमा रहने भन्नेमात्र आधारले कसुरदार ठहर गर्न मिल्दैन । महालक्ष्मी फाइनान्सको मिति २०६४।११।१८ को पत्रबाट रू.७४,२४,७००।– र मिति २०६५।५।४ को पत्रबाट रू.१०,००,०००।– समेत रू.८४,२४,७००।– कर्जा भुक्तानी गर्न बाँकी छ। वादीले सो फाइनान्सको कारोबारलाई आरोपपत्रमा दाबी लिएको छैन । प्रतिवादीले कर्जा लिएर घर बनाएको भनेर बयान गरेको छ । सो कुरा प्रतिवादीको कि.नं. ५०, २५७ र २५८ का जग्गा धितो राखेर फाइनान्ससँग ऋण सम्झौता गरेबाट पनि समर्थित छ। प्रतिवादीले उपभोग गरेको कर्जा फाइनान्सलाई तिरे बुझाएको भए ती जग्गा र सोमा बनेको घर लिलामको लागि सूचना प्रकाशन हुने थिएन । रकम तिर्न बुझाउन बाँकी भएकै कारण सूचना प्रकाशन भएको हो । तर विशेष अदालतले वास्तविक यथार्थ र कारोबारलाई मान्यता दिएको देखिँदैन।

डोलराज उप्रेती प्रतिवादीहरूको छोरी ज्वाइँ भएको तथ्यमा विवाद छैन। निज हाल आयरल्याण्डमा बस्नु हुन्छ । निजले आयरल्याण्डबाट श्रीमती अर्थात् प्रतिवादीकी छोरी सुष्मा नेपाललाई पठाएको रू.२२,८४,७०२।५० लाई पनि आयोगले प्रतिवादीको बिगोमा समावेश नगरेकामा विशेष अदालतले बिगोमा समावेश गरेको छ । छोरीको नाममा आएको सो रकम छोरीबाट प्रतिवादीले सापटी लिई घर निर्माण गरेको हो । सो रकम फाइनान्सबाट लिएर छोरी ज्वाइँलाई तिरेको अवस्था छ । फाइनान्सबाट लिएको रकमबाट तिरेपछि डोलराज उप्रेतीले पठाएको रकम पनि बिगो कायम गर्ने र फाइनान्सको रकम पनि बिगोमा कायम गर्न मिल्दैन । प्रतिवादी अम्बिका देवी नेपालले खुकुरी फुटवेयर र साकम्बरी ट्रेडिङ कन्सर्नमा काम गरेबापत प्राप्त आयलाई विशेष अदालतले आयमा गणना गरेको छैन । आयमा गणना नगर्नु पर्ने कुराको तथ्ययुक्त आधार र कारण फैसलामा उल्लेख छैन । विशेष अदालतले आयमा गणना नगरेको भए तापनि निजले रू.८,३१,७००।– पारिश्रमिक पाएको कुरा सम्बन्धित निकायले लेखि पठाएको हुँदा आयमा गणना हुनु पर्दछ । त्यसैगरि छोरी सुष्मा नेपाल र सीमा नेपालले प्राप्त गरेको रू.८,६०,८३९।२० पारिश्रमिकमध्ये रू.२,४१,३६६।६६ मात्र आयमा गणना गरेको हुँदा थप रू.६,१९,४७२।५४ पनि आयमा गणना हुनुपर्दछ।

प्रतिवादीको वीरगञ्जमा दुई वटा घर भएको कुरा आरोपपत्रले स्वीकार गरेको छ । दुई वटा नै घर भाडामा लगाएको र आय हुने कुरा विशेष अदालतको फैसलामा स्वीकार गरिएको छ । यस सम्बन्धमा वादी नेपाल सरकारले स्रोत पुष्टि नभएको घरको घर भाडा कायम गरेको नमिलेको भनि पुनरावेदन गरेको छ । तर, घर भाडामा लागेको र दाबीबमोजिमको बहाल प्राप्त गरेको तथ्य घर बहाल सम्झौताबाट पुष्टि भएबाट रू.७,३१,०००।– घर भाडामा थप गरिनु पर्दछ । प्रतिवादीले कर्मचारी सञ्चय कोषबाट रू.१,५३,३००।– कर्जा लिएकामा फैसलामा रू.१,०६,२००।– मात्र मानेको हदसम्म फैसला त्रुटिपूर्ण छ । त्यस्तै गरि रवीन्द्र श्रेष्ठबाट २०५२ सालमा रू.२,५०,०००।– कर्जा लिएको कुरा निजको बकपत्रबाट देखिएको र कर्जा लेनदेन स्वभाविक हुँदा सो पनि आयमा गणना गरिनु पर्दछ । प्रतिवादी अम्बिका देवी नेपालले घरेलु तथा साना उद्योग

कार्यालय वीरगञ्जमा दर्ता गराएको होटल नेपाल जग्गा खरिद बिक्री फर्मबाट रू.१,२५,०००।– आय प्राप्त गरेको हुँदा सो पनि आयमा गणना हुनु पर्दछ । यसरी विभिन्न शीर्षकगत बिगो (व्यय) लाई हेर्दा रू १,१८,२०,८७६।९३ बराबरको सम्पत्ति रहेकामा आय रू.२,०६,४२,११७।– देखिँदा प्रतिवादीले सफाइ पाउनु पर्दछ भन्ने व्यहोराको बहस प्रस्तुत गर्नु भयो। साथै दुवैतर्फबाट पेस भएको बहसनोट अध्ययन गरियो।

आज निर्णय सुनाउन तारिख तोकिएको प्रस्तुत मुद्दामा दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको उपर्युक्त बहससमेत सुनि विशेष अदालत, काठमाडौंको मिति २०६७।५।२ को फैसला मिलेको छ, छैन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी भरतप्रसाद नेपाल र निजको परिवारसँग रू.१,४१,७१,४८७।५८ बराबरको स्रोत नखुलेको सम्पत्ति रहे भएको हुँदा निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवानाको सजाय गरि रू.१,४१,७१,४८७।५८ (एक करोड एकचालिस लाख एकहत्तर हजार चार सय सतासी रूपैयाँ अन्ठाउन्न पैसा) बराबर कायम भएको बिगोको सम्पत्ति प्रतिवादी अम्बिका देवी नेपालका नाममा रहेका सम्पत्तिहरू र प्रतिवादी भरतप्रसाद नेपालका अन्य सम्पत्तिहरूबाट समेत साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गरि असुलउपर गरिपाउँ भन्ने व्यहोराको आरोपपत्र पेस भएको देखिन्छ।

उपर्युक्त व्यहोराले प्रतिवादीउपर दाबी लिएको देखिँदा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्था हेर्नु वाञ्छनीय हुन आयो।

**भ्रष्टाचार निवारण ऐन, २०१७**

दफा (३) राष्ट्रसेवक भएको वा हुने भएको कुनै व्यक्तिले आफ्नो ओहदाको वा सोसम्बन्धी कुनै काम गर्न वा गराई दिएबापत वा नगर्न वा नगरि दिएबापत आफैँ वा अरू कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिकबाहेक अरू रिसवत कसैबाट लिएमा वा लिन मन्जुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई कसुरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ। रिसवत लिई सकेको भए सो रिसवतसमेत जफत भै सरकारी कोषमा दाखिला गरिनेछ।

दफा (७)(१) सरकारी सेवामा रहेको कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बदनियतले वा राष्ट्र वा नेपाल सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा व्यक्तिलाई गैरकानूनी हानि पुर्‍याउने बदनियतले नेपाल कानून जानि जानि पालन नगरेको वा नेपाल सरकारसँग गरेको शपथ वा सर्त वा कबुलियत, सम्झौता जानि जानि पालन नगरेमा वा सरकारी सुविधा वा अधिकारको दुरूपयोग गरेमा वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसुरको मात्राअनुसार १ वर्षदेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

३. दफा (१०) कानूनले गर्न नपाउनेमा कुनै राष्ट्रसेवकले आफैँ वा अरूको नामबाट वा साझेदारीमा व्यापार गरेको वा लिलामीमा बढाबढ गरेमा वा कुनै फर्म वा कम्पनीको हिस्सेदार भएमा वा सरकारी सेवामा रहेकाले नेपाल सरकारलाई र सरकारी मान्यता

प्राप्त संस्थाको सेवामा रहेकाले सो संस्थालाई पूर्व सूचना नदिई आफ्नो वा आफ्नो आस्रितको भोग वा बसोबासको निमित्त चाहिने भन्दा बढी कुनै अचल सम्पत्ति खरिद गरेमा निजलाई कसुरको मात्राअनुसार १ वर्षदेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ र त्यसरी गैरकानूनी किसिमसँग आर्जन गरेको सम्पत्ति पनि जफत भै सरकारी कोषमा दाखिल हुनेछ।

४. दफा (१५) यो ऐन अन्तर्गत सजाय हुने कुनै कसुरमा अभियोग लागेको कुनै राष्ट्रसेवकको साथमा निजको र निजको परिवारका सदस्यहरूको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा निजले त्यसरी नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरूलाई ठूलो दान दातव्य बकस दिएको फेला परेमा निजले अदालतलाई त्यसको सन्तोषजनक हुने सबुद दिन सकेमा बाहेक गैर कानूनीरूपले रिसवत लिएको अनुमान गरिने छ र केवल सो अनुमानको आधारमा कसुरदार ठहर्‍याई अदालतबाट फैसला भएको छ भन्दैमा सो फैसला बदर हुन सक्दैन।

५. दफा १६ग यस परिच्छेद अन्तर्गत सजाय हुने कसुरसँग सम्बन्धित ठहरिएको चल तथा अचल सम्पत्ति यस ऐनअन्तर्गत कसुरदार ठहरिएको राष्ट्रसेवक वा व्यक्तिले आफ्नो परिवार वा अरू कुनैको नाममा राखेको भए तापनि सो सबै सम्पत्ति जफत हुने छ।

६. दफा (२९) "…..परिच्छेद २ अन्तर्गत सजाय हुने कसुर गरि त्यसबाट आफू वा अन्य कुनै व्यक्तिलाई गैर कानूनी लाभ वा कुनै व्यक्तिलाई गैर कानूनी हानि पुर्‍याएको रहेछ भने त्यस्तो कसुरबापत हुने सजायको अतिरिक्त त्यस्तो व्यक्तिसँग गैर कानूनी लाभ वा हानि गरेको बिगो असुल गरिनेछ।

**भ्रष्टाचार निवारण ऐन, २०५९**

७. दफा (२०) (१) प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो वा अस्वाभाविक देखिन आएमा वा निजले मनासिब कारण बिना अमिल्दो वा अस्वाभाविक उच्च जीवनस्तरयापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नु पर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनीरूपमा आर्जन गरेको मानिनेछ।

८. दफा (२०)(२) कुनै राष्ट्रसेवकले उपदफा (१) बमोजिम गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा त्यसरी आर्जन गरेको सम्पत्तिको बिगोअनुसार दुई वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना गरि त्यसरी आर्जन गरेको गैर कानूनी सम्पत्तिसमेत जफत गरिने छ।

९. दफा (४७) कुनै व्यक्तिले यो ऐन वा प्रचलित कानून बमोजिम भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरि आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्तिसमेत आफ्नो वा अरू कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुनेछ।

१०. प्रतिवादी भरतप्रसाद नेपाल मिति २०३४।६।४ देखि सार्वजनिक सेवामा प्रवेश गरेदेखि आरोपपत्र पेस नहुँदासम्मको जाँच अवधिमा भएका आम्दानी तथा व्ययसमेतको न्यायिक विवेचना गरि विशेष अदालतको फैसलामा कमी कमजोरी र त्रुटि छ छैन भनि निर्णय दिनु परेको छ। यी पुनरावेदक प्रतिवादीले जाँच अवधिमा रू.१,४१,७१,४८७।५८ बराबरको सङ्ग्रह गरेको सम्पत्तिको वैधानिक स्रोत पुष्टि नभएबाट सजाय भई बिगोबमोजिमको जरिवाना र त्यस्तो सम्पत्तिसमेत जफत गरि पाउन माग दाबी लिएको देखिन्छ।

११. वादी पक्षबाट त्यसरी रू.१,४१,७१,४८७।५८ रूपैयाँ बराबरको सम्पत्तिको

स्रोत नखुलेको भनि मुद्दा दायर भएकामा विशेष अदालत, काठमाडौंबाट निज र निजको परिवारमा जम्मा रू.७,४३,४६,४२५।७६ बराबरको आय भई रू.८,०२,४२,५१३।०९ बराबरको व्यय गरेको देखिएकाले रू.५८,९६,१०५।३३ बराबरको सम्पत्तिको स्रोत पुष्टि हुन सकेन। तसर्थ प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम १ वर्ष कैद सजाय, बिगो बमोजिम जरिवाना भई दफा ४७ बमोजिम रू.५८,९६,१०५।३३ बराबरको सम्पत्ति जफत गर्नु पर्ने हुँदा कि.नं. २५७ र २५८ को जग्गा र सोमा बनेको घर जग्गामध्येबाट ५४.८९ प्रतिशत बराबरको जफत गर्नु भन्ने व्यहोराले विशेष अदालत, काठमाडौंबाट मिति २०६७।५।२ मा फैसला भएपश्चात् प्रतिवादी पक्ष र वादी पक्षले प्रस्तुत मुद्दा यस अदालतमा दायर गरेको देखिन्छ।

१२. प्रतिवादी पक्षबाट विशेष अदालत, काठमाडौंले प्रतिवादीको स्वदेशी, विदेशी बैंकमा मौज्दात रहेको रकम, सेयर, विद्युतीय उपकरण, घर निर्माणको लागत, ज्वाइँ डोलनाथ उप्रेतीले पठाएको रकम, जग्गा खरिदको रकम, महालक्ष्मी फाइनान्सको कर्जा कारोबारको रकम, सवारी साधनसमेतका शीर्षकमा बिगो कायम गरि फैसला गरेकामा प्रतिवादीले विद्युतीय उपकरण र जग्गा खरिद गर्दाको रकमलाई कायम गरेको बिगोलाई स्वीकार गरि र वादी नेपाल सरकारले घर निर्माण लागतको बिगो घटि कायम गरेको नमिलेको भनि मात्र पुनरावेदन जिकिर लिएको देखिन्छ। यसरी वादी पक्षले पनि विद्युतीय उपकरण र जग्गा खरिदको रकम शीर्षकमा कायम गरेको बिगोलाई स्वीकार गरेको देखिएको र प्रतिवादी पक्षले पनि स्वीकार नै गरेबाट सो शीर्षकमा थप विवेचना गरि रहन परेन। विद्युतीय उपकरणको ३९,५००।– र जग्गा खरिद गरेको रू.१२,५३,२००।– प्रतिवादीको बिगोमा कायम हुन्छ।

१३. अब, प्रतिवादीले बैंक मौज्दात, सेयर, सवारी साधन, घर निर्माण लागत, महालक्ष्मी फाइनान्सको कर्जा, ज्वाइँ डोलनाथ उप्रेतीले पठाएको रकमलाई बिगो कायम गरेको नमिलेको भनि पुनरावेदन पत्रमा जिकिर लिएकाले तत् तत् शीर्षकमा क्रमशः विवेचना गरि निर्णय गर्नु पर्ने देखिन आएको छ।

१४. प्रतिवादी पक्षले महालक्ष्मी फाइनान्स वीरगञ्जसँगको कर्जा कारोबारलाई बिगो (व्यय) कायम गरेको नमिलेको भनि लिएको जिकिरको सम्बन्धमा हेर्दा वादी पक्षले महालक्ष्मी फाइनान्स वीरगञ्जसँगको कर्जा कारोबारलाई दाबी गरेको देखिँदैन। प्रतिवादीहरूले हायर पर्चेज कर्जा र गृह निर्माण कर्जासमेत उक्त फाइनान्सबाट उपभोग गरेको भन्नेसमेत व्यहोराले विशेष अदालतमा बयान गरेको देखिन्छ। यी पुनरावेदक प्रतिवादीहरूले आ.व.२०५४/०५५ देखि आ.व.२०६३/०६४ सम्म उक्त फाइनान्सबाट रू.६,८८,५४,४००।– ऋण लिएको, सो कर्जामध्ये पटक–पटक साँवा ब्याज तिर्दै आ.ब.२०६३।०६४ सम्म रू.६,१४,३०,०९४।– साँवा र रू.१८,७९,५०३।९६ ब्याजसमेत गरि जम्मा रू.६,३३,०९,५९७।९६ ऋण तिरेको भन्ने कुरा आरोपपत्रको पृष्ठ १६ बाट देखिन्छ। त्यसरी आरोपपत्रमा रू.६,३३,०९,५९७।९७ रूपैयाँ तिरे बुझाएको देखिएको भन्ने उल्लेख भएको आधारमा सो रकमलाई प्रतिवादीको बिगो कायम गरेको देखिन्छ।

१५. महालक्ष्मी फाइनान्सबाट अनुसन्धानको क्रममा प्राप्त कागजातबाट प्रतिवादीहरूले उक्त फाइनान्सको कर्जा नं.१२४९, १३२१, १३७१, १३८५, १४२२, १४४२, १४४९, १४७३, १४७८, १५१५, १५४४, १५६५, १५८८, १६४६, १६७१, १७०८ (७२१०६९३), ७२१७६३५ र ७२१०७४० बाट गृह निर्माणसमेत कर्जा उपभोग गरेको देखिन्छ। विशेष अदालतले सो कर्जा रकमलाई प्रतिवादीको बिगोमा कायम गर्दा मिति २०६४।११।१८ को पत्रलाई आधार लिएको देखिन्छ। उक्त मितिको पत्र व्यहोरा हेर्दा प्रतिवादी पक्षले उक्त महालक्ष्मी

फाइनान्सलाई रू. ७४,२४,७००। रूपैयाँ तिर्न बुझाउन बाँकी रहेको देखिन्छ । यस अदालतको मिति २०६९।५।३१ को आदेशले माग भई आएको कर्जा नं. ७२१०७४० बाट प्रतिवादीले उपभोग गरेको कर्जा रकममा रू. ७४,२४,७००।- तिर्न बुझाउन बाँकी रहेको भन्ने देखिँदा मिति २०६४।११।१८ को पत्रमा उल्लिखित रकम तिर्न बुझाउन बाँकी रहेको नै देखियो । त्यसै गरि कर्जा नं. ७२१०९८९ बाट प्रतिवादीले पछिल्लो पटक मिति २०६५।५।४ मा रू. १०,००,०००।- समेत कर्जा उपभोग गरेको र सोसमेत तिर्न बुझाउन बाँकी रहेको देखिन आयो ।

१६. प्रतिवादीहरूले उक्त कर्जा गृह निर्माण कर्जा शीर्षकमा लिएको तथ्यमा विवाद छैन । उक्त कर्जा प्रतिवादीले कि.नं. ५०, २५७ र २५८ का जग्गाहरूसमेत सुरक्षणबापत धितो राखि लिएको देखिन्छ । प्रतिवादीले बयान गर्दा महालक्ष्मी फाइनान्सबाट लिएको कर्जा तत् तत् जग्गामा घर निर्माण गर्दा उपभोग गरेको भनि बयान गरेको देखिन्छ । उक्त महालक्ष्मी फाइनान्सले प्रतिवादीलाई प्रवाह गरेको गृह निर्माण कर्जाअन्तर्गत लिएको कर्जाको साँवा र ब्याज भुक्तानी नगरेबाट सो रकम तिर्न बुझाउनको लागि प्रतिवादी अम्बिका देवी नेपालको नाम उल्लेख गरि मिति २०६९।१।५ मा ७ दिनभित्र साँवा, ब्याज र हर्जनासमेत तिर्न बुझाउन सूचित गरिन्छ भनि सूचना प्रकाशन भएको देखिन्छ । त्यसै गरि मिति २०६९।४।३ मा ३५ दिने सूचना अन्नपूर्ण पोष्ट दैनिकमा सार्वजनिकरूपमा प्रकाशन गरेको देखिन्छ । सो सूचनामा ऋणी अम्बिका देवी नेपालले महालक्ष्मी फाइनान्सबाट लिएको ऋण रकमको साँवा र ब्याजसमेत तिर्ने बुझाउने सम्बन्धमा मिति २०६९।१।५ गते ७ दिने र मिति २०६९।१।१८ गते १५ दिने सूचना प्रकाशन गर्दासमेत नतिरेको हुँदा यो सूचना प्रकाशन भएको मितिले ३६ औं दिनका दिन सुरक्षण बापत धितोमा रहेका निजका नामको कि.नं. ५०,२५७, २५८ का जग्गा, सो जग्गामा बनेका घर तथा सो घरले चर्चेको सम्पूर्ण लिग लगापातसमेत र कि.नं.४३५, १५२८ र १५३० का जग्गाहरू लिलाम बढाबढ हुने छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । प्रतिवादीहरूले आफूले उपभोग गरेको कर्जा चुक्ता गरेको भए त्यसरी धितो राखेको जग्गा एवम् घरसमेत लिलामको लागि सूचना प्रकाशन हुने थिएन । अतः विशेष अदालत, काठमाडौंले प्रतिवादी अम्बिका देवी नेपालसमेतले उपभोग गरेको कर्जा तिरे बुझाएको भनि रू.६,३३,०९,५९७।९६ बिगो (व्यय) कायम गरेको हदसम्म मिलेको देखिएन ।

१७. त्यसैगरि पुनरावेदक प्रतिवादीले ज्वाइँ डोलनाथ उप्रेतीले आयरल्याण्डबाट छोरी सुष्मा नेपाललाई रू.२२,८४,७०२।५० पठाएको, सो रकम छोरीबाट आफूले सापटीस्वरूप चलाई घर निर्माण गरेको र पछि महालक्ष्मी फाइनान्सबाट कर्जा लिई सो रकम छोरीलाई फिर्ता गरिसकेको हुँदा थप बिगो कायम गरेको नमिलेको भनि जिकिर लिएको देखिन्छ । सुष्मा नेपाल प्रतिवादीको छोरी भएको तथ्यमा विवाद छैन । विशेष अदालत, काठमाडौंले ज्वाइँ डोलनाथ उप्रेतीले पठाएको उक्त रू.२२,८४,७०२।५० लाई बिगो र आय दुवैमा गणना गरि फैसला गरेको कुरा मिसिल संलग्न विशेष अदालतको फैसलाबाट देखिन्छ । प्रतिवादी भरतप्रसाद नेपालले विशेष अदालत, काठमाडौंमा गरेको बयानको सवाल जवाफ ६ हेर्दा हाल सो रकम तिरेको भन्ने देखिन्छ । वादी नेपाल सरकारले उक्त रकम आय र व्ययमा गणना गरेको सम्बन्धमा कुनै जिकिर लिएको पनि देखिँदैन । डोलनाथ उप्रेतीले सो रकम पठाएको समयमा प्रतिवादीले कि.नं. २५७ र २५८ का जग्गामा घर निर्माण गर्दै गरेको कुरा मिसिल संलग्न प्रतिवादीहरूको बयानबाट देखिन्छ । यसरी सापटीस्वरूप लिएको रकम पछि महालक्ष्मी फाइनान्स (वित्तिय संस्था) बाट कर्जा (ऋण) लिई छोरीलाई तिरेको भन्ने देखिएको र फाइनान्सबाट लिएको ऋण रकम तिर्न बुझाउन बाँकी रहेको भन्ने तथ्य सो महालक्ष्मी फाइनान्सको

मिति २०६४।११।१८ र मिति २०६५।५।४समेतको पत्रबाट देखिँदा डोलनाथ उप्रेतीले आयरल्याण्डबाट पठाएको रू.२२,८४,७०२।५० प्रतिवादीको बिगोमा कायम गरेको विशेष अदालतको फैसला सो हदसम्म मिलेको देखिएन । अतः विशेष अदालत, काठमाडौंले प्रतिवादीले वीरगञ्जस्थित महालक्ष्मी फाइनान्सलाई तिरेको भनि कायम गरेको रू. ६,३३,०९,५९७।९६ र छोरी सुष्मा नेपाललाई बुझाएको रू. २२,८४,७०२।५० प्रतिवादीको बिगोमा कायम हुन नसक्ने ठहर्छ ।

१८. अब पुनरावेदक प्रतिवादीहरूको व्यय (बिगो) के कति कायम हुन्छ भन्ने सम्बन्धमा हेर्नु पर्ने हुन आएको छ । प्रतिवादी भरतप्रसाद नेपालको मिति २०३४।६।४ देखि २०६३।७।३० सम्मको अवधि जाँच अवधि भएको तथ्यमा विवाद छैन । यस प्रकृतिका मुद्दामा यस अदालतबाट नेपाल सरकार विरूद्ध चिरञ्जिवी वाग्ले (ने.का.प. २०६७, चैत, निर्णय नं. ८५१९, पृष्ठ २००७), नेपाल सरकार विरूद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प. २०६८, असोज, निर्णय नं. ८६३०, पृष्ठ ९१७), नेपाल सरकार विरूद्ध जयप्रकाश प्रसाद गुप्ता (ने.का.प. २०६८, फागुन, निर्णय नं. ८७२२, पृष्ठ १८९०), नेपाल सरकार विरूद्ध खुमबहादुर खड्का (ने.का.प. २०६९, भदौ, निर्णय नं. ८८३२, पृष्ठ ७७१) लिलाराज गौतमसमेत विरूद्ध नेपाल सरकार (ने.का.प. २०६९, जेठ, निर्णय नं. ८७७०, पृष्ठ २५९), नेपाल सरकार विरूद्ध युवराज शर्मा (ने.का.प. २०६९, पुस, निर्णय नं. ८८८६, पृष्ठ १३४१), नेपाल सरकार विरूद्ध गणेश अर्याल (०६३–CI–०६५०), नेपाल सरकार विरूद्ध डिल्लीरमण निरौला (०६५–CR–००३१), नेपाल सरकार विरूद्ध लक्ष्मीराज पाठक (०६५–CR–००४५), नेपाल सरकार विरूद्ध रामकृष्ण तिवारी (२०६२ सालको फौ.पु.नं. ३३९९ समेत), नेपाल सरकार विरूद्ध मुरारीबहादुर कार्की (०६५–CR–०००९), नेपाल सरकार विरूद्ध निरञ्जन बाबु श्रेष्ठ (०६५–CR–००६४) र नेपाल सरकार विरूद्ध आनन्द प्रसाद खनालसमेतका भ्रष्टाचार मुद्दामा Cash Flow को आधारमा नभई Check Period को आधारमा सम्पत्तिको विश्लेषण गरि न्याय निरूपण गर्ने गरेको सन्दर्भमा जाँच अवधिको व्यय र आयलाई छुट्टाछुट्टैरूपमा विश्लेषण गरि निष्कर्षमा पुग्नु पर्ने देखिन आयो ।

१९. आयको वैधानिकता जाँचिने प्रस्तुत मुद्दामा प्रतिवादी भरतप्रसाद नेपाल राष्ट्रसेवक कर्मचारी भएको तथ्यमा विवाद छैन । यी प्रतिवादी र अम्बिका देवी नेपालको बैंकमा आरोपपत्रको तालिका नं.२४ को क्र.सं.११ मा स्रोत खुलेको रू.६०,१८६।८३ मौज्दात रहेको भनि वादी पक्षबाट उल्लेख भएको देखिन्छ । विशेष अदालत, काठमाडौंले प्रतिवादीको बैंक मौज्दातको बिगो भनि रू. ८०,१११।२८ कायम गरेको देखिन्छ । आरोपपत्रको तालिका नं.३ हेर्दा प्रतिवादी भरतप्रसाद नेपाल र संजय अग्रवालको संयुक्त नाममा वीरगञ्जस्थित नेपाल बंगलादेश बैंकमा ००७५३१ एस नं. को खाता रहेको देखिन्छ भने प्रतिवादी अम्बिका देवी नेपालको महालक्ष्मी फाइनान्स लिमिटेड वीरगञ्जमा १२–१०४८७–७ नं., एभरेष्ट बैंक लिमिटेडमा ०११६६० ए. नं., नेपाल बंगलादेश बैंक लिमिटेडमा ०१८०७० बि नं. को खाता रहेको र उल्लिखित खातामा रू.६०,१८६।८३ रूपैयाँ मौज्दात रहेको देखिन्छ । प्रतिवादीले पेस गरेको पुनरावेदन र बहसनोट हेर्दा सो रकममात्र बिगो कायम गर्नु पर्ने हो । बैंक ब्याजबाट प्राप्त अरू रकम बिगो कायम गर्न मिल्दैन भनि जिकिर गरेको देखिन्छ । यस सम्बन्धमा विशेष अदालतको फैसला हेर्दा उक्त मौज्दात रकमको ब्याजलाई बिगोमा गणना गरेको भन्ने देखिँदैन । निज प्रतिवादीका छोरीहरूको खातामा मौज्दात रहेको रकमलाई बिगो कायम गरेको देखिएको र ऐ.का सगोलमा रहेका निजका छोरीहरूसमेतको आयलाई प्रतिवादीको आयमा गणना हुने सन्दर्भमा छोरी सीमा नेपालको नाममा रहेको सिद्धार्थ बैंकको ०३५३९१

एस, नेपाल बंगलादेश बैंक लिमिटेडको ०१८०६० बि नं.को खातामा रहेको रू.५,६०२।९५ रूपैयाँ र सुष्मा नेपालको नाममा रहेको वीरगञ्ज फाइनान्स लिमिटेडको १११११००००५५ नं. तथा नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको ००९३११ नं. को खातामा रहेको रू.१४,३२१।४९ समेत गरि जम्मा रू. ८०,१११।२८ लाई विशेष अदालत, काठमाडौंले बिगो कायम गरेकोलाई अन्यथा भन्न मिलेन।

२०. आरोपपत्रको तालिका नं.४ र ५ हेर्दा प्रतिवादी भरतप्रसाद नेपालको विदेशस्थित भारतको पंजाव नेसनल बैंक रक्सौलमा ५५५।– भारतीय रूपैयाँ रहेको देखिएको र सोको हुने रू. ८८८। ने.रू. लाई विशेष अदालत, काठमाडौंले बिगो कायम गरेको देखिन्छ। पुनरावेदक प्रतिवादीको तर्फबाट पेस भएको बहसनोटमा सो रकमलाई बिगोमा गणना गरेको नमिलेको भनि जिकिर लिएको भए तापनि त्यसरी बैंकमा मौज्दात रहेको रकमलाई बिगो कायम गरेको सम्बन्धमा प्रतिवादीले अन्यथा भन्न नसकेको हुँदा सो रकम पनि प्रतिवादीको बिगो (व्यय) मा गणना हुन्छ।

२१. प्रतिवादी भरतप्रसाद नेपाल र अम्बिका देवी नेपालकी छोरी सुष्मा नेपालको नाममा वीरगञ्ज फाइनान्स लिमिटेड वीरगञ्जमा रहेको ५३० कित्ता सेयर कर्मचारी सुविधाअन्तर्गत प्राप्त गरेको हुँदा सोको हुने रू.५३,०००।– बिगोमा कायम गर्न मिल्दैन भनि पुनरावेदक प्रतिवादी पक्षबाट जिकिर लिएको देखिन्छ। विशेष अदालत, काठमाडौंले सोलाई पनि बिगोमा कायम गरि व्यय (बिगो) गणना गरेको देखिन्छ। आरोपपत्रको तालिका नं.७ मा कर्मचारी सुविधाअन्तर्गत प्रतिकित्ता १००।– का दरले ५३० कित्ता सेयरको रू. ५३,०००।– हुने भनि उल्लेख गरि आरोप पत्रमा कुनै पनि जिकिर लिएको नदेखिए तापनि सो सेयर वीरगञ्ज फाइनान्सबाट कर्मचारी सुविधाअन्तर्गत मौद्रिक रकम नतिरि लिएको भन्ने कुरा देखाउन सकेको पाइँदैन। बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन। स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ। यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो। यसरी एकाघरकी छोरी सुष्मा नेपालले कर्मचारी सुविधाअन्तर्गत मौद्रिक रकम नतिरि रू.५३,०००।– रकम बराबरको ५३० कित्ता सेयर प्राप्त गरेको भन्ने कुरा स्थापित हुन नआएबाट विशेष अदालत, काठमाडौंको फैसला अन्यथा देखिन आएन।

२२. पुनरावेदक प्रतिवादी भरतप्रसाद नेपालको छोरा बिक्रान्त नेपालको नाममा ना.४ प.७९४० नं. को मोटरसाइकल र छोरी सुष्मा नेपालको नाममा ना.४ प.६६२४ नं. को मोटरसाइकल (स्कुटर) भएको भन्ने तथ्य प्रतिवादीहरूको बयानबाट देखिएकामा सो तथ्य मिसिल संलग्न आरोपपत्रको तालिका नं.८ बाट समर्थित भएको देखिन्छ। सो तालिका हेर्दा छोरी सुष्मा नेपालको नामको स्कुटर रू.८२,०००।– मा खरिद गरेको देखिन्छ। सो रकमलाई वादी पक्षले व्ययमा गणना नगरि छोरा बिक्रान्त नेपालको नाममा खरिद भएको उपर्युक्त ना.४ प.७९४० नं. को मोटर साइकलको खरिद मूल्यलाई मात्र बिगोमा कायम गरि मुद्दा दायर गरेको देखिन्छ। प्रतिवादी पुनरावेदक पक्षको तर्फबाट पेस भएको बहसनोटमा सुष्मा नेपालले खरिद गरेको स्कुटर कर्मचारी सुविधाअन्तर्गत नै खरिद गरेको हुँदा सो हदसम्म कायम भएको बिगो मिलेको छैन। छोरा बिक्रान्त नेपालको नाममा खरिद भएको ना.४ प.७९४० नं.को मोटर साइकलमात्रको रू.१,०१,३९९।– बिगो कायम हुनु पर्ने जिकिर लिएको देखिन्छ। छोरी सुष्मा नेपालसमेतको आयलाई पनि प्रतिवादीको आयमा गणना हुने सन्दर्भ र औचित्यको आधारमा स्कुटरको खरिद मूल्य रू.८२,०००।– समेत गरि कुल रू.१,८३,३९९।– पुनरावेदक प्रतिवादी भरतप्रसाद नेपालको बिगोमा गणना गर्न मनासिब नै हुने हुँदा विशेष अदालतले स्कुटर खरिदसमेतको मूल्यलाई बिगो कायम गरेको फैसलामा त्रुटि देखिन आएन।

२३. प्रतिवादी अम्बिका देवी नेपालका

नामको वीरगञ्ज उपमहानगरपालिका वडा नं.४ कि.नं.५० मा ४ तलाको एउटा र कि.नं.२५७ र २५८ को जग्गामा तिनतले एउटा घरसमेत २ वटा घर भएको तथ्यमा विवाद छैन । कि.नं. ५० को जग्गामा बनेको घरको सम्बन्धमा आरोपपत्रको तालिका नं.९ को क्रम सङ्ख्या ११ हेर्दा २०५३ सालमा निर्माण भई २०६१ सालको अवधिमा चार तला निर्माण सम्पन्न भएको भन्ने देखिन्छ । उक्त घर रू.४०,४८,१६५।१२ को मौद्रिक लागतमा निर्माण भएको भन्ने कुरा वादी पक्षबाट आरोपपत्रमा उल्लेख गरेको देखिन्छ । प्रतिवादीले उक्त ४ तलाको घर वादी दाबीको लागतमा निर्माण भएको होइन । वास्तविक क्षेत्रफल ११९९.५६ वर्ग फिट हुनु पर्नेमा वादी पक्षले १२२१.९१ वर्ग फिट कायम गरि लागत बढी देखाएको र सो देखाइएको बिगोलाई नै विशेष अदालतले मान्यता दिई गरेको फैसला सो हदसम्म नमिलेको भनि पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको सवाल जवाफ १६ हेर्दा सो घर निर्माणमा रू.१६,२०,०००।- लागत लागेको भन्ने देखिन्छ ।

२४. प्रतिवादीले त्यसरी बढी वर्ग फिट कायम गरि बढी लागत देखाएको भनि जिकिर लिएको भए तापनि मिसिल संलग्न रहेको कि.नं.५० को जग्गामा बनेको घरको अनुसन्धानको क्रममा तयार भएको प्राविधिक मूल्याङ्कन प्रतिवेदन हेर्दा जमिन तला १२२१.९१ वर्ग फिट पहिलो तथा दोस्रो क्रमशः तला १३१३.७८ वर्ग फिट, तेस्रो तला ८८७.१० वर्ग फिट र जमिन तलाको शौचालय ४१.५६ वर्ग फिटमा निर्माण भएको भन्ने देखिन्छ । प्रतिवादीले उक्त घर सोभन्दा कम वर्गफिटमा सोभन्दा कम लागतमा निर्माण भएको भन्ने कुराको विश्वासनीय प्रमाण पेस गर्न सकेको नपाइँदा बढी वर्ग फिट कायम गरि मूल्याङ्कन गरेको भन्ने देखिएन । घर निर्माण लागत अन्यथा प्रमाणित भएमा बाहेक शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको मापदण्डअनुसार घर निर्माण गरेको सम्बन्धित सालको दररेटका आधारमा यकिन गर्नु पर्ने हुन्छ । मूल्याङ्कन प्रतिवेदनमा भुइँ तला २०५२ पुसमा नक्शा पास गरि निर्माण सुरू भएकाले सो सालको दररेट अनुसार १२२१.९१ वर्गफिटको प्रतिवर्ग फिटको ६१९।–, पहिलो तला २०५६ साउनमा निर्माण भएकाले १३१३.७८ वर्ग फिटको प्रतिवर्ग फिटको ६५८।–, दोस्रो र तेस्रो तला २०५९ कात्तिकमा निर्माण भएकाले प्रति वर्ग फिट ७४४।– का दरले हुने रू.३५,६४,६७३।१२ र ०६२।६३ को दररेटको आधारमा ४०,१७,३६९।२० हुने भन्नेसमेत उल्लेख भएको देखिन्छ । विशेष अदालत, काठमाडौंले सो घरको ०६२।६३ को दररेटको आधारमा नभई जुन जुन साल वा वर्षमा घर र घरका तलाहरू निर्माण भएको हो तत् तत् सालको दररेटको आधारमा मूल्याङ्कन गरि बिगो कायम गरेको देखिन्छ । तसर्थ, सो घरको रू.२८,७२,२१८।४९ बिगो कायम गरेकोलाई अन्यथा भन्न मिल्ने देखिएन ।

२५. कि.नं. २५७ र २५८ को जग्गामा बनेको घरको सम्बन्धमा विचार गर्दा सो घर रू.१,२७,०७,३९२।३३ को आधारभूत लागतमा निर्माण भएको भन्ने व्यहोराले वादी पक्षबाट दाबी लिएको देखिन्छ । प्रतिवादी भरतप्रसाद नेपालले अनुसन्धानको क्रममा घर निर्माणधीन अवस्थामा थियो । ४० प्रतिशत पुरा हुन बाँकी रहेको अवस्थामा पुरै घर निर्माण सम्पन्न भएको भनि बिगो कायम गरेको मिलेको छैन । सो घर रू.७५,००,०००।– को लागतमा निर्माण सम्पन्न भएको भनि विशेष अदालत, काठमाडौंमा गरेको बयानको सवाल जवाफ १८ मा उल्लेख गरेको देखिन्छ । यसरी घर निर्माणको सम्बन्धमा वादी र प्रतिवादीले फरक–फरक लागतको दाबी गरेको अवस्थामा विशेष अदालत, काठमाडौंले सो घर निर्माणको लागत रू.१,२७,०७,३९२।३३ नै कायम गरेको देखिन्छ । उक्त घरको दुई पटक प्राविधिक

मूल्याङ्कन भएको देखिन्छ। २०६३ सालमा गरिएको पहिलो प्राविधिक मूल्याङ्कन प्रतिवेदनमा घर निर्माणाधीन अवस्थामा रहेको भन्ने देखिए तापनि २०६५ सालमा गरिएको दोस्रो प्राविधिक मूल्याङ्कनबाट घर निर्माणाधीन अवस्थामा रहेको भन्ने देखिँदैन। प्रतिवादीले ४० प्रतिशत निर्माण हुन बाँकी भन्ने कुराको तथ्ययुक्त प्रमाण पेस गर्न सकेको देखिँदैन। त्यसमा पनि मिसिल संलग्न अनुसन्धानको क्रममा खिचिएको फोटोबाट पनि निर्माण सम्पन्न भइसकेको देखिनुका साथै आरोपपत्रको तालिका नं. १२ को क्र.सं.२ को कैफियत महलमा सो घरको प्राविधिक मूल्याङ्कन मिति २०६५।१।२५ मा भएको भन्ने देखिएको र तालिका नं.११ बाट ०६१–०६३ को अवधिमा घर निर्माण सम्पन्न भई सकेको भन्ने देखिँदा निर्माण सम्पन्न भैसकेको तथ्य समर्थित हुन आयो।

२६. घर निर्माणको लागत अन्यथा प्रमाणित भएमा बाहेक शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको निर्माण भएको सालको दररेटका आधारमा यकिन गर्नुपर्ने हुन्छ। शहरी विकास तथा भवन निर्माण विभागको मिति २०६४।४।९ को पत्रबाट घर निर्माणमा १५ प्रतिशत ओभरहेड कष्ट र ५ प्रतिशत ठेक्का कर समावेश हुने देखिन्छ। यस्तै विवादको विषयवस्तु समावेश भएको माथि उद्धृत गरिएको नेपाल सरकार विरूद्ध डिल्लीरमण निरौलासमेत भएको मुद्दामा व्यक्ति आफैँले बनाएको घरमा १५ प्रतिशत ओभरहेड कस्ट र ५ प्रतिशत ठेक्का कर समावेश नहुने भन्ने उल्लेख भई यस अदालतबाट फैसला भएको देखिन्छ। उक्त दृष्टान्तअनुसार उल्लिखित कि.नं. ५०, २५७ र २५८ का घर प्रतिवादीले ठेकेदारबाट निर्माण नगराई आफैँले निर्माण गरेको भन्ने देखिँदा व्यक्ति आफैँले आफ्नो हेरचाहमा निर्माण गरेको घरको दररेटमा उल्लिखित ओभरहेड कष्ट र ठेक्का कर नलाग्ने हुँदा कि.नं. २५७ र २५८ मा निर्माण भएको घरको आधारभूत लागत रू.१,२७,०७,३९२।३३ मा ओभरहेड कस्ट १५ प्रतिशत र ठेक्का कर ५ प्रतिशत गरि २० प्रतिशत कम गरि बिगो कायम गर्नु पर्ने देखिन्छ। यसरी आधारभूत लागत मूल्यमा २० प्रतिशतले हुने रू.२५,४१,४७८।४७ घटाई हुने रू. १,०१,६५,९१३।८६ र कि.नं ५० को घरको आधारभूत लागत रू. २८,७२,२१८।४९ कायम गरेको विशेष अदालतको फैसला अन्यथा देखिन आएन।

२७. यसरी प्रतिवादीले जाँच अवधिमा निम्नबमोजिमको शीर्षकमा निम्नबमोजिमका मूल्यका सम्पत्ति आर्जन गरेको देखियो।

| सि.न. | विवरण | बिगो रकम |
|---|---|---|
| १ | स्वेदशी बैंकमा मौज्दात | रू.८०,१११।२८ |
| २ | विदेशी बैंकमा मौज्दात | रू.८८८।– |
| ३ | सेयर | रू.५३,०००। |
| ४ | विद्युतीय उपकरण | रू.३९,५००।– |
| ५ | कि.नं. ५० को घर निर्माणको | रू.२८,७२,२१८।४९ |
| ६ | कि.नं. २५७ र २५८ को घर निर्माणको | रू.१,०१,६५,९१३।८६ |
| ७ | जग्गा खरिद | रू.१२,५३,२००।– |
| ८ | सवारी साधान (मोटरसाइकल र स्कुटर) | रू.१,८३,३९९।– |
| | जम्मा | रू.१,४६,४८,२३०। ६३ |

२८. विशेष अदालत, काठमाडौंले प्रतिवादीको आय गणना गरेको सम्बन्धमा प्रतिवादी भरतप्रसाद नेपालले पुनरावेदनमा जग्गा बिक्रीबाट प्राप्त आय, तलब, भत्ता, छोरी सुष्मा नेपालले फाइनान्सबाट लिएको हायर पर्चेज कर्जाको सम्बन्धमा विशेष अदालतले गणना गरेको आयलाई स्वीकार गरि सञ्चय कोष सापटीबाट प्राप्त आय, घर भाडाबाट प्राप्त आय, प्रतिवादी अम्बिका देवी नेपाल तथा छोरीहरूको पारिश्रमिक बापत प्राप्त आय, व्यक्तिगत सापटीका रकम, भाइ शत्रूघन नेपालको आयलाई गणना नगरेको हदसम्म र वादी नेपाल सरकारले सञ्चयकोष सापटीको आय, सुष्मा नेपालको हायर पर्चेज कर्जा, प्रतिवादी अम्बिका देवी नेपालको पारिश्रमिक गणना नगरेको, छोरीहरूको आय कम गणना गरेको, ज्वाइँले पठाएको रकमलाई आयमा गणना गरेको, फाइनान्सको कर्जा कारोबारलाई आयमा गणना गरेको जस्ता विषयलाई स्वीकार गरि तलब, भत्ता तथा दशैं खर्चबापतको रकम, जग्गा बिक्रीको आय र घर भाडा बढी कायम गरिएको हदसम्म विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भनि जिकिर लिएको देखिन्छ। उपर्युक्तबमोजिम प्रतिवादी भरतप्रसाद नेपालकी छोरी सुष्मा नेपालले फाइनान्सबाट लिएको रू. १,००,०००। हायर पर्चेज कर्जा र ज्वाइँ डोलनाथ उप्रेतीले आयरल्याण्डबाट पठाएको रू. २२,८४,७०२।५० आयमा कायम गरेकोलाई प्रतिवादीले पनि स्वीकार गरेको र वादी नेपाल सरकारको तर्फबाट पनि सो सम्बन्धमा कुनै दाबी जिकिर गरेको नदेखिँदा विशेष अदालत, काठमाडौंले हायर पर्चेज कर्जा अन्तर्गत रू. १,००,०००।- र डोलनाथ उप्रेतीले आयरल्याण्डबाट पठाएको रू. २२,८४,७०२।५० प्रतिवादीको आयमा गणना गरेको सम्बन्धमा अब थप विवेचना गरि रहन परेन।

२९. अब, वादी प्रतिवादी पुनरावेदकको उपर्युक्त दाबी जिकिरबमोजिम प्रतिवादीको के कति आय कायम हुने हो भन्ने सम्बन्धमा विचार गर्दा वादी पुनरावेदकले आरोपपत्रमा लिएका दाबी र प्रतिवादीहरूले बयानमा उल्लेख गरेका जिकिरका सम्बन्धमा मिसिल संलग्न प्रमाणसमेत हेर्दा प्रतिवादीले जाँच अवधिमा प्राप्त गरेको तलब, भत्ता तथा दशैं खर्चबापतको आय, सञ्चय कोष सापटीबाट प्राप्त आय, जग्गा बिक्रीबाट प्राप्त आय, घर भाडा, प्रतिवादी अम्बिका नेपाल तथा छोरीहरूको पारिश्रमिकबापत प्राप्त आय, महालक्ष्मी फाइनान्सको कर्जाबाट प्राप्त आय, होटल तथा जग्गा खरिद बिक्री लगानी फर्मबाट प्राप्त आय, ज्वाइँ डोलनाथ उप्रेतीले पठाएको आय र पत्रपत्रिका तथा संयुक्त लगानीको गाडीबाट प्राप्त आय र विशेष व्यक्तिगत सापटीको रकमलाई छुट्टाछुट्टैरूपमा विचार गरि हेर्नु पर्ने देखियो।

३०. सर्वप्रथम प्रतिवादीको तलब भत्ताबाट प्राप्त आयका सम्बन्धमा विचार गर्दा आरोपपत्रको तालिका नं.२ बाट प्रतिवादी भरतप्रसाद नेपाल मिति २०३९।६।१८ मा सेवा प्रवेश गरि प्रस्तुत मुद्दा दायर भएपछि मिति २०६३।७।३० मा निलम्बनमा परेको देखिन्छ। आरोपपत्रको तालिका नं.१७ हेर्दा निजले आ.प.२०३९।४० देखि मात्र सेवा प्रवेश गरि तलब, भत्ता र दशैं खर्चबापतको रकम प्राप्त गरेको भन्ने उल्लेख भएको देखिन्छ। तर, मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कनको आधारमा प्रतिवादी भरतप्रसाद नेपाल २०३४।६।४ देखि सेवा प्रवेश गरि सेवारत् रहेको देखिएको समेतका आधारमा मिति २०३४।६।४ देखि कै तलब, भत्ता र दशैं खर्चबापतको रकम हिसाब गरि विशेष अदालत, काठमाडौंले रू.६,९०,५०६।६० आय कायम गरेको देखिन्छ। पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट पेस भएको पुनरावेदन पत्रमा तलब, भत्ता र दशैं खर्चबापत दिइने रकम बचत भई सम्पत्ति सङ्ग्रह गर्ने स्रोत नहुने हुँदा आयमा गणना गरेको मिलेको छैन भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। त्यस सम्बन्धमा विचार गर्दा पुनरावेदक वादीको तर्फबाट तलब, भत्ता र दशैं खर्च यो यति कारणले बचत नहुने

भनि वस्तुगत आधार र मनासिब कारण देखाई पुष्टि गर्न नसकेको देखिँदा मासिक पारिश्रमिकमा १० प्रतिशतले हुने रकम सञ्चयकोष कट्टी र मिति २०६२।४।१० देखि मिति २०६३।७।३० सम्मको मासिक रू.२००।– का दरले १६ महिनाको हुने रू.३,२००।– बिमा कट्टी रकम घटाई रू.६,९०,५०६।६० मौद्रिक आय कायम गरेको विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न मिलेन।

३१. प्रतिवादी भरतप्रसाद नेपालले कर्मचारी सञ्चय कोषबाट ऋण र सापटी रकम लिएको भन्ने तथ्यमा पनि विवाद छैन । निजले सञ्चय कोषबाट ऋण र सापटी रकम लिएको भन्ने कुरा आरोपपत्रको तालिका नं. २० बाट देखिन आएको छ । उक्त तालिका नं. २० हेर्दा प्रतिवादीले रू.१,०६,२००।– विशेष सापटीसमेत गरि ऋण र सापटी लिएको भन्ने देखिन्छ । विशेष अदालत, काठमाडौंले उक्त रकमलाई प्रतिवादीको मौद्रिक आयमा गणना गरेको देखिन्छ । यस अदालतमा प्रतिवादी पुनरावेदकले ऋण लिएको सबै रकमलाई आयमा नजोडेको हुँदा सो हदसम्म नमिलेको भनि जिकिर गरेको देखिन्छ । मिसिल संलग्न मिति २०६३।१।२८ को पत्र व्यहोरा हेर्दा निजले कर्मचारी सञ्चयकोषबाट अरू थप रू. ४७,१००।– पनि ऋण लिएको तथ्य समर्थित भएको देखिन आएबाट रू. ४७,१००।– घटि गणना गरेको हदसम्म विशेष अदालत, काठमाडौंको फैसला मिलेको देखिएन। अब प्रतिवादीको सञ्चय कोष सापटी रकम शीर्षकमा रू.४७,१००।– थप भई रू.१,५३,३००।– कायम भई सो रकम प्रतिवादीको आयमा गणना हुन्छ।

३२. प्रतिवादी भरतप्रसाद नेपाल र अम्बिका देवी नेपाल श्रीमान् श्रीमती भएको तथ्यमा विवाद छैन । प्रतिवादी भरतप्रसाद नेपालको नाममा पैतृक सम्पत्तिबाट प्राप्त भएको कि.नं. २८५ को ००0४४.८१ वर्गमिटर (तिन धुर) जग्गाभन्दा अरू जग्गा जमिन भएको देखिँदैन । आरोपपत्रको तालिका नं. १४ बाट प्रतिवादी अम्बिका देवी नेपाल, छोरी सीमा नेपाल र आमा पदमकुमारीको नाममा रहेका विभिन्न कित्ता जग्गा जाँच अवधिमा नै खरिद गरि सोही अवधिमा केही जग्गा बिक्री भई हक हस्तान्तरण पनि गरेको देखिन्छ । वादी नेपाल सरकारले कि.नं. १५२८।७६, कि.नं. १५३०।७५ को १६.२७, कि.नं. ६९६।६० को ५३.२५ र कि.नं. ६९५।५९ को पुरै खरिदको स्रोत पुष्टि नभएको भनि पुनरावेदन जिकिर लिएको देखिन्छ । व्यक्ति विशेषको आय आर्जनको स्रोत जग्गा जमिन बिक्रीबाट प्राप्त आय हुने तथ्यमा पनि विवाद छैन । प्रस्तुत विवादमा आरोपपत्रको तालिका नं. १५ र १९ मा उल्लिखित जग्गाहरूमध्ये प्रतिवादी अम्बिका देवी नेपाल नामको पर्सा जिल्ला छपकैया गा.वि.स.वडा नं.४ कि.नं. ३२१, मिति २०५०।६।१४ मा रू.१२,५००।– मा, कि.नं. ३९०।४३५ को जग्गा मिति २०५१।११।२८ मा रू.५,०००।– मा, ऐ.ऐ. नगवा–१ कि.नं.६४० को जग्गा मिति २०५१।८।६ मा रू.९,५००।– मा, वीरगञ्ज उपमहागरपालिका वडा नं.२ अन्तर्गतका कि.नं. १५२८।७६ को जग्गा मिति २०६०।८।९ मा रू.१,००,०००।– मा, कि.नं. ६९६।६० को जग्गा मिति २०६०।११।१२ मा ३,५०,०००।– मा, कि.नं.१५३०।७५ को जग्गा मिति २०६१।३।४ मा रू.१,२६,०००।– मा र छोरी सीमा नेपाल नामको कि.नं.६९५।५९ का जग्गा मिति २०६०।११।१२ मा रू.३,५०,०००।– मा बिक्री गरि रू.९,५३,०००।– मौद्रिक आय प्राप्त गरेको भन्ने देखिन आयो । वादी पक्षबाट आरोपपत्रमा रू.२,५०,१४५।२० को मात्र स्रोत खुलेको उल्लेख भएको भए तापनि उक्त जग्गाहरू रू.९,५३,०००।– मा बिक्री गरेको भन्ने कुरा पुनरावेदक प्रतिवादीले पेस गरेको मिसिल संलग्न जग्गा बिक्रीसँग सम्बन्धित हक हस्तान्तरणका कागजातमा उल्लेख भएका लिखतबाट समर्थित हुन आएबाट लिखत मूल्यलाई अन्यथा भन्न मिलेन। तसर्थ, रू.९,५३,०००।– प्रतिवादीको आयमा

गणना गर्न मनासिब नै देखिन आयो।

३३. प्रतिवादी पुनरावेदकले जाँच अवधिमा घर भाडाबापत रू.१८,४७,२५०।– प्राप्त गरेकामा विशेष अदालतले रू.११,१६,२५०।– मात्र घर भाडा प्राप्त गरेको भनि आय गणना गरेको मिलेको छैन भनि पुनरावेदन जिकिर लिएको देखिन्छ। त्यस सम्बन्धमा विचार गर्दा प्रतिवादी अम्बिका देवी नेपालको नाममा वीरगञ्ज उपमहागरपालिकास्थित वडा नं.४ को कि.नं. ५० को जग्गामा भुइँतलासहित चार तला र कि.नं. २५७ र २५८ को जग्गामा तिन तला घर भएको तथ्य आरोपपत्रको तालिका नं.११ बाट देखिन्छ। तालिका नं. १८ हेर्दा प्रतिवादीले कि.नं. ५० मा बनेको घरको भुइँ तला मिति २०५३।५।१ देखि मिति २०५६।६।१ सम्म प्रति महिना रू.४,५००।– का दरले, मिति २०५६।६।१६ देखि मिति २०५८।१।१४ सम्म प्रति महिना रू. ९,५००।- का दरले, मिति २०५८।१।१५ देखि मिति २०५८।१२।३० सम्म प्रति महिना रू.५,५००।- का दरले र मिति २०५९।१।१ देखि मिति २०६३।७।३० सम्म प्रति महिना रू ४,५००।- का दरले भाडामा दिएको र जाँच अवधिमा रू.६,५७,७५०।– घर भाडा प्राप्त गरेको भन्ने देखिन्छ।

३४. २०५३ सालमा भुइँ तलासहित निर्माण भएको घर २०५६ सालमा पहिलो तला, २०६० सालमा दोस्रो तला र २०६१ सालमा तेस्रो तलासमेत थप गरि ४ तलाको घर निर्माण पुरा गरेको भन्ने कुरा आरोपपत्रको तालिका नं. १२ को सिं. नं. १ को विवरणबाट देखिएको छ। सो घरको बहाल निर्धारण गर्ने सम्बन्धमा वादी पक्षले भुइँ तला र पहिलो तलामात्र भाडामा लगाएको समयमा प्रति महिना रू.९,५००।– का दरले घर भाडा प्राप्त भएको कुरा पनि स्वीकार गरेको देखिन्छ। यद्यपि २०५६ सालदेखि क्रमशः २०६१ सालसम्मको अवधिमा ४ तला घरको मिति २०५८।१।१५ देखि मिति २०५८।१२।३० सम्म प्रति महिना रू.५,५००।– का दरले र मिति २०५९।१।१ देखि मिति २०६३।७।३० सम्मको अवधिको प्रति महिना उल्लिखित अवधिको भन्दा कम प्रति महिना रू.४,५००।– का दरले निर्धारण गरेको देखिन्छ।

३५. भुइँ तलासहित दुई तलामात्र भएको २०५६ देखि २०५८ सालको अवधिमा प्रति महिना रू.९,५००।– का दरले उदयपुर सिमेन्ट उद्योग लिमिटेड भाडामा बसेको घर पुरै ४ तला निर्माण सम्पन्न भै सकेपछि पनि सोभन्दा कम अर्थात् न्यून घर भाडा निर्धारण गर्नु न्यायोचित हुँदैन। वादी पक्षबाट सोभन्दा पछिको अवधिमा सो घर भाडामा नलागेको भन्ने जिकिर पनि प्रस्तुत गर्न सकेको देखिँदैन। यसबाट वादी पक्षबाट निर्धारण गरेको घर भाडालाई विशेष अदालत, काठमाडौंबाट बिना आधार र कारण प्रतिवादीको आयमा गणना गरेको फैसला न्यायोचित र विवेकसम्मत देखिएन। अब न्यायोचित अनुमानको आधारमा कि.नं. ५० को घरको घर भाडाबापत विशेष अदालतले कायम गरेको रू. ६,५७,७५०।– मा रू. ३,६४,५००।– थप भई रू. १०,२२,२५०।– प्रतिवादीको आय कायम हुन्छ।

३६. कि.नं. २५७ र २५८ मा बनेको घरको घर भाडाको सम्बन्धमा विचार गर्दा आरोपपत्रको तालिका नं १८ मा प्रतिवादीले जाँच अवधिमा रू.७,३५,०००।– आय प्राप्त गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। विशेष अदालत, काठमाडौंले पनि सो रकमलाई नै आय कायम गरेको देखिएको र प्रतिवादीले पेस गरेको कृष्णा हस्पिटल एण्ड र रिसर्च सेन्टरसँगको सम्झौतापत्र, सो सेन्टरले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई मिति २०६३।६।११ मा लेखेको पत्रको दोस्रो प्रकरणबाट प्रतिवादी अम्बिका देवी नेपालको घरमा भुइँतला प्रतिमहिना रू. ३०,०००।– का दरले र मिति २०६२।११।१ देखि रू. ३५,०००।– का दरले भाडामा बसेको व्यहोरा उल्लेख भएको छ। साथै सो तथ्य निजले घर बहाल कर तिरेको रसिद एवम्

बैंक भौचरबाट पनि समर्थित नै भएबाट कि.नं.२५७ र २५८को घरको घरभाडा रू.७,३५,०००।– कायम गरेको अन्यथा देखिएन । यस प्रकार प्रतिवादीको दुवै घरको घर भाडाबाट प्राप्त आय रू.१७,५७,२५०।– हुने देखियो ।

३७. प्रतिवादीले छोरी सुष्मा र सीमा नेपालले जाँच अवधिमा वीरगञ्ज फाइनान्स, सिद्धार्थ बैंक लिमिटेड र All Time Communication मा काम गर्दा प्राप्त गरेको पारिश्रमिक रू. ८,६०,३५९।७५ मध्ये रू.२,४१,३६६।६६ लाई मात्र आयमा समावेश गरेको विशेष अदालतको फैसला सो हदसम्म नमिलेको भनि पुनरावेदनमा जिकिर लिएको देखिन्छ । सुष्मा नेपाल र सीमा नेपाल प्रतिवादीद्वय भरतप्रसाद नेपाल र अम्बिकादेवी नेपालका छोरीहरू भएको तथ्यमा विवाद छैन । आरोपपत्रको तालिका नं. १ र २१ हेर्दा सुष्मा नेपाल र सीमा नेपालले वीरगञ्ज फाइनान्स, सिद्धार्थ बैंक लिमिटेड र All Time Communication नामक संस्थामा काम गर्ने गरेको कुरा मिसिल संलग्न All Time Communication, वीरगञ्ज फाइनान्स र सिद्धार्थ बैंक लिमिटेडको पत्रबाट देखिन्छ । आरोपपत्रको तालिका नं.२१ बाट वादी पक्षले सीमा नेपाल र सुष्मा नेपालले वीरगञ्ज फाइनान्स र सिद्धार्थ बैंक लिमिटेडमा काम गरेको अवधिको मात्र आयलाई आर्जन अर्थात् आय मानि गणना गरेको देखिन आएको छ । विशेष अदालत, काठमाडौंले सोही तालिकामा निजहरूको आय भनि उल्लेख गरेको रू.२,४१,३६६।६६ लाई मात्र आयमा समावेश गरेको देखिन्छ । तर मिसिल संलग्न All Time Communication को मिति २०५८।१०।१ को पत्रबाट सुष्मा नेपाल मिति २०५८।१०।१ देखि र मिति २०६०।२।३ का पत्रबाट सीमा नेपाल मिति २०६०।२।३ देखि नोकरी गरेको भन्ने देखिन्छ । विशेष अदालत, काठमाडौंले सुष्मा नेपाल र सीमा नेपालले सो Communication मा विभिन्न अवधिमा विभिन्न पदमा कार्यरत् रहँदा निजहरूले आर्जन गरेको पारिश्रमिकलाई आयमा गणना गरेको देखिँदैन । नोकरी गरेको अवस्थामा केही रकम आय आर्जन हुने कुरालाई नकार्न र अन्यथा भन्न मिल्दैन ।

३८. अब निजहरूले सो निकायमा नोकरी गर्दा के कति आय गरेको रहेछ भनि विचार गर्नु पर्ने देखियो । उल्लिखित मितिका पत्रहरूको सर्त नं ५ मा प्रति महिना रू.३,५००।- दरले मासिक पारिश्रमिक पाएको भन्ने देखिन्छ । तर जम्मा नोकरी अवधि कति र सो अवधिमा कति पारिश्रमिक पाएको भन्ने कुरा तथ्यगतरूपमा पुष्टि भएको नदेखिँदा सुष्मा नेपालले रू.३०,०००।- र सीमा नेपालले सो अवधिमा रू.१५,०००।- सम्म आय आर्जन गरेको मानि प्रतिवादी भरतप्रसाद नेपालको आयमा गणना गर्नु न्यायोचित हुने देखिन आएकाले विशेष अदालतले रू.२,४१,३६६।६६ लाई मात्र आयमा गणना गरेको सुरू फैसला मिलेको नदेखिँदा सो रकममा रू. ४५,०००।– थप भई रू.२,८६,३६६।६६ प्रतिवादी भरतप्रसाद नेपालको आयमा गणना हुने देखिन आयो ।

३९. प्रतिवादीले महालक्ष्मी फाइनान्सबाट लिएको ऋण रकमलाई प्रतिवादी अम्बिका देवी नेपालले आफ्नो नामको कि.नं. ५०, २५७ र २५८ का जग्गा सुरक्षणबापत धितो राखि वीरगञ्जस्थित महालक्ष्मी फाइनान्सबाट विभिन्न मितिमा गृह निर्माण कर्जा उपभोग गरेको देखिन्छ । वादी पक्षबाट अम्बिका देवी नेपालले आ.ब.२०५४/५५ देखि आ.ब.२०६३/६४ सम्म रू.६,८८,५४,४००।– ऋण लिएको र रू.६,३३,०९,५७९।९६ तिरेको भन्ने कुरा आरोपपत्रमा उल्लेख गरि उक्त कारोबारलाई आय व्ययमा गणना गरेको देखिँदैन । तर विशेष अदालतले रू.६,८८,५४,४००।– व्ययमा र रू.६,३३,०९,५७९।९६ आयमा गणना गरि फैसला गरेको कुरा मिसिल संलग्न विशेष अदालतको फैसलाबाट देखिन्छ । त्यसबाट प्रतिवादीले अब उक्त वीरगञ्ज फाइनान्स लिमिटेड वीरगञ्जलाई रू.

५५,४४,८२०।०४ मात्र तिर्न बुझाउन बाँकी रहेको भन्ने देखिन आयो। तर, मिसिल संलग्न उक्त महालक्ष्मी फाइनान्स, वीरगञ्जको मिति २०६४।११।१८ को पत्रबाट रू.७४,२४,७००।– र मिति २०६५।५।४ को पत्रबाट रू. १०,००,०००। समेत रू. ८४,२४,७००। कर्जा भुक्तानी गर्न बाँकी रहेको भन्ने देखिँदा विशेष अदालतको फैसला सो हदसम्म मिलेको देखिएन। अब महालक्ष्मी फाइनान्सलाई तिर्न बुझाउन बाँकी रू.८४,२४,७००।– प्रतिवादीको मौद्रिक आयमा गणना गर्नु पर्ने देखिन आएकाले सो उक्त रू.८४,२४,७००।– प्रतिवादीको आयमा गणना हुन्छ।

४०. प्रतिवादीले रवीन्द्रप्रसाद श्रेष्ठबाट रू.२,५०,०००।– सापटी लिएको र सो रकम हालसम्म तिर्न बुझाउन बाँकी रहेको हुँदा आयमा गणना गरि पाउन माग गरेको देखिन्छ । निज रवीन्द्रप्रसाद श्रेष्ठले विशेष अदालत, काठमाडौंमा बयान गर्दा उक्त रकम मिति २०५९।७।६ मा नै फिर्ता लिइसकेको छु भनि बकपत्र गरेको देखिँदा सो रकम आयमा गणना गर्न मिलेन।

४१. पुनरावेदक प्रतिवादीले प्रतिवादी अम्बिका देवी नेपालले भाइ शत्रूघनकुमार नेपालसँग संयुक्त रूपमा लगानी गरि सञ्चालित गाडीबाट जाँच अवधिमा रू.१७,६४,३५०।– आय आर्जन गरेको हुँदा सो रकमलाई आयमा गणना गरि पाउन जिकिर गरेको देखिन्छ । त्यस सम्बन्धमा हेर्दा उक्त गाडीहरू भाइ/देवर शत्रूघनकुमार नेपालले लिलाम सकार गरेकोसम्म देखिन्छ। लिलाम सकार गरि लिए पछि संयुक्तरूपमा सञ्चालन गरि प्रतिवादी अम्बिका देवी नेपालले आय आर्जन गरेको तथ्य पुष्टि हुन सकेको देखिएन।

४२. प्रतिवादी अम्बिका देवी नेपालले होटल नेपाल/खरिद बिक्री लगानीबाट प्राप्त आयलाई गणना नगरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा रू.१,२५,०००।– रकम पनि आयमा गणना गरिपाउन प्रतिवादीले पुनरावेदनपत्रमा माग गरेको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा प्रतिवादी अम्बिका देवी नेपालले जग्गा खरिद बिक्री लगानी गर्ने उद्देश्य राखि नेपाल जग्गा खरिद बिक्री लगानी नामक फर्म दर्ता गरेको र सोको प्रमाणपत्रको प्रतिलिपि पेस गरेको भए तापनि उक्त लगानी बोर्डले के कति कारोबार गरेको भन्ने कुरा स्पष्ट हुन नसकेको हुँदा सो रकम प्रतिवादीको आयमा गणना नगरेको विशेष अदालत, काठमाडौंको फैसलामा त्रुटि देखिएन। सो हदसम्म मिलेको देखियो।

४३. प्रतिवादी अम्बिका देवी नेपालले साकम्वरी ट्रेडिङ कन्‍सन र खुकुरी फुटवेयर इन्डष्ट्रिज प्रा.लि.वीरगञ्जमा नोकरी गरि रू.८,३१,७००।– आय आर्जन गरेको हुँदा सो रकम पनि मेरो आयमा गणना हुनु पर्नेमा विशेष अदालत, काठमाडौंले आयमा गणना नगरेको हुँदा उक्त रकम आयमा गणना गरिपाउँ भनि प्रतिवादी भरतप्रसाद नेपालले पुनरावेदन जिकिर लिएको देखिन्छ। प्रतिवादीले साकम्वरी ट्रेडिङ कन्सर्न र खुकुरी फुटवेयर इन्डष्ट्रिज प्रा.लि.वीरगञ्जले नोकरी गरेको देखिने पत्रहरू प्रमाणको रूपमा पेस गरेको देखिन्छ। त्यसरी तत् तत् व्यापारिक फर्म र संस्थाले दिएको पत्रबाट प्रतिवादी अम्बिका देवी नेपालले केही समय नोकरी गरेको देखिएता पनि आय आर्जन गरेको भनिएको रकम वादी पक्षले मान्यता नदिएको र अम्बिका देवी नेपालले काम गरेको संस्था निजी प्रकृतिको हुनुको साथै सो रकम आय आर्जन गरेको भन्ने कुरा तथ्यगतरूपमा पुष्टि नभएबाट सो रकमलाई प्रतिवादीको आयमा गणना नगरेको विशेष अदालत, काठमाडौंको फैसला मनासिब नै देखिन आयो।

४४. त्यसै गरि प्रतिवादी अम्बिका देवी नेपालसमेतले सञ्चालन गरेको प्रकाशन प्रा.लि.बाट र भाइ शत्रूघनकुमार नेपालले विभिन्न पत्रिकामा संवाददाताको रूपमा रहि काम गर्दा प्राप्त गरेको

आयलाई पनि आफ्नो आयमा गणना गरि पाउन माग गरेको सम्बन्धमा विचार गर्दा शत्रूघनकुमार नेपाल २०५३ भदौबाट कानूनीरूपमा नै छुट्टि भिन्न भई अलग–अलग बसोबास गर्दै आएको देखिन्छ । यसरी छुट्टि भिन्न भएको अवधिमा छुट्टि भिन्न भएको भाइको आय आर्जन यी दाजु प्रतिवादीको आयमा गणना गर्न न्यायोचित हुँदैन । २०५३ साउनभन्दा पहिले एकासगोलमा रहेको समयमा पनि पत्रिकाका काम गरेर वा पत्रिका सञ्चालनबाट माग दाबीको रकम प्रतिवादीको आयमा गणना गर्न मिल्ने हुँदैन । तसर्थ विशेष अदालत, काठमाडौंले रवीन्द्रप्रसाद श्रेष्ठबाट सापटी लिएको भनि दाबी गरिएको रकम, संयुक्त गाडी लगानीबाट प्राप्त रकम र पत्रपत्रिका सञ्चालन गरि वा सम्वाददाताको रूपमा प्रतिवादी अम्बिका देवी नेपाल तथा शत्रूघनकुमार नेपालको आम्दानीलाई प्रतिवादीको आयमा गणना नगरेको फैसला सो हदसम्म मिलेकै देखिन आयो ।

४५. माथि विभिन्न प्रकरणहरूमा विवेचना गरिएबमोजिम प्रतिवादीले जाँच अवधिमा निम्न स्रोतबाट निम्नबमोजिमको आय आर्जन गरि जम्मा रू.१,४६,४९,७२५।७६ आय आर्जन गरेको देखिन आयो ।

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | तलब भत्ता | रू.६,९०,५०६।६० |
| २ | सञ्चय कोष सापटी | रू. १,५३,२००।– |
| ३ | जग्गा बिक्री | रू. ९,५३,०००।– |
| ४ | घर भाडा | रू. १७,५७,२५०।– |
| ५ | छोरी सुस्मा नेपाल र सीमा नेपालको तलब भत्ता | रू. २,८६,३६६।६६ |
| ६ | हायर पर्चेज कर्जा | रू. १,००,०००।– |
| ७ | महालक्ष्मी फाइनान्स कर्जा | रू.८४,२४,७००।– |
| ८ | डोलनाथ उप्रेतीले पठाएको रकम | रू २२,८४,७०२।५० |
|  | जम्मा | रू १,४६,४९,७२५।७६ |

४६. यसरी माथि विभिन्न प्रकरणहरूमा विवेचना गरिएअनुसार प्रतिवादीहरूले जाँच अवधिमा जम्मा रू. १,४६,४८,२३०।६३ मूल्य बराबरको चल अचल सम्पत्ति सङ्ग्रह गरेको पाईन्छ । ऐ. अवधिमा प्रतिवादीहरूबाट जम्मा रू. १,४६,४९,७२५।७६ वैध मौद्रिक आय आर्जन गरेको देखिन आएको छ । यसरी प्रतिवादीहरूको चल अचल सम्पत्तिको वैध स्रोत पुर्णतः पुष्टि हुन आयो । प्रतिवादी भरतप्रसाद नेपाल र प्रतिवादी अम्बिका देवी नेपालले वैध आय स्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आय आर्जन गरेको हो भन्ने वादी दाबी मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कनबाट पुष्टि हुन आएन ।

४७. पुनरावेदक नेपाल सरकारले प्रतिवादीले गैरकानूनीरूपमा सम्पत्ति सङ्ग्रह गरेको हुँदा निज र निजका नामको सम्पत्ति जफतको माग गरेको तर्फ विचार गर्दा गैर कानूनी व्यवहार तबमात्र मान्न सकिन्छ जतिबेला त्यो प्रमाणहरूबाट गैरकानूनी हो भन्ने पुष्टि हुन सक्दछ । प्रतिवादीहरूका कतिपय सम्पत्तिलाई मिसिल संलग्न तथ्यबाट स्वयम् वादी पक्षले वैध भनि घोषणासमेत गरेको देखिएको छ ।

४८. तसर्थ, माथि विवेचना गरिएका आधार प्रमाणहरूबाट आरोप पत्रमा दाबी लिएको सम्पत्तिको वैधानिक स्रोत बिगोभन्दा बढी रू.१,४९५।१३ देखिन आई स्वाभाविक भएको पुष्टि हुन आई वैध आय स्रोतको

अनुपातमा प्रतिवादीहरूले अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको नदेखिँदा पुनरावेदक प्रतिवादी भरतप्रसाद नेपालले दाबीको कसुर गरेको ठहर्‍याई भएको विशेष अदालत, काठमाडौंको मिति २०६७।५।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरूले सफाई पाउने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम विशेष अदालत, काठमाडौंको फैसला उल्टी भई प्रतिवादी भरतप्रसाद नेपालले सफाइ पाउने ठहरि फैसला भएकाले विशेष अदालत, काठमाडौंको तपसिल खण्डको १ नं. र २ नं. को लगत कायम रहन नसक्ने हुँदा सो लगत कट्टा गर्नु भनि विशेष अदालत र पर्सा जिल्ला अदालतमा लेखि पठाउनू ...१

मालपोत कार्यालय, पर्साको मिति २०६२।१०।११, प.स. ७०५२ को पत्रले प्रतिवादी अम्बिका देवी नेपाल नामको कि.नं. ५०, २५७, २५८ का जग्गा, सो जग्गामा बनेका घर र १९९ का जग्गा रोक्का रहेको देखिँदा प्रस्तुत मुद्दाको सन्दर्भमा फुकुवा गर्नु भनि मालपोत कार्यालय, पर्सामा लेखि पठाउनू ...२

प्रतिवादीले विशेष अदालत, काठमाडौंमा जेथा जमानतबापत राखेको सुष्मा नेपाल (उप्रेती) को नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला दुवाकोट गा.वि.स. वडा नं. १(घ) कि.नं. २२४१ को ०–९–३–० र ऐ.ऐ. कि.नं. २२३९ को ०–६–१–० समेतका २ कित्ता जग्गा मालपोत कार्यालय भक्तपुरको च.नं. ३०६८, मिति २०६६।८।११ को पत्रबाट रोक्का रहेको देखिँदा फुकुवा गरिदिनु भनि मालपोत कार्यालय, भक्तपुरलाई लेखि पठाउनु भनि विशेष अदालत, काठमाडौंमा लेखि पठाउनू ...३

प्रस्तुत फैसलाको जानकारी वादी नेपाल सरकारलाई फैसलाको प्रतिलिपि साथै राखि महान्यायाधिवक्ताको कार्यालयमार्फत दिई दायरीको लगत काटि मिसिल नियमानुसार बुझाइदिनू ...४

उक्त रायमा सहमत छु ।
स.प्र.न्या.दामोदरप्रसाद शर्मा

इजलास अधिकृत: भीमबहादुर निरौला
इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम् ।

## निर्णय नं.९४९३

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।८।२२।३
०७१-WO-०३११

विषयः उत्प्रेषण

निवेदक : भोजपुर जिल्ला, मुलपानी गा.वि.स. वडा नं.७ स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान नगरपालिका वडा नं.१४ बस्ने नेपाल संस्कृत विश्वविद्यालय दाङका अवकाश प्राप्त सहप्राध्यापक सोमेन्द्र गौतमसमेत

विरूद्ध

विपक्षी : नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङसमेत

- **समानताको हकले निरपेक्षरूपमा सबैलाई समान व्यवहार गर्नु पर्छ भन्ने अर्थ बोध गर्ने नभई समान अवस्थाका व्यक्तिहरूका बिचमा मात्र समान व्यवहार गरिनु पर्छ भन्ने मान्यता राख्दछ । अवस्था समान नरहेकामा आफ्नो हकको आधार सुनिश्चित नगरि उनाउ व्यक्तिको हकमा विना हकदैया दाबी गर्न वा प्रश्न गर्न पनि मिल्दैन । विपक्षीले निवृत्तिभरण पाउने भएकाले आफूहरूले पनि पाउनु पर्छ भन्ने निवेदकहरूको भनाई कुनै कानून र तर्कमा आधारित रहेको देखिँदैन । न्युनतम सेवा अवधि नपुगि निवृत्तिभरण दिन मिल्ने पनि नहुने ।**

(प्रकरण नं.३)

- **आफ्नो हकको पुष्टि नगरि अरूको हकमा अनावश्यक ईर्ष्या वा तुलना गरि अन्य व्यक्तिको हकमा असर पार्ने हिसाबले दाबी गर्न मिल्दैन । रिट निवेदकहरूले आफूहरूको समयावधि नपुगेको कारणले निवृत्तिभरण पाउन नसकेको भन्नेसम्म उल्लेख गरेको तर विपक्षीहरूको के, कुन र कहिलेको निर्णयबाट निवृत्तिभरण प्राप्त गर्न नसकेको हो सो कुरा पनि उल्लेख गर्न सकेको नदेखिने ।**

(प्रकरण नं.४)

निवेदकका तर्फबाट :

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल, शम्भु थापा, प्रकाश राउत र विद्वान् अधिवक्ता पर्शुराम कोइराला

अवलम्बित नजिर :

- ने.का.प.२०३७, नि.नं.१३६५, पूर्ण इजलास
- ने.का.प.२०४२, नि.नं.२५०३, पूर्ण इजलास

सम्बद्ध कानून :

## आदेश

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र आदेश यसप्रकार छः-

विपक्षीमध्येका बिदुरप्रसाद पौडेल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत बाल्मिकी विद्यापिठमा २०३२ सालमा सहायक अनुसन्धान अधिकृत, २०३६ सालमा सहायक प्राध्यापक पदमा स्थायी नियुक्ति भई २०३७ सालमा उपप्राध्यापक तथा २०४७ सालमा सहप्राध्यापक पदमा बढुवा भई सो पदमा २०४८ सालसम्म काम गरि मिति २०४८।३।१० देखि मिति २०५४।३।१५ सम्म राष्ट्रिय सभा सदस्य पदमा रहनु भएको थियो । सो पछि निज २०५५ सालमा सहप्राध्यापक पदमा बहाल भई एक वर्ष काम गरि सकेपछि व्यक्तिगत कारणले सेवा गर्न अनुकूल नरहेको व्यहोरा दर्शाई मिति २०५५।७।२६ मा राजीनामा दिनु भई निजको सो राजीनामा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०५५।१०।१३ को बैठकले मिति २०५५।११।१ देखि लागू हुने गरि स्वीकृत भएको थियो । निजले राजीनामा स्वीकृत भएपछि उपदानसमेतका सुविधाको रकम पाउन निवेदन दिई निजको १७ वर्ष ३ महिना १७ दिन सेवा अवधि भएकाले तत्कालीन नियमअनुसार उहाँले रू.१,२६,०००।- उपदान रकम लिइसक्नु भएको छ ।

तत्पश्चात् निजले मिति २०६४।१।१७ देखि २०६८।१।१६ सम्म उपकुलपति पदमा चार वर्ष सेवा गर्नुभएको र सो चार वर्षको सेवा अवधिसमेत जोडेर निवृत्तिभरण पाउँ भनि निवेदन दिएकामा विश्वविद्यालयले

शिक्षा मन्त्रालयलाई मिति २०६९।३।२७ को पत्रबाट नियममा भएको व्यवस्थाअनुसार सेवा थप गर्न र निवृत्तिभरण पाउन नसक्ने जानकारी गराएको र कानून तथा न्याय मन्त्रालयबाटसमेत निवृत्तिभरण उपलब्ध गराउन नसकिने राय प्रस्तुत भएको थियो । तर नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डी, दाङको मिति २०७१।६।३ को सभाको नि.नं.५ को निर्णयबाट सहप्राध्यापक बिदुरप्रसाद पौडेलको निवृत्तिभरण मागसम्बन्धी प्रस्तावमा छलफल हुँदा कानूनी सल्लाहकार वा अन्य निकायको जे जस्तो राय भए तापनि यसै विश्वविद्यालयको सहप्राध्यापक पदमा रहि गरेको सेवा अवधिमा उपकुलपति पदमा मिति २०६४।१।१७ देखि २०६८।१।१६ सम्म गरेको चार वर्ष सेवा अवधिलाई समेत जोडि सहप्राध्यापक पदको निवृत्तिभरण उपलब्ध गराउने र निवृत्तिभरण उपलब्ध गराउँदा निजले लिएको उपदानको रकम विधिसम्मतरूपमा जम्मा गरेको मितिले लागू हुने गरि निवृत्तिभरण उपलब्ध गराउनु भनि भएको निर्णय गैरकानूनी छ ।

हामी निवेदकमध्ये म सहप्राध्यापक सोमेन्द्र गौतमले २० महिना सेवा अवधि नपुगेर निवृत्तिभरण पाउन सकेको छैन । साथै निवेदकमध्ये म भरतमणी सुवेदीको ४ महिना सेवा अवधि नपुगेर निवृत्तिभरण उपलब्ध गराइएन । त्यस्तै सहप्राध्यापक गोपीकृष्ण गौतमको ८ महिना र देविकान्त लाल कर्णको २ वर्ष निरन्तर सेवा अवधि नपुगेर निवृत्तिभरण उपलब्ध गराइएको छैन । यसरी हामी निवेदकलगायत अरू व्यक्तिहरूलाई समय नपुगेर निवृत्तिभरण उपलब्ध नगराउनु तथा अर्कोतिर विपक्षी बिदुरप्रसाद पौडेललाई निवृत्तिभरण उपलब्ध गराउने कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) द्वारा प्रदत्त समानताको हक प्रतिकूल छ ।

विपक्षीहरूको उक्त कार्य तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय नियमावली, २०४४ को नियम १९.३७.१, १९.३४(१) तथा नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम, २०६७ को नियम ६५ समेतको विपरीत छ । यसरी विपक्षी बिदुरप्रसाद पौडेलको सेवा अवधि तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय र हालको नेपाल संस्कृत विश्वविद्यालय नियमबमोजिम अटुटरूपमा २० वर्ष भएको छैन । निजको उपकुलपति पदको सेवा अवधिलाई सहप्राध्यापक पदको सेवा अवधिमा गणना गर्न मिल्दैन । उपकुलपतिको पद राजनैतिक नियुक्तिको पद भएकाले त्यस्तो पदको सेवा अवधिलाई स्थायीरूपको सेवा अवधिमा गणना गर्न पनि मिल्दैन । उक्त निर्णय नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा ५ समेतको विपरीत छ । तसर्थ विपक्षी बिदुरप्रसाद पौडेललाई निवृत्तिभरण दिने गरि नेपाल संस्कृत विश्वविद्यालय सभाको मिति २०७१।६।३ को निर्णय गैरकानूनी भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरि निजलाई निवृत्तिभरण उपलब्ध नगराउन र निजलाई उपलब्ध गराउने भए हामी निवेदकलाई पनि सोही अनुसारको व्यवस्था गर्नु भनि विपक्षीहरूका नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुन नपर्ने कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र लिखितजवाफ पेस गर्नु भनि विपक्षीहरूका नाममा म्याद सूचना पठाई लिखितजवाफ पेस भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७१।७।२३ मा भएको आदेश ।

रिट निवेदक स्वयम्ले मेरो प्राध्यापन सेवा अवधि १७ वर्ष ३ महिना १७ दिन भएको र उपकुलपति पदमा २०६४।१।१७ देखि २०६८।१।१६ सम्म चार वर्ष सेवा गरेको कुरा स्वीकार गर्नुभएको छ । महेन्द्र

संस्कृत विश्वविद्यालय नियमावली, २०४४ को नियम १९.३७.१ र हालको नियमावली, २०६७ को नियम ६७ बमोजिम २० वर्ष वा सोभन्दा बढी स्थायी सेवा गरेका शिक्षक वा कर्मचारीले अवकाशप्राप्त गरेको मितिदेखि निवृत्तिभरण पाउने कुरा प्रस्ट छ। साबिक नियमावलीमा पाँच वर्ष थप गरेर पनि निवृत्तिभरण पाउन सकिने व्यवस्था थियो। सोही आधारमा श्री रामप्रसाद राजवाहकको तत्कालीन राष्ट्रिय पञ्चायतको सेवा अवधिसमेत जोडि पेन्सन उपलब्ध गराइयो भने रूकमाङ्गद ज्ञवालीले उपदान लिई सकेपछि कुल सेवा अवधिमा पाँच वर्ष थप गरि निवृत्तिभरण उपलब्ध गराइयो। निजहरूको पेन्सनका बारेमा कहिँकतै प्रश्न उठेको छैन। साबिकको नियमावली, २०४४ अनुसार राष्ट्रिय सभा सदस्यको सेवा अवधि ६ वर्ष र मैले प्राध्यापन गरेको सेवा अवधि १७ वर्ष ३ महिना १७ दिन जोड्दा पनि निवृत्तिभरण प्राप्त गर्न सेवा अवधि पर्याप्त हुन्छ भने राष्ट्रिय सभाको सेवा अवधि छाडेर प्राध्यापन गरेको समयावधि र संस्कृत विश्वविद्यालयको उपकुलपति भई सेवा गरेको अवधि जोड्दा पनि निवृत्तिभरणको लागि जम्मा सेवा अवधि पर्याप्त हुन्छ। यसरी महेन्द्र संस्कृत विश्वविद्यालय ऐन तथा साबिक र हालको नियमावलीको आधारमा दुवै अवस्थामा मेरो सेवा अवधि पर्याप्त भएको हुँदा आफूहरूले निवृत्तिभरण नपाएको आक्रोश पोख्दै मउपर दायर गरेको रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। विश्वविद्यालय सभालाई शिक्षक तथा कर्मचारीको सेवा सर्तसम्बन्धी नियम बनाउने अधिकार छ। सोही निकायले मलाई निवृत्तिभरण दिने निर्णय गरेको हुँदा सो निर्णय नेपाल संस्कृत विश्वविद्यालयको नियमसरह छ। निवेदकले उल्लेख गरेका नियमावलीका व्यवस्थाहरू मेरो हकमा आकर्षित हुन सक्दैनन्। विपक्षी रिट निवेदकहरूले आफ्नो हकको हनन् भएको भएमा कसको कुन निर्णयका कारणले त्यस्तो हुन गएको हो सोउपर रिट दायर गर्नुपर्नेमा मैले सेवा अवधि पुगेर पेन्सन प्राप्त गरेउपर दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी बिदुरप्रसाद पौडेलको लिखित जवाफ।

विपक्षी रिट निवेदकहरू नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम, २०६७ को नियम ६३ बमोजिम उमेर हदका कारण सेवा निवृत्त हुनु भएको र सोही नियम ६७(३) बमोजिम निजहरूको अनिवार्य अवकाशको हदको अवधि बाँकी नभएको अवस्थामा निजहरूलाई सेवा अवधि थप गर्न वा निवृत्तिभरण उपलब्ध गराउन मिल्ने व्यवस्था छैन। नेपाल संस्कृत विश्वविद्यालयका तत्कालीन उपकुलपति बिदुरप्रसाद पौडेलले साबिकमा १७ वर्ष ३ महिना १७ दिन अटुटरूपमा सेवा गरि स्वेच्छिक अवकाश लिनु भएकामा मिति २०६४।१।१७ देखि २०६८।१।१६ गतेसम्म उपकुलपति पदमा सेवा गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा ५(घ) ले विश्वविद्यालयका नियमहरू पारित गर्ने अधिकार विश्वविद्यालय सभालाई प्रदान गरेको छ भने दफा १६(११) मा सभाको निर्णय वा आदेशलाई कार्यान्वयन गर्ने कर्तव्य उपकुलपतिको रहेको स्पष्ट छ। बिदुरप्रसाद पौडेलले उपकुलपति पदमा काम गरेको ४ वर्षको अवधिलाई जोडि सहप्राध्यापक पदको निवृत्तिभरण उपलब्ध गराउने भन्नेसमेत व्यहोराको मिति २०७१।६।३ को नेपाल संस्कृत विश्वविद्यालय सभाबाट निर्णय भएको र सभाको निर्णय नियमसरह नै भएकाले विपक्षीहरूको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको अन्य विपक्षीहरूको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत रिट निवेदनमा विपक्षी बिदुरप्रसाद पौडेलका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री शम्भु

थापा, श्री प्रकाश राउत र विद्वान् अधिवक्ता श्री पर्शुराम कोइरालाले रिट निवेदकहरूले बिदुरप्रसाद पौडेललाई निवृत्तिभरण प्रदान गर्ने गरि नेपाल संस्कृत विश्वविद्यालय सभाले गरेको निर्णय बदर गर्न माग गरेको देखिन्छ । उक्त निर्णयबाट निवेदकहरूको के कुन हक अधिकारमा असर परेको हो सो कुरा निवेदनमा उल्लेख हुन सकेको देखिँदैन । उक्त निर्णय बदर भएमा निवेदकहरूको कुनै हक अधिकारको पुनर्स्थापना हुन सक्ने अवस्थासमेत देखिँदैन । बिदुरप्रसाद पौडेलले नेपाल संस्कृत विश्वविद्यालयमा १७ वर्ष ३ महिना १७ दिन सेवा गरेको कुरा निवेदकहरूले स्वीकारै गरेको र निजले सोही विश्वविद्यालयको उपकुलपति पदमा गरेको चार वर्षको सेवा अवधि जोडि अधिकारप्राप्त निकायले निवृत्तिभरण प्रदान गर्ने गरि गरेको निर्णय कानूनसम्मत हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था छैन, रिट निवेदन खारेज गरिपाउँ भनि बहस गर्नुभयो ।

यसमा विपक्षी बिदुरप्रसाद पौडेलले नेपाल संस्कृत विश्वविद्यालयको सहप्राध्यापक पदमा १७ वर्ष ३ महिना १७ दिनमात्र सेवा गरि स्वेच्छाले राजीनामा दिई नियमबमोजिमको उपदान रकमसमेत बुझि लिइसकेको अवस्थामा उक्त विश्वविद्यालयको उपकुलपति पदमा काम गरेको अवधिलाई समेत निजको उक्त सेवा अवधिमा गणना गरि निजलाई निवृत्तिभरण दिने गरि विपक्षी विश्वविद्यालयको सभाबाट मिति २०७१।६।३ मा निर्णय भएको देखिन्छ । निवेदकहरू लगायत अन्य व्यक्तिहरूलाई भने थोरै समयावधि नपुगेको आधारमा निवृत्तिभरण प्रदान गरिएको छैन । उक्त कार्य संविधान प्रदत्त समानताको हकसमेतको विपरीत हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदकहरूको मुख्य निवेदन दाबी रहेको देखिन्छ । विपक्षीहरूको लिखित जवाफ हेर्दा, बिदुरप्रसाद पौडेलले सहप्राध्यापक पदमा गरेको सेवा अवधिमा निजले सोही विश्वविद्यालयको उपकुलपति पदमा गरेको सेवा अवधि जोडि निजले भुक्तानी लिएको उपदान फिर्ता गरेपछि लागू हुने गरि निवृत्तिभरण दिने गरि विश्वविद्यालय सभाबाट मिति २०७१।६।३ मा भएको निर्णय कानूनसम्मत छ । विश्वविद्यालय सभालाई विभिन्न नियमहरू बनाउने अधिकार भएको हुँदा सभाको उक्त निर्णय नियमसरह नै भएकाले बदर हुने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोरा उल्लेख भएको देखियो ।

उपर्युक्तबमोजिम विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनि, निवेदकहरूसँग छलफलसमेत गरि रिट निवेदन, लिखित जवाफसहितका मिसिल कागजात अध्ययन गरि हेर्दा, उल्लिखित तथ्य भएको प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षी बिदुरप्रसाद पौडेलले उपकुलपति पदमा गरेको सेवा अवधि निजले विश्वविद्यालयको सहप्राध्यापक पदमा गरेको सेवा अवधिमा थप गरि निजलाई निवृत्तिभरण प्रदान गर्ने गरि विपक्षी नेपाल संस्कृत विश्वविद्यालय सभाबाट मिति २०७१।६।३ मा भएको निर्णयमा नै निवेदकहरूले मुख्यरूपमा प्रश्न उठाएको देखिन्छ । मिसिल संलग्न रहेको नेपाल संस्कृत विश्वविद्यालय सभाको मिति २०७१।६।३ को निर्णयको प्रतिलिपि हेर्दा, नि.नं.५ मा बिदुरप्रसाद पौडेलका हकमा निर्णय भई निजले उपकुलपतिको पदमा काम गरेको अवधिसमेत जोडि सहप्रध्यापक पदको निवृत्तिभरण उपलब्ध गराउने र निवृत्तिभरण उपलब्ध गराउँदा निजले लिएको उपदान रकम विधिसम्मतरूपमा जम्मा गरेको मितिबाट लागू हुने गरि निवृत्तिभरण उपलब्ध गराउने भन्ने व्यहोरा उल्लेख भई निर्णय भएको देखिन्छ । सो निर्णय कहिँकतैबाट बदर नभई कायम रहिरहेको देखिन्छ । विश्वविद्यालय सभाबाट भएको निर्णय विश्वविद्यालयका लागि सामान्यतयाः अन्तिम रहन्छ र सो कायम

भइसकेको निर्णयउपर कानूनबमोजिम बाहेक प्रश्न उठाउन सकिने अवस्था रहँदैन ।

३. रिट निवेदकहरू र विपक्षी बिदुरप्रसाद पौडेलको अवस्था समान रहेको देखिँदैन । रिट निवेदकहरू उमेरका हदका कारण अनिवार्य अवकाशप्राप्त व्यक्ति भएका र कानूनद्वारा तोकिएको निजहरूको निश्चित नोकरी अवधि पुरा नभएको कारणबाट निजहरूले निवृत्तिभरण प्राप्त गर्न नसकेको अवस्था देखिन्छ । निवेदकहरूले निज विपक्षीले जस्तो सोही विश्वविद्यालयको अन्य कुनै पदमा अतिरिक्त सेवा गरेको भन्ने नदेखिनुका साथै निजहरूको त्यस्तो सेवा अवधि नोकरी अवधिमा जोडि नदिएको भन्ने दाबी जिकिर पनि रहेको देखिएको छैन । समानताको हकले निरपेक्षरूपमा सबैलाई समान व्यवहार गर्नु पर्छ भन्ने अर्थ बोध गर्ने नभई समान अवस्थाका व्यक्तिहरूका बिचमा मात्र समान व्यवहार गरिनु पर्छ भन्ने मान्यता राख्दछ । अवस्था समान नरहेकामा आफ्नो हकको आधार सुनिश्चित नगरि उनाउ व्यक्तिको हकमा विना हकदैया दाबी गर्न वा प्रश्न गर्न पनि मिल्दैन । विपक्षीले निवृत्तिभरण पाउने भएकाले आफूहरूले पनि पाउनु पर्छ भन्ने निवेदकहरूको भनाई कुनै कानून र तर्कमा आधारित रहेको देखिँदैन । न्युनतम् सेवा अवधि नपुगि निवृत्तिभरण दिन मिल्ने पनि हुँदैन ।

४. विपक्षी बिदुरप्रसाद पौडेललाई निवृत्तिभरण दिने गरि भएको निर्णयबाट निवेदकहरूको के कस्तो हक अधिकार हनन् हुन गएको हो सो कुरा निवेदनमा स्पष्टरूपमा उल्लेख हुन सकेको देखिँदैन । आफ्नो हकको पुष्टि नगरि अरूको हकमा अनावश्यक ईर्ष्या वा तुलना गरि अन्य व्यक्तिको हकमा असर पार्ने हिसाबले दाबी गर्न मिल्दैन । रिट निवेदकहरूले आफूहरूको समयावधि नपुगेको कारणले निवृत्तिभरण पाउन नसकेको भन्नेसम्म उल्लेख गरेको तर विपक्षीहरूको के, कुन र कहिलेको निर्णयबाट निवृत्तिभरण प्राप्त गर्न नसकेको हो सो कुरा पनि उल्लेख गर्न सकेको देखिँदैन । निवेदकहरूले आफूहरूको सेवा अवधि थप गर्न माग गरि कुनै निवेदन दिएको र त्यस्तो निवेदनमा कुनै निर्णय भएको भए सोउपर वा निर्णय नगरि दिएको भएमा सोउपर निवेदन दिन सक्नेमा सोतर्फ कुनै माग दाबी रहेको पनि देखिँदैन । नपुग अवधिको हकमा कानूनबमोजिम थप गरिदिएको वा जोडि दिएको वा अवधि पुर्‍याएकामा बाहेक अवधि नपुग भए पनि निवेदकहरूलाई निवृत्तिभरण पाउन माग गर्न र त्यस्तो मागको हकमा आदेश जारी गर्न मिल्ने हुँदैन । अर्कोतर्फ विश्वविद्यालय सभाको क्षेत्राधिकारमा अनुचितरूपमा प्रवेश गरि रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने पनि देखिँदैन ।

५. यसै सन्दर्भमा निवेदक जगन्नाथ उपाध्याय प्याकुरेल र विपक्षी महालेखा नियन्त्रक कार्यालयसमेत (ने.का.प.२०३७, नि.नं.१३६५, पूर्ण इजलास) भएको उत्प्रेषणको रिट निवेदनमा स्पष्ट कानूनी व्यवस्थाको अभावमा खाइपाई सकेको निवृत्तिभरणलाई गैरकानूनी भन्न नमिल्ने भन्ने तथा निवेदक दिर्घकुमारी पन्त र विपक्षी गोपालप्रसाद पन्त भएको (ने.का.प.२०४२, नि.नं.२५०३, पूर्ण इजलास) उत्प्रेषणको रिट निवेदनमा निवृत्तिभरण लगायतका सुविधाहरू कसले पाउने भन्ने विषयमा रिट क्षेत्रबाट निर्णय गर्न नमिल्ने भनि प्रतिपादन भएको सिद्धान्त यहाँ स्मरणीय छ ।

६. अतः माथि उल्लिखित आधार कारणबाट विपक्षी बिदुरप्रसाद पौडेललाई निवृत्तिभरण प्रदान गर्ने गरि विपक्षी नेपाल संस्कृत विश्वविद्यालय सभाबाट मिति २०७१।६।३ मा भएको निर्णयबाट रिट निवेदकहरूको के कस्तो हक अधिकारमा आघात पुग्न गएको हो सो कुराको स्पष्ट दाबी गर्न नसकेको र आफ्नो हकमा स्पष्ट दाबी नगरि अर्काले पाएको सेवा सुविधाउपर ईर्ष्यापूर्ण तवरले दायर हुन आएको प्रस्तुत रिट निवेदनमा मागबमोजिम आदेश जारी हुन सक्ने

अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरि यो आदेशको जानकारी विपक्षी विश्वविद्यालयलाई दिई नियमानुसार मिसिल बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
इति संवत् २०७२ साल मङ्सिर २२ गते रोज ३ शुभम् ।

## निर्णय नं.९४९४

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।५।२७।१
०७१-WO-१०६३

विषय: उत्प्रेषण / परमादेश

रिट निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने अधिवक्ता सल्लु तिवारी

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **मूलतः नेपाल सरकारले कुनै सरकारी वा सार्वजनिक जग्गालाई उपयुक्तताको आधारमा लिज वा अन्य तरिकाबाट कुनै व्यक्ति संस्था वा निकायलाई उपलब्ध गराएको अवस्थामा त्यसबाट प्रचलित कानून वा सार्वजनिक हक वा कसैको मौलिक वा कानूनी हक हनन् भएको अवस्थामा कानूनबमोजिम हक प्रचलन गरि पाउन माग गर्न सक्ने अधिकार सुरक्षित नै रहेको हुँदा सरकारी जग्गाको उपयुक्तताको आधारमा व्यवस्थापन गर्नेसम्बन्धी कार्यनीति, २०७१ बाट तत्काल कोही कसैको मौलिक वा कानूनी हक हनन् भएको वा सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुने अवस्था भएको मान्न नमिल्ने ।**

(प्रकरण नं.११)

- **वस्तुतः मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाअन्तर्गत त्यस्तो कुनै कार्यनीति विना पनि नेपाल सरकारले आफ्नो अधिकार प्रयोग गरि सरकारी वा सार्वजनिक जग्गाको व्यवस्थापन गरि रहेको परिप्रेक्ष्यमा प्रस्तुत कार्यनीतिमार्फत स्पष्ट मापदण्ड, प्रक्रिया र सर्तहरू कबुल गरि कार्यनीतिको माध्यमबाट व्यवस्थित गर्ने कार्यलाई स्वेच्छाचारी कार्य भएको भन्न नमिल्ने ।**
- **विकास गतिविधि सञ्चालन गर्नलाई**

**प्रवर्द्धक वा सम्बद्ध अन्य व्यक्तिले आयोजनाको प्रकृति हेरि सबै अवस्थामा ठुला परिमाण वा क्षेत्रफलमा निजी तौरमा आफ्नै वा अर्काको सम्पत्तिमात्र उपभोग गर्न सकिने अवस्था रहन्छ भन्न सकिँदैन । यस स्थितिमा ठुला विकास आयोजना वा पूर्वाधार निर्माण आयोजनाका लागि सरकारी क्षेत्रको सहयोग अपेक्षित रहन्छ । सोही आवश्यकतालाई मनन गरि नेपाल सरकारबाट उक्त कार्यनीति जारी भएको भन्ने विपक्षीहरूको जिकिर रहेको छ । वस्तुतः सरकारी जग्गाको उपयोगमा अतिशय नियन्त्रण गर्ने र राष्ट्रको पूर्वाधार विकाससम्बन्धी आयोजनालाई आवश्यक जग्गा उपलब्ध नगराउने अनि विकास र आयोजनाको प्राप्तिका आशा राख्ने कुरा विरोधाभाषपूर्ण हुन जाने ।**

(प्रकरण नं.१३)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू बाबुराम दाहाल, विनोद कार्की र सल्लु तिवारी

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता बालकृष्ण वाग्ले

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मालपोत ऐन, २०३४ को दफा २४(१)

आदेश

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र आदेश यसप्रकार छ:

भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट खण्ड ६४ पुस ७, २०७१ साल सङ्ख्या ३० को नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशित गरि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति २०७१ लागू गरिएको रहेछ । उक्त कार्यनीति हेर्दा नेपाल सरकारको सरकारी जग्गालाई विपक्षी निकायहरू र यी निकायका मातहत रहने निकायहरू समेतले विभिन्न प्रकारको दबाब तथा प्रलोभनमा परि उक्त सम्पूर्ण सरकारी जग्गा उक्त कार्यनीतिमा तोकिएबमोजिम विभिन्न व्यक्ति, संस्था वा निकायलाई ५० वर्षसम्मको लिजमा उपलब्ध गराउन सक्ने सम्भावना रहेको छ । जसबाट नेपाल सरकारको जग्गा गलत काममा प्रयोग भई भविष्यमा खालि स्थान बाँकी नै नरहने अवस्था सृजना भई हाम्रा भावी सन्ततिहरूलाई खालि स्थान नै बाँकी नरहने अवस्था देखिएको छ ।

उपर्युक्त सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति २०७१, तर्जुमा गर्दा मालपोत ऐन, २०३४ को दफा २४(१) प्रयोग गरिएको छ । उक्त ऐनको प्रावधानअनुसार समेत विपक्षीहरूलाई कार्यनीति बनाउने अधिकार नभएको अवस्थामा उक्त कार्यनीति मालपोत ऐन, २०३४ को दफा २४(१) सँग प्रत्यक्षतः बाझिएको र उक्त कार्यनीति खारेज गराउन अन्यत्र कुनै प्रभावकारी माध्यम नभएको नरहेकाले सम्मानित अदालतको असाधारणक्षेत्र प्रयोग गरि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम प्रारम्भदेखि नै बदर गरि जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरि पाउन देहायबमोजिमको आधार कारणहरू सहित निवेदन गर्दछु ।

विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्रकाशित कार्यनीति, २०७१ लाई मालपोत ऐन, २०३४ को दफा २४(१) अनुसार जारी भएको भनिएको छ । उक्त दफा २४(१) मा सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउनु हुँदैन । तर नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि र

सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहर्‍याएको कुनै कार्यको लागि व्यवस्था गर्न यस उपदफाले बाधा पुर्‍याएको मानिने छैन भन्ने व्यवस्था छ । नेपाल सरकारले विपक्षी व्यवस्थापिका संसदलाई छलि प्रस्तुत विषयमा ऐनले नदिएको अधिकारलाई दिएको हो भनि अन्यथा अर्थ लगाई बनाइएको छ । सो कार्यनीतिको दफा २(ख) को व्यवस्थाअनुसार भाडा रकम तोकि वा नतोकि कुनै पनि सरकारी जमिन लिजमा उपलब्ध गराउँदा सरकारी जमिनको चरम दुरूपयोग हुने अवस्था छ ।  त्यस्तै दफा २(ग) अनुसार कुनै व्यक्ति, संस्था वा निकायलाई सरकारी जग्गा लिजमा दिएमा उसले जुनसुकै काममा प्रयोग गर्ने, भवन संरचना तयार गर्ने, अनुगमन फितलो भई प्रभावकारी नहुँदा चरम दुरूपयोग हुन सक्ने र पछि लिज अवधिपश्चात् पनि निजलाई उठाउन कठिनाई हुन जाने हुन्छ । त्यस्तै दफा ५ बमोजिम १० वर्षदेखि ५० वर्षसम्म लिजमा दिन सक्ने व्यवस्था भएकाले ५० वर्षको अवधिसम्म भन्नाले मानिसको पूर्ण जीवनकाल नै हुन जान्छ । आफ्नो पूर्ण जीवनको लागि सरकारी जमिन लिजमा पाउने भएमा लिज प्राप्तकर्ताले जस्तोसुकै प्रलोभन, दबाब, भनसुन तथा प्रभाव पर्न सक्ने तथा स्वयम् नेपाल सरकारको उच्च ओहोदामा रहेका राजनीतिक तथा सरकारी उच्च पदस्थहरूले चरम दुरूपयोग गरि, गराई आफ्नाहरूलाई लिजमा सरकारी जग्गा प्रदान गर्न सक्नेछन् । उक्त कार्यविधिको दफा १० मा भएको सिफारिस समितिमा प्रत्येक जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति रहने भएपनि जिल्लाका उपर्युक्त पदाधिकारीहरू तहगत नेतृत्वमा रहने हुँदा विभिन्न दबाब तथा प्रलोभनमा पारि आफू अनुकूल सिफारिस गराउन सक्ने हुँदा ती पदाधिकारीहरूले सरकारी जमिन जोगाउनका लागि कुनै उपयुक्त तरिका अपनाउन नसक्ने हुँदा बाध्य भई सिफारिस गर्नेछन् र सरकारी जमिन चरम दुरूपयोग हुनेछ । दफा १९ ले लिज अवधि थप गर्न सक्ने हुँदा ५० वर्षले नपुगे सोभन्दा बढी लिज अवधि थप गर्न सकिने व्यवस्थाले सरकारी जग्गा बाँकी रहने सम्भावना छैन ।

हालै मिति २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्प र सोपश्चात्का पराकम्पहरू, बाढी पहिरो जस्ता परि रहने दैवी प्रकोपसमेतबाट पीडित व्यक्तिहरूलाई सरकारी जमिनमात्र खुलारूपमा रहने हुँदा सोही स्थानमा लगि आश्रय दिने गरिएको जग जाहेर छ । हालसमेत उपर्युक्तअनुसारको दैवी प्रकोपबाट पीडितहरू सरकारी जमिनमा आश्रय लिई बसि रहेका छन् । यस्तो अवस्था जहिले जहाँसुकै रहन जान सक्छ । विश्वमा हाम्रो देश भूकम्पबाट प्रभावित हुन सक्ने सूचीमा रहेको, यस देशका डाँडाकाँडा, भिर पहरा, खोला नालाहरूमा जहिले सुकै बाढी पहिरो इत्यादिको दैवी प्रकोप हुन सक्ने हुँदा पीडित व्यक्तिहरू रहने बस्ने आश्रय लिने एकमात्र स्थान सरकारी जग्गा यसरी लिजमा दिएमा के कस्तो के दुरावस्था भोलि सृजना होला अहिले नै कल्पनासम्म गर्न पनि गाह्रो छ ।

म रिट निवेदक उपर्युक्तबमोजिमको कार्यनीतिअनुसार को कसलाई लिजमा दिएको छ भनि विपक्षी भूमिसुधार विभागमा निवेदनसहित जाँदा उक्त विभागबाट मलाई हेटौंडा न.पा. वडा नं. ८ को क्षे.फ. ०-१७-७ विगाहा जमिन सशस्त्र प्रहरी बल सुरक्षा वेस हेटौंडालाई, संखुवासभा जिल्ला मनकामना गा.वि.स. वडा नं. ८ हाल खाँदबारी न.पा. वडा नं. १३ कि.नं. १९९ क्षेत्रफल १०६१० व.मि. र ऐ. को कि.नं. २७६ क्षे.फ. १८०३० व.मि. जग्गा अरूण ३ पावर डेभलपमेन्ट प्रा.लि. लाई, ललितपुर जिल्ला लेले गा.वि.स. वडा नं. २(ग) कि.नं. ६७ को क्षे.फ. ४३-१-३-० जग्गामध्ये २-३-० जग्गा प्रहरी चौकी टिका भैरवको भवन निर्माणका लागि, दोलखा जिल्ला लामाबगर गा.वि.स. वडा नं. ३ कि.नं. १०० को क्षे.फ. ६३० व.मि. जमिन सिमा प्रशासन कार्यालय, लामाबगरको भवन निर्माणको लागि, रूपन्देही जिल्ला सक्रौल पकडी गा.वि.स. वडा नं. ३(ख) कि.नं. ६०३

को क्षे.फ. ४-१४-१५ विगाहा जमिन लुम्बिनी बौद्ध विश्व विद्यालयलाई लिजमा दिने निर्णय भइसकेको जानकारी हुन आयो।

अतः विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट नेपाल राजपत्रमा जारी गरेको सूचनाबमोजिम सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, मालपोत ऐन, २०३४ को दफा २४(१) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), धारा १३(१), धारा १६(१) प्रदत्त स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकसमेत विपरीत भएको र त्यस्तो कार्यनीति संविधान तथा कानूनसँग बाझिएको अवस्थामा राष्ट्रिय सम्पत्तिको रूपमा रहेको सरकारी वा सार्वजनिक जग्गा हचुवाको भरमा व्यक्ति विशेषलाई फाइदा पुग्ने गरि दिँदा राज्य तथा समाजलाई गम्भिर क्षति पुग्न गएकाले संविधान तथा कानूनसँग बाझिने उपर्युक्त नेपाल राजपत्र खण्ड ६४, पुस ७, २०७१ साल सङ्ख्या ३० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ को सम्पूर्ण भाग नेपालको अन्तरिम संविधान, २०६३ को धारा १, ३२ र १०७(२) बमोजिम उत्प्रेषणलगायत जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरि प्रारम्भदेखि नै शुन्य र अमान्य वा बदर घोषित गरि अब उप्रान्त प्रस्ट विधायिकी कानूनको अभावमा सार्वजनिक जग्गा कोही कसैलाई लिजमा नदिनु भनि परमादेशसमेत जारी गरि पूर्ण न्याय पाउँ भनि सार्वजनिक सरोकारको विषयमा यो रिट निवेदन पेस गरेकी छु।

सरकारी जग्गा आम जनताका लागि सार्वजनिक हितमा जोगाउनु पर्ने दायित्व हामी सबैंको रहे भएकाले उक्त कार्यविधि हाल कार्यान्वयन नगर्नु नगराउनु नेपाल सरकारको निर्णयले कुनै सरकारी जमिन लिजमा दिएको भए सोसम्बन्धी सम्पूर्ण निर्णयहरू समेत प्रस्तुत रिटको अन्तिम किनारा नभएसम्म यथास्थितिमा राख्नु, उपर्युक्त कार्य तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदनपत्र।

निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनि विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखि म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेश माग भए सम्बन्धमा विचार गर्दा सार्वजनिक जग्गा सर्वसाधारणको हितको लागि प्रयोग गर्नुपर्ने र प्राकृतिक विपत्तिको समयमा समेत खुल्ला क्षेत्र आवश्यक पर्ने देखिँदा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ अनुसार व्यक्ति तथा संस्थालाई सरकारी जग्गा लामो समयको लागि लिजमा दिँदा नागरिकको सार्वजनिक हितमा प्रत्यक्ष असर पर्न सक्ने देखिँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उल्लिखित कार्यनीतिअनुसार सरकारी जग्गा लिजमा दिने कार्य नगर्नु नगराउनु भनि विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०७२।३।२९ को आदेश।

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नु भएको छैन। कसैका विरूद्ध कुनै कुराको दाबी लिँदा कसको के कुन काम कारवाही वा निर्णयका कारण निवेदकहरूको के कुन कानूनद्वारा प्रदत्त

कुन हक अधिकारमा के कसरी हनन् हुन गएको हो भन्ने सम्बन्धमा स्पष्टरूपमा उल्लेख गरि सो कुरामा अदालतसमेत सन्तुष्ट हुने प्रमाण पेस गर्नु पर्दछ। यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकाले यस मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथम दृष्टिमै खारेजभागी छ खारेज गरिपाउँ भन्ने संघिय मामला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।

रिट निवेदिकाले रिट निवेदनको प्रकरण नं. १ देखि ९ सम्म कहिँकतै यस विभागलाई समेत विपक्षी बनाउनु पर्नाको स्पष्ट कारण खुलाउन नसकि केवल औपचारिकताको लागि मात्र विपक्षी बनाएको देखिन्छ। तसर्थ रिट निवेदन खारेज गरिपाऊँ। नेपाल राजपत्र खण्ड ६४ पुस ७, २०७१ साल सङ्ख्या ३० को नेपाल राजपत्र भाग ३ मा जारी भएको सूचनाको विषय यस विभागबाट नभई भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्रकाशित भएको हुँदा निवेदिकाले यस विभागलाई समेत विपक्षी बनाउनु पर्ने कुनै कारणसमेत नदेखिँदा यस विभागलाई समेत विपक्षी बनाई दर्ता गराएको प्रस्तुत रिट निवेदन खारेज गरि पाउन सम्मानित अदालतसमक्ष अनुरोध छ भन्ने भूमिसुधार तथा व्यवस्थापन विभागको लिखित जवाफ।

रिट निवेदकले यस मन्त्रालयको के कस्तो काम, कारवाही र निर्णयबाट निजको के कस्तो कानूनी र संवैधानिक हक अधिकारमा हनन् भएको हो, सो सम्बन्धमा निजको रिट निवेदनमा कहिँ कतै स्पष्टरूपमा उल्लेख गर्न नसकेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाइएको हदसम्म प्रस्तुत रिट निवेदन खारेजभागी भएकाले खारेज गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु। नेपाल सरकार कार्य विभाजन नियमावलीमा वन तथा भू-संरक्षण मन्त्रालयले गर्नुपर्ने र यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयहरू स्पष्टरूपमा उल्लेख गरिएको छ । त्यस्तै वन ऐन, २०४९ कार्यान्वयन गर्ने जिम्मेवारीसमेत यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्छ। वन ऐन, २०४९ को दफा ६८ को उपदफा (१) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न वनको प्रयोग गर्नुबाहेक अन्य कुनै पनि विकल्प नभएमा र त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो योजना सञ्चालन गर्नको निमित्त नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कवुलियत वन वा धार्मिक वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ भन्ने व्यवस्था भएको, त्यस्तै उपदफा (२) मा उपदफा (१) बमोजिम वनको प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुने भएमा नेपाल सरकारले तत् सम्बन्धमा उपयुक्त व्यवस्था गरि दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था भएको हुँदा उक्त कानूनी व्यवस्थासमेतको अधीनमा रहेर यस मन्त्रालयले कार्य सम्पादन गर्दै आएको छ। रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेको विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने देखिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज भागी हुँदा खारेज गरिपाउँ भन्ने वन तथा भू-संरक्षण मन्त्रालय र वन विभागको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

यी रिट निवेदकले यस संसद सचिवालयलाई के कुन कारणबाट विपक्षी बनाइएको हो, सो विषयमा यस रिट निवेदनमा कहिँकतै उल्लेख गर्नु भएको छैन। संसद सचिवालय विशुद्ध व्यवस्थापिका संसदको कामकारवाहीमा प्रशासनिक सहयोग गर्ने प्रशासकीय निकाय हो। नेपाल सरकारबाट कार्यान्वयनमा ल्याउने नीति, कार्यनीति, कार्यविधी, सिद्धान्तलगायतका विषयमा यस सचिवालयको कुनै सरोकार र सम्बन्ध नरहेको हुँदा यी रिट निवेदकको निवेदन वस्तुनिष्ठ तथ्यमा आधारित नभएकाले यस सचिवालयका हकमा प्रस्तुत रिट निवेदन स्वतः खारेज भागी छ, खारेज गरिपाउँ भन्ने व्यवस्थापिका संसद सचिवालयको

लिखित जवाफ।

रिट निवेदिकाको माग दाबीको सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलगायतका अन्य विपक्षी कार्यालयहरूबाट ऐनका म्यादभित्र लिखित जवाफ पेस हुने नै हुँदा यसमा थप उल्लेख गरि रहनु परेन । जहाँसम्म यस विभागको विषय छ, रिट निवेदिकाले रिट निवेदनको प्रकरण नं. १ र ९ सम्म कहिँकतै यस विभागलाई समेत विपक्षी बनाउनु पर्नाको स्पष्ट कारण खुलाउन सकेको देखिँदैन। नेपाल राजपत्र खण्ड ६४ पुस ७, २०७१ साल सङ्ख्या ३० को नेपाल राजपत्र भाग ३ मा जारी भएको सूचनाको विषयको उठान यस विभागबाट नभई भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट भएको हुँदा निवेदिकाले यस विभागलाई समेत विपक्षी बनाउनु पर्ने कुनै कारणसमेत नदेखिँदा यस विभागलाई समेत विपक्षी बनाई दर्ता गराएको प्रस्तुत रिट निवेदन खारेज गरि पाउन सम्मानित अदालतसमक्ष अनुरोध छ भन्ने नापी विभागको लिखित जवाफ।

सामाजिक, आर्थिक, व्यावसायिक र सरकारले उचित ठहर्‍याएको प्रयोजनको लागि सरकारी जग्गा उपलब्ध गराउन र सरकारी जग्गाको संरक्षण र उपयोगलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकारले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ जारी गरेको हो । नेपाल राज्यभर रहेका सरकारी जग्गाको व्यवस्थापन राम्रो हुन नसकेको, त्यसै खालि रहेका जग्गामा अतिक्रमण बढ्दै गएकाले सरकारी जग्गालाई यथाशक्य पुँजी निर्माण र रोजगारी सिर्जना हुन सक्ने आर्थिक तथा व्यावसायिक क्रियाकलापमा समुचित उपयोगका साथ प्रयोग गर्ने मुलभूत उद्देश्यका साथ यो कार्यनीति ल्याइएको हो । खालि रहेका सरकारी जग्गामा कृषि तथा पशुपालन व्यवसाय गर्न प्रोत्साहित गरि कम लिज रकम लाग्ने व्यवस्था गरिएबाट कृषि क्षेत्रलाई प्रोत्साहित गर्ने नीति यस कार्यनीतिले लिएको कुरा स्पष्ट रहेको छ। विश्वविद्यालय, विद्यालय, सामूदायिक अस्पताल जस्ता क्षेत्रलाई खालि रहेका सरकारी जग्गा उपलब्ध गराई सामाजिक क्षेत्रलाई समेत यस कार्यनीतिले समेट्ने प्रयास गरेको छ। कुटनैतिक नियोग तथा संयुक्त राष्ट्र संघका निकायहरूलाई भवन निर्माण गर्ने जग्गा उपलब्ध गराउने राज्यको दायित्व भएको परिप्रेक्ष्यमा यी निकायसमेतलाई यस कार्यनीतिले समेटेको छ । साथै कार्यनीतिमा कृषि क्षेत्रलाई राज्यले संरक्षण गर्नुपर्ने नीति रहेअनुसार कम लिज रकम लाग्ने र अन्य व्यवसायिक पुँजी निर्माण तथा रोजगारी सृजना हुने क्षेत्रमा बढी लिज रकम लाग्ने व्यवस्था गरि राज्यको स्रोत परिचालन गर्ने व्यवस्था गरिएको छ। सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०६२ बमोजिम भोगाधिकार दिइएका सरकारी जग्गाको सोही सदुपयोग नभएको, अत्यन्त कम रकम लिने गरि भोगाधिकार दिएको पाइएको, अनावश्यक बढी जग्गा भोगाधिकारमा लिई ओगट्ने प्रवृत्ति रहेकाले यस्ता भोगाधिकारमा दिएका जग्गालाई लिजमा परिणत गरि व्यवस्था गर्नपर्ने देखिएको समेत कारणले यो कार्यनीतिको आवश्यकता महसुस गरिएको हो।

प्रस्तुत कार्यनीतिले जुनसुकै अवस्थामा सरकारी जग्गा जो सुकै व्यक्ति वा संस्थालाई लिजमा उपलब्ध गराउन सकिने गरि व्यवस्था गरेको छैन। उक्त कार्यनीतिको दफाको ४ को उपदफा (२) ले सार्वजनिक वा सरकारी प्रयोजनको लागि आवश्यक पर्ने सरकारी जग्गा कुनै व्यक्ति, निकाय वा संस्थालाई लिजमा दिइने छैन भनि स्पष्ट व्यवस्था गरेको छ । यसका साथै सो कार्यनीति दफा ९ मा सरकारी जग्गा लिजमा उपलब्ध गराउने स्पष्ट आधारहरू उल्लेख गरेकाले सो आधारहरू विद्यमान नभएको अवस्थामा सरकारी जग्गा लिजमा दिन मिल्ने देखिँदैन। उक्त कार्यनीतिले लिजमा जग्गा दिने सम्बन्धमा पारदर्शीता र उत्तरदायित्वका आधारभूत मान्यताहरूलाई अवलम्बन गरेको छ ।

महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रका जग्गा लिजमा उपलब्ध गराउँदा त्यस्तो जग्गा प्राकृतिक प्रकोप उद्धार तथा व्यवस्थापनका लागि आवश्यक नपर्ने भनि गृह मन्त्रालयले सिफारिस गर्नुपर्ने प्रावधान उक्त कार्यनीतिको दफा ७ को उपदफा (२)(क) मा रहेको छ । त्यसैगरि त्यस्तो जग्गा स्थानीय निकायबाट सम्पादन गरिने कार्यहरूका लागि आवश्यक नपर्ने भनि सम्बन्धित स्थानीय निकायले सिफारिस गर्नुपर्ने प्रावधान दफा ७ को उपदफा (२)(ख) मा रहेकाले स्थानीय निकायलाई आवश्यक पर्ने र प्रकोप व्यवस्थापन आवश्यक पर्ने जग्गाबाहेकका जग्गामात्र लिजमा दिन सकिने स्पष्ट व्यवस्था रहेको छ ।

सोही कार्यनीतिको दफा १० मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सिफारिस समिति गठन हुने, उक्त समितिको सदस्यमा स्थानीय विकास अधिकारी, वन कार्यालयको अधिकृत, नापी कार्यालयको प्रमुख, मालपोत कार्यालय प्रमुख र समितिको आवश्यकताअनुसार स्थानीय निकायका प्रतिनिधिसमेतलाई बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरि सिफारिस समितिको संरचना निर्माण गर्दा नै बहुसरोकार र जिम्मेवार व्यक्तिहरूलाई समेटेको देखिन्छ । त्यसै दफा ११ मा सिफारिस गर्दा लिज दिन लागेको जग्गाको क्षेत्रफल, लिज रकम, के कति वर्षमा कति प्रतिशतको लिज रकममा वृद्धि हुने हो सो कुरा, लिजमा लिनेले पालना गर्नुपर्ने सर्तहरू, लिजमा जग्गा दिन उपयुक्त देखिएमा पर्याप्त आधार र कारणसमेत खुलाउनु पर्ने व्यवस्था गरिएको छ । साथै नाफामूलक व्यवसायको कारोबारका लागि जग्गा लिजमा दिँदा प्रतिष्पर्धा गराई सबभन्दा बढी रकम कबुल गर्नेलाई दिने गरि सिफारिस गर्नुपर्ने व्यवस्थासमेत गरेको छ । यसरी सिफारिस भई आएको लिजमा जग्गा दिने सम्बन्धमा सो सिफारिस विभागीय रायसहित मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्ने र उक्त प्रस्तावलाई मन्त्रिपरिषद्ले स्वीकृति गरेपछिमात्र लिजमा जग्गा दिन सकिने व्यवस्था गरि तहगतरूपमा सो लिजमा दिने जग्गासम्बन्धी प्रस्तावउपर त्यसको औचित्यता, सान्दर्भिकता एवम् आवश्यकतासमेतको परीक्षण हुने भएकाले सरकारी तथा सार्वजनिक जग्गाको दुरूपयोग हुने अवस्था रहँदैन ।

माथि प्रकरणहरूमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त स्थानिय सिफारिस समितिले विभिन्न कुरा बुझि सिफारिस गर्नुपर्ने व्यवस्था, लिजमा लिनेको कर्तव्य र दायित्वको व्यवस्था, उद्देश्य र तोकिएको कार्यक्षेत्रमा रहि जग्गा उपयोग नगरे सम्झौता रद्द गर्न सक्ने व्यवस्था, लिजमा लिइएको जग्गा अन्य व्यक्ति वा निकायलाई भोग गर्न दिन नमिल्ने व्यवस्था, लिजमा दिइएको जग्गा सरकारलाई सरकारी वा सार्वजनिक संरचना निर्माण गर्न आवश्यक परे सरकारले त्यस्तो जग्गा जुनसुकै बखत लिन सक्ने व्यवस्था, लिजमा दिने निर्णय नेपाल सरकार, मन्त्रिपरिषद्बाट मात्र हुन सक्ने व्यवस्थासमेतलाई हेर्दा सरकारी जग्गा दुरूपयोग हुन सक्ने अवस्था देखिँदैन ।

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ निष्क्रिय हुने अवस्था सृजना भएमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याई मुलुकको सर्वाङ्गीण विकासमा ठोस योगदान पुर्‍याउने हेतुले अगाडि बढ्न लागेका विकास निर्माणका आयोजनाहरू जस्तै उर्जा, द्रूतमार्ग, खानीजन्य सिमेन्ट उद्योग, अन्तर्राष्ट्रिय विमानस्थललगायतका ठुला पूर्वाधारहरूमा प्रत्यक्ष असर पर्ने अवस्थाको सृजना हुन्छ । विदेशी बहुराष्ट्रिय कम्पनीमार्फत क्रमशः लगानी भित्रिँदो वातावरण बन्दै गएको अवस्थामा एकाएक अवरूद्ध हुने अवस्था भएमा मात्रै नेपाल सरकारले उर्जा क्षेत्रको विकासको लागि सम्झौता गरेका हालसम्मकै दुई ठुला जलविद्युत् आयोजनाहरू क्रमशः माथिल्लो कर्णाली जलविद्युत् आयोजना र अरूण ३ जलविद्युत् आयोजना निर्माण प्रक्रिया नै अवरूद्ध हुन जान्छ ।

मालपोत ऐन, २०३४ को दफा २४ को

उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहर्‍याएको कुनै कामको लागि व्यवस्था गर्न सकिने प्रावधान रहेअनुरूप प्रस्तुत कार्यनीति जारी गरिएको, प्रस्तुत लिज कार्यनीति सरकारी जग्गा संरक्षण र सदुपयोग गर्ने हेतुले जारी गरिएको, सरकारी जग्गाको समुचित उपयोग हुने व्यवस्था गरिएको र सरकारी जग्गा दुरूपयोग हुन नदिने भरपर्दो व्यवस्था प्रस्तुत कार्यनीतिमा गरिएको हुनाले बदर हुनुपर्ने अवस्था रहेको छैन भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

विपक्षी रिट निवेदकले खानी तथा भू-गर्भ विभागको के कुन काम, कारवाही वा निर्णयबाट निजको के कस्तो हक अधिकार हनन् भएको हो भन्ने सम्बन्धमा आफ्नो निवेदनमा कुनै कुरा उल्लेखसम्म पनि गर्न नसकेको अवस्थामा यस विभागलाई प्रत्यर्थी बनाई रिट निवेदन दिनुपर्ने होइन । विपक्षी रिट निवेदकले यस विभागलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै आधार र कारण निवेदनमा उल्लेख गर्न पनि नसकेको अवस्थामा यस विभागको नाममा मागबमोजिमको आदेश जारी हुन नसक्ने भएकाले सम्मानित अदालतसमक्ष परेको प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ । मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहर्‍याएको कुनै कामको लागि व्यवस्था गर्न सकिने प्रावधान रहेअनुरूप नेपाल सरकारले प्रस्तुत सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ जारी गरिएको हो । सरकारी जग्गा संरक्षण र सदुपयोग गर्न, सरकारी जग्गाको समुचित उपयोग हुने व्यवस्था गर्न र सरकारी जग्गाको दुरूपयोग हुन नदिन नेपाल सरकारले जारी गरेको प्रस्तुत कार्यनीति बदर हुनुपर्ने होइन । अतः सम्मानित अदालतसमक्ष परेको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने खानी तथा भू-गर्भ विभागको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री बाबुराम दाहाल, श्री विनोद कार्की एवम् रिट निवेदक अधिवक्ता श्री सल्लु तिवारीले मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) बमोजिम सरकारी वा सार्वजनिक जग्गा दर्ता तथा आवाद गर्न नमिल्ने व्यवस्था छ। सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनका लागि र सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहराएको कुनै पनि कामको लागि व्यवस्था गर्न सक्ने व्यवस्था भएपनि सो व्यवस्थाबमोजिम कानून बनाएर वा दफा ३३ बमोजिम नियमावलीमा व्यवस्था गरि सरकारी वा सार्वजनिक जग्गाको सार्वजनिक प्रयोजनका लागि प्रयोग गर्नुपर्नेमा उक्त कानूनी व्यवस्थाविपरीत भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ जारी गरि सरकारी र सार्वजनिक जग्गा विभिन्न व्यक्ति वा संस्थालाई ५० वर्षसम्म लिजमा उपलब्ध गराउन सक्ने व्यवस्था गरि सरकारी जग्गाको दुरूपयोग हुने देखिएको छ। उक्त कार्यनीति जारी गर्दा ऐनको दफा २४(१) ले दिएको अधिकार प्रयोग गरिएको भनिएकामा उक्त दफामा त्यस्तो कार्यनीति बनाउन सक्ने अधिकार छैन । सरकारी वा सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनका लागि दिन सकिने कानूनी व्यवस्था भएकामा उक्त कार्यनीतिले स्वेच्छाचारीरूपमा जो सुकैलाई ५० वर्षसम्म लिजमा दिन सक्ने भएकाले सरकारी जग्गाको चरम दुरूपयोग हुन जाने र भावी सन्ततिहरूका लागि खालि जग्गा बाँकी नै नरहने तथा दैवी प्रकोपको बेला उद्धार कार्यका लागि खालि जग्गा नै नरहने अवस्था छ। उक्त कार्यनीतिको व्यवस्था मालपोत ऐन, २०३४ को दफा २४(१) को विपरीत हुनुका साथै संविधानले प्रदान गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक

हकसमेतको हनन् भएकाले बदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

विपक्षी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाबमोजिम नेपाल सरकारले सार्वजनिक वा सरकारी जग्गाको उचित व्यवस्था गर्न सक्छ । ऐनको सोही व्यवस्थाबमोजिम सरकारले कार्यनीति बनाई जारी गरेको हो । उक्त कार्यनीतिले अतिक्रमित भएको नेपाल राज्य भरीको जग्गालाई व्यवस्थापन गरि खालि रहेको सरकारी जग्गामा कृषि तथा पशुपालन व्यवसायका लागि कम लिज रकम लाग्ने गरि उपलब्ध गराउने व्यवस्था छ । लिज उपलब्ध गराउँदा प्रकोप उद्धार र व्यवस्थापनका लागि आवश्यक नपर्ने भनि गृह मन्त्रालय र स्थानीय निकायसमेतबाट सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । जलविद्युत्, सडक, सिँचाई जस्ता पूर्वाधार निर्माणको कतिपय आयोजनाले सरकारी जग्गा प्रयोग नगरि सम्पन्न हुन नसक्ने अवस्था रहेको छ। मालपोत ऐनको व्यवस्थाबमोजिम सरकारले उचित ठहराएको कामको लागि सरकारी जग्गाको व्यवस्था गर्ने प्रावधानअनुरूप कार्यनीति जारी भई उक्त कार्यनीतिले सरकारी जग्गा संरक्षण र सदुपयोग गर्न एवम् दुरूपयोग हुन नदिने यथेष्ट व्यवस्थासमेत गरेकाले उक्त कार्यनीति संविधान र ऐनको कुनै पनि प्रावधानसँग नबाझिएकाले रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उक्त बहससमेतलाई सुनि प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयले २०७१।९।७ को राजपत्रमा सूचना प्रकाशित गरि जारी गरेको "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१" को व्यवस्थाले नेपाल सरकारले विभिन्न व्यक्ति, संस्था वा निकायलाई सरकारी जग्गा ५० वर्षसम्मको लागि लिजमा उपलब्ध गराउन सक्ने सम्भावना रहेकाले सरकारी जग्गा दुरूपयोग भई भविष्यमा खालि स्थान बाँकी नै नरहने अवस्था सृजना भएको छ । मालपोत ऐन, २०३४ को दफा २४(१) बमोजिमको अधिकार प्रयोग गरि जारी गरिएको भनिए पनि ऐनको प्रावधानअनुसार कार्यनीति बनाउने अधिकार नेपाल सरकारलाई नभएकाले नेपाल सरकारले जारी गरेको उक्त कार्यनीति मालपोत ऐन, २०३४ को दफा २४(१) समेतको विपरीत भई राष्ट्रिय सम्पत्तिको रूपमा रहेको सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषलाई फाइदा पुग्ने गरि दिँदा राज्य तथा समाज एवम् आम नेपाली जनताको हक अधिकारमा आघात पुगेकाले उक्त कार्यनीतिको सम्पूर्ण भाग उत्प्रेषणको आदेशले बदर गरि प्रस्ट विधायिकी कानूनको अभावमा सार्वजनिक जग्गा कसैलाई लिजमा नदिनु भन्ने परमादेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदकको मुख्य दाबी रहेको पाइन्छ।

३. विपक्षीहरूको लिखित जवाफमा नेपाल सरकारले सामाजिक, आर्थिक, व्यवसायिक र सरकारले उचित ठहराएको प्रयोजनका लागि सरकारी जग्गा उपलब्ध गराउन र सरकारी जग्गाको संरक्षण र उपयोगलाई प्रभावकारी बनाउन "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१" जारी गरेको, सरकारी जग्गाको भोगाधिकार दिइएको सरकारी जग्गाको सही सदुपयोग नभएकाले यस्तो जग्गालाई लिजमा परिणत गर्न एवम् कृषि क्षेत्रमा कम लिज रकम लाग्ने गरि कृषि क्षेत्रमा प्रोत्साहित गर्न, विभिन्न जल विद्युत् आयोजना, अन्तर्राष्ट्रिय विमानस्थललगायतका पूर्वाधारहरूलाई आवश्यक जग्गा उपलब्ध गराउन उद्देश्यले कार्यनीति जारी भएको तथा सरकारी जग्गा दुरूपयोग हुन नदिने व्यवस्था कार्यनीतिमा भई लिजमा उपलब्ध गराउने स्पष्ट आधारसमेत उल्लेख भएकाले जुनसुकै अवस्थामा

सरकारी जग्गा जो सुकै व्यक्ति वा संस्थालाई उपलब्ध गराउन सकिने व्यवस्था नभएको र मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरि उक्त कार्यनीति जारी भएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने जिकिर रहेको पाइन्छ।

४. यस सम्बन्धमा सर्वप्रथम निवेदकले प्रस्तुत रिट निवेदनमा दाबी लिएको मालपोत ऐन, २०३४ को दफा २४(१) को व्यवस्थाको उल्लेखन हुन सान्दर्भिक हुन्छ । उक्त व्यवस्था देहायबमोजिम रहेको छः-

दफा २४:- सरकारी वा सार्वजनिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुनेः-

(१) सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद गर्न गराउन हुँदैन।

तर नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि र सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहराएको कुनै कामको लागि व्यवस्था गर्न यस उपदफाले बाधा पुर्‍याएको मानिने छैन।

५. वस्तुतः मालपोत ऐन, २०३४ को दफा २४(१) को कानूनी व्यवस्थाअनुसार सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न नमिल्नेमा नेपाल सरकारले उक्त कानूनी व्यवस्थाविपरीत सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ जारी गरि सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषलाई लिजमा ५० वर्षसम्म प्रयोग गर्न दिई दुरूपयोग गर्न लागेकाले उक्त कार्यनीतिको सम्पूर्ण भाग बदर हुनुपर्ने भन्ने रिट निवेदकको कथन रहेको छ।

६. यस सम्बन्धमा माथि उल्लिखित मालपोत ऐन, २०३४ को दफा २४(१) को व्यवस्थाअनुसार सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद हुन नसक्ने भए पनि सोही दफाको प्रतिबन्धात्मक वाक्यांशबमोजिम नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि र सरकारी जग्गा नेपाल सरकारले उचित ठहराएको कुनै कामको लागि व्यवस्था गरि प्रयोग गर्न सक्ने गरि कानूनले नेपाल सरकारलाई अख्तियार प्रदान गरिएको देखिन्छ । विपक्षी सरकारी पक्षको लिखित जवाफमा पनि नेपाल सरकारले उक्त ऐनको दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरि सरकारी जग्गाको संरक्षण र सदुपयोग गर्ने उद्देश्यले उक्त कार्यनीति जारी गरिएको भन्ने जिकिर रहेको देखिन आउँछ।

७. नेपाल सरकारले मिति २०७१।९।७ को नेपाल राजपत्रमा जारी गरेको उक्त कार्यनीतिको प्रस्तावनामा सामाजिक आर्थिक, व्यवसायिक र सरकारले उचित ठहराएको प्रयोजनका लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउन र सरकारी जग्गाको संरक्षण र उपयोगलाई प्रभावकारी बनाउन मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रयोजनको लागि उक्त कार्यनीति जारी गरेको भन्ने उल्लेख भएको देखिन्छ । उक्त कार्यनीतिको दफा ३ मा सरकारी जग्गाको दर्ता स्रेस्ता अद्यावधिक तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था भएको पाइन्छ भने दफा ४ मा सरकारी जग्गा अनुसूची १ मा उल्लिखित प्रयोजनको लागि लिजमा उपलब्ध गराउन सकिने तर सार्वजनिक वा सरकारी प्रयोजनका लागि आवश्यक पर्ने सरकारी जग्गा कुनै व्यक्ति, निकाय वा संस्थालाई लिजमा दिइने छैन भन्ने व्यवस्था रहेको छ । रिट निवेदकले उक्त कार्यनीतिमा उल्लेख भएको लिजमा जग्गा उपलब्ध गराउने आधार र लिजमा जग्गा उपलब्ध गराउने सिफारिस सम्बन्धमा मुख्यरूपमा प्रश्न उठाएको फाइदा उक्त कार्यनीतिमा भएको उल्लिखित व्यवस्थाको उल्लेख हुन सान्दर्भिक देखिन्छ । उक्त कार्यनीतिको दफा ६ मा लिजमा जग्गा उपलब्ध गराउने

आधार देहायबमोजिम रहेको छः-

दफा ६: लिजमा जग्गा उपलब्ध गराउने आधारहरूः-

देहायको आधारमा सरकारी जग्गा लिजमा उपलब्ध गराउन सकिनेछः-

(१) लिजमा जग्गा लिनुको उद्देश्य, औचित्य र कार्ययोजना,
(२) लिज माग गरेको जग्गा रहेको स्थान र क्षेत्रफल,
(३) लिजमा दिइने जग्गाको विषयमा स्थानीय निकाय वा बासिन्दाको प्रतिक्रिया,
(४) जग्गाको संरक्षणको सुनिश्चितता,
(५) ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्त्वका स्थलहरूको मौलिकतामा असर नपर्ने कुराको प्रत्याभूति,
(६) भाडा रकम लिने गरि जग्गा लिजमा दिने भए लिजबापत जग्गा उपलब्ध गराउँदा प्राप्त हुने रकम।

८. त्यस्तै उक्त कार्यनीतिको दफा ७ मा जग्गा लिजमा लिन चाहने व्यक्ति, संस्था वा निकायले सम्बन्धित जिल्ला वा क्षेत्रको मालपोत कार्यालयमा स्थानीय निकायका सिफारिस एवम् सम्बन्धित जिल्लाको विषयगत कार्यालयको सिफारिसलगायतका अन्य आवश्यक कागजातसाथ निवेदन दिनु पर्नेसम्बन्धी व्यवस्था भई जिल्ला सदरमुकाम, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका क्षेत्रको कुनै जग्गा लिजमा लिन चाहने व्यक्ति, निकाय वा संस्थाले त्यस्तो जग्गा प्रकोप उद्धार तथा व्यवस्थापनको लागि आवश्यक नपर्ने भन्ने सम्बन्धमा गृह मन्त्रालयको सिफारिस एवम् त्यस्तो जग्गा स्थानीय निकायबाट सम्पादन गरिने कार्यहरूको लागि आवश्यक नपर्ने भनि सम्बन्धित स्थानीय निकायको सिफारिससमेत प्राप्त गर्नुपर्ने व्यवस्था पनि सोही दफा ७ मा उल्लेख भएको देखिन्छ। यसका अतिरिक्त उक्त कार्यनीतिको दफा ८ मा मालपोत कार्यालयले लिजमा माग भएको जग्गाको कित्ता स्पष्ट देखिने नक्सा, फिल्डबुक र ट्रेस नक्सा सम्बन्धित कार्यालयबाट प्राप्त गरि माग भएको कित्ता जग्गाको विवरण कार्यालयको अभिलेखसँग भिड्ने नभिड्ने सम्बन्धमा छानबिन गर्नुपर्ने र त्यसरी छानबिन गर्दा नक्सा फिल्डबुकसँग भिड्ने देखिएमा सो जग्गाको सम्बन्धमा जिल्ला प्रशासन, स्थानीय निकाय र नापी कार्यालयहरूका प्रतिनिधिहरूको रोहवरमा स्थलगत सर्जमिन र निरीक्षणसमेत गराउनु पर्ने व्यवस्था रहेको देखिन्छ।

९. उपर्युक्तबमोजिमको प्रक्रिया अवलम्बन गर्दा सो जग्गा लिजमा पठाउन उपयुक्त देखिएमा मालपोत कार्यालयले आफ्नो रायसहित सिफारिस समितिमा पठाउनु पर्ने व्यवस्था दफा ९ मा उल्लेख भई उक्त सिफारिस समितिमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी, वन कार्यालयको अधिकृत प्रतिनिधिहरू, सम्बन्धित जिल्ला वा क्षेत्रको नापी कार्यालयको प्रमुख सदस्य रहि सम्बन्धित जिल्ला वा क्षेत्रको मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहने व्यवस्था दफा १० मा उल्लेख भएको देखिन आउँछ । उक्त सिफारिस समितिले जाँचबुझ गर्दा लिजमा माग भएको जग्गा सरकारी वा सार्वजनिक प्रयोजनका लागि आवश्यक नपर्ने भई लिजमा दिन उपयुक्त देखेमा मालपोत कार्यालयमा सिफारिस गरि मालपोत कार्यालयले भूमिसुधार तथा व्यवस्थापन विभागमा सिफारिस गरि सो विभागले रायसहित भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेस गर्नुपर्ने र मन्त्रालयले स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गरि मन्त्रिपरिषद्ले लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्न सक्ने व्यवस्था दफा १२ मा उल्लेख भएको देखिन्छ।

१०. वस्तुतः नेपाल सरकारबाट जारी भएको उक्त कार्यनीति मालपोत ऐन, २०३४ को दफा २४(१)

को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि जारी भएको देखिन्छ। उक्त दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था क्रियाशील नै रहेको देखिएको अवस्थामा सो व्यवस्थाको संवैधानिकताको सम्बन्धमा निवेदकले प्रश्न उठाएको देखिँदैन । उक्त कार्यनीतिको समग्र व्यवस्थाको अध्ययन गरि हेर्दा ऐनको दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थालाई स्पष्ट र सारभूतरूपमा व्यवस्थित गर्ने उद्देश्यले नै नेपाल सरकारबाट उक्त कार्यनीति जारी भएको देखिन आउँछ। नेपाल सरकारबाट जारी भएको उक्त कार्यनीतिको व्यवस्था ऐनको दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रहि जारी गरेको भन्ने कुरा सो कार्यनीतिको प्रस्तावनामा नै उल्लेख छ । सो कार्यनीतिको कुनै पनि व्यवस्थाले मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाको सीमालाई विस्तार गर्न सक्ने अवस्थासमेत देखिँदैन । उक्त ऐनको सीमालाई उल्लङ्घन गरि वा विस्तार गरि सरकारी वा सार्वजनिक जग्गा लिजमा दिइने वा अन्य कुनै व्यवस्था गर्न लागेको अवस्थामा त्यस्तो कार्यलाई चुनौती दिन सक्ने अवस्था बाँकी रहन सक्छ । तर ऐनले दिएको अधिकार प्रयोग गरि सरकारी जग्गाको समुचित व्यवस्थापन गर्नको लागि सरकारबाट जारी भएको कार्यनीतिलाई प्रथम दृष्टिमा शङ्काको घेरामा राखि हाल्न पर्ने अवस्था हुँदैन।

११. मूलतः नेपाल सरकारले कुनै सरकारी वा सार्वजनिक जग्गालाई उपयुक्तताको आधारमा लिज वा अन्य तरिकाबाट कुनै व्यक्ति संस्था वा निकायलाई उपलब्ध गराएको अवस्थामा त्यसबाट प्रचलित कानून वा सार्वजनिक हक वा कसैको मौलिक वा कानूनी हक हनन् भएको अवस्थामा कानूनबमोजिम हक प्रचलन गरि पाउन माग गर्न सक्ने अधिकार सुरक्षित नै रहेको हुँदा सरकारी जग्गाको उपयुक्तताको आधारमा व्यवस्थापन गर्नेसम्बन्धी कार्यनीतिबाट तत्काल कोही कसैको मौलिक वा कानूनी हक हनन् भएको वा सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुने अवस्था भएको मान्न मिल्ने हुँदैन।

१२. रिट निवेदकले उक्त कार्यनीतिमा समावेश भएका कुनै खास व्यवस्थाको बारेमा प्रश्न उठाएको नभई सर्वसामान्यरूपमा सम्पूर्ण व्यवस्था नै खारेज गर्न माग गरेको देखिएको छ। उक्त कार्यनीतिमा उल्लेख भएका व्यवस्थाहरूको अध्ययन गरि हेर्दा सार्वजनिक वा सरकारी प्रयोजनका लागि आवश्यक पर्ने सरकारी जग्गा लिजमा नदिइने, लिजमा दिइने जग्गाको विषयमा स्थानीय निकाय वा बासिन्दाको प्रतिक्रिया लिनुपर्ने, जग्गाको संरक्षणको सुनिश्चितता, ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्त्वका स्थलहरूको मौलिकतामा असर नपर्ने प्रत्याभूति, त्यस्तै लिजमा दिइने जग्गा प्रकोप उद्धार तथा व्यवस्थापनका लागि आवश्यक नपर्ने भन्ने गृह मन्त्रालयको सिफारिस, त्यस्तो जग्गा स्थानीय निकायबाट सम्पादन गरिने कार्यका लागि आवश्यक नपर्ने भनि स्थानीय निकायको सिफारिस हुनुपर्ने लगायतका व्यवस्थाहरू समेटिएको देखिन्छ भने त्यस प्रयोजनका लागि छानबिन, सर्जमिन एवम् सिफारिस गर्ने निकायसमेतको व्यवस्था गरेको पाइन्छ। यसका अतिरिक्त नाफामूलक काम कारोबारमा लिजमा जग्गा उपलब्ध गराउने भएमा लिज रकमको सम्बन्धमा प्रतिष्पर्धा गराई जसले बढी लिज रकम तिर्न कबुल गर्दछ सो व्यक्ति, निकाय वा संस्थालाई लिजमा जग्गा उपलब्ध गराउने, लिजको रकम प्रतिष्पर्धा गर्न पत्र पत्रिकामा सूचना प्रकाशित गर्ने, लिज प्राप्तकर्ताले आफ्नो दायित्व पुरा नगरे लिज सम्झौता रद्द गर्न सकिने, अनुगमन तथा निरीक्षण गर्ने, वार्षिक प्रतिवेदन पेस गर्ने जस्तो विभिन्न आधारभूत व्यवस्थाहरू उक्त कार्यनीतिमा तोकिएको पाइन्छ।

१३. वस्तुतः मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको

व्यवस्थाअन्तर्गत त्यस्तो कुनै कार्यनीति विना पनि नेपाल सरकारले आफ्नो अधिकार प्रयोग गरि सरकारी वा सार्वजनिक जग्गाको व्यवस्थापन गरि रहेको परिप्रेक्ष्यमा प्रस्तुत कार्यनीतिमार्फत स्पष्ट मापदण्ड, प्रक्रिया र सर्तहरू कबुल गरि कार्यनीतिको माध्यमबाट व्यवस्थित गर्ने कार्यलाई स्वेच्छाचारी कार्य भएको भन्न मिल्दैन। बरू उक्त कार्यनीतिको असर र भावनाअनुरूप जवाफदेहिता र पारदर्शिताका साथ प्रक्रिया पुरा गरि निर्णय गर्ने पद्धतिको निर्माण हुन महत्त्वपूर्ण हुन्छ। विपक्षी सरकारी पक्षको लिखित जवाफमा विभिन्न राष्ट्रिय गौरवका आयोजना एवम् पूर्वाधार निर्माण आयोजनाको लागि यस्तो जग्गा उपलब्ध गराउन नसकिएमा आयोजना अवरूद्ध हुने भनि जिकिर लिइएको पाइन्छ। विकास गतिविधि सञ्चालन गर्नलाई प्रवर्द्धक वा सम्बद्ध अन्य व्यक्तिले आयोजनाको प्रकृति हेरि सबै अवस्थामा ठुला परिमाण वा क्षेत्रफलमा निजी तौरमा आफ्नै वा अर्काको सम्पत्तिमात्र उपभोग गर्न सकिने अवस्था रहन्छ भन्न सकिँदैन। यस स्थितिमा ठुला विकास आयोजना वा पूर्वाधार निर्माण आयोजनाका लागि सरकारी क्षेत्रको सहयोग अपेक्षित रहन्छ। सोही आवश्यकतालाई मनन गरि नेपाल सरकारबाट उक्त कार्यनीति जारी भएको भन्ने विपक्षीहरूको जिकिर रहेको छ। वस्तुतः सरकारी जग्गाको उपयोगमा अतिशय नियन्त्रण गर्ने र राष्ट्रको पूर्वाधार विकाससम्बन्धी आयोजनालाई आवश्यक जग्गा उपलब्ध नगराउने अनि विकास र आयोजनाको प्राप्तिका आशा राख्ने कुरा विरोधाभाषपूर्ण हुन जान्छ।

१४. रिट निवेदकले निवेदन पत्रमा उक्त कार्यनीतिले सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुन जानेतर्फ चासो व्यक्त भएको कुरा मननयोग्य भएपनि सरकार आफैँमा उत्तरदायीपूर्ण संस्था भई सरकारी वा सार्वजनिक सम्पत्तिको संरक्षणमा सरकार जिम्मेवारीपूर्णरूपमा सक्रिय रहेको मानिन्छ। सो नभएको अवस्थामा लोकतन्त्रमा जवाफदेहिता बहन गर्ने र गराउने धेरै उपायहरू हुन्छन्। सरकारले मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको दुरूपयोग वा गैरकानूनी प्रयोग गरेको खण्डमा कानूनी प्रक्रिया स्वतः क्रियाशील हुन सक्दछ र सम्बद्ध निकायहरूले आ-आफ्नो कार्यक्षेत्रलाई क्रियाशील बनाउनु पर्ने हुन्छ। सरकारले आफ्ना जिम्माको सरकारी सम्पत्तिलाई गैरकानूनी उपयोग गरेको भन्ने अवस्थामा बाहेक कानूनद्वारा प्रदत्त अधिकार उपयोग गर्ने उसको अन्तर्निहित र कानूनी अधिकार हुने हुनाले गोश्वारारूपमा र सरकारी संयन्त्रलाई अविश्वास वा शङ्काको भरमा हस्तक्षेप गर्न पनि मिल्ने हुँदैन।

१५. उपर्युक्तानुसारको विवेचनाको आधारमा नेपाल सरकारबाट जारी भएको "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१" मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशले प्रदान गरेको अधिकारअन्तर्गत नै जारी भएको देखिएको र निवेदन दाबीबमोजिम उक्त कार्यनीतिको व्यवस्थाबाट सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुने अवस्था विद्यमान रहेको नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गरि रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट जारी भएको मिति २०७२।३।२९ को अन्तरिम आदेश निष्क्रिय गरि दिएको छ।

१६. रिट निवेदन खारेज हुने ठहरे पनि नेपाल सरकारले जारी गरेको "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१" को व्यवस्थाले सरकारी जग्गा व्यक्ति संस्था वा निकायलाई ५० वर्षसम्म लिजमा उपलब्ध गराउन सक्नेलगायतका व्यवस्था भएको सन्दर्भमा सरकारी जग्गा त्यसरी लिजमा उपलब्ध गराउँदा जवाफदेहीता र पारदर्शीता हुन अनिवार्य हुन जान्छ। उक्त कार्यनीतिको प्रस्तावनामा नै सरकारी जग्गाको उपयोगलाई प्रभावकारी बनाउने भन्ने उल्लेख भएको देखिएकाले सारभूतरूपमा उक्त

उद्देश्य प्राप्तिको लागि नेपाल सरकारले लिजमा दिइने निर्णय भएको जग्गाको वस्तुगत विवरणको सार्वजनिक प्रकाशन एवम् प्रचारप्रसार गर्न वाञ्छनीय र उपयुक्त भएको देखिँदा उक्त कार्यनीतिबमोजिम कुनै व्यक्ति, निकाय वा संस्थालाई सरकारी जग्गा लिजमा दिएको काम कारवाही एवम् निर्णयको सार्वजनिकरूपमा प्रचार प्रसार एवम् प्रकाशनसमेत गर्नु र लिजमा दिएको जग्गा जुन प्रयोजनको लागि दिइएको हो सोबमोजिम नगरि दुरूपयोग गरेको वा लिजमा दिँदा नै गैरकानूनी कार्य भए गरेको भन्ने प्रकृतिको कुनै गुनासो वा उजुरी प्राप्त भएमा त्यस्तो विषयको सुनुवाई गरि निर्णय दिने संयन्त्रसमेत खडा गर्नु भनि विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । यो आदेशको कार्यान्वयनको लागि आदेशको जानकारी विपक्षी महान्यायाधिवक्ताको कार्यालयमार्फत नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिई दायरी लगत कट्टा गरि मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृत : विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल भदौ २७ गते रोज १ शुभम् ।

## निर्णय नं.९४९५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
आदेश मिति : २०७१।९।२७।१
०६९-WO-०३१०

विषयः उत्प्रेषण / परमादेश ।

निवेदक : जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा कार्यरत् स्वस्ती पौड्याल (आचार्य)

विरूद्ध

विपक्षी : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत

- **सरूवा बदर गर्नु पर्नाको कारणमा कानूनको समस्या नभई व्यवस्थापकीय समस्यालाई विपक्षीहरूले लिखित जवाफमा उठाएको देखिन्छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक र ट्रेड युनियनबिच गरिएको सहमतिले कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्न सक्दैन । महानिर्देशक र ट्रेड युनियनका बिचमा कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्ने गरि कुनै सहमति भए पनि त्यस्तो सहमतिले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । कानूनबमोजिम हुने सरूवाको विषयमा ट्रेड युनियन बाधाको रूपमा रहन पनि हुँदैन । विपक्षी स्वास्थ्य सेवा विभागले आफैँले मिति २०६९।४।२३ मा गरेको सरूवा निर्णयलाई मौजुदा स्वास्थ्य**

**सेवासम्बन्धी ऐन नियमविपरीत रहेको नदेखिएसम्म आफैँले बदर गर्न नमिल्ने ।**

(प्रकरण नं.२)

- **मिसिल संलग्न मेडिकल बोर्डको सिफारिससमेतबाट निवेदिकाले स्त्री रोग विशेषज्ञको फलोअपमा रहन उपयुक्त देखिएको भन्ने देखिन्छ। उल्लिखित कानूनी व्यवस्थासमेतको आधारमा निवेदिकाको सरूवा स्वास्थ्य सेवाको दृष्टिले पायक पर्ने स्थानमा कानूनबमोजिम मेडिकल बोर्डको सिफारिससमेतको आधारमा भएकामा निजको सरूवा बदर गर्ने विपक्षीको निर्णय कानूनी व्यवस्थाअनुरूपको भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

निवेदकका तर्फबाट :

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता टिकेन्द्रप्रसाद दाहाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ (ख)

आदेश

**न्या.कल्याण श्रेष्ठ** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

**१. तथ्य खण्ड**

**१.१ रिट निवेदकको सङ्क्षिप्त निवेदन व्यहोरा**

म निवेदिका मिति २०५९ सालमा हे.अ. पदमा नियुक्ति भएकी हुँ । म बिरामी भई स्वास्थ्य उपचारसमेत गर्नु पर्ने कारणले स्वास्थ्य सुविधा भएको ठाउँमा सरूवा हुन बाध्यता भएको र मेरो श्रीमान् डा. अमर पौड्याल पनि भक्तपुर अस्पतालमा कार्यरत् रहनु भएकाले निजामती कर्मचारीका श्रीमान् श्रीमती नै सरकारी जागिरमा रहेको अवस्थामा दुवै जनालाई एउटै जिल्लामा सरूवा गर्ने व्यवस्था र परिपाटी पनि रहि आएको हुँदा भक्तपुर जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गतको कुनै स्वास्थ्य चौकीमा सरूवा हुन चाहेकी थिएँ । यसै बिच स्वास्थ्य सेवा विभाग, भक्तपुर शाखाको मिति २०६९।४।२३ को पत्रद्वारा मेरो सरूवा डाँडापाखर स्वास्थ्य चौकी सिन्धुपाल्चोकबाट बालकोट स्वास्थ्य चौकीमा रिक्त स्थानमा भयो । त्यसपछि मैले डाँडा पाखर स्वास्थ्य चौकी जिल्ला जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकबाट मिति २०६९।५।१ गते देखि लागू हुने गरि मिति २०६९।४।२९ को रमाना पत्र लिएर २०६९।५।७ गते जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा हाजिर हुन गएकामा त्यहाँका कार्यालय प्रमुखले सिधै तपाईको पदाधिकार रहेको बालकोट स्वास्थ्य चौकीमा हाजिर हुन गए हुन्छ भनि भन्नु भएकाले बालकोट स्वास्थ्य चौकीमा जाँदा त्यहाँका सि.अ.हे.व. सुन्दर हरि श्रेष्ठले हाजिर गर्न नदिई उल्टै आफूभन्दा माथिल्लो निकाय र पदाधिकारीले दिएको निर्देशन, निर्णयको अवज्ञा गर्दै हाजिर गराउन नसक्ने भनि स्वास्थ्य मन्त्रालय समेतका नाममा बोधार्थ पत्र पठाए। जुन कार्य गलत र बदनियतपूर्ण छ।

नेपाल सरकारको सचिवसमेतका पदाधिकारीबाट मातहत कर्मचारीलाई दिइएको लिखित निर्देशन पालना गर्नु पर्ने आचरणसम्बन्धी व्यवस्थालाई समेत अटेर गरि विपक्षीले कार्य गर्नु भएको छ। श्रीमान् श्रीमती दुवै जागिरे भएको अवस्थामा दुवैलाई पायक पर्ने स्थानमा सरूवा भएर आएको कार्यालयमा हाजिर भै काम काज गर्न पाउनु मेरो अधिकारको कुरा भएकामा म गर्भवतीसमेत हुँदा माथिल्लो निकाय विभागबाट

भएको निर्णयलाई ठाडै चुनौति दिने कार्य बालकोट स्वास्थ्य चौकीका सि.अ.हे.ब. बाट भएको छ । मिति २०६९।५।१९ मा विपक्षी विभागले जनस्वास्थ्य कार्यालय, भक्तपुरलाई हाजिर नगराउने कर्मचारीउपर कारवाही प्रक्रिया सुरू गर्न र हाललाई म निवेदकको दरबन्दी यथावत् बालकोट स्वास्थ्य चौकीमा राखि जिल्ला जनस्वास्थ्य कार्यालयमा हाजिर गराई काम काज लगाउनु भन्ने पत्र लेखिएको रहेछ । सो पत्रपूर्व सरूवा निर्णयविपरीत भएको भए पनि मलाई तत्काल हाजिर भै कामकाज गर्नुको विकल्प नभएको हुँदा हाजिर भै काम काज गरि आएको थिएँ।

मिति २०६९।५।२१ मा पुनः विपक्षी विभागले विना आधार कारण पहिले आफैँले गरेको सरूवा बदर गरिएको भन्ने पत्र र सोही मितिको काजमा खटाइएको भन्ने पत्रसमेत पठाएको रहेछ । मिति २०६९।५।२१ को निर्णय सरासर गैर कानूनी छ। मिति २०६९।४।२३ मा गरिएको सरूवा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० बमोजिम रितपूर्वकको रहेकाले मिति २०६९।५।२१ मा विना कुनै कानूनी आधार कारण बेगर मेरो सरूवा बदर गरि उसै दिन जनस्वास्थ्य कार्यालय मै काजमा राख्ने गरेको निर्णय, पत्राचार एवम् कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)च, १८, १९ र २० समेतले प्रदत्त गरेको हकमा आघात पार्ने किसिमको रहनुको साथै स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२, ७१ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३०, ३१(ख) ३५, ३६ समेतको विपरीतको भई बदर भागी रहेकाले बदर गरि कानूनबमोजिम भएको मिति २०६९।४।२३ को सरूवा र २०६९।४।२९ को रमाना बमोजिम मेरो दरबन्दी रहेको कार्यालय बालकोट स्वास्थ्य चौकी, भक्तपुरमा कानूनबमोजिम हाजिर गराई कामकाज गर्न दिनु भनि विपक्षीहरूको नाममा परमादेशसमेत जारी गरिपाऊँ । साथै प्रस्तुत निवेदनको अन्तिम किनारा लाग्न समय लाग्ने भएको र विपक्षीले मेरो नियमित सरूवा बदर गरेको मिति २०६९।५।२१ को निर्णय एवम् सोही मितिको काज खटाएको पत्र कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षी विभाग, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाऊँ।

**१.२ यस अदालतबाट मिति २०६९।५।३१ मा जारी भएको प्रारम्भिक आदेश**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ प्रस्तुत गर्नु भनि रिट निवेदनको प्रतिलिपि साथै राखि प्रत्यर्थीहरूलाई सूचना पठाइदिनू । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरि पेस गर्नू।

निवेदकले माग गरेको अन्तरिम आदेशको सम्बन्धमा विपक्षीलाई समेत राखि छलफल गरि निर्णय गर्नु उपयुक्त हुने हुँदा छलफलका लागि निवेदकलाई मिति २०६९।६।७ को तारेख तोकि उक्त दिन अन्तरिम आदेश जारी गर्नु पर्ने वा नपर्ने सम्बन्धमा छलफल हुने हुँदा उपस्थित हुनु भनि विपक्षीहरूलाई समेत सूचना दिनू।

**१.३ यस अदालतबाट मिति २०६९।६।७ मा जारी भएको अन्तरिम आदेश**

सिन्धुपाल्चोक डाँकापाखर स्वास्थ्य चौकीबाट बालकोट स्वास्थ्य चौकी, भक्तपुरमा हेल्थ असिस्टेन्टको रिक्त पदमा सरूवा गरिएकामा सो पदमा हाजिर हुन नदिई पत्र लेखि उक्त बालकोट स्वास्थ्य चौकीका सि.अ.हे.व. ले पठाउँदा सोअनुसार स्वास्थ्य सेवा विभागले निवेदकको मिति २०६९।४।२३ को सरूवा नै बदर गरेको देखिन्छ । सरूवा बदर गर्ने

कारणको हकमा उक्त पत्रमा कुनै कानूनी आधार उल्लेख भएको देखिँदैन । बहसको सिलसिलामा नेपाल सरकारका तर्फबाट प्रस्तुत हुन आएको सक्कल फायल हेर्दा नेपाल स्वास्थ्यकर्मी युनियन र विभागबिच आजै भएको सहमतिसमेतका आधारमा भनि सरूवा निर्णय बदर गर्ने निर्णय स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को टिप्पणीमा निर्णय भएको देखिन्छ । कानूनबमोजिम बाहेक सरूवा बदर गर्ने गराउने अस्वस्थकर पद्धति र परम्परालाई बढुवा दिन नहुनेसमेत देखिँदा निवेदकको सरूवा बदर गर्ने गरेको मिति २०६९।५।२१ को स्वास्थ्य सेवा विभागको निर्णय र सोबमोजिमको पत्र तत्काल कार्यान्वयन नगर्नु नगराउनु, निवेदकलाई मिति २०६९।४।२३ को पत्रअनुसार स्वास्थ्य चौकी बालकोटमा हे.अ. पदमा गरिएको सरूवाबमोजिम कामकाज गर्न रोक्न नदिनु भनि विपक्षी स्वास्थ्य सेवा विभागसमेतको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । सोको जानकारी सम्बन्धित विपक्षीहरूलाई दिई नियमानुसार गर्नू ।

**१.४ विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफः**

यस मन्त्रालयबाट निवेदिकाको कुनै हक अधिकार हनन् गरेको अवस्था नहुँदा यस मन्त्रालयको हकमा निवेदकको मागदाबीबमोजिम आदेश जारी हुनु पर्ने होइन । रिट निवेदन खारेज भागी हुँदा खारेज गरिपाऊँ ।

**१.५ विपक्षी स्वास्थ्य सेवा विभागसमेतको तर्फबाट पेस भएको लिखित जवाफः**

निवेदकलाई निर्वाचन आयोग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहमति र निर्देशनसमेतको आधारमा यस विभागको मिति २०६९।४।२३ को निर्णयबाट डाँडापाखार स्वास्थ्य चौकी, सिन्धुपाल्चोकबाट बालकोट स्वास्थ्य चौकी भक्तपुरमा सरूवा गरिएको हो । निजको सरूवाको सम्बन्धमा यस विभागको पूर्व महानिर्देशक र ट्रेड युनियनबिच भएको सहमति भन्दा भिन्न भएको भन्ने गुनासोलाई मध्यनजर गरि स्वास्थ्यकर्मी युनियन र यस विभागबिच भएको सहमतिसमेतका आधारमा सरूवा निर्णय बदर गर्ने र निज निवेदकलाई अर्को व्यवस्था नभएसम्मका लागि जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा नै स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(४) बमोजिम कामकाज गर्ने गरि काजमा खटाइएको हो । निज निवेदकलाई आगामी विभागले गर्ने सरूवामा व्यवस्थापन गरिने नै हुँदा प्रस्तुत रिट खारेज भागी छ । खारेज गरिपाऊँ ।

**१.६ विपक्षी जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरसमेतको तर्फबाट पेस भएको लिखित जवाफः**

विपक्षीबाट प्रकरण १ मा जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा हाजिरी हुन गएको भन्ने सन्दर्भमा निज स्वस्ती पौड्यालको रमाना जिल्ला जनस्वास्थ्य कार्यालयलाई नभई बालकोट स्वास्थ्य चौकीलाई लेखिएको हुँदा जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरबाट निजलाई सोही व्यहोरा मौखिक जानकारी गराइएको। प्रकरण २ मा विपक्षीबाट उल्लेख भएअनुसार नै निज (विपक्षी) लाई स्वास्थ्य सेवा विभागबाट च.नं. ४९८ मिति २०६९।५।१९ को पत्रानुसार यस जिल्ला जनस्वास्थ्य कार्यालयमा नै हाजिर गराई कामकाज लगाइएको व्यहोरा अनुरोध छ । यस कार्यालयको कार्य विभागीय तथा माथिल्लो निकायको निर्णय कार्यान्वयन गर्ने हुँदा विपक्षीद्वारा प्रकरण ३ मा उल्लेख भएअनुसार नै निजलाई काजको रूपमा कामकाज लगाइएकाले रिट निवेदन खारेज हुन अनुरोध छ ।

**२. आदेश खण्ड**

नियमबमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक वा निजको तर्फबाट कुनै कानून व्यवसायी छलफलमा भाग लिन नआएको र विपक्षी स्वास्थ्य सेवा विभागसमेतका सरकारी निकायहरूको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री टिकेन्द्रप्रसाद दाहालले रिट निवेदिकाको सरूवा स्वास्थ्य सेवा विभागका पूर्व महानिर्देशक र ट्रेडयुनियनबिच भएको सहमतिभन्दा बाहिर गई गरिएको भन्ने गुनासो आएकाले बदर गर्न परेको हो। निवेदिकालाई भएको मिति २०६९।४।२३ को सरूवा कारणवस बदर गर्नु परेको कारण अर्को व्यवस्था नभएसम्मको लागि सरूवा भएको जिल्लाको जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुरमा नै काजमा राख्ने निर्णय भएबाट रिट निवेदिकालाई अप्ठ्यारो पार्ने कार्य नभएको र अर्को सरूवामा निजको सरूवा व्यवस्था गरिने नै हुँदा तत्कालमा निजको मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था छैन। रिट निवेदन खारेज गरि पाउन सादर अनुरोध गर्दछु भनि बहस गर्नुभयो।

उल्लिखित बहस जिकिरलाई मनन गरि रिट निवेदन पत्र एवम् लिखित जवाफ लगायतका मिसिल संलग्न कागजातहरूको अध्ययन गरि रिट निवेदिकाको मागबमोजिमको आदेश जारी हुन सक्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गरि निर्णय गर्नु परेको छ।

यसमा रिट निवेदिकाको मुख्य माग दाबीमा म जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकमा कार्यरत् रहेकीमा बिरामी परेको कारण र श्रीमान् पनि भक्तपुरमा भै कार्यरत् रहनु भएको कारणसमेतबाट मेरो सरूवा स्वास्थ्य सेवा विभागबाट मिति २०६९।४।२३ मा भक्तपुर जिल्लास्थित बालकोट स्वास्थ्य चौकीमा भएकामा हाजिर हुन जाँदा हाजिर नै नगराई सरूवा नै बदर गरि मिति २०६९।५।२१ मा निर्णय गरेकाले सो कार्य नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२, ७१ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३०, ३१(ख), ३५, ३६ समेतको विपरीत भएकाले उक्त सरूवा बदर गर्ने निर्णय उत्प्रेषणको आदेश जारी गरि बदर गरि विपक्षी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।४।२३ को सरूवा निर्णयबमोजिम बालकोट स्वास्थ्य चौकी मै हाजिर भई काम गर्न पाउँ भन्ने रहेको देखिन्छ। रिट निवेदनको खण्डन स्वरूप विपक्षीहरूको तर्फबाट पेस हुन आएको लिखित जवाफ व्यहोरामा स्वास्थ्य सेवा विभागका पूर्व महानिर्देशक र ट्रेड युनियनका बिच भएको पूर्व सहमतिविपरीत रिट निवेदिकालाई सरूवा गरिएको भन्ने गुनासोलाई मध्यनजर राखि निजलाई गरिएको मिति २०६९।४।२३ को सरूवा निर्णय स्वास्थ्य कर्मी, ट्रेड युनियन र स्वास्थ्य सेवा विभागको सहमतिमा नै मिति २०६९।५।२१ मा बदर गरि निजलाई भक्तपुरमै काज राखिएको तथा पछि हुने सरूवामा निजको व्यवस्थापन गरिने नै छ भन्ने रहेको देखिन्छ।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदिकाको मिति २०६९।४।२३ को सरूवा निर्णय स्वास्थ्य सेवासम्बन्धी ऐन र नियमअनुरूप नभएको भन्ने कुरा विपक्षीहरूले लिखित जवाफमा भन्न सकेको देखिन्न । निजको सरूवा बदर गर्नु पर्नाको कारणमा कानूनको समस्या नभई व्यवस्थापकीय समस्यालाई विपक्षीहरूले लिखित जवाफमा उठाएको देखिन्छ। स्वास्थ्य सेवा विभागका महानिर्देशक र ट्रेड युनियनबिच गरिएको सहमतिले कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्न सक्दैन । महानिर्देशक र ट्रेड युनियनका बिचमा कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्ने गरि कुनै सहमति भए पनि त्यस्तो सहमतिले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। कानूनबमोजिम हुने सरूवाको विषयमा ट्रेड युनियन बाधाको रूपमा रहन पनि हुँदैन । विपक्षी स्वास्थ्य सेवा विभागले आफैँले मिति २०६९।४।२३ मा गरेको सरूवा निर्णयलाई मौजुद स्वास्थ्य सेवासम्बन्धी ऐन नियमविपरीत रहेको नदेखिएसम्म आफैँले बदर गर्न मिल्दैन।

३. रिट निवेदिकालाई बालकोट स्वास्थ्य चौकी, भक्तपुरमा सरूवा गरिएकामा सो सरूवा कार्यान्वयन गर्नको लागि दरबन्दीसम्बन्धी समस्या रहि कार्यान्वयन गर्न नसकिने भई तत्काल भक्तपुर जिल्लाभित्रैको अर्को स्थानमा सरूवा गर्न परेको कारणले गर्दा मिति २०६९।४।२३ को सरूवा बदर गरि उहि जिल्लाको अर्को स्थानमा सरूवा व्यवस्थापन गर्न परेको हो भन्ने पनि विपक्षीहरूको जिकिर रहेको छैन । सरूवासम्बन्धी व्यवस्था कर्मचारीहरूको लागि उत्प्रेरणाको तत्त्वसँग पनि सम्बन्धित हुने हुँदा यस्तो विषयलाई विवेकसम्मत र संयमतापूर्वक व्यवस्थापन गर्नु पर्ने हुन्छ। स्वास्थ्य सेवाअन्तर्गतका कर्मचारीहरूको सरूवासम्बन्धी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा ऐ. को नियमावली, २०५५ मा रहेको व्यवस्था हेर्दा उल्लिखित ऐनको दफा २१ तथा २२ मा देहायबमोजिमको व्यवस्था रहेको देखिन्छः

**दफा २१. <u>सरूवा गर्दा वा काजमा खटाउँदा लिइने आधारः</u>**

(१) कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरि अति दुर्गम, दुर्गम र सुगम क्षेत्रमा सरूवा गरिनेछ।

(२) भौगोलिक दृष्टिले अति दुर्गम, दुर्गम र सुगम क्षेत्रको विभाजन तथा उपविभाजन तोकिएबमोजिम हुनेछ।

(३) कर्मचारीलाई अति दुर्गम क्षेत्रमा कम्तिमा एक वर्ष वा दुर्गम क्षेत्रमा कम्तिमा दुई वर्ष पुरा नभई सामान्यतया सरूवा गरिने छैन।

**<u>स्पष्टिकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "एक वर्ष" भन्नाले कम्तीमा २३३ दिन रूजु हाजिर भएको अवधिलाई मानिनेछ।

(४) कुनै पनि कर्मचारीलाई एक वर्षमा तीस दिनभन्दा बढी समयको लागि कुनै कार्यालय काजमा खटाउन पाइने छैन। सो अवधिभन्दा बढी अवधिको लागि कुनै कर्मचारीलाई काजमा खटाइएकामा त्यसरी काज खटाइएको अवधिमा त्यस्तो कर्मचारीले पाएको तलबभत्ताको रकम त्यसरी काज खटाउने पदाधिकारीको तलब भत्ताबाट कट्टा गरि असुल उपर गरिनेछ।

**दफा २२. <u>अवधि पुरा नहुँदै सरूवा गर्न सकिनेः</u>** दफा २१ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कुनै कर्मचारीलाई अवधि पुरा नहुँदै सरूवा गर्न सकिनेछः-

(१) शारीरिक वा मानसिक अस्वस्थताको कारण कुनै कर्मचारी कुनै स्थानमा रहि काम गर्न नसक्ने कुरा नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा,

(२) कुनै कर्मचारीलाई विभागीय कारवाही गर्नु परेमा,

(३) दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत् कर्मचारी फाजिलमा परेमा,

(४) ग्रामिण स्वास्थ्य कार्यकर्ता, आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यरत् कर्मचारीलाई पारस्परिक सहमतिको आधारमा वा त्यस्तो पद कुनै कार्यालयमा रिक्त भएमा कर्मचारीको मागको आधारमा।

४. रिट निवेदिकाले आफूलाई प्रजनन स्वास्थ्यसम्बन्धी समस्या रहेको र सिन्धुपाल्चोकमा उक्त समस्याको उपचार हुन नसक्ने भनि मेडिकल बोर्डले सिफारिस गरेको समेतको आधारमा सरूवा भएको हो भनि रिट निवेदनमा दाबी लिएको देखिन्छ। मिसिल संलग्न उक्त मेडिकल बोर्डको सिफारिससमेतबाट निज निवेदिकाले स्त्री रोग विशेषज्ञको फलोअपमा रहन उपयुक्त देखिएको भन्ने देखिन्छ। उल्लिखित कानूनी व्यवस्थासमेतको आधारमा निज निवेदिकाको

सरूवा स्वास्थ्य सेवाको दृष्टिले पायक पर्ने स्थानमा कानूनबमोजिम मेडिकल बोर्डको सिफारिससमेतको आधारमा भएकामा निजको सरूवा बदर गर्ने विपक्षीको निर्णय उल्लिखित कानूनी व्यवस्थाअनुरूपको भन्न मिलेन।

५. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ (ख) मा रिक्त पद मिलेसम्म कर्मचारीको पति पत्नी दुवै सरकारी सेवामा बहाल रहेको भए एउटै जिल्लामा पठाउने गरि सरूवा गरिनेछ भनि सरूवाको आधार निश्चित गरिएकामा रिट निवेदिकाको सरूवा पति कार्यरत् रहेको भक्तपुर जिल्लाको बालकोट स्वास्थ्य चौकीमा भएकालाई उल्लिखित कानूनी व्यवस्थाको अनुकूल कै देखिएको सन्दर्भमा निजको मिति २०६९।४।२३ को सरूवा निर्णय बदर गर्ने गरि भएको विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को निर्णय र सोही मितिमा रिट निवेदिकालाई जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा कामकाज गर्ने गरि काजमा खटाइएको भन्ने विपक्षी स्वास्थ्य सेवा विभागको निर्णयसमेत कानून अनुकूलको भएको नदेखिएकाले उक्त मितिका दुवै निर्णयहरू कायम रहन सक्ने प्रकृतिका रहेको देखिन आएन।

६. अतः माथि विश्लेषित आधार र कारणबाट रिट निवेदिकालाई विपक्षी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।४।२३ मा जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकबाट बालकोट स्वास्थ्य चौकी, भक्तपुरमा गरिएको सरूवा बदर गर्ने गरि भएको विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को निर्णय एवम् सोही मितिमा रिट निवेदिकालाई काजमा खटाउने गरि लेखिएको पत्रसमेत कानूनसम्मतको देखिन नआएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। यस अदालतबाट मिति २०६९।६।७ मा अन्तरिम आदेश जारी भई रिट निवेदिकाको सरूवा बदर गर्ने विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को निर्णय एवम् सोही मितिमा लेखिएको पत्रसमेतको कार्यान्वयनमा रोक लागेको र मिति २०६९।४।२३ को सरूवा निर्णयअनुसार बालकोट स्वास्थ्य चौकीमा हाजिर हुनबाट निवेदिकालाई नरोक्नु रोक्न नदिनु भनि विपक्षीहरूको नाउँमा आदेश जारी भई रहेको र सो आदेश यथावत् कायम रहि निरन्तरता पाइरहेकै हुँदा अन्य कुनै आदेश जारी गरिरहनु परेन। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू। दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृतः बाबुराम सुवेदी
इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

## निर्णय नं.९४९६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७२।५।३०।४
०६७-CR-०४६९

मुद्दा :- मानव बेचबिखन तथा ओसारपसार।

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला, रालुका देवी गा.वि.स. वडा नं.२ घर भै हाल कारागार कार्यालय भद्रबन्दी गृह जगन्नाथदेवलमा थुनामा रहेका लाक्पा तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : ज्ञानबहादुर लामाको जाहेरीले नेपाल सरकार

- **इन्कारी बयानलाई प्रतिवादीले समर्थन गर्ने प्रमाणहरू पेस गर्न सकेको देखिँदैन। आफ्नो मुलुकबाट अर्को मुलुकमा बिक्री भएकी पीडित महिलाले लगाएको कपडा र प्रयोग गरेका अन्य सामानहरू त्यसरी अन्यत्रको सामान्य चिनजानको मानिसको डेरा कोठामा फेला पर्नु कसुर अपराधको प्रमाणसँग सम्बन्धित हो। कसुर अपराध गर्ने व्यक्तिले आफूले गरेको कसुर अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन जहिले पनि झुट्ठो बयान गर्ने हुँदा त्यसलाई सङ्कलित प्रमाणहरूबाट विश्लेषण र मूल्याङ्कन गरि न्याय निरूपण गर्नुपर्ने।**

(प्रकरण नं.५)

- **प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काकडभिट्टासम्म पुर्‍याएको देखिएको र कानूनले पनि बिक्रीसमेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याएको कार्यलाई कसुर मानेको हुँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसुर गरेको देखिने।**

(प्रकरण नं.७)

- **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ङ) को खण्ड (२) मा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचासहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेसमेतको व्यवस्था भएको देखिन्छ। आरोपित कसुर गरेको ठहर भएपछि जरिवाना पनि गर्नु पर्ने तथ्यमा विवाद छैन। प्रस्तुत मुद्दामा सुरू अदालतले उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादीलाई जरिवाना गरेको देखिँदैन। ऐनको दफा १७ को कानूनी व्यवस्था हेर्दा जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरि निजबाट मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्नेसमेतको व्यवस्था भएको देखिँदा कानूनबमोजिम जरिवाना पनि गर्नु पर्नेमा सुरू अदालतले जरिवाना नगरेको हदसम्म केही उल्टी गरि १० वर्ष कैद सजाय, एकलाख रूपैयाँ जरिवाना र पीडितले प्रतिवादीबाट ५०,०००।- रूपैयाँ भराई लिन पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।**

(प्रकरण नं.८)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता संजिवराज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१ को दफा १८
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ३, ९

सुरू तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री भुपेन्द्रप्रसाद राई

पुनरावेदन तहमा फैसला गर्नेः-

मानननीय मु.न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

**विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपानियता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा पीडितको वास्तविक नाम परिवर्तन गरिएको छ । निजको नाम र ठेगानासहितको विवरण सिलबन्दी गरि छुट्टै खाममा मिसिलसाथ राखिएको छ ।**

फैसला

**न्या. गिरीश चन्द्र लाल** : पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादी लाक्पा तामाङको तर्फबाट यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छः-

का.जि.का.म.न.पा वडा नं. १६ बालाजु माछापोखरीस्थित नुवाकोट त्रिशुली आप्रा रेष्टुरेन्टमा काम गर्दै आएको परिवर्तित नाम **क** कुमारी मिति २०६४।८।२९ गते आफ्नो घर जान्छु भनि हिँडेकी थिइन् । निजले घरमा पुगेर फोन गर्छु भनेकीमा फोन नगरेपछि उनको मोबाइलमा सम्पर्क गर्दा सम्पर्क हुन नसकेको हुँदा हराएको शङ्का लागि खोजतलास गरिपाउँ भन्नेसमेत व्यहोराले ज्ञानबहादुर लामाले महानगरिय प्रहरी वृत्त बालाजुमा दिएको निवेदन ।

यस कार्यालयबाट खोजतलास गर्दा परिवर्तित नाम **क** कुमारीलाई नुवाकोट जिल्ला रालुका गा.वि.स. वडा नं. २ घर भै हाल का.जि. मनमैजु बस्ने लाक्पा तामाङसमेतले ललाई फकाई विभिन्न प्रलोभनमा पारी काकडभिट्टाको बाटो हुँदै भारतमा लगि बिक्री गरेको भन्ने कुरा गोप्यरूपमा बुझिन आएको र निज लाक्पा तामाङ केही सार्वजनिक अपराधमा पक्राउ परि अनुसन्धान भै रहेको हुँदा निजलाई आवश्यक कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

परिवर्तित नाम **क** कुमारी मिति २०६४।८।२९ गते बुवा बिरामी भएकाले घर जान्छु भनि हिँडेकी थिइन् । घर पुगेपछि फोन गर्छु भनेको थियो । घर जाने समयमा मैले एउटा स्वीटर पनि किनिदिएको थिएँ । निजले फोन नगरेकाले निजको फोनमा मैले फोन गर्दा अर्कै केटा मानिसले फोन उठाएको कारण शङ्का लागि खोजतलास गर्न यसअघि यस कार्यालयमा निवेदन दिएको थिएँ । पछि बुझ्दै जाँदा नुवाकोट जिल्ला रालुका गा.वि.स. वडा नं. २ बस्ने लाक्पा तामाङले भारतको सिलगुडितर्फ लगि फर्काई पुन: काकडभिट्टाको बाटो हुँदै ललाई फकाई भारतको बेश्यालयमा बिक्री गरेको भन्ने खुल्न आएकाले निज र अन्य संलग्नलाई आवश्यक कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराले ज्ञानबहादुर लामाले दिएको जाहेरी दरखास्त ।

म समय समयमा काठमाडौं आउँदा का.जि. बालाजु माछापोखरीस्थित नुवाकोट त्रिशुली आप्रा रेष्टुरेन्टमा खाना खान्थेँ । त्यसैक्रममा परिवर्तित नाम **क** कुमारीसँग चिनजान भयो । त्यसपछि म प्राय: सो रेष्टुरेन्टमा जाने र निजसँग कुराकानी गर्ने गर्थें । **क** कुमारीको चिनजानको मानिस अर्जुन लामासँग पनि उनीले नै मलाई चिनजान गराएको हो । त्यसपछि अर्जुन लामा र मेरो सामान्य चिनजान भयो । अर्जुन लामाले सो रेष्टुरेन्टमा म केही दिनभित्रै भारतको दार्जिलिङ घुम्न जाँदैछु । तिमीहरू पनि दार्जिलिङ घुम्न जाने भए सँगै जाऔं भनेका थिए । निजले सो कुरा भनेपछि **क** कुमारीले मलाई पनि दार्जिलिङ घुम्न ईच्छा छ, तर घरमा बुवा बिरामी हुनुहुन्छ । खर्च पनि छैन । त्यसैले तत्काल जान सक्दिन भनेपछि अर्जुन लामाले म अहिले जान्छु । तिमीहरूलाई पछि फोन गरौँला भनेका थिए । पछि **क** कुमारीलाई अर्जुन लामाले फोन गरि मिति २०६४।९।१ गते बेलुकीसम्म काकडभिट्टा आइपुग्नु भनेको रहेछ । सो कुरा **क** कुमारीले मिति

२०६४।८।२९ गते मलाई भनेपछि त्यसो भए जाउँन त भनेर **क** कुमारी र म सोही दिनको साँझ काठमाडौंबाट बसमा गई भोलिपल्ट काकडभिट्टा पुगि त्यहाँ अर्जुनको खोजतलास गर्दा भेट भई चिया खाँदै गर्दा अर्जुनले मलाई सुटुक्क **क** कुमारीलाई भारतमा लगि बिक्री गर्छु। तपाईं यहीँबाट फर्कनुस्, बिक्रीबाट आएको रकम बाँडि खाउँला भनेको थियो। अर्जुनले भनेको कुरामा म सहमत भई तपाईंहरू दुईजना दार्जिलिङ घुम्न जानुस्, म काठमाडौं फर्कनु पर्ने भयो। म यहीँबाट फर्कन्छु भन्दा **क** कुमारीले पनि हुन्छ भनेकाले निजका लुगा कपडा, मोबाइल र लेडिज सामानहरू समेत मैले लिएर आई ती सामानहरू मनमैजु हिलेडोलमा बस्ने मेरो भाइको कोठामा राखेको छु भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

का.जि. मनमैजु गा.वि.स. वडा नं. १ हिलेडोलको पूर्व, उत्तर खाली जग्गा, पश्चिम शेखरनाथ खनालको घर र दक्षिण नेपालटार क्याम्पसबाट गोंगबु पूलतर्फ निस्कने कच्ची बाटो यति चारकिल्लाभित्र तेजप्रसास घिमिरेको पक्की घरमा लाक्पा तामाङ बस्ने गरेको कोठाबाट निलो रंगको US Army लेखेको झोला -१, सिमसहितको कालो रंगको नोकिया मोबाइल सेट-१, पिंक कलरमा पहेँलो थोपा जस्तो बुट्टा भएको लेडिजले लगाउने घाँटीमा V आकार भएको पहेलो रंगको कुर्था -१, सेतो लेडिज ट्राउजर-१, गुलावी, कालो, सेतो, पहेँलो, रंगको बुट्टे लेडिज सुरुवाल-१, सल १, बुट्टे लेडिज खाली पर्स-१, नोटबुक-१ र सानो अर्को नोटबुक फेला परेको भन्नेसमेत व्यहोराको खानतलासी बरामदी मुचुल्का।

मिति २०६४।८।२५ गते साँझ ७ बजेतिर लाक्पा तामाङ मेरो रेष्टुरेन्टमा आएका थिए। **क** कुमारीसँग केही समय मेरो रेष्टुरेन्टमा कुराकानी गरि फर्किएका हुन्। हाल निजको कोठाबाट बरामद भएका सामानमध्ये झोलाको बारेमा मलाई थाहा भएन। अरू बरामद भएका सामानहरू क कुमारीका हुन्। मोबाइलको सिम मैले चलाउन दिएको हो, हेरि पहिचान गरि सनाखत गरेको छु भन्नेसमेत व्यहोराको चुडाबहादुर श्रेष्ठले गरेको सनाखत कागज।

बरामद भएका भनि देखाइएका सामानहरू **क** कुमारीका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला ज्ञानबहादुर लामाले मौकामा लुगा कपडा हेरि चिनी गरेको सनाखत कागज। **क** कुमारीलाई प्रतिवादी लाक्पा तामाङले मिति २०६४।९।१ गते काकडभिट्टा पुर्‍याई भारतको बेश्यालयमा बिक्री गर्न अर्जुन भन्ने मानिसको जिम्मा लगाई आफू फर्किएको भन्ने कुरा प्रतिवादीको बयान, प्रतिवादीको कोठाबाट क कुमारीले लगाउने गरेका कपडा र मोबाइलसमेतका सामानहरू बरामद भएको कुरा बरामदी मुचुल्काबाट देखिई ती कपडाहरू र मोबाइलसमेतका सामानहरू **क** कुमारीको हो भनि जाहेरवाला ज्ञानबहादुर लामा र मौकामा कागज गर्ने चुडाबहादुर श्रेष्ठको कागजसमेतका प्रमाणबाट देखिएको हुँदा प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क) र २(क) को कसुर हुँदा प्रतिवादीलाई ऐ. ऐनको दफा १५(१)(क) बमोजिम कारवाही गरि दफा १७ बमोजिम पीडित **क** कुमारीलाई क्षतिपूर्ति पनि दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र।

मौकाको मेरो बयान स्वेच्छाको होइन। अनुसन्धानमा संलग्नहरूले आफैँले तयार पारेको कागजमा डर, धाक र धम्की दिई सहिछाप गराएका हुन्। मैले कोठा लिएको छैन। मेरो कोठाबाट बरामदी मुचुल्कामा उल्लिखित कपडासमेत बरामद भएको होइन। बरामदी मुचुल्का झुट्ठा हो। मौकामा चुडाबहादुर श्रेष्ठले गरेको कागज पनि झुट्ठा हो। तसर्थ अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराले प्रतिवादी लाक्पा तामाङले काठमाडौं जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादीका साक्षी रामसिंह तामाङ, बरामदी

मुचुल्काका मानिसहरू निरञ्जन खनाल, भुवनबहादुर खड्का, ताराबहादुर खड्का र जाहेरवाला ज्ञानबहादुर लामाले गरेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ।

प्रतिवादी लाक्पा तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम सजाय गरि पाउन माग दाबी लिएकामा यी प्रतिवादीले **क** कुमारीलाई नेपाल सरहदको काकडभिट्टासम्म पुर्‍याई अर्जुन भन्ने मानिसलाई जिम्मा लगाएको देखिँदा निजले ऐ. दफा ४ को कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादीलाई ऐ. को दफा १५(१)(क) बमोजिम सजाय नभई दफा १५(१)(ङ) को खण्ड (३) नं. बमोजिम १० वर्ष कैद सजाय भई प्रतिवादीले पीडित **क** कुमारीलई रू.५०,०००। क्षतिपूर्ति पनि भराई दिने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको मिति २०६५।८।१ को फैसला।

मैले **क** कुमारीलाई भारतमा लगि बिक्री गरेको होइन । तर सुरू अदालतले मलाई आरोपित कसुर गरेको ठहर गरि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) को सजाय माग दाबी भएकामा माग दाबीभन्दा फरक दफा १५(१)(ङ) को खण्ड (३) बमोजिम १० वर्ष कैद सजाय र क्षतिपूर्तिसमेत तिर्नु पर्ने गरि फैसला गरेको छ । कानूनतः माग दाबीभन्दा फरक दफा लगाएर सजाय गर्न मिल्दैन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट सिद्धान्त पनि प्रतिपादन भएसमेतका आधार र कारणबाट आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा तामाङले पुनरावेदन अदालत, पाटनमा गरेको पुनरावेदन पत्र।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मिति २०६४।४।८ मा प्रमाणीकरण भई लागू भएको हो । उक्त ऐनमा सुरू अदालतको फैसलामा उल्लेख गरेको दफा १५(१)(ङ)(३) भन्ने उपखण्ड छैन । दफा १५(१)(ङ)(१) र (२) मात्र हो । भूलवस सो दफा लेखिएको हो भन्नलाई पनि सोबमोजिम सजाय गरिएको छैन । आरोपित कसुर गरेको ठहर भएपछि मागदाबीमा सजाय गर्नुपर्ने हुन्छ । त्यसैगरि जरिवानाको आधा रकम क्षतिपूर्ति दिलाई दिनु पर्नेमा सो पनि गरिएको छैन । रू. ५०,०००।– क्षतिपूर्ति कुन दफाबमोजिमको हो भन्ने कुरा पनि फैसलामा उल्लेख भएको छैन । तसर्थ सुरू अदालतको फैसला सो हदसम्म नमिलेको हुँदा बदर गरि अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा गरेको पुनरावेदनपत्र।

मिसिल संलग्न रहेका प्रमाण कागजातहरूबाट प्रतिवादी लाक्पा तामाङले **क** कुमारीलाई बिक्री गर्नेसमेतका उद्देश्यले नेपाल र भारतको सीमा नाकामा अवस्थित नेपाल सरहदको काकडभिट्टासम्म पुर्‍याएको तथ्य पुष्टि भएबाट निजले आरोपित कसुर गरेको देखिन्छ । आरोपित कसुरमा सुरू अदालतले कैद सजाय र क्षतिपूर्ति बापत रकम भराई दिने गरेको फैसला मिलेको देखिँदा सो हदसम्म मिलेकै देखियो । तर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १५(१)(ङ) (२) मा जरिवाना पनि गर्नुपर्ने व्यवस्था भएकामा जरिवाना नगरेको हदसम्म काठमाडौं जिल्ला अदालतको मिति २०६५।८।१ को फैसला सो हदसम्म बदर भई प्रतिवादीलाई रू. १,००,०००।– जरिवाना पनि हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन । प्रहरीले व्यहोरा मिलाई बयान गराएको हो । झुट्ठा प्रहरी प्रतिवेदनको आधारमा तयार भएको अभियोगपत्रबाट सजाय गर्न मिल्दैन । मिसिल संलग्न रहेको प्रमाणहरूको यथोचित मूल्याङ्कन गरिएको छैन । शङ्कास्पद प्रमाणको आधारमा कसुरदार ठहर गर्दा फौजदारी न्याय मर्न जान्छ र निर्दोष व्यक्तिले सजाय

पाउने अवस्था आउँछ । तसर्थ म निर्दोष व्यक्तिलाई पुनरावेदन अदालत, पाटनले कसुरदार ठहर्‍याई मिति २०६६।११।११ मा गरेको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण हुँदा बदर गरि सफाई पाउँ भन्नेसमेत व्यहोराले प्रतिवादी लाक्पा तामाङले यस अदालतमा पेस गरेको पुनरावेदनपत्र।

यसमा प्रतिवादी लाक्पा तामाङले पीडितलाई विदेश लगि बिक्री गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिँदैन । भारतमा **क** कुमारीलाई लैजाने भनिएका अर्जुन लामाको वतनसमेत खुल्न सकेको देखिँदैन । पीडित **क** कुमारीकै आग्रहमा काकडभिट्टा गएको भन्ने देखिन्छ । यी पुनरावेदक प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यबाट **क** कुमारीलाई भारत पुर्‍याएको भन्ने समर्थित नभएको अवस्थामा प्रतिवादीलाई १० वर्ष कैद र जरिवानासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।७।५ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरि वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले प्रतिवादीले पीडित **क** कुमारीलाई बिक्री गर्ने उद्देश्यले लिएर गएको भन्ने कुरा बरामदी मुचुल्का, जाहेरी दरखास्त, निजको कोठाबाट बरामद भएका कपडासमेतका सामानहरू पीडितको हो भनि जाहेरवाला ज्ञानबहादुर लामा र चुडाबहादुर श्रेष्ठको सनाखत कागजबाट पुष्टि भएको हुँदा आरोपित कसुरमा सजाय, जरिवाना गरि क्षतिपूर्तिसमेत दिलाउने भनि गरेको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको बहससमेत सुनि पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादीले पीडित **क** कुमारीलाई आर्थिक प्रलोभनमा पारी ललाई फकाई भारतका बेश्यालयमा बिक्री गर्ने उद्देश्यले मिति २०६४।९।१ गते नेपाल र भारतको पूर्वी सीमा नाका काकडभिट्टामा पुर्‍याई अर्जुन भन्ने मानिसलाई जिम्मा लगाई आफू काठमाडौं फर्किएको कुरा निजको बयानसमेतका तथ्यगत सबुद प्रमाणबाट देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ३ विपरीत ऐ. दफा ४(१)(क) र (२)(क) बमोजिमको कसुर अपराधमा ऐ. दफा १५(१)(क) बमोजिम सजाय गरि दफा १७ बमोजिम क्षतिपूर्तिसमेत भराई पाउँ भन्ने व्यहोराले वादी नेपाल सरकारले काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र पेस गरेको देखिन्छ । सो अदालतले प्रतिवादीलाई दफा १५(१)(ङ) को खण्ड (३) बमोजिम १० वर्ष कैद सजाय र प्रतिवादीले पीडितलाई रू.५०,०००।– क्षतिपूर्ति भराई दिने ठहर्‍याई फैसला गरेको देखिन्छ। सो फैसलाउपर वादी प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनले सुरू अदालतले गरेको कैद र क्षतिपूर्तिको हकमा सदर गरि जरिवानाको हकमा उल्टी गरि प्रतिवादीलाई रू. १,००,०००।- जरिवाना हुने ठहर्‍याई गरेको फैसलाउपर प्रतिवादीले यस अदालतमा पुनरावेदन गरेको देखिन्छ।

३. प्रस्तुत मुद्दा प्रतिवादीले क कुमारीलाई बिक्री गर्ने उद्देश्यले काकडभिट्टा हुँदै भारतका बेश्यालयमा पुर्‍याएको भन्नेसमेतका तथ्यगत जाहेरी एवम् प्रहरी प्रतिवेदनको आधारमा उठान भएको

देखिन्छ । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम कारवाही प्रक्रियामा जाने देखिन्छ । उक्त ऐन मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षणसमेत गर्ने उद्देश्यले बनेको तथ्यमा विवाद छैन । सो ऐनको दफा ३ ले मानव बेचबिखन तथा ओसारपसार गरेमा कसुर हुने, दफा ४ को उपदफा (१) ले बेश्यागमन गर्ने कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्नेसमेतका कार्यलाई मानव बेचबिखन गरेको मानिने र उपदफा (२) ले बेश्यावृत्तिमा लगाउने... उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी... नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजानेसमेतका कार्यलाई मानव ओसारपसार गरेको मानिने व्यवस्था भएको देखिन्छ ।

४. आरोपित कसुर गरेको छैन भन्ने प्रमाण पुऱ्याउने भार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ९ ले प्रतिवादीको हो । मौकामा यी पुनरावेदक प्रतिवादी बसेको डेरा कोठाबाट निलो रंगको US Army लेखेको एउटा झोला, १६०० मोडेलको कालो रंगको नोकिया सेट, सोमा प्रयोग भएको सिम, पिंक कलरमा पहेँलो थोपा जस्तो बुट्टा भएको घाँटीमा V आकारको पहेलो रंगको एउटा लेडिज कुर्ता, सेतो कलरको लेडिज ट्राउजर, गुलावी, कालो, सेतो र पहेँलो रंगको बुट्टे लेडिज सुरूवाल, सल, लेडिज खाली पर्स, अङ्ग्रेजीमा ADDRESS लेखेको-१ र FABR लेखेको सानो नोट बुक बरामद भएको देखिन्छ । उक्त सामानहरूको सम्बन्धमा यी पुनरावेदक प्रतिवादीले मौकामा पीडितले लिएर गएकी र निजलाई अर्जुन भन्ने मानिसले लिएर जाने भएपछि काकडभिट्टाबाट आफूले लिएर आएको भनि बयान गरेको देखिन्छ । निजले अदालतमा सो बरामदी मुचुल्का झुट्टा हो भन्नेसमेतका व्यहोराले इन्कारी रहेको देखिन्छ ।

५. उक्त इन्कारी बयानलाई प्रतिवादीले समर्थन गर्ने प्रमाणहरू पेस गर्न सकेको देखिँदैन । आफ्नो मुलुकबाट अर्को मुलुकमा बिक्री भएकी पीडित महिलाले लगाएको कपडा र प्रयोग गरेका अन्य सामानहरू त्यसरी अन्यत्रको सामान्य चिनजानको मानिसको डेरा कोठामा फेला पर्नु कसुर अपराधको प्रमाणसँग सम्बन्धित हो । कसुर अपराध गर्ने व्यक्तिले आफूले गरेको कसुर अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन जहिले पनि झुट्ठो बयान गर्ने हुँदा त्यसलाई सङ्कलित प्रमाणहरूबाट विश्लेषण र मूल्याङ्कन गरि न्याय निरूपण गर्नुपर्ने हुन्छ । प्रतिवादीको डेरा कोठाबाट बरामद भएका कपडा, मोबाइल, नोटबुक र लेडिज पर्ससमेतका सामानहरू पीडित **क** कुमारीका हुन् भन्ने व्यहोराले जाहेरवाला ज्ञानबहादुर लामाले मौकामा सनाखत गरेको कुरा मिसिलबाट देखिन्छ ।

६. बरामदी मुचुल्का प्रतिवादीसमेतको रोहवरमा प्रहरी नायब निरीक्षक भुवनबहादुर खड्का, प्रहरी हबलदार निरन्जन रावल र ताराबहादुर खड्काले तयार गरेको देखिन्छ । सो बरामदी मुचुल्का तयार गर्ने उल्लिखित प्रहरी कर्मचारीले अदालतमा साक्षीसरह उपस्थित भै ज्ञानबहादुर लामाले सनाखत गरेका बरामदी मुचुल्कामा उल्लिखित कपडा तथा सामानहरू प्रतिवादी लाक्पा तामाङको डेरा कोठाबाट बरामद भएको हो भनि बरामदी मुचुल्काको व्यहोरा समर्थन गरि बकपत्र गरेको देखिन्छ । प्रतिवेदक तथा जाहेरवालाको उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिँदा बरामदी मुचुल्का झुट्टा हो भन्ने पुनरावेदन जिकिर मनासिब देखिन आएन ।

७. पुनरावेदक प्रतिवादीले मिति २०६४।८।२९ गते पीडितलाई काठमाडौंबाट लिएर गई भोलिपल्ट २०६४।९।१ गते काकडभिट्टा पुऱ्याएको भनि बयान गरेको देखिन्छ । निजका साक्षीले बकपत्र गर्दा प्रतिवादी खेती किसानी गर्ने र गाडीमा खलासी

काम गर्छन्। उल्लिखित मिति समयमा प्रतिवादी घरमै थिए भन्ने व्यहोरा लेखाएको देखिन्छ। तर प्रतिवादीले आफूले बयान गर्दा सो समयमा घरमा थिएँ भनि भन्न नसकेकोबाट पनि प्रतिवादी र निजका साक्षीको भनाई आफैँमा विरोधाभाषपूर्ण देखिन आएको समेतका आधार र प्रमाणबाट प्रतिवादीले पीडित **क** कुमारीलाई काठमाडौंबाट काकडभिट्टासम्म पुर्‍याएको तथ्य मिसिलबाट समर्थित हुन आयो । प्रतिवादीले पीडित **क** कुमारीको आग्रहमा नै काकडभिट्टासम्म पुर्‍याएको कुरा मिसिलबाट देखिन आएको छैन । अर्जुन भन्ने मानिसको वतन नखुलेको भए तापनि यी प्रतिवादीले मौकामा आफूले काकडभिट्टासम्म पुर्‍याएको भनि गरेको बयान अन्यथा हुन सकेको देखिँदैन । यसरी प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काकडभिट्टासम्म पुर्‍याएको देखिएको र कानूनले पनि बिक्री समेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याएको कार्यलाई कसुर मानेको हुँदा यस अदालतबाट मिति २०७१।७।५ मा भएको आदेशसँग सहमत हुन सकिएन । प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसुर गरेको देखिन आयो।

८. अब प्रतिवादीलाई के कस्तो सजाय हुने हो भन्ने सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारले यी प्रतिवादीलाई सो ऐनको दफा १५(१) को खण्ड (क) बमोजिम सजाय गरि पाउन माग दाबी लिएको देखिन्छ। सुरू अदालतले दफा १५(१)(ङ) अन्तर्गत १० वर्ष कैद सजाय गरि रू.५०,०००।– पीडितलाई भराई दिने ठहर्‍याई फैसला गरेको देखिन्छ । दफा १५(१)(ङ) को खण्ड (२) मा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचासहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेसमेतको व्यवस्था भएको देखिन्छ। आरोपित कसुर गरेको ठहर भएपछि जरिवाना पनि गर्नु पर्ने तथ्यमा विवाद छैन । प्रस्तुत मुद्दामा सुरू अदालतले उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादी लाक्पा तामाङलाई जरिवाना गरेको देखिँदैन। ऐनको दफा १७ को कानूनी व्यवस्था हेर्दा जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरि निजबाट मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्नेसमेतको व्यवस्था भएको देखिँदा कानूनबमोजिम जरिवाना पनि गर्नु पर्नेमा सुरू अदालतले जरिवाना नगरेको हदसम्म केही उल्टी गरि १० वर्ष कैद सजाय, एकलाख रूपैयाँ जरिवाना र पीडितले प्रतिवादीबाट ५०,०००।- रूपैयाँ भराई लिन पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार गरि बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपकराज जोशी

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७२ साल भदौ ३० रोज ४ शुभम्।

## निर्णय नं.९४९७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७१।१०।२७।३

०६८-WO-०५४३

विषयः- उत्प्रेषण / प्रतिषेध

निवेदक : धनुषा जिल्ला, सोनिगामा गा.वि.स. वडा नं. ६ घर भई हाल नेपाल गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय काठमाडौंको वरिष्ठ निरीक्षक (रा.प.द्वितीय श्रेणी प्रा.) पदमा कार्यरत् रामआधार साह

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **निजामती कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० विशेष ऐनबमोजिम विभागीय कारवाही गर्दा सो ऐन नियममा उल्लेख गरिएको विधि र तरिकाबाट विभागीय कारवाही गरिने व्यवस्था गरिएको छ । सो विभागीय कारवाहीमा चित्त नबुझे कानूनले नै यी रिट निवेदकलाई पुनरावेदनको लागि प्रशासकीय अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको छ । विवादको विषयवस्तु यी रिट निवेदक गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, विराटनगरमा मिति २०६४।२।१७ मा कार्यरत् रहँदा सोही मितिको घटनालाई लिएर पुनः अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि लेखि पठाएको देखियो र सोही पत्रबाट पुनः यी रिट निवेदकलाई विभागीय कारवाही गर्न लागिएको पनि देखिँदा सोही विषयको आरोपमा प्रशासकीय अदालतबाट समेत एकपटक फैसला भई रिट निवेदकउपरको २(दुई) तलब वृद्धि रोक्का गर्ने गरेको विभागीय कारवाही बदर भएको देखिँदा अदालतको फैसला अन्तिमताको सिद्धान्तअनुसार विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतबाट यी रिट निवेदकउपर पटकपटक एकै मितिको एकै घटनाको विषय वस्तुउपरमा कारवाही गर्न नपाउने ।**

(प्रकरण नं.२ र ३)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल, हरिप्रसाद उप्रेती, शम्भु थापा, बालकृष्ण न्यौपाने, श्याम खरेल, सतिसकृष्ण खरेल र अधिवक्ता प्रसन्नकृष्ण दास

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्णजिवी घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०

आदेश

**न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छ :

म निवेदक वि.सं. २०५५ सालमा रा.प.अनं.

प्रथम (प्रा.) श्रेणीको पदमा सेवा प्रवेश गरि मिति २०६३।५।९ मा रा.प. द्वितीय श्रेणीमा बढुवा भई हाल गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, काठमाडौंको कार्यालय प्रमुख पदमा रहि आफूलाई ठेकिएको जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्दै आएको थिएँ।

म निवेदक तत्कालीन गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, विराटनगरको कार्यालय प्रमुख पदमा कार्यरत् रहेका बखत त्यस कार्यालयबाट बिक्रेताको इजाजत प्राप्त कन्टिनेन्टल वेइङ सिस्टम प्रा.लि. इटहरी ८ का प्रोपाइटर ज्ञानी खड्काले भारतबाट जोगवनी नाका हुँदै आयात गरिएका ७४ थान डिजिटल तराजुको इटहरीमा स्थलगत जाँच कार्यको लागि मिति २०६४।२।१३ मा निवेदन दिएकामा सो जाँच कार्य गर्न इटहरी जानुभन्दा जोगवनी नाकाबाट सामान आउने भएकाले बिच बाटोमा पर्ने कार्यालय मै जाँच गर्दा उपयुक्त हुने कुरा राख्दा निज असन्तुष्ट भई अनावश्यक विवाद गरेको एवम् अशोभनिय व्यवहार कार्यालय प्रमुखसँग गरेको र जिल्ला प्रशासन कार्यालय, मोरङबाट सोधनी हुँदा कार्यालय प्रमुखको तर्फबाट रानी भन्सार र इटहरीको बिचमा पर्ने यसै कार्यालयमा सो तराजुको चेक जाँच गर्न सजिलो र प्रभावकारी हुने विषयमा सहमत भई निजलाई सोहीअनुसार गर्न अनुरोध गरेबमोजिम दैनिकरूपमा ३ देखि १० वटासम्म जाँच गराउँदै लगेकामा मिति २०६४।२।१७ गते बाँकी रहेका करिब ५० थान तराजु जाँचको लागि ल्याइएको अवस्थामा करिब दिनको ३ बजेतिर एक्कासी ५/७ जना व्यक्तिहरू कार्यालय प्रमुखको कार्यकक्षमा पसि कार्यालयमा कर्मचारीले घुस लिएको बताउँदै हल्ला गर्न थालेपछि यथार्थ बुझ्दा तराजु जाँच गर्ने कार्य सम्पन्न हुन लाग्दा सेवाग्राहीले नियमानुसार लाग्ने दस्तुर आफैँ नबुझाई कर्मचारी बद्रीबहादुर बुढाथोकीलाई आफ्नो सामान प्याकिङ्ग गर्न ढिलो हुने र इटहरी फर्कन गाह्रो हुने कारण देखाउँदै लाग्ने राजश्व हिसाब गरि बुझाई दिन आग्रह गर्दै रकम दिएको र उक्त रकम बुझाउन लाग्दा केही व्यक्तिहरूले फोटो खिच्ने र मिडियालाई तत्काल उपस्थित गराउने र आफूलाई वाइ.सि.एल. बताउने व्यक्तिहरूले तत्कालै कार्यालयका कर्मचारी बद्रीबहादुर बुढाथोकीलाई जिल्ला प्रशासन कार्यालय, मोरङमा बुझाएको हुँदा त्यहाँ भएका घटनाको यथार्थ विवरण तत्कालै मैले विभागमा फोनमार्फत र मिति २०६४।२।२७ मा पत्रमार्फत जानकारी गराएको थिएँ।

यसै क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोग (अ.दु.अ.आ.) को मिति २०६४।१२।१५ को पत्रानुसार मिति २०६४।२।१७ गते भएको घटनाको सन्दर्भमा कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा यथाशक्य छिटो र सहजरूपमा उपलब्ध गराउनु पर्नेमा नगरि किन उक्त घटना हुने अवस्था सिर्जना भयो भन्ने सम्बन्धमा तत्कालीन कार्यालय प्रमुख म निवेदक तथा उक्त रकम लिने बद्रिबहादुर बुढाथोकी दुवै जनालाई कानूनको रित पुर्‍याई अख्तियारवालाबाट विभागीय कारवाही गर्नु भनि लेखि पठाएकामा सोहीअनुसार नेपाल गुणस्तर तथा नाप तौल विभागले मिति २०६५।१।९ को पत्रबाट आयोगको निर्णयानुसार उल्लिखित आरोपमा निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम उक्त घटना सम्बन्धमा आफ्नो सफाई भए यथाशिघ्र पठाउने भनि स्पष्टीकरण सोधिएकामा मैले तत्कालै आफ्नो भएको व्यहोरा खुलाई मिति २०६५।१।१५ मा पेस गरेको थिएँ।

त्यसपछि नेपाल गुणस्तर तथा नापतौल विभागको मिति २०६५।२।२२ को पत्रबाट तपाईंले पेस गरेको सफाई सन्तोषजनक नदेखिएकाले निजामती सेवा ऐन, २०४९ को दफा ५९ को (क)(२) बमोजिम एक तलब वृद्धि किन रोक्का नगर्ने ? भनि सोधिएकामा सो को जवाफ पेस गरेको थिएँ।

यसै क्रममा उद्योग मन्त्रालयको मिति २०६६।४।२६ को पत्रबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४।१२।१५ को

पत्रबमोजिम मिति २०६६।४।१९ को राज्यमन्त्री स्तरीय निर्णयानुसार तपाईंलाई मिति २०६६।४।१ देखि लागू हुने गरि २(दुई) तलब वृद्धि रोक्का गरिएको व्यहोरा जानकारी गराइन्छ भन्ने व्यहोराको पत्र मिति २०६६।४।३२ मा प्राप्त भई जानकारी हुन आयो । सो निर्णयमा मलाई चित्त नबुझेकाले बदर गरि पाउन प्रशासकीय अदालतमा पुनरावेदन गरेँ।

प्रशासकीय अदालतबाट मिति २०६६।११।२८ मा फैसला हुँदा म रिट निवेदकलाई २ तलब वृद्धि रोक्काको टिप्पणी सदर गरि मिति २०६६।४।२६ मा राज्य मन्त्रीको तहबाट निर्णय पर्चा खडा गरि २ ग्रेड रोक्का गर्ने गरि गरेको निर्णय र लोक सेवा आयोगमा एक ग्रेड रोक्काको प्रस्ताव पठाउँदा २ ग्रेड रोक्काको परामर्श प्राप्त हुन आएकाले अधिकारक्षेत्रको अभावमा कानून र न्यायको मान्य सिद्धान्त प्रतिकुल हुँदा बदर हुने ठहर्छ भनि फैसला भएको थियो । सो फैसला उद्योग मन्त्रालयमा पेस गरि मउपर भएको कारवाही र सजाय फुकुवा गरि पाउन निवेदन गरेकामा उद्योग मन्त्रालयको मिति २०६७।१।१७ को पत्रबाट मिति २०६७।१।१६ को निर्णयानुसार उक्त सजाय फुकुवा भइसकेको छ।

यसै बिचमा उद्योग मन्त्रालयको मिति २०६८।९।४ को पत्रद्वारा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४।१२।४ को निर्णयबमोजिम सम्बन्धित कर्मचारीलाई आवश्यक प्रक्रिया पुरा गरि विभागीय कारवाही गर्न उद्योग मन्त्रालयमा लेखि पठाउने भनि मिति २०६८।६।२६ मा निर्णय भएकाले सोअनुसार आवश्यक कारवाही गर्नु हुन भनि अ.दु.अ.आ.बाट मिति २०६८।७।७ को पत्रबाट लेखि आएकाले निजामती सेवा ऐनको दफा ६६(१) बमोजिम उक्त घटना सम्बन्धमा सफाई भए ७ दिनभित्र पेस गर्नु हुन नेपाल सरकार सचिवस्तरको मिति २०६८।९।३ को निर्णयानुसार जानकारी गराइन्छ भन्ने व्यहोराको पत्र मिति २०६८।९।११ मा प्राप्त भएकाले मलाई एकै कसुरमा दोहोरो रूपमा कारवाही गर्ने भएकाले साह्रै अन्यायमा परि न्यायिक उपचारको निमित्त सम्मानित अदालतसमक्ष प्रस्तुत निवेदन लिई उपस्थित भएको छु।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४।१२।४ को निर्णयअनुसार नै मउपर यस अघि विभागीय कारवाही र सजाय भई २ ग्रेड रोक्का गर्ने सजाय भएकामा सो सजायउपर प्रशासकीय अदालतमा पुनरावेदन गरि सो सजाय गर्ने निर्णयलाई प्रशासकीय अदालतको मिति २०६६।११।२८ को फैसलाले बदर गरि सो फैसलाबमोजिम मेरो रोक्का भएको ग्रेडको रकम फुकुवा गरि सो रकमसमेत मैले खाईपाई सकेको अवस्थामा हाल आएर पुनः सोही विषयलाई लिएर दोहोरोरूपमा विभागीय कारवाही गर्ने प्रक्रिया प्रारम्भ गर्नु बिल्कुलै गैरकानूनी छ।

पुनरावेदकीय क्षेत्राधिकार भएको प्रशासकीय अदालतबाट विभागीय सजायसम्बन्धी सुरू निर्णय बदर भइसकेपछि पुनः सजाय गर्दा हुन गएका त्रुटिहरू सच्याई सजाय गर्ने हो भने सुरू निर्णयउपर पुनरावेदन गर्नुको र प्रशासकीय अदालतबाट सुरू निर्णय बदर गर्नुको कुनै औचित्य नै रहँदैन । यसले पुनरावेदन गर्ने हक र पुनरावेदकीय क्षेत्राधिकारको प्रयोग गर्ने निर्णयको वैधानिकता नै समाप्त हुन जान्छ।

मेरै जस्तो एकै प्रकृतिको मुद्दामा कारवाही चलेको बद्रीबहादुर बुढाथोकी र मैले सो कारवाही निर्णयउपर सम्मानित प्रशासकीय अदालतमा पुनरावेदन गरि प्रशासकीय अदालतबाट अधिकारक्षेत्रको अभावमा गरेको निर्णय बदर हुने ठहराई फैसला गरि सो फैसलाबमोजिम साबिक कार्यालयमा यथावत्‌रूपमा काम गरि रहेकामा निज बद्रिबहादुर बुढाथोकीको हकमा केही नबोली म निवेदकको हकमा मात्र उठान गरेको दोहोरो सजायसम्बन्धी कारवाही प्रस्टरूपमा बदनियतपूर्ण देखिन्छ।

माथिका प्रकरण प्रकरणमा उल्लिखित तथ्य

र कानूनको आधारमा विपक्षीहरूको उक्त काम कारवाही र निर्णयबाट म निवेदकलाई अन्तरिम संविधानको धारा १२(३) (च), १३(१)(२) र १९(१) द्वारा प्रदत्त मौलिक हक एवम् निजामती सेवा ऐन र निजामती सेवा नियमावलीद्वारा प्रदत्त कानूनी हकहरूको समेत हनन् हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटोसमेत नभएको हुनाले अन्तरिम संविधानको धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएको छु।

अतः सम्मानित अदालतबाट अन्तरिम संविधानको धारा १०७(२) बमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरि विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।६।२६ को निर्णय, सो निर्णयबमोजिमको मिति २०६८।७।७ को पत्र तथा नेपाल सरकार सचिवस्तरको मिति २०६८।९।३ को निर्णय सो निर्णयबमोजिमको उद्योग मन्त्रालयको मिति २०६८।९।४ को सफाई पेस गर्ने बारेको पत्र उत्प्रेषणको आदेशले बदर गरि यस विषयलाई लिएर निवेदकलाई कुनै पनि किसिमको स्पष्टीकरण सोध्ने कार्य नगर्नु नगराउनु भनि तत्काल यथास्थितिमा राख्नु भनि विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ र निवेदनको अन्तिम सुनवाई हुँदा प्रतिषेधलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भनि यस अदालतमा पेस गरेको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार कारणसमेत खोलि बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनि यो आदेश र निवेदनको प्रतिलिपि साथै राखि विपक्षीहरूको नाउँमा सूचना म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६४।१२।४ मा भएको निर्णयअनुसार गरिएको विभागीय कारवाहीसम्बन्धी निर्णय यही निवेदक रामआधार साह पुनरावेदक एवम् अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत प्रत्यर्थी रहेको संवत् २०६६ सालको पुनरावेदन नं.१० को मुद्दामा प्रशासकीय अदालतबाट भएको मिति २०६६।११।२८ को निर्णयअनुसार बदर भैसकेको देखिनाले पुनः सोही सम्बन्धमा कारवाही उठाउन दोहोरो खतराको सिद्धान्तको विपरीत हुन सक्ने हुँदा निवेदक माथि प्रस्तुत रिट निवेदनसम्बन्धी मुद्दामा अर्को आदेश नभएसम्म कुनै कारवाही अगाडि नबढाउनु भनि विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ भनि यस अदालतबाट मिति २०६८।९।१३ मा भएको आदेश।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. ६०६ मिति २०६८।७।७ को पत्रबाट रिट निवेदकको सम्बन्धमा ...... विभागीय कारवाही गर्न भनि आयोगबाट मिति २०६४।१२।४ मा भएको निर्णयअनुसार गरिएको विभागीय कारवाहीको निर्णयमा भएको प्रक्रियागत त्रुटिका कारण प्रशासकीय अदालतबाट भएको निर्णय बदर गरिएको भए तापनि आयोगको मिति २०६४।१२।४ को विभागीय सजायको निर्णय कायमै रहेकाले आवश्यक कारवाही होस् भनि आयोगमा दर्ता भएको उजुरी निवेदनका सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णयबमोजिम सम्बन्धित कर्मचारीलाई आवश्यक प्रक्रिया पुरा गरि विभागीय कारवाही गर्न उद्योग मन्त्रालयमा लेखि पठाउने मिति २०६८।६।२६ मा निर्णय भएको हुँदा निर्णयअनुसार आवश्यक कारवाही गर्न हुन भनि लेखि आएको व्यहोरा सम्मानित सर्वोच्च अदालतसमक्ष जानकारी गराउँदछु।

निजामती सेवा ऐन, २०४९ को दफा ६१क

को उपदफा (१) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सो आयोगबाट र प्रचलित कानूनबमोजिम सम्बन्धित निकायले कुनै निजामती कर्मचारीलाई विभागीय कारवाही गर्न लेखि आएमा आवश्यक प्रक्रिया पुर्‍याई सोहीबमोजिम विभागीय सजाय गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । त्यसै अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (३) मा अख्तियार दरूपयोग अनुसन्धान आयोगले विभागीय सजायको लागि लेखि पठाएको म्यादभित्र सम्बन्धित अख्तियारवालाले विभागीय कारवाही नगरेमा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनबमोजिम अनुचित कार्य गरेको मानी आयोगले कारवाही गर्न सक्ने व्यवस्था भएकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि लेखि आएमा अनिवार्यरूपमा कारवाही गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएकाले रिट निवेदकलाई प्रचलित कानूनबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखि आएबमोजिम विभागीय कारवाही गर्न सुरू गरिएको हुँदा प्रचलित कानूनबमोजिम भए गरेका काम कारवाहीलाई अन्यथा भन्न नसकिने हुँदा रिट निवेदन खारेज भागी छ खारेज गरिपाउँ भनि उद्योग मन्त्रालय र ऐ.का सचिवले पेस गरेको लिखित जवाफ।

सम्मानित अदालतबाट मिति २०६८।९।१३ मा जारी भएको अन्तरिम आदेश रद्द गरिपाउँ भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निवेदन गरेकामा उक्त निवेदन मिति २०६८।१०।२३ मा इजलाससमक्ष पेस हुन आयो।

यस अदालतबाट मिति २०६८।९।१३ मा जारी भएको अन्तरिम आदेश तत्काललाई निस्क्रिय गरिदिँदा विपक्षी रिट निवेदकको रिट निवेदनको कुनै औचित्य र प्रयोजन नै नभई सुविधा सन्तुलनको दृष्टिबाट बढी मर्का पर्ने देखिएको र अन्तरिम आदेश जारी रहेको अवस्थामा निवेदक अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै अपूरणीय क्षति हुने अवस्था पनि नभई रिट निवेदनको टुङ्गो लागेपछि सोहीअनुरूप हुने नै हुँदा तत्काललाई यस अदालतबाट मिति २०६८।९।१३ मा भएको अन्तरिम आदेशलाई अन्यथा वा निस्क्रिय गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिम अन्तरिम आदेश रद्द गरिरहनु परेन । कानूनबमोजिम गर्नु भनि यस अदालतबाट मिति २०६८।१०।२३ मा भएको आदेश।

गुणस्तर तथा नापतौल कार्यालय, विराटनगरका प्रमुखलाई घुस लिँदालिँदै रंगेहात पक्रेकामा जिल्ला प्रशासन कार्यालय र विभागीय प्रमुखले निजसँग पैसा लिई भ्रष्टाचार गर्न प्रोत्साहित गर्न खोजेकाले भ्रष्टाचारी माथि कारवाही होस् भन्नेसमेत व्यहोराको उजुरीउपर आयोगबाट अनुसन्धान तहकिकात भई आयोगको मिति २०६४।१२।४ को बैठकबाट घुस रकम लिइएका र घुस लिँदालिँदै रंगेहात पक्राउ परेका भनिएको घटनाका सन्दर्भमा कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा यथासक्य छिटो र सहजरूपमा उपलब्ध गराउनु पर्नेमा नगरि किन उक्त घटना हुने अवस्था सिर्जना भयो भन्ने सम्बन्धमा तत्कालीन कार्यालय प्रमुख तथा उक्त रकम लिने दुवैजनालाई कानूनको रित पुर्‍याई अख्तियारवालाबाटै विभागीय कारवाही गर्नु भनि लेखि पठाउने भन्नेसमेतको निर्णय भई कार्यान्वयनको लागि लेखि पठाइएको र आयोगको सो निर्णय कार्यान्वयन गर्ने क्रममा कसुर गरेको देखिएकाले रामआधार साहउपर निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क)(२) बमोजिम १ (एक) ग्रेड रोक्काको सजाय प्रस्ताव गरि लोक सेवा आयोगमा पठाइएकामा लोक सेवा आयोगको मिति २०६६।४।२ को पत्रबाट परामर्श भएअनुरूप विपक्षी रामआधार साहलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(क)(२) बमोजिम मिति २०६६।४।१ देखि लागू

हुने गरि २ (दुई) ग्रेड रोक्का गर्ने सजायको निर्णय मिति २०६६।४।२६ मा उद्योग मन्त्रालयका राज्यमन्त्रीबाट भएकामा सो ग्रेड रोक्का गर्ने निर्णयउपर विपक्षीको प्रशासकीय अदालतमा पुनरावेदन परेकामा कानूनले स्पष्टरूपमा निर्णय गर्ने अधिकार सचिवलाई तोकेको अवस्थामा माथिल्लो पदाधिकारीसमक्ष सचिवबाट टिप्पणी पेस गरि भएको निर्णय कानूनसम्मत भएको देखिएन भन्दै मिति २०६६।४।२६ मा राज्यमन्त्री तहबाट विपक्षीलाई २(दुई) ग्रेड रोक्का गर्ने गरि गरेको निर्णय अधिकारक्षेत्रको समेत अभाव देखाई बदर हुने ठहर्‍याई मिति २०६६।११।२८ मा प्रशासकीय अदालतबाट निर्णय भएकाले आयोगबाट मिति २०६८।६।२६ मा कर्मचारीलाई ग्रेड रोक्काको विभागीय कारवाही गर्ने अधिकार आफूलाई हुँदाहुँदै उक्त अधिकारको प्रयोग नगरि आफ्नो उत्तरदायित्वबाट पन्छिई राज्यमन्त्रीसमक्ष पेस गरेकामा तत्कालीन उद्योग सचिवलाई सचेत गराई सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र आयोगको मिति २०६४।१२।४ को निर्णयबमोजिम सम्बन्धित कर्मचारीलाई आवश्यक प्रक्रिया पुरा गरि विभागीय कारवाही गर्न उद्योग मन्त्रालयमा लेखि पठाउने भन्नेसमेत निर्णय मिति २०६८।६।२६ मा भई कार्यान्वयनको लागि मिति २०६८।७।७ को पत्रबाट उद्योग मन्त्रालयमा लेखि पठाएको हो।

आयोगबाट मिति २०६४।१२।४ मा भएको निर्णय प्रशासकीय अदालतबाट बदर भएको नभई विपक्षीले गरेको कसुरका सम्बन्धमा विभागीय कारवाही अधिकारप्राप्त व्यक्ति अर्थात् कानूनले तोकेको व्यक्ति सचिवस्तरबाट सजाय गर्नु पर्नेमा अधिकार नै नभएको अर्थात् कानूनले नतोकेको अनधिकृत व्यक्ति राज्यमन्त्रीबाट सजाय दिने गरि भएको निर्णयसम्म प्रशासकीय अदालतबाट बदर भएको मिति २०६६।११।२८ को उक्त फैसलाबाट स्पष्ट हुन्छ। आयोगको मिति २०६४।१२।४ को निर्णय अद्यापी कायम छ। अर्थात् विपक्षीले जे कसुर गरेको हो भनि आयोगबाट निर्णय गरि विभागीय कारवाहीको लागि लेखि पठाइएको थियो। त्यो कसुर हालसम्म स्थापित छ, परिवर्तन भएको अवस्था छैन। एकातिर विपक्षीले आयोगले निर्णय गरेबमोजिम कसुर गरेको होइन भनि आयोगको मिति २०६४।१२।४ को निर्णय बदर भएको अवस्था छैन भने अर्कोतिर विपक्षीले कसुरअनुसारको सजाय पाएको र भोगेको अवस्था पनि नभएको हुँदा आयोगबाट मिति २०६४।१२।४ को निर्णय कार्यान्वयन नै नभई निर्णयमा मात्र सिमित रहन सक्ने अवस्था पनि नहुने हुँदा आयोगले मिति २०६८।६।२६ को निर्णयले २०६४।१२।४ को पूर्व निर्णयलाई अधिकार प्राप्त अधिकारीबाट कार्यान्वयन गर्नु भनि लेखि पठाइएको सम्म अवस्थालाई दोहोरो खतराको सिद्धान्तको विपरीत हुने भनि भन्न मिल्दैन।

अतः विपक्षीको मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्था नभई रिट निवेदन खारेजभागी हुँदा निवेदन खारेज गरिपाउँ भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पेस गरेको लिखित जवाफ।

म निवेदक कन्टिनेन्टल वेइङ सिस्टम प्रा. लि. इटहरी -८ को प्रोपाईटर भएको र भारतबाट जोगवनी नाका हुँदै आयात गरिएको डिजिटल तराजुको जाँचको क्रममा विपक्षी रिट निवेदक रामआधार साहले रू.२५,०००।- घुस मागेको र उक्त रकम नदिएपछि जाँचको काममा ढिलासुस्ती गरेको विषयमा वाइ.सि.यल. समेतमा जानकारी गरि उक्त रकमको फोटोकपी गरि उक्त रकम घुस लिने बखतमा वाइ.सि.यल. का मानिसहरूले उक्त कार्यालयका कर्मचारीलाई पक्राउ गरि जिल्ला प्रशासन कार्यालय, मोरङमा बुझाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट कार्यवाही भई विपक्षी रामआधार साहलाई विभागीय कारवाही हुने सजायसमेत भएको छ।

विपक्षी रिट निवेदक राम आधार साहले उक्त कुरालाई प्रस्तुत रिट निवेदनको प्रकरण २ मा मेरो

चरित्र हत्या गर्ने किसिमले झुट्ठा कुरा उल्लेख गरि सम्मानित अदालतमा रिट निवेदन दर्ता गरेकाले मेरो सरोकार भएको प्रस्तुत रिट निवेदनमा म निवेदकलाई समावेश हुन र मेरोतर्फबाट कानून व्यवसायी मुकरर गरि मुद्दामा पुर्पक्ष गर्न पाउने गरि प्रस्तुत रिट निवेदनमा संलग्न हुन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ को उपनियम २ बमोजिम आदेश प्रदान गरिपाउँ भनि ज्ञानीकुमार खड्काले पेस गरेको निवेदन पत्र।

निवेदकलाई मागबमोजिम सुनुवाइमा सरिक हुन अनुमति प्रदान गरिएको छ भनि यस अदालतबाट भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढि निर्णयार्थ यस इजलास पेस हुन आएको प्रस्तुत निवेदनसहितको मिसिल अध्ययन गरियो।

प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री हरिप्रसाद उप्रेती, श्री शम्भु थापा र श्री बालकृष्ण न्यौपानेले कन्टिनेन्टल वेइङ सिस्टम प्रा.लि. ले डिजिटल तराजु आयात गर्दा विराटनगरमा भएको मिति २०६४।२।१७ को घटनालाई लिएर हाम्रो पक्षलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रानुसार उद्योग राज्यमन्त्री स्तरीय निर्णयअनुसार मिति २०६६।४।१९ मा २ तलब वृद्धि रोक्का गर्ने निर्णय भएको थियो । उक्त निर्णयको विरूद्ध प्रशासकीय अदालतमा पुनरावेदन गरेकामा प्रशासकीय अदालतबाट सो निर्णय बदर भई हाम्रो पक्षले हाल कार्यालयमा कार्य गरि आउनु भएको छ। यस्तैमा पुन: सोही घटनालाई लिएर पुन: हाम्रो पक्षलाई कारवाही गर्नु भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।६।२६ को निर्णयअनुसार मिति २०६८।७।७ मा विभागीय कारवाही गर्नु भनि लेखि पठाएको कार्य संविधानको न्यायसम्बन्धी मौलिक हक, प्राङ्न्याय र दोहोरो खतराको सिद्धान्तअनुसार भएकाले प्रस्तुत निवेदन मागबमोजिम उत्प्रेषणलगायत जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भनि बहस प्रस्तुत गर्नुभयो।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णजिवी घिमिरेले विभागीय कारवाही गर्नु भनि लेखि पठाएअनुसार विभागीय प्रमुखले कारवाही गर्नु पर्नेमा आफ्नो काम अन्य व्यक्तिबाट गराएकाले मिति २०६६।४।१९ को निर्णय प्रशासकीय अदालतबाट अधिकारक्षेत्रको अभावमा बदर भएको अवस्था छ। तसर्थ कानूनको रित पुर्‍याई निवेदकलाई मिति २०६४।२।१७ को घटनाको विषयलाई लिएर कारवाही गर्नु भनि लेखि पठाएको हो। यो कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, नियमभित्रको भएको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट कुनै पनि निजामती कर्मचारीलाई विभागीय कारवाही गर्नु भनि लेखि पठाएमा कारवाही गर्नु अख्तियारवालाको कर्तव्य र दायित्वभित्र पर्ने भएकाले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनि बहस प्रस्तुत गर्नुभयो।

त्यसैगरि कन्टिनेन्टल वेइङ सिस्टम प्रा. लि.का.प्रोपाइटर ज्ञानीकुमार खड्काको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री श्याम खरेल र श्री सतिसकृष्ण खरेल र अधिवक्ता श्री प्रसन्नकृष्ण दासले मेरो पक्षको चरित्र हत्या गर्ने नियतले प्रस्तुत रिट निवेदनमा विभिन्न कुराहरू उल्लेख भएको छ। मेरो पक्षसँग यी रिट निवेदकसमेतले अनावश्यक दुःख हैरानी दिई रकम माग गरेको अवस्था छ। जुन कुराको विषयलाई लिएर विभागीय कारवाहीको लागि लेखि पठाएको अवस्था हो सो कुरालाई खारेज नगरेको हुँदा रिट निवेदन खारेज हुनु पर्छ भनि बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसार तथ्य एवम् बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निवेदकको निवेदन मागबमोजिम

आदेश जारी गर्नु पर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नु पर्ने देखियो।

२. निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दाको विषयवस्तुको उठान यी रिट निवेदक रामआधार साह गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, विराटनगरका कार्यालय प्रमुख हुँदा मिति २०६४।२।१७ मा सेवाग्राहीबाट घुस लिई भ्रष्टाचार गरेको भन्ने विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निजलाई विभागीय कारवाही गर्नु भनि उद्योग मन्त्रालयमा मिति २०६४।१२।०४ को निर्णयअनुसार पत्र लेखि पठाएकामा निजलाई सोही पत्रको आधारमा विभागीय कारवाहीको लागि विभिन्न मितिमा स्पष्टीकरण लिई लोक सेवा आयोगसमेतको सहमति र परामर्शको आधारमा माननीय उद्योग राज्यमन्त्रीस्तरीय मिति २०६६।४।२६ को निर्णयानुसार २(दुई) तलब वृद्धि रोक्का गरिएको थियो । सोही मिति २०६६।४।२६ को निर्णयअनुसार २(दुई) तलब वृद्धि रोक्का गरिएको विभागीय कारवाहीमा चित्त नबुझाई यी रिट निवेदकले प्रशासकीय अदालत, काठमाडौंमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतलाई विपक्षी बनाई पुनरावेदन गरेकामा प्रशासकीय अदालत, काठमाडौंबाट मिति २०६६।११।२८ मा फैसला हुँदा माननीय राज्यमन्त्री स्तरबाट मिति २०६६।४।२६ मा भएको निर्णयले रिट निवेदक रामआधार साहउपर गरिएको २(दुई) तलब वृद्धि रोक्काको निर्णय बदर भएको अवस्था छ। निजामती कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० विशेष ऐनबमोजिम विभागीय कारवाही गर्दा सो ऐन नियममा उल्लेख गरिएको विधि र तरिकाबाट विभागीय कारवाही गरिने व्यवस्था गरिएको छ। सो विभागीय कारवाहीमा चित्त नबुझे कानूनले नै यी रिट निवेदकलाई पुनरावेदनको लागि प्रशासकीय अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको छ । विवादको विषयवस्तु यी रिट निवेदक गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, विराटनगरमा मिति २०६४।२।१७ मा कार्यरत् रहँदा सोही मितिको घटनालाई लिएर पुनः अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि लेखि पठाएको देखियो र सोही पत्रबाट पुनः यी रिट निवेदक रामआधार साहलाई विभागीय कारवाही गर्न लागिएको पनि देखियो।

३. सोही विषयको आरोपमा प्रशासकीय अदालतबाट समेत एकपटक फैसला भई रिट निवेदकउपरको २(दुई) तलब वृद्धि रोक्का गर्ने गरेको विभागीय कारवाही बदर भएको देखिँदा अदालतको फैसला अन्तिमताको सिद्धान्तअनुसार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतबाट यी रिट निवेदकउपर पटकपटक एकै मितिको एकै घटनाको विषय वस्तुउपरमा कारवाही गर्न नपाउने हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने देखियो।

४. अतः यही मुद्दाको विषयवस्तुलाई लिएर निवेदकउपर पुनः विभागीय कारवाही नगर्नु नगराउनु भनि विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

यो फैसलाको प्रमाणित प्रतिलिपिसमेत साथ राखि फैसलाको जानकारी विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत दिनू.............१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार गरि अभिलेख शाखामा बुझाइदिनू ......२

उक्त रायमा सहमत छु।

न्या. दीपकराज जोशी

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम्।

## निर्णय नं.९४९८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।४।२६।३
०६९-WO-०२७०

विषयः- उत्प्रेषण / परमादेश

निवेदक : रूपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. १०, सुख्खानगर घर भई हाल नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूहको रा.प.तृ.(प्रा.) सहायक वन अधिकृत पदमा कार्यरत् राजेन्द्र के.सी.

विरूद्ध

विपक्षी : वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत

- **निर्धारित समयावधिभित्र निवेदकले माग गरेको बिदा अस्वीकृत भएको देखिँदैन। निवेदकले माग गरेको असाधारण अध्ययन बिदा मिति २०६६।६।६ मा वन विभागमा दर्ता भएपछि सो मितिले ६० दिनभित्र अर्थात् मिति २०६६।८।५ भित्रमा अनिवार्यरूपमा बिदा स्वीकृत वा अस्वीकृतको कार्य अख्तियार प्राप्त अधिकारीले अनिवार्यरूपमा गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिने ।**

(प्रकरण नं.२)

- **निवेदकलाई ९० दिन लगातार कार्यालयमा हाजिर नभएको भनि विभागीय कारवाही गर्ने गरेकोतर्फ हेर्दा कानूनी व्यवस्थाबमोजिम बिदा दिने अख्तियारवाला व्यक्तिले आफूले गर्नुपर्ने कार्य नगरि आफ्नो जिम्मेवारीबाट बिमुख भई अन्यत्र दिशाबोध भई यी रिट निवेदकलाई विभागीय कारवाही गर्ने भनि कारवाहीको थालनी भएको कार्य कानूनविपरीत भई उत्प्रेषणको आदेशले बदर हुने देखिने ।**

(प्रकरण नं.४)

- **निवेदकले माग गरेको अध्ययन बिदा स्वतः स्वीकृत भएको अवस्थामा निजले आफ्नो Ph.D (विद्यावारिधी) तहको अध्ययन पुरा गरि नेपाल फर्कि आएपश्चात् आफ्नो दरबन्दी रहेको विभागमा उपस्थित भई हाजिर गराइपाउँ भनि दिएको निवेदनपश्चात् निजलाई हाजिर गराई कामकाजमा लगाउनु पर्ने दायित्व वन तथा भू-संरक्षण मन्त्रालय र वन विभागको रहेकामा सो नगरि निवेदकलाई विभिन्न बहाना गरि कानूनले निर्दिष्ट गरेको कार्य नगरि हाजिर नगराएको कार्य मिलेको देखिएन । यसर्थ यी रिट निवेदकलाई आफू स्वयम् वन तथा भू-संरक्षण मन्त्रालयमा उपस्थित भई हाजिर गराई कामकाजमा लगाइपाउँ भनि निवेदन दिएको मितिबाट नै हाजिर भएको मानि निजले पाउने कानूनबमोजिमको पारिश्रमिक र अन्य सुविधासमेत पाउने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्णजिवी घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- निजामती सेवा ऐन, २०४९ को दफा ६१(६)
- निजामती सेवा नियमावली, २०५० को नियम ६४

आदेश

**न्या.जगदीश शर्मा पौडेल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छ :

म निवेदक मिति २०५५।१।२५ देखि नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको सहायक वन अधिकृत, रा.प. तृतीय श्रेणी (प्रा.) पदमा सेवा प्रवेश गरि वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत विभिन्न जिल्ला वन कार्यालयहरूमा कार्यरत् रहँदै आएको छु।

यसै बिचमा आफ्नो व्यक्तिगत क्षमताको आधारमा विश्वव्यापी प्रतिष्पर्धाबाट ट्रपिकल र अन्तर्राष्ट्रिय वन विज्ञान विषयमा एम.एस.सी. अध्ययन गर्न छनौट भई, नेपाल सरकार (सचिवस्तर) को मिति २०६३।५।२६ को निर्णयानुसार जर्मनीमा उक्त विषयमा एम.एस.सी. अध्ययनको लागि निजामती सेवा नियमावलीको नियम ६१ बमोजिम मिति २०६३।४।१६ देखि लागू हुने गरि २ वर्ष २ महिना ५ दिनको अध्ययन बिदा स्वीकृत भएको, उक्त अध्ययनको समयमा नै जन्मिएकी मेरी छोरी आरजु के.सी.को मुटुमा जटिल समस्या आई २-२ पटक जटिल अप्रेशन गर्नु परेकाले अध्ययन सम्पन्न गर्नका लागि सो स्वीकृत बिदाले नपुग भएपछि थप ६ महिनाको अध्ययन बिदा गरि जम्मा २ वर्ष ८ महिना ५ दिनको अध्ययन बिदा स्वीकृत भएको भए तापनि मिति २०६५।११।२० गते काठमाडौं फर्कि वन विभागमा सम्पर्क गर्न गएको र तत्कालीन महानिर्देशकज्यूले मेरो दरबन्दी रहेको सुर्खेत जिल्ला वन कार्यालयमा हाजिर हुन जान निर्देशन दिनुभएको र सोबमोजिम सुर्खेत जान हिँडेको म निवेदक, उक्त अवधिमा लामो समयसम्म नेपालको तराई क्षेत्रमा चलेको थारू आन्दोलनले गर्दा बुटवलबाट पश्चिम जान नसकेकाले पुनः काठमाडौं फर्कि उक्त सम्पूर्ण व्यहोरा श्रीमान् महानिर्देशकज्यूलाई निवेदन गरि प्राप्त आदेशानुसार २०६५।१२।३ देखि मिति २०६५।१२।६ सम्म विभागमा हाजिर भई कामकाज गरेको थिएँ।

यसै बिचमा जर्मनीमा नै रहेकी मेरी छोरीको मुटुसम्बन्धी थप समस्या उत्पन्न भएको, भाषालगायतको समस्याले गर्दा मेरी श्रीमतीले निज छोरीको उपचार गर्न डाक्टरहरूसित राम्ररी सञ्चार गर्न नसक्ने भएकाले म स्वयम् जर्मनी फर्कनु पर्ने भएकाले मेरो सञ्चित बिदाबाट कट्टा हुने गरि १२० दिन घर बिदा र ४८ दिन बिरामी बिदा माग गरि जर्मनी फर्किएँ । जर्मनी आएपछि एकातिर म अध्ययनरत रहेको संस्थाले मेरो छोरीको उपचारको सम्पूर्ण खर्च व्यहोर्ने गरि जीवन बिमा गरिदिने भएकाले जर्मनीमा नै उपचार गराउने अवसर मिल्न गएको र अर्कातिर मैले एम.एस.सी. उत्तिर्ण गर्दा त्यस वर्षको सर्वोत्कृष्ट स्थान हासिल गरेको र विद्यावारिधि अध्ययनको अवसर प्राप्त भएकाले फरेष्ट जेनेटिक्स जस्तो आफू कार्यरत् वन सेवाको लागि अत्यन्त उपयोगी विषयमा विद्यावारिधि गर्ने अवसर मिलेको हुनाले छोरीको उपचार गराउनु पर्ने अवधिमा नै सो अध्ययन समाप्तसमेत हुने भएकाले मैले सो अध्ययनको लागि मिति २०६६।७।१ देखि मिति २०६९।३।१ सम्मको जम्मा २ वर्ष ८ महिनाको असाधारण / अध्ययन बिदा माग गरेको निवेदन मिति २०६६।५।२३ मा जर्मनीबाट पठाएको र सो निवेदन मिति २०६६।६।६ मा विभागमा दर्ता नं. १४४५ मा दर्ता भएको थियो।

मैले सो बिदा पाउनको लागि सबै सर्त पुरा गरेको छु। मैले सो बिदा माग गरेका बखत लागू रहेको

निजामती सेवा नियमावली, २०५० को नियम ६४ को उपनियम (१क) र सोको खण्ड (ख) बमोजिम असाधारण / अध्ययन बिदा मागेको स्थितिमा साठी दिनभित्र सो बिदा स्वीकृत गर्ने वा नगर्ने अनिवार्य निर्णय गर्नुपर्ने व्यवस्था रहेको र सोही नियमको उपनियम (१ख) बमोजिम सो अवधिभित्र बिदा स्वीकृत अस्वीकृतको निर्णय भएको जानकारी नदिएमा सो बिदा स्वतः स्वीकृत भएको मानिने छ भन्ने व्यवस्था रहेकाले सो कानूनी व्यवस्थाबमोजिम मिति २०६६।८।५ सम्ममा बिदा अस्वीकृत भएको जानकारी नदिएको हुनाले स्वतः स्वीकृत भएको अवस्था हुँदा म बिरामी छोरीको उपचार गर्दै अध्ययन कार्यमा संलग्न रहिरहेँ।

यसै बिचमा मिति २०६८।८।९ को गोरखापत्रमा विभागले विभागीय कारवाही बारेमा सफाई पेस गर्न सूचना प्रकाशन गरिएको व्यहोरा अवगत हुन आएकाले आफूले असाधारण / अध्ययन बिदा मागेको, छोरी बिरामी भई उपचारमा संलग्न रहनु परेको र साठी दिनभित्र बिदा अस्वीकृत गर्ने निर्णय नगरेको हुनाले स्वीकृत भएको स्थितिमा विभागीय कारवाही गर्न नमिल्ने व्यहोरा पेस गरेको थिएँ। गोरखापत्रमा पहिलो पटक सफाई दिने सूचना प्रकाशन भएको ४० दिनभित्र आफ्नो सम्पूर्ण अध्ययन सफलतापूर्वक समापन गरि मिति २०६८।९।१९ मा वन विभागमा उपस्थित भई हाजिर गराई कामकाज लगाइपाउँ भनि निवेदन दिएको थिएँ।

उपर्युक्त पेस गरेको सफाई पत्रमा कुन कुरा र तथ्यमा चित्त नबुझेको हो, प्रस्तुत सफाई किन सन्तोषजनक नभएको हो, कुनै कुरा नखुलाई पुनः मिति २०६८।१२।११ र मिति २०६९।२।२७ को गोरखापत्रमा मन्त्रालयको नामबाट २ पटक बेग्लाबेग्लै सूचना प्रकाशित गरि मलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) को कसुरमा दफा ५९(ख)(१) बमोजिम नोकरीबाट किन नहटाउने भनि क्रमशः स्पष्टीकरण र सफाई मागिएको जानकारी हुन आएकाले सो सम्बन्धमा आफ्नो जो भएको व्यहोरा उल्लेख गरि मेरो बिदा स्वतः स्वीकृत भएको अवस्थामा नोकरीबाट हटाउने जस्तो विभागीय सजाय गर्न नमिल्ने बारेमा आफ्ना भनाईहरू प्रस्तुत गरि लिखित जवाफ पेस गरेको छु। पटकपटक मैले माग गरेको बिदाउपर के कारवाही भइरहेको भनि जिम्मेवार पदाधिकारीज्यूहरूसँग जर्मनीबाट निरन्तर टेलिफोनमार्फत र यहाँ फर्कि सकेपछि प्रत्यक्ष मौखिकरूपमा सोध्दा कुनै जानकारी नदिई मेरो बिदाको बारेमा कुनै सूचना मलाई नदिएपछि, मैले २०६५।६।६ मा माग गरेको २ वर्ष ८ महिनाको असाधारण / अध्ययन बिदा स्वीकृतिको जानकारी पाउँ भनि मन्त्रालयमा मिति २०६९।४।२ मा निवेदन दिएपश्चात् हाल आएर मन्त्रालयको मिति २०६९।४।३ को पत्रबाट मैले माग गरेको बिदा मिति २०६८।७।१७ मा नेपाल सरकार (सचिवस्तर) बाट अस्वीकृत भइसकेको भन्ने जानकारी गराइएको र विभागको मिति २०६९।४।१ को पत्रबाट समेत मन्त्रालयको मिति २०६८।७।२२ को पत्रानुसार अध्ययन बिदा अस्वीकृत भई निजामती सेवा नियमावलीअनुसार तपाईंउपर विभागीय कारवाहीको प्रक्रिया अघि बढीरहेको भन्ने व्यहोरा जानकारी हुन आयो।

मउपर विभागीय कारवाही गर्ने सन्दर्भमा लोक सेवा आयोगको, परामर्श माग गरि वन मन्त्रालयले मिति २०६९।२।३, च.नं. २१५८ को पत्रसाथ फाइल पठाइएको निजामती सेवा नियमावली, २०५० को नियम ६४ को उपनियम (१क) अनुसारको अवधिमा बिदा स्वीकृत, अस्वीकृत किन नभएको भनि लोक सेवा आयोगको मिति २०६९।२।१८ च.नं. ४२५ को पत्रानुसार मन्त्रालयसँग जवाफ माग गरि फाइल फिर्ता गरेकामा सो बारेमा कुनै जानकारी नदिई अनिर्णयको अवस्थामा झुण्डाई राख्ने काम भएको छ।

मैले मिति २०६६।६।६ मा दर्ता गरेको बिदाको निवेदनमा प्रचलित निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम मैले

पाउन सक्ने असाधारण / अध्ययन बिदा बाँकी रहेको हुँदा उक्त अध्ययन बिदा स्वीकृत गरिपाउँ भनि निवेदन दिएकामा सो निवेदन दिएको मितिभन्दा २ वर्ष १ महिना ११ दिनपश्चात् अर्थात् मिति २०६८।७।१७ मा बिदा अस्वीकृत भएको भनि मन्त्रालयको मिति २०६९।४।३ र विभागको मिति २०६९।४।१ को पत्रानुसार जानकारी हुन आएको छ । मलाई कुनै जानकारी नगराए तापनि उक्त बिदा अस्वीकृत हुने भनि मिति २०६८।७।१७ मा निर्णय गरेको भएको निर्णयको १२ दिनपछि मिति २०६८।७।२९ तदनुसार १४ नोभेम्बर २०११ मा विद्यावारिधि डिग्रीको लागि मेरो थेसिसको डिफेन्सको मिति तोकिएकाले सो मितिमा नै मेरो अध्ययन समाप्त भएको थियो ।

यदि बिदा अस्वीकृत गर्न पर्ने भए त्यस्तो निर्णय गरेको जानकारी बिदा माग गरेको ६० (साठी) दिनभित्रै निर्णय गरि सम्बन्धित कर्मचारीलाई जानकारी दिई काममा उपस्थित हुने मौका दिनु पर्नेमा २ वर्षभन्दा ढिलो निर्णय गरि ९० दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएको भनेर विभागीय कारवाही अगाडि बढाउनुबाट मउपर घोर अन्याय भएको छ ।

माथिका प्रकरणमा उल्लिखित तथ्य र कानुनको आधारमा विपक्षीहरूको उक्त कामकारवाही र निर्णयबाट म निवेदकलाई अन्तरिम संविधानको धारा १२(३) (च), १३(१),(२) र १९(१) द्वारा प्रदत्त मौलिक हक एवम् माथि उल्लिखित निजामती सेवा ऐन र निजामती सेवा नियमावलीद्वारा प्रदत्त कानूनी हकहरूको समेत हनन् हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटोसमेत नभएको हुनाले अन्तरिम संविधानको धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएको छु ।

अतः सम्मानित अदालतबाट अन्तरिम संविधानको धारा १०७(२) बमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरि मन्त्रालय (सचिवस्तर) को मिति २०६८।७।१७ को बिदा अस्वीकृत गर्ने निर्णय, निवेदकलाई हाजिरी नगराउने भनि मिति २०६९।४।१ को विभागको पत्र, मन्त्रालयको मिति २०६९।४।३ को पत्र, तथा ९० दिनभन्दा बढी अनुपस्थित भएको भन्ने आधारमा नोकरीबाट हटाउने विभागीय कारवाही गर्ने गरि यस सम्बन्धमा विपक्षीहरूद्वारा भएको स्पष्टीकरण सोध्ने लगायतका काम कारवाही र निर्णय, सूचना पत्राचार आदिलाई उत्प्रेषणको आदेशद्वारा बदर गरि निवेदकले माग गरेको बिदा निजामती सेवा नियमावली, २०५० को नियम ६४(१ख) बमोजिम स्वीकृत भएको मानि निज निवेदकले हाजिर हुनपाउँ भनि निवेदन दिएकै मितिदेखि हाजिर गराई कामकाजमा लगाउनु र निजले नियमानुसार पाउने तलब भत्तालगायतका सम्पूर्ण सुविधा दिनु भन्नेलगायत अन्य जो चाहिने उपयुक्त आदेश विपक्षीहरूको नाममा जारी गरि पूर्ण न्याय पाऊँ। साथै प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई पेस गर्नु भन्ने आदेश गरिपाऊँ ।

प्रस्तुत मुद्दामा अन्तरिम आदेश जारी नगर्दा अन्यत्र पनि नोकरी स्वीकार गर्न नमिल्ने, बढुवाका अवसरबाट वञ्चित हुनु पर्ने र दैनिक जीविकोपार्जनको समेत समस्या भएको कारणले निवेदकलाई अपूरणीय क्षति पुग्ने र सुविधा सन्तुलनको दृष्टिले समेत प्रस्तुत मुद्दामा अन्तिम किनारा हुँदा जे जो ठहर्छ सोहीबमोजिम हुने गरि हाल निवेदकलाई हाजिर गराई काममा लगाउनु तथा निजउपर विभागीय कारवाही र सजाय गर्ने कार्य अगाडि नबढाउनु यथास्थितिमा राख्नु भन्ने सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भनि यस अदालतमा मिति २०६९।५।२१ मा पेस गरेको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५

दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनि रिट निवेदनको एकप्रति नक्कल साथै राखि विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

साथै प्रस्तुत रिट निवेदनमा माग भएको अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा निवेदकले असाधारण बिदा स्वीकृतिको निमित्त मिति २०६६।६।६ मा निवेदन दिएकामा मिति २०६८।७।१७ मा मात्र बिदा अस्वीकृत गर्ने गरि निर्णय भएको भन्ने देखिँदा निजामती सेवा नियमावली, २०५० नियम ६४ को उपनियम (१क) र (१ख) को कानूनी व्यवस्थालाई दृष्टिगत गर्दा निवेदकको हकमा सुविधा र सन्तुलन भएकाले निवेदक विरूद्धको विभागीय कारवाहीसम्बन्धी प्रक्रिया जहाँ जुन अवस्थामा छ यथास्थितिमा राख्नु, थप कारवाही नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो अन्तरिम आदेश जारी गरि दिएको छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिनु भनि यस अदालतबाट मिति २०६९।५।२४ मा भएको आदेश।

रिट निवेदक राजेन्द्र के.सी.लाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) को कसुरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरि सेवाबाट हटाउने विभागीय सजाय गर्न वन तथा भू-संरक्षण मन्त्रालयबाट परामर्श माग भई आएकामा विभागीय सजायको लागि कानूनबमोजिमको प्रक्रिया पुरा नभएकाले प्रक्रिया पुरा गरि निजले माग गरेको बिदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (१क) को अवधिभित्र स्वीकृत/अस्वीकृतको निर्णय नभएको सन्दर्भमा समेत स्पष्ट गरि परामर्श माग गर्न फाइल फिर्ता पठाइएको हुँदा रिट निवेदकको हक अधिकार हनन् हुने गरि यस आयोगबाट कुनै काम कारवाही नभएकाले बिना आधार यस आयोगसमेतलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजयोग्य छ, खारेज गरिपाउँ भनि लोक सेवा आयोगका तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) को देहाय (६) मा बिदा स्वीकृत नगराई लगातार ९० (नब्बे) दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सक्ने व्यवस्था भएकाले निवेदकलाई प्रस्ताव गरिएको सजाय कानूनसम्मत छ।

अधिकारप्राप्त अधिकारीबाट सजाय प्रस्ताव गरिएको हुँदा प्रक्रिया पुर्‍याई गरेको सजाय कानूनसम्मत भएन भन्ने निवेदन जिकिर खारेजयोग्य छ।

पटकपटक मौखिक फोन गरेकालाई प्रमाणित नहुँदासम्म थाहा पाएको भन्न सक्ने अवस्था रहँदैन । तसर्थ निवेदकको निवेदन दाबी खारेज गरिपाउँ भनि वन विभागका महानिर्देशकबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

विपक्षी रिट निवेदक राजेन्द्र के.सी.को मिति २०६३।४।१६ देखि मिति २०६५।१२।२१ सम्म तलबी अध्यन बिदा स्वीकृत भएको थियो । निज नेपाल सरकारको मनोनयनमा अध्ययन गर्न गएको हुँदा अध्ययन पुरा गरेपछि निजले निजामती सेवा ऐन, २०४९ को दफा ४०ग को खण्ड (च) बमोजिम अध्ययन बिदामा जानुभन्दा अघि कार्यरत् रहेको मन्त्रालय वा कार्यालयमा अनिवार्य रूपले सेवा गर्नुपर्ने थियो। तर अध्ययन बिदा समाप्त भएपश्चात् निज नेपाल आई ३ दिन वन विभागमा हाजिर भई १२० दिन घर बिदा र ४८ दिन बिरामी बिदाको निवेदन दिई पुनः विदेश गएको देखिन्छ। यसर्थ निजले निजामती सेवा ऐन, २०४९ को दफा ४०ग को खण्ड (च) बमोजिमको सेवा नगरेको कारणले निजलाई थप बिदा स्वीकृत गर्न नमिलेको हो।

विपक्षी निवेदकले जर्मनीमा पि.एच.डी.

गर्न जान नेपाल सरकारको पूर्व स्वीकृति लिएको छैन । निवेदकले मिति २०६६।५।२ को मिति राखि जर्मनीबाट अध्ययन / असाधारण बिदा माग गरि वन विभागमा निवेदन पठाएको हो । निजको नेपाल सरकारबाट मनोनयन नभएको र निजामती सेवा नियमावली, २०५० को नियम ६१ को अन्य अवस्थासमेत पुरा नभएकाले निजले तलबी अध्ययन बिदा प्राप्त गर्न आधार नभएको र निज नेपाल सरकारको पूर्व स्वीकृति नलिई निजी प्रयासमा अध्ययन गर्न गएको हुँदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (५) बमोजिम बेतलबी अध्ययन बिदा स्वीकृत गर्न नमिलेको हो।

निजामती सेवा ऐन, २०४९ को दफा ६१क को उपदफा (३) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरि हाजिर गराउन नसकिने र हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा ६० बमोजिम विभागीय कारवाही हुनेसमेत प्रावधान भएबाट निज राजेन्द्र के.सी.लाई हाजिर गराउन नमिलेको हो।

निजामती सेवा नियमावली, २०५० को नियम ७१ बमोजिम बिदा अधिकारको कुरा होइन, सहुलियतमात्र हो। यसर्थ बिदाको निवेदन दिएकै भरमा बिदा स्वीकृत गर्नुपर्ने बाध्यात्मक अवस्था होइन । बिदा स्वीकृत भए नभएको विषयमा स्वयम् कर्मचारीले चासो राख्नु पर्ने र बिदा स्वीकृतिको लागि आवश्यक कागजात प्रमाण पनि स्वयम् कर्मचारीले जुटाउनु पर्दछ।

विपक्षी निवेदकको बिदा अस्वीकृत भएको र निज बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको आधारमा निजलाई विभागीय कारवाही गर्ने प्रक्रिया अगाडि बढाइएको हो । विभागीय कारवाहीको प्रक्रिया अगाडि बढाइएकै अवस्थामा निजले माग गरेको बिदा सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।४।१० को निर्णयबाट कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयको राय माग गरिएको थियो। उक्त मन्त्रालयबाट राय प्राप्त भएपश्चात् निज राजेन्द्र के.सी.लाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (ख)(१) अनुसारको सजाय प्रस्ताव गरि सोही ऐनको दफा ६७ अनुसार ७ दिनको म्याद दिई स्पष्टीकरण सोध्ने भनि नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६९।५।२० मा भएको निर्णयबमोजिम मिति २०६९।५।२८ को गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरि निजलाई स्पष्टीकरण पेस गर्न समय दिइएको हो।

विपक्षी निवेदकलाई निजामती सेवा ऐन, २०४९ बमोजिम गर्न लागिएको विभागीय कारवाही टुङ्गोमा पुगि नसकेको अवस्था रहेको, निजलाई विभागीय सजाय भएमा सोपश्चात् सजायमा चित्त नबुझेमा प्रशासकीय अदालतमा पुनरावेदन गर्न पाउने नै हुँदा निजामती सेवा ऐन र नियमावलीले तोकेको प्रक्रिया पुरा गरि विभागीय कारवाही गर्न प्रक्रियामा नै रहेको अवस्थामा रिट क्षेत्राधिकारमा प्रवेश गरिरहनु पर्ने अवस्था रहेको छैन।

विपक्षी निवेदकले माग गरेको बिदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ र ६२ बमोजिम स्वीकृत हुन सक्ने अवस्था नरहेको हुँदा निजको बिदा अस्वीकृत भएको र बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको आरोपमा निजउपर विभागीय कारवाहीको प्रक्रिया अगाडि बढीरहेको र विभागीय कारवाहीको निर्णय भएपश्चात् पनि निर्णयमा चित्त नबुझेमा निजले प्रशासकीय अदालतमा पुनरावेदन गर्न पाउने हक कायम रहेकै अवस्थामा निजले लिएको मागदाबी आधारहीन छ। यसर्थ उल्लिखित आधारमा रिट निवेदन खारेज गरिपाउँ भनि यस अदालतमा मिति २०६९।६।२४ मा वन तथा भू-संरक्षण मन्त्रालयले पेस

गरेको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढि निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत उत्प्रेषणयुक्त परमादेशसमेतको रिट निवेदनसहितको मिसिल अध्ययन गरि पक्ष विपक्षको निम्नबमोजिमको बहससमेत सुनियो।

रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेतीले रिट निवेदक एक निजामती कर्मचारी हुनुहुन्छ । निजले आफ्नो सञ्चित घर बिदा र बिरामी बिदा स्वीकृत गरिपाउँ भनि वन विभागमा निवेदन दिएकामा उक्त निवेदन स्वीकृत भएको छ। तत्पश्चात् रिट निवेदक राजेन्द्र के.सी.ले मिति २०६६।६।६ मा निजामती सेवा नियमावली, २०५० को नियम ६४ को उपनियम (१क) र सोको खण्ड (ख) बमोजिम अध्ययन बिदा माग गरेकामा कानूनले तोकेको मिति २०६६।८।५ सम्ममा बिदा स्वीकृत वा अस्वीकृत गर्नुपर्नेमा सो नगरि सो मितिपश्चात् बिदा अस्वीकृत गर्ने गरेको कार्य कानून प्रतिकूल छ। निजको बिदा अस्वीकृत भएको मानि लगातार ९० दिनभन्दा बढी कार्यालयमा हाजिर नभएको भनि विपक्षीबाट विभागीय कारवाही गर्ने गरेको कार्य कानून प्रतिकूल हुँदा विभागीय कारवाही गर्ने गरेको कार्य उत्प्रेषणको आदेशले बदर गरि आफ्नो पढाई समाप्त गरेपश्चात् नेपाल फर्कि आई हाजिर हुनपाउँ भनि निवेदन दिएको मितिबाट तलबभत्ता र अन्य सुविधासमेत निवेदकलाई दिनु भनि परमादेशको आदेश जारी गरिपाउँ भनि बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी वन तथा भू-संरक्षण मन्त्रालयसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णजिवी घिमिरेले बिदा अधिकारको कुरा होइन। यो निजामती कर्मचारीको लागि सहुलियतमात्र हो निवेदकले माग गरेको बिदा अस्वीकृत भई निज लगातार ९० दिनभन्दा बढी आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर नभएकाले विभागीय कारवाही कानूनबमोजिम अगाडि बढाइएको हो तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनि बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसारको तथ्य एवम् बहस जिकिर भएको प्रस्तुत रिट निवेदनमा निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा निवेदक मिति २०५५।१।२५ देखि नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको सहायक वन अधिकृत, रा.प. तृतिय श्रेणी (प्रा.) पदमा सेवा प्रवेश गरि कार्यरत् रहँदै आएको छु। यसैबिच आफ्नो व्यक्तिगत क्षमताको आधारमा विश्वव्यापी प्रतिस्पर्धाबाट ट्रपिकल र अन्तर्राष्ट्रिय वन विज्ञान विषयमा जर्मनीमा एम.एस.सी. अध्ययन गर्न मिति २०६३।४।१६ देखि लागू हुने गरि २ वर्ष ८ महिना ५ दिन बिदा स्वीकृत भई अध्ययन गरि आफ्नो अध्ययन पुरा गरेपश्चात् कार्यालयमा उपस्थित भई मिति २०६५।१२।३ देखि २०६५।१२।६ सम्म हाजिर भएको र छोरीको जन्मपश्चात् निजको स्वास्थ्यमा गम्भीर समस्या देखिएकाले उपचारको लागि जर्मनीमै छोडि आएको र पुनः स्वास्थ्य परीक्षण र उपचार गराउन जर्मनी जानु परेकाले सञ्चित घर बिदा १२० दिन र बिरामी बिदा ४८ दिन बिदा माग गरि गएको थिएँ। सोही सिलसिलामा मैले Forest Genetics विषयमा Ph.D (विद्यावारिधी) को अवसर पाएकाले उक्त विषय मेरो सेवा समूह र व्यक्तिगत प्रयोजनको लागि अति उपयोगी भएकाले सो अध्ययनको लागि मिति २०६६।७।१ देखि मिति २०६९।३।१ सम्म जम्मा २ वर्ष ८ महिनाको असाधारण / अध्ययन बिदा माग गरि मिति २०६६।५।२३ मा जर्मनीबाट पठाएको निवेदन मिति २०६६।६।६ मा विभागमा दर्ता भएको थियो। सो बिदा माग गरेको ६० दिनभित्र अर्थात् मिति २०६६।८।५ भित्रमा स्वीकृत वा अस्वीकृतको जानकारी नपाएकाले

निजामती सेवा नियमावली, २०५० को नियम ६४(१ख) बमोजिम स्वीकृत भएको मानि अध्ययनलाई निरन्तरता दिएकामा मिति २०६८।८।९ को गोरखापत्रमा विभागीय कारवाहीको बारेमा सफाइ पेस गर्न सूचना प्रकाशित भएकामा मैले माग गरेको बिदा मिति २०६८।७।१७ मा अस्वीकृत भएको जानकारी गराई सोबमोजिम सजायको प्रस्ताव गरि कारवाही अगाडि बढाइएको छ । सो क्रममा सजायको लागि परामर्श माग भई लोक सेवा आयोगमा पठाइएकामा लोक सेवा आयोगले निजामती सेवा नियमावली, २०५० को नियम ६४(१क) को अवधिभित्र बिदा स्वीकृत, अस्वीकृत नभएको विषयमा मन्त्रालयसँग जवाफ माग गरेको भए तापनि सो सम्बन्धमा कुनै जानकारी नगराई मेरो बिदा अस्वीकृत गर्ने, मलाई हाजिर नगराउने र विभागीय सजायको कारवाही गर्ने गरि भएका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरि मैले माग गरेको बिदा स्वीकृत भएको मानि मलाई हाजिर गराई कामकाजमा लगाउनु भनि उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी छ । निवेदकले वन विज्ञान (Tropical and International Forestry) विषयमा एम.एस.सी. छात्रवृत्तिमा अध्ययन बिदा स्वीकृत गराई अध्ययन भएपश्चात् निजले निजामती सेवामा अनिवार्य काम गर्नुपर्ने अवधिको कार्य नगरेको र निजामती कर्मचारीले बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी गयल भएकाले विभागीय कारवाही अगाडि बढाएको हो तसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्ने वन तथा भू-संरक्षण मन्त्रालयसमेतको लिखित जवाफ पेस गरेको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक राजेन्द्र के.सी.ले आफ्नो व्यक्तिगत क्षमताको आधारमा विश्वव्यापी प्रतिष्पर्धाबाट ट्रपिकल र अन्तर्राष्ट्रिय वन विज्ञान (Tropical and International Forestry) विषयमा एम.एस.सी. अध्ययन गर्न छनौट भई नेपाल सरकारको मिति २०६३।५।२६ को निर्णयअनुसार अध्ययन बिदा स्वीकृत भई जर्मनीमा एम.एस.सी (फरेष्ट्री) तहको निवेदकले अध्ययन गर्नुभएको देखियो । सोही अध्ययन गरि जर्मनीमा बस्दा निजको छोरीको जन्म भएको र छोरीको मुटुमा गम्भीर समस्या भएको कारणले निजले छोरीलाई अध्ययन समाप्त भएपछि नेपाल ल्याउन सकेको देखिँदैन । यस्तैमा निजको आफ्नो अध्ययन एम.एस.सी. वन विज्ञान समाप्त भएपछि नेपाल फर्कि वन विभागमा हाजिर भई पुनः निजले आफ्नो सञ्चित घर बिदा र बिरामी बिदा स्वीकृतिको लागि आवेदन गरि छोरीको उपचारको लागि जर्मनी गएको मिसिल संलग्न कागजातहरूबाट, छोरीको शल्यक्रियाको फोटोबाट देखियो । छोरीको उपचारको क्रममा आफ्नो सञ्चित घर बिदा र बिरामी बिदा उपभोग गरिरहेको अवस्थामा नै निजले पहिला आफूले अध्ययन गरेको संस्थाबाट Forest Genetics जस्तो विषयमा विद्यावारिधि (Ph.D) अध्ययनको अवसर प्राप्त गरेको देखिन्छ । यसर्थ निजले सो अध्ययन पुरा गर्नको लागि निजामती सेवा नियमावली, २०५० बमोजिम अध्ययन बिदा मिति २०६६।६।६ मा वन विभागमा दर्ता गराएको देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम ६४ मा बिदा माग गर्ने विधि र स्वीकृत गर्ने अवधि तोकिएको छ । जुन निम्नअनुसार रहेको छः-

<u>नियम ६४ मा बिदा माग गर्ने विधि</u>:- (१) बिदाको निकासाको निमित्त निजामती कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानु पर्ने भए सोसमेत खोलि अनुसूची-१३ को ढाँचामा आफ्नो कार्यालयमार्फत बिदा दिने अधिकारीसमक्ष निवेदन पेस गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो कर्मचारीलाई दिनुपर्नेछ ।

(१क) उपनियम (१) बमोजिम माग भएको बिदामध्ये

देहायबमोजिमको बिदा देहायबमोजिमको अवधिमा स्वीकृत वा अस्वीकृत गर्नुपर्नेछः-

(क) घर बिदा र बिरामी बिदाको हकमा सात दिनभित्र,

(ख) असाधारण बिदा र अध्ययन बिदाको हकमा साठी दिनभित्र।

(१ख) उपनियम (१) बमोजिमको अवधिभित्र बिदा स्वीकृत वा अस्वीकृतको निर्णय भएको जानकारी नदिएमा सो बिदा स्वीकृत भएको मानिनेछ।

उल्लिखित कानूनी व्यवस्थाबमोजिम निर्धारित समयावधिभित्र निवेदकले माग गरेको बिदा अस्वीकृत भएको देखिँदैन । निवेदकले माग गरेको असाधारण अध्ययन बिदा मिति २०६६।६।६ मा वन विभागमा दर्ता भएपछि सो मितिले ६० दिनभित्र अर्थात् मिति २०६६।८।५ भित्रमा अनिवार्यरूपमा बिदा स्वीकृत वा अस्वीकृतको कार्य अख्तियार प्राप्त अधिकारीले अनिवार्यरूपमा गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखियो।

३. रिट निवेदक राजेन्द्र के.सी.ले Ph.D (विद्यावारिधी) अध्ययनको लागि असाधारण अध्ययन बिदा मिति २०६६।६।६ मा २ वर्ष ८ महिनाको लागि माग गरेको र निजले उक्त बिदा के भएको छ जानकारी पाउँ भनि मिति २०६९।४।२ मा दिएको निवेदनअनुसार उल्लिखित बिदा मिति २०६८।७।१७ मा नेपाल सरकार (सचिवस्तर) बाट अस्वीकृत भइसकेको भनि प.सं.प्र.व्य. फा./०६९/७० नं. २० मिति २०६९।४।३ को वन तथा भू-संरक्षण मन्त्रालयको पत्रबाट निवेदकलाई जानकारी दिएको देखियो । निवेदकले अध्ययन बिदा स्वीकृतको लागि मिति २०६६।६।६ मा आवेदन गरेकामा सो बिदा २०६८।७।१७ मा अर्थात् २ वर्ष १ महिना ११ दिनपश्चात् मात्र बिदाको निकासा गरेको देखियो । निजामती सेवा नियमावली, २०५० ले नै अध्ययन बिदा माग गरेकामा ६० दिनभित्र बिदा स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिएमा स्वतः बिदा स्वीकृत भएको मानिने स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै सोविपरीत यी निवेदकलाई लामो समयसम्म बिदा स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिई अन्योलमा राखि बिदा दिने अधिकारीले कानूनले तोकेको अवधिमा बिदा अस्वीकृत नगरि आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरेको देखिँदैन । यसर्थ वन तथा भू-संरक्षण मन्त्रालयको बिदा अस्वीकृत गर्ने भनि बिलम्ब गरि गरेको कार्य लापरवाहीपूर्ण रहेको देखियो। कानूनअनुरूप चल्नुपर्ने जिम्मेवार निकाय र अधिकारीबाट भएको यस्तो लापरवाहीपूर्ण कार्यलाई शोभनिय मानिँदैन । यस्तै विषय समावेश भएको निवेदक नवराज पुडासैनी विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय समेत भएको २०६६ सालको रिट नं. ०४४२ को उत्प्रेषण परमादेश विषयको रिट निवेदनमा यस अदालतबाट मिति २०६७।१।२१ मा आदेश हुँदा अध्ययन बिदाको विषयमा परेको निवेदनमा विपक्षी मन्त्रालयबाट निजामती सेवा नियमावलीमा निर्धारण गरेको ६० दिनभित्र बिदा स्वीकृत वा अस्वीकृत गर्ने निर्णय गर्नु पर्नेमा सो नगरि कानूनले तोकेको म्याद नघाई निवदेकको अध्ययन बिदा अस्वीकृत गर्ने गरेको वन तथा भू-संरक्षण मन्त्रालयको निर्णय कानूनसम्मत तथा विवेकसम्मत रूपमा भए गरेको रहेछ भनि भन्न मिल्ने अवस्था नदेखिने भनि सिद्धान्त प्रतिपादन भएको छ । उक्त नजिर सिद्धान्तअनुसार निवेदक राजेन्द्र के.सी.ले माग गरेको अध्ययन / असाधारण बिदा कानूनले निर्धारण गरेको ६० दिनभित्र अस्वीकृत भएको छैन। यो नजिर सिद्धान्तले निवेदकलाई बिदा माग गरेको विषयमा सहयोग गरि निजको बिदा स्वतः स्वीकृत भएको मान्नुपर्ने देखियो।

४. यी रिट निवेदकलाई ९० दिन लगातार कार्यालयमा हाजिर नभएको भनि विभागीय कारवाही

गर्ने गरेकोतर्फ हेर्दा माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिम बिदा दिने अख्तियारवाला व्यक्तिले आफूले गर्नुपर्ने कार्य नगरि आफ्नो जिम्मेवारीबाट बिमुख भई अन्यत्र दिशाबोध भई यी रिट निवेदकलाई विभागीय कारवाही गर्ने भनि कारवाहीको थालनी भएको कार्य कानूनविपरीत भई उत्प्रेषणको आदेशले बदर हुने देखियो।

५. अब निवेदक राजेन्द्र के.सी.ले माग गरेको अध्ययन बिदा स्वतः स्वीकृत भएको अवस्थामा निजले आफ्नो Ph.D (विद्यावारिधी) तहको अध्ययन पुरा गरि नेपाल फर्कि आएपश्चात् आफ्नो दरबन्दी रहेको विभागमा उपस्थित भई हाजिर गराइपाउँ भनि दिएको निवेदनपश्चात् निजलाई हाजिर गराई कामकाजमा लगाउनु पर्ने दायित्व वन तथा भू-संरक्षण मन्त्रालय र वन विभागको रहेकामा सो नगरि निवेदकलाई विभिन्न बहाना गरि कानूनले निर्दिष्ट गरेको कार्य नगरि हाजिर नगराएको कार्य मिलेको देखिएन । यसर्थ यी रिट निवेदकलाई आफू स्वयम् वन तथा भू-संरक्षण मन्त्रालयमा उपस्थित भई हाजिर गराई कामकाजमा लगाइपाउँ भनि निवेदन दिएको मितिबाट नै हाजिर भएको मानि निजले पाउने कानूनबमोजिमको पारिश्रमिक र अन्य सुविधासमेत पाउने देखियो।

६. अतः माथि उल्लिखित सिद्धान्त, कानून, मिसिल संलग्न कागजातहरूबाट निवेदकले माग गरेको अध्ययन बिदा स्वीकृत गरि निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(६) बमोजिम सेवाबाट हटाउनेतर्फको कारवाही प्रारम्भ गरेको उत्प्रेषणको आदेशले बदर भई र निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

यो आदेशको प्रमाणित प्रतिलिपिसमेत साथ राखि फैसलाको जानकारी विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत दिनू............१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार गरि अभिलेख शाखामा बुझाइदिनू.......२

उक्त रायमा सहमत छु।
न्या.सुशीला कार्की

इजलास अधिकृत : प्रेम खड्का
इति संवत् २०७२ साल साउन २६ गते रोज ३ शुभम्।

## निर्णय नं.९४९९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७२।९।१४।३
०७०-CR-०६२९

मुद्दा : सम्पत्ति शुद्धीकरण

पुनरावेदक / प्रतिवादी : हुम्ला जिल्ला लिमी गा.वि.स. वडा नं. ५ जाङगाउँ बस्ने दावा टासी लामा

विरूद्ध

प्रत्यर्थी / वादी : सम्पत्ति शुद्धीकरण अनुन्धान विभागको तर्फबाट अनुसन्धान अधिकृत रविराज काफ्लेसमेतको प्रतिवेदनले नेपाल सरकार

- **निकै ठूलो परिमाणको रकम कसैले बोकेको सुटकेसबाट बरामद हुन्छ र**

त्यसको साँचो पनि निजबाटै बरामद भएको अवस्थामा रकमको मालिक यो हो भनि यकिन वतनसमेत देखाई पहिचान गराउन नसकेको अवस्थामा जसको साथबाट बरामद भएको हो उक्त रकम विषयको सम्पूर्ण कानूनी दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी उसैमा रहन्छ । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ मा कुनै व्यक्तिमा भएको सम्पत्ति के कस्तो स्रोतबाट प्राप्त गरेको हो ? सो सम्पत्तिको स्रोत खुलाउने भार निज व्यक्तिमा नै रहेको देखिन्छ । तर, प्रतिवादीले उक्त बरामद भएको सम्पत्तिको वैधानिक स्रोत खुलाउन सकेको देखिएन । तसर्थ अन्यथा प्रमाणित नभएसम्म उक्त रकम विषयमा जवाफदेहिता निज प्रतिवादीमै रहने ।

(प्रकरण नं.२)

- कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको देखिन्छ । कसैसँग अस्वभाविक सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनि प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ । प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनि मान्नु पर्ने ।

(प्रकरण नं.३)

- प्रस्तुत मुद्दा प्रतिवादीसँग रहेको रकम विदेशी विनिमय भएको कारणबाट चलेको होइन । अपितु, निजसँग निजको हैसियतका तुलनामा अत्यधिक बढी रकम भएकाले प्रस्तुत मुद्दा निज विरूद्ध चलेको हो । निजले उक्त रकमको स्रोत देखाउन सकेको अवस्थामा प्रस्तुत मुद्दा निज विरूद्ध चल्ने अवस्थै हुने थिएन । त्यसैगरि बरामदी रकम नेपाली वा भारतीय भएको अवस्थामा विदेशी विनिमयअन्तर्गत मुद्दा चल्ने अवस्था हुने थिएन । तर, स्रोत देखाउन नसकेको अवस्थामा भने सम्पत्ति शुद्धीकरणको मुद्दा भने चल्ने ।
- विदेशी विनिमय बिना इजाजत प्रतिवादीसँग रहनु एउटा अपराध हो भने, अत्यधिक मात्रामा स्रोत देखाउन नसकिने रकम आफ्नो साथ राख्नु अर्को अपराध हो । विदेशी विनिमय मुद्दा जिल्ला अदालतमा चल्ने मुद्दा हो भने सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा विशेष अदालतमा सुरू कारवाही हुने मुद्दा हो । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ४ को (ङ) मा सम्पत्ति शुद्धीकरण मानिने कसुरमा *"विदेशी विनिमय नियमित गर्नेसम्बन्धी प्रचलित कानून अन्तर्गतको कसुर गरि"* भन्ने उल्लेख भएको पाइन्छ । यसबाट विदेशी विनिमय नियमित गर्ने कसुरलाई समेत सम्पत्ति शुद्धीकरण ऐनले मुद्दा चलाउन बाधा पार्ने देखिँदैन । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ र विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अनुसार छुट्टाछुट्टै ऐनले कसुर मानेको हुँदा अलग अलग ऐनले व्यवस्था गरेको कसुरलाई एउटै कसुर मान्न मिलेन । साथै बरामदी रकम प्रतिवादीबाट बरामद भएको र सो रकमको आधिकारिक

**तथा वैधानिक स्रोत प्रतिवादीले खुलाउन नसकेको अवस्थामा आर्थिक अवस्था र हैसियत कमजोर छ भन्ने आधारमा मात्र आरोपित अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउने अवस्था नरहने ।**

(प्रकरण नं.४)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को ६
- सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३, ४ को (ङ), २८, ३०(२)
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९

सुरू तहमा फैसला गर्ने :
अध्यक्ष मा.न्या. श्री केदारप्रसाद चालिसे
सदस्य मा.न्या. श्री मोहनरमण भट्टराई
सदस्य मा.न्या. श्री भूपेन्द्रप्रसाद राई

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

मिति २०६९।७।१० गते बिहान अन्दाजी ९:०० बजेको समयमा स्पाइस जेटको उडान नं. SG042 द्वारा काठमाडौं अन्तर्राष्ट्रिय गौचरबाट दिल्ली जाने क्रममा दावा टासी लामाको साथबाट स्रोत नखुलेको यूरो १,९५,०००।– बरामद भएको सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट अनुसन्धान तहकिकात कार्य पुरा गरि विदेशी विनिमय (नियमित गर्ने) ऐनबमोजिम काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरि सम्पत्ति शुद्धीकरण सम्बन्धमा अनुसन्धान तहकिकातको लागि राजस्व अनुसन्धान विभागको च.नं. १०४० मिति २०६९।८।१० को पत्र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा प्राप्त भएको ।

आफूले पहिला जडिबुटीको व्यापार गर्दै मिति २०६९।७।१० गते दिल्ली जाने क्रममा अन्तर्राष्ट्रिय विमानस्थलमा प्रहरीले पक्राउ गरि मेरो साथबाट विभिन्न दरका गरि जम्मा १,९५,०००।- विदेशी मुद्रा बरामद गरेको हो । उक्त सुटकेश खोलेपछि त्यसमा विदेशी मुद्रा रहेको थाहा भयो, उक्त रकमसहितको सुटकेश काठमाडौं बौद्धमा चाइनिज नागरिक आङ्गजिङ्गले दिएको हो, निज चाइनिज नागरिकलाई मैले यस विभागमा उपस्थित गराउन सक्दिन, निजको वतन थाहा छैन, उक्त काम गरेबापत नाफाको १० प्रतिशत रकम दिने सर्त थियो । उक्त मुद्रासहितको सुटकेश भारतको दिल्लीमा लाक्पा लामालाई दिनु भनि चाइनिज नागरिकले भनेका थिए, सोही अनुसारको कार्य गरेको हो भनि अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी दावा टासी लामाले गरेको बयान ।

प्रतिवादीले आरोपित कसुर स्वीकार गरि बयान गरेको र बरामदी स्रोत बिनाको विदेशी मुद्राहरूका सम्बन्धमा प्रतिवादीको संलग्नता रहेको देखिँदा हाल निज प्रतिवादी अन्य मुद्दाबाट थुनामा भएकाले छुटि जाने भएमा यस विभागमा उपस्थित गराउने गरि कारागार कार्यालय, जगन्नाथदेवललाई समेत जानकारी दिई थुनामा राख्न फिर्ता पठाई अनुसन्धान कार्य अगाडि बढाउनु भन्ने सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको मिति २०६९।९।१ को आदेश ।

प्रतिवादी दावा टासी लामाले सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३(१) ले निषेधित, दफा ४(ङ) र

२८ बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीलाई कुल बिगो रू.२,१८,५५,६००।– कायम गरि सोही ऐनको दफा ३०(२) बमोजिम सजाय हुन र ऐ.ऐनको दफा ३४ बमोजिम दशी जफत हुन माग दाबी लिई विशेष अदालतमा मुद्दा दायर गर्न जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको च.नं. २८६४, मिति २०६९।९।१८ को पत्रसहितको निर्णयको प्रतिलिपि मिसिल सामेल रहेको।

प्रस्तुत वारदातमा राजस्व अनुसन्धान विभागबाट प्राप्त उजुरी अनुसन्धान तहकिकातको सिलसिलामा प्रतिवादी दावा टासी लामालाई काठमाडौं जिल्ला अदालतको आदेशले कारागार कार्यालय, जगन्नाथदेवलबाट झिकाई विभागको अनुसन्धान अधिकृतसमक्ष बयान गराउँदा मिति २०६९।७।१० गते काठमाडौंबाट दिल्ली जाने क्रममा अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंमा आफ्नो साथमा रहेको सुटकेशभित्र विभिन्न दरका गरि जम्मा विदेशी मुद्रा यूरो १,९५,०००।– बरामद भएको, उल्लिखित मुद्राहरू बौद्धमा बस्ने चाइनिज नागरिक आङ्गजिङ्गले दिल्लीमा लाक्पा लामालाई पुर्‍याई दिनु भनेका थिए । सोबापत मैले नाफाको १० प्रतिशत रकम पाउने कुरा थियो, आङ्गजिङ्ग र लाक्पा लामालाई उपस्थित गराउन सक्दिन, उनीहरू हाल कहाँ छन् थाहा छैन । उल्लिखित बरामदी विदेशी मुद्राहरूको स्रोत सम्बन्धमा जानकारी नभएको भनि कसुरलाई स्वीकार गरि बयान गरेका छन्। यी प्रतिवादीले सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित र दफा ४(ङ), दफा २८ अनुसारको कसुरजन्य कार्य गरेकाले प्रतिवादी दावा टासी लामालाई बरामदी यूरो १,९५,०००।– को हुने ने.रू.२,१८,५५,६००।– (अक्षरूपी रू.दुई करोड अठार लाख पचपन्न हजार छ सय) बिगो कायम गरि सोही ऐनको ३०(२) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ३४ बमोजिम बरामदी यूरो १,९५,०००।– जफत गरिपाउँ भन्ने व्यहोराको मिति २०६९।९।२० को अभियोगपत्र।

मेरो एक वर्ष पहिले जडिबुटीसम्बन्धी काम गर्ने सिलसिलामा चिनियाँ नागरिक आङ्गजिङ्गसँग चिनको खासामा भेटघाट भएको थियो । निजसँगको सरसल्लाहबाट मैले सङ्कलन गरेको जडिबुटी आङ्गजिङ्गको एजेन्ट लाक्पा लामा (तिब्बतियन नागरिक) जो भारत मै बसेका छन्, निजलाई नै बुझाई सोको कमिशनमात्र लिई खाने गरेको थिएँ। यसै क्रममा म भारतबाट फर्की काठमाडौं आई बसेका बखत उक्त चाइनिज नागरिक आङ्गजिङ्ग म कहाँ भेट्न आई निजले मलाई भारतमा मेरो एजेन्ट छ, राम्रो काम गर्नु भनि सम्झाएको र मेरो एजेन्ट लाक्पा लामालाई खैरो रंगको सानो सुटकेशभित्र रहेको कागजपत्र पुर्‍याई दिनुपर्नेछ भनेकाले उक्त सुटकेशसहित म २०६९।७।१० गते काठमाडौंबाट भारत जाने क्रममा एयरपोर्टमा सामान जाँच गर्ने क्रममा उक्त सुटकेश प्रहरीद्वारा जाँच गर्दा मुचुल्काबमोजिमको पैसा भेटिएको हो। उक्त रकम यूरो डलर नै भन्दछन्, मलाई थाहा भएन, उक्त पैसा मेरो होइन, पैसा चाइनिज व्यक्ति आङ्गजिङ्ग भन्ने कै हो। मैले कागजपत्र होला भनेर उक्त सुटकेश बोकि हिँडेको थिएँ, निज आङ्गजिङ्ग भन्ने व्यक्ति मेरो व्यापारी पार्टनर पनि होइन, मैले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान सहिछाप मेरै हो। १० प्रतिशत रकम दिने भन्ने कुरा जडिबुटी सङ्कलन गरि बुझाएबापतको हो, मैले उक्त रकम भारतमा पुर्‍याई लाक्पा लामालाई दिएबापतको होइन, मलाई सुटकेशमा यूरो डलर छ छैन भन्ने थाहा थिएन, यूरो डलर भेटाउँदा कानूनविपरीत हुन्छ हुँदैन मलाई थाहा छैन, पैसा मेरो होइन । उक्त रकम चाइनिज नागरिक आङ्गजिङ्गको नै हो, मैले निज व्यक्तिहरूलाई समाउन सक्ने अवस्था पनि छैन, अतः मैले कुनै आपराधिक कार्य गरेको छैन। मलाई अर्कै व्यक्तिले फसाउन खोजेका हुन् भन्ने कुरा पछि थाहा पाएको हुँदा झुठा अभियोग दाबीबाट सफाई पाउँ भन्ने

प्रतिवादी दावा टासी लामाले मिति २०६९।९।२२ मा विशेष अदालतमा गरेको बयान।

प्रतिवादीको साथमा रहेको सुटकेशबाट यूरो १,९५,०००।– बरामद भएको तथ्यमा विवाद नभएको, सो सुटकेश चाइनिज नागरिक आङ्गजिङ्गको हो भन्ने निजको भनाई भरपर्दो प्रमाणबाट पुष्टि हुन सकेको छैन। दाबीको कसुर यी प्रतिवादी दावा टासी लामाले गरेको होइन भन्ने अवस्था नदेखिएकाले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरि काठमाडौं जिल्ला अदालतमा यिनै प्रतिवादी विपक्षी भई चलेको मुद्दामा दाबी लिएको यूरो कै विषयमा अवैध विदेशी मुद्राको कारोबार सम्बन्धमा रू.२,१८,६०,०००।– धरौट माग भएकोसमेतका कुरालाई विचार गरि विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम प्रतिवादी दावा टासी लामासँग रू.१,००,००,०००।– (एक करोड मात्र) धरौट माग गरिएको छ भन्ने विशेष अदालतको मिति २०६९।९।२२ को आदेश।

निज दावा टासी लामालाई म बाल्याअवस्थादेखि नै चिन्दछु। निजको गाउँ र मेरो गाउँ नजिक छ, मैले जाने बुझेसम्म निजको आनिबानी आचरण राम्रो पाएको छु, निज नराम्रो काम गर्ने व्यक्ति होइनन्, निज व्यापार गर्दछन् तर के कस्तो व्यापार गर्दछन् मलाई थाहा भएन, बरामद भएको रूपैयाँको बारेमा मलाई थाहा भएन तर मैले सुनेबमोजिम चाइनिज नागरिकले बरामद ब्याग दिल्ली पुर्‍याई दिन भनि यी प्रतिवादीलाई दिएको रहेछ, ब्यागमा रकम रहेको कुरा प्रतिवादीलाई बरामद भएपछि मात्र थाहा भएको हो, ती चाइनिज नागरिकको नाम मलाई थाहा भएन, उक्त रकम चाइनिज नागरिक कै हो भनि मैले पछि सुनेको हुँ। यति धेरै नोटको कारोबार गर्न सक्ने व्यक्ति यी प्रतिवादी होइनन्, निजको आर्थिक अवस्था मैले बुझेसम्म कमजोर छ भन्नेसमेत व्यहोराको प्रतिवादी पेमा छिरिङ्ग लामाको मिति २०६९।१२।१५ को बकपत्र।

प्रतिवादी दावा टासी लामाबाट यूरो १,९५,०००।– (ने.रू.२,१८,५५,६००।–) बरामद भएको तथ्यमा विवाद छैन। सो विदेशी मुद्दा चाइनिज व्यक्ति आङ्गजिङ्गको हो भन्ने कुरा प्रतिवादीले प्रमाणित गर्न नसकेको र आफूबाट बरामद भएको उक्त विदेशी मुद्राको आधिकारिक स्रोत दिन नसकेकाले निज दावा टासी लामाको रू.२,१८,५५,६००।– सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित, दफा ४(ङ), दफा २८ अनुसारको कसुरजन्य कार्य गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादी दावा टासी लामालाई सोही ऐनको दफा ३०(२) बमोजिम २ (दुई) वर्ष कैद र बिगोबमोजिम रू.२,१८,५५,६००।–जरिवाना हुने ठहर्छ। बरामद रकम जफत सम्बन्धमा निज प्रतिवादी विरूद्ध काठमाडौं जिल्ला अदालतमा चलेको अवैध विदेशी मुद्राको कारोबार मुद्दामा उक्त बरामद विदेशी मुद्रा जफत हुने ठहरि फैसला भैसकेको देखिएकाले केही गरि रहन परेन भन्ने विशेष अदालत, काठमाडौंको मिति २०७०।३।२७ को फैसला।

विशेष अदालत, काठमाडौंको उक्त फैसलामा चित्त बुझेन म पुनरावेदकबाट विदेशी मुद्रा बरामद भएको भएपनि उक्त रूपैयाँ मेरो होइन। उक्त रूपैयाँको कारोबार गर्ने मेरो आर्थिक अवस्था र हैसियत नै छैन। म गाउँ घरमा सानोतिनो जडीबुटीको व्यापार गर्ने व्यक्ति हुँ। म पुनरावेदक यूरो १,९५,०००।– कारोबार गर्न सक्ने मानिस होइन। विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अनुसार सोही विदेशी मुद्रा बरामद भएको आधारमा मुद्दा चलि रहेकामा पुनः सोही विषयमा सम्पत्ति शुद्धीकरण ऐन, २०६४ अनुसार मलाई कारवाही र सजाय गर्न मिल्दैन। चाइनिज नागरिक आङ्गजिङ्गले कागजातसहितको सुटकेश दिल्लीमा बस्ने लाक्पालाई दिनु भनि मलाई दिएकाले सो सुटकेश दिल्ली पुर्‍याउने क्रममा पक्राउ परेको हुँ। म निर्दोष भएकाले विशेष अदालतको त्रुटिपूर्ण फैसला

उल्टी गरि झुठा अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी दावा टासी लामाको यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम पेसी सूचीमा चढि निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको सम्पूर्ण मिसिल कागजातहरू अध्ययन गरि विशेष अदालत, काठमाडौंको फैसला मिलेको छ, छैन पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. प्रतिवादी दावा टासी लामा मिति २०६९।७।१० मा स्पाइस जेट एयरको उडान नं. SG042 द्वारा काठमाडौंबाट दिल्ली जान थालेको अवस्थाको घटना रहेछ। निजले बोकेको सुटकेसबाट यूरो १,९५०००। बरामद भएको रहेछ । बरामदी तथ्यमा प्रतिवादी अदालतसमेतमा साबित रहेको देखिन्छ । तसर्थ बरामदी भएको तथ्यमा विवाद रहेन । तर, प्रतिवादीले उक्त रकम आफ्नो नभई चाइनिज आङ्गजिङ्गको भएको भनि जिकिर लिएको देखिन्छ । निजले आङ्गजिङ्ग भन्ने चाइनिजको कुनै खास वतन, ठेगाना देखाउन सकेको पाइएन । आङ्गजिङ्गलाई उपस्थित गराउन पनि नसकेको अवस्था छ । रकम रहेको सुटकेस निजले बोकेको बखत बरामद भएको र सुटकेसको साँचो निजैसँग रहेको अवस्था छ। यसरी निकै ठूलो परिमाणको रकम कसैले बोकेको सुटकेसबाट बरामद हुन्छ र त्यसको साँचो पनि निजबाटै बरामद भएको अवस्थामा रकमको मालिक यो हो भनि यकिन वतनसमेत देखाई पहिचान गराउन नसकेको अवस्थामा जसको साथबाट बरामद भएको हो उक्त रकम विषयको सम्पूर्ण कानूनी दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी उसैमा रहन्छ । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ मा कुनै व्यक्तिमा भएको सम्पत्ति के कस्तो स्रोतबाट प्राप्त गरेको हो ? सो सम्पत्तिको स्रोत खुलाउने भार निज व्यक्तिमा नै रहेको देखिन्छ। तर, प्रतिवादीले उक्त बरामद भएको सम्पत्तिको वैधानिक स्रोत खुलाउन सकेको देखिएन । तसर्थ अन्यथा प्रमाणित नभएसम्म उक्त रकम विषयमा जवाफदेहिता निज प्रतिवादीमै रहन्छ।

३. प्रस्तुत मुद्दामा सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित र दफा ४(ङ), दफा २८ अनुसारको कसुरजन्य कार्य गरेको भन्ने प्रतिवादी उपरको अभियोग दाबी रहेको देखिन्छ । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ ले सम्पत्ति शुद्धीकरणमा रोक लगाएको देखिन्छ। दफा ३(१) मा "कसैले पनि सम्पत्ति शुद्धीकरण गर्न गराउन हुँदैन" भन्ने उल्लेख भएको छ भने र दफा ३ (२) मा "कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । त्यसैगरि सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ मा सम्पत्ति शुद्धीकरण गरि सम्पत्ति आर्जन गरेको मानिने व्यवस्था गरेको छ। दफा २८ मा "यस ऐनअन्तर्गतको कसुरमा मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वभाविक देखिन आएमा वा निजले अस्वभाविक उच्च जीवनस्तरयापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नुपर्नेछ र त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पत्ति यस ऐनअन्तर्गतको कसुर गरि प्राप्त गरेको मानिनेछ" भन्ने उल्लेख भएको पाइन्छ। उक्त कानूनी प्रावधानबाट कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको देखिन्छ। कसैसँग अस्वभाविक

सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनि प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ । प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनि मान्नु पर्ने हुन्छ ।

४. विदेशी विनिमय निवारण ऐनअन्तर्गत काठमाडौं जिल्ला अदालतमा मुद्दा चलाई कारवाही भएकामा सम्पत्ति शुद्धीकरण ऐनअन्तर्गत एउटै कसुरमा दोहोरो कारवाही र सजाय गर्न मिल्दैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्नुपर्ने देखियो । निश्चय पनि एउटै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाउन र सजाय गर्न पाइने हुँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को ६ ले एउटै कसुरमा एकभन्दा बढी मुद्दा नचलाइने र सजाय पनि नगरिने प्रत्याभूत गरेको देखिन्छ । पुनरावेदकलाई एउटै कसुरमा दुई वटा मुद्दा चलाइएको हो होइन र प्रतिवादीले एउटै कसुर गरेका छन् कि एकभन्दा बढी कसुर गरेका छन् भनि विचार गर्नुपर्ने देखिन आयो । यी प्रतिवादीउपर विदेशी विनिमय निवारण ऐनअन्तर्गत काठमाडौं जिल्ला अदालतमा मुद्दा चलेको तथ्य मिसिलबाट देखिन्छ । पुनरावेदकसँग विदेशी विनिमय रहनु विदेशी विनिमय नियमित गर्ने ऐनअनुरूपको अपराध हुन्छ । बिना इजाजत विदेशी विनिमय आफ्नो साथ राख्नु नै अपराध हो । प्रस्तुत मुद्दा प्रतिवादीसँग रहेको रकम विदेशी विनिमय भएको कारणबाट चलेको होइन । अपितु, निजसँग निजको हैसियतका तुलनामा अत्यधिक बढी रकम भएकाले प्रस्तुत मुद्दा निज विरूद्ध चलेको हो । निजले उक्त रकमको स्रोत देखाउन सकेको अवस्थामा प्रस्तुत मुद्दा निज विरूद्ध चल्ने अवस्थै हुने थिएन । त्यसैगरि बरामदी रकम नेपाली वा भारतीय भएको अवस्थामा विदेशी विनिमयअन्तर्गत मुद्दा चल्ने अवस्था हुने थिएन । तर, स्रोत देखाउन नसकेको अवस्थामा भने सम्पत्ति शुद्धीकरणको मुद्दा भने चल्ने नै हुन्छ । उदाहरणको लागि कसैसँग अवैधरूपमा हातहतियार हुनु एउटा अपराध हो भने त्यो हतियार प्रयोग गरि कसैको हत्या गर्दछ भने त्यो अर्को अपराध हुन्छ । त्यसैगरि विदेशी विनिमय बिना इजाजत प्रतिवादीसँग रहनु एउटा अपराध हो भने, अत्यधिक मात्रामा स्रोत देखाउन नसकिने रकम आफ्नो साथ राख्नु अर्को अपराध हो । विदेशी विनिमय मुद्दा जिल्ला अदालतमा चल्ने मुद्दा हो भने सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा विशेष अदालतमा सुरू कारवाही हुने मुद्दा हो । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ४ को (ङ) मा सम्पत्ति शुद्धीकरण मानिने कसुरमा "विदेशी विनिमय नियमित गर्नेसम्बन्धी प्रचलित कानून अन्तर्गतको कसुर गरि" भन्ने उल्लेख भएको पाइन्छ । यसबाट विदेशी विनिमय नियमित गर्ने कसुरलाई समेत सम्पत्ति शुद्धीकरण ऐनले मुद्दा चलाउन बाधा पार्ने देखिँदैन । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ र विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अनुसार छुट्टाछुट्टै ऐनले कसुर मानेको हुँदा अलग अलग ऐनले व्यवस्था गरेको कसुरलाई एउटै कसुर मान्न मिलेन । साथै बरामदी रकम प्रतिवादीबाट बरामद भएको र सो रकमको आधिकारिक तथा वैधानिक स्रोत प्रतिवादीले खुलाउन नसकेको अवस्थामा आर्थिक अवस्था र हैसियत कमजोर छ भन्ने आधारमा मात्र आरोपित अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउने अवस्था रहँदैन ।

५. अतः माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी दावा टासी लामाबाट बरामद यूरो १,९५,०००।– को आधिकारिक स्रोत निजले दिन नसकेकाले सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित र दफा ४(ङ) र दफा २८ अनुसारको कसुर ठहराई प्रतिवादी दावा टासी लामालाई सोही ऐनको दफा ३०(२) बमोजिम २(दुई) वर्ष कैद र बिगोबमोजिम रू.२,१८,५५,६००।– जरिवाना हुने ठहर्‍याएको

विशेष अदालत, काठमाडौंको मिति २०७०।३।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरि मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने
इति संवत् २०७२ साल पुस १४ गते रोज ३ शुभम्।

## निर्णय नं.९५००

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
आदेश मिति : २०७२।७।१२।५
०७२-WH-०००३

विषय : बन्दीप्रत्यक्षीकरण

निवेदक / पक्ष : कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वर काठमाडौं अन्तर्गत भद्रबन्दी गृहमा थुनामा रहेको दिपक मल्ल, लालबहादुर वि.क., देवी प्रसाद ढकाल, कर्ण बहादुर थापा, बलबहादुर सुनार तथा महेन्द्र कुमार मल्ल ठकुरी भन्नेसमेत एउटै व्यक्ति बलबहादुर वि.क.

विरूद्ध

विपक्षी / वादी : कारागार कार्यालय, जगन्नाथदेवल, त्रिपुरेश्वर, काठमाडौंसमेत

- **मुलुकी ऐन, दण्ड सजायको १० नं. को कानूनी व्यवस्थाबाट एकै व्यक्तिलाई जति सुकै मुद्दामा कैद र जरिवाना हुने गरि सजाय भए पनि ठूलो कलमको कैद र जरिवानाको मात्र सजाय गर्नुपर्ने तर त्यस्तो व्यक्ति प्रतिवादी भएका मुद्दाका फैसलामध्ये कुनै मुद्दामा निजलाई सर्वश्व भएपछि जरिवानाको खत नखापिने भन्ने देखिन आउने।**
- **नेपालको प्रचलित कानूनमा सर्वश्वसहित जन्मकैद नै सबैभन्दा ठूलो सजाय हो । यस्तो सजायमा जन्म कैदबापतमा बीस वर्ष कैद र सर्वश्वबापतमा कसुरदारको अंश भागमा पर्ने सबै सम्पत्ति अदालतले रोक्का राखि फैसलाबमोजिम लिलाम गरि सरकारी कोषमा जम्मा गरिने हुँदा कैदमा रहेको व्यक्ति आर्थिक हैसियतमा शून्य स्थितिमा पुग्न जान्छ । आफू बीस वर्ष कारागारमा बस्नुपर्ने र अंश पनि गुमाउनु पर्ने हुँदा योभन्दा ठूलो सजाय अरू हुन सक्दैन । जन्म कैद नै सबैभन्दा ठूलो कैदको अवधि हुने र कानूनले त्यस अवधिलाई बीस वर्ष राखेको अवस्थामा बीस वर्षभन्दा बढी कैद कसैलाई पनि राख्न मिल्ने अवस्था नहुने।**
- **अपराध गर्ने व्यक्ति सजाय भुक्तानका**

क्रममा कारागारमा मृत्युवरण गर्न नपुगोस् र आफ्नो भागको सम्पत्ति नै गुमेपछि अन्य जरिवानाको सजायबापत निज कैदमा बस्न नपरोस् भन्ने उद्देश्यले कानूनले नै सर्वश्व भएपछि अरू जरिवानाको आर्थिक दण्ड असुल गरिरहन नपर्ने व्यवस्था गरेको हो। कानूनको यस मर्मलाई ध्यान नदिई निवेदक प्रतिवादीलाई कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्म कैदको सजायलाई वास्ता नगरि अन्य ज्यान मार्ने उद्योग र रहजनी चोरी तथा डाँका चोरीसमेतका मुद्दामा भएको कैद जरिवानासमेत जोडी कैदमा राख्न पठाएको विपक्षीको कार्य कानूनी र न्यायोचित पनि रहेको नदेखिने।

(प्रकरण नं.५)

- मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. अनुसार निवेदक प्रतिवादीलाई सजाय भएका सबै मुद्दा पेटवोलीमा खुलाई एउटै कैदी पुर्जी विपक्षी जिल्ला अदालतबाट नदिई एउटै व्यक्तिका हकमा फरकफरक जिल्ला अदालतबाट पृथकपृथक गरि कैदी पुर्जी जारी गरेको अवस्था छ। यसरी दुईवटा कैदी पुर्जी प्रदान गरेको कारण निवेदक कारागार ऐन, २०१९ को दफा २४(६) को कानूनबमोजिमको सुविधा उपभोग गर्नबाट वञ्चित रहेको स्थिति देखिन आउँछ। फैसला कार्यान्वयन गर्ने अभिभारा र कर्तव्य भएका जिल्ला अदालतको आपसी समन्वयको अभाव र एउटै व्यक्तिका हकमा फरकफरक अदालतबाट दुईवटा कैदी पुर्जी जारी हुँदैमा त्यसको दायित्व बरण गरि कानूनले निर्धारण गरेको बीस वर्षभन्दा बढी कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन आउँदैन। कानूनको शासनमा जस्तो सुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नु पर्दछ। धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेको भन्दा बढी अवधि कैदमा रहने अवस्था सृजना हुनु गैर कानूनी हुन जाने।

(प्रकरण नं.७)

- कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्मकैदको सजाय भुक्तान गरेपछि एकै व्यक्तिलाई एकभन्दा धेरै मुद्दाहरूमा भएको कैद सजायको लगत कारागार ऐन, २०१९ को दफा २४(६) र कर्तव्य ज्यान मुद्दामा सर्वश्व भएपछि एकभन्दा धेरै मुद्दाहरूमा भएको जरिवानाको सजाय मुलुकी ऐन, दण्ड सजायको १० नं. बमोजिम स्वतः कट्टा हुने हुँदा स्याङ्जा जिल्ला अदालतको पछिल्लो कैदी पुर्जीअनुरूप मिति २०७२।४।१० देखिको निवेदकको थुना गैरकानूनी रहेको देखिने।

(प्रकरण नं.८)

- निवेदकलाई कर्तव्य ज्यान मुद्दामा सर्वश्वसहित जन्मकैद भएको विषयमा विवाद नभएको, सर्वश्व भएपछि जरिवाना स्वरूप थप कैदमा बस्न नपर्ने मुलुकी ऐन, दण्ड सजायको १० नं. को कानूनी व्यवस्था भएको स्थितिमा कर्तव्य ज्यान मुद्दामा फरार रहेको अवधिमा निवेदकले विभिन्न चोरी डाँका अपराध गरे पनि निवेदक प्रतिवादी भएको पछिल्लो ज्यान मार्ने उद्योग र रहजनी चोरी मुद्दामा कास्की जिल्ला अदालतको मिति २०५४।२।१६ को फैसला र कैदी पुर्जी एवम् स्याङ्जा जिल्ला अदालतको कैदी पुर्जीसमेत

**अनुसार मिति २०५२।४।१० देखि हालसम्म निरन्तररूपमा कैद थुनामा बसि २० वर्षभन्दा बढी अवधि कैदमा बसेको र मिति २०७२।४।१० देखिको निवेदकको कैद गैरकानूनी रहेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।**

(प्रकरण नं.९)

**निवेदक / पक्षका तर्फबाट** : विद्वान् अधिवक्ता मोहनबहादुर बञ्जरा क्षेत्री

विपक्षी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता बालकृष्ण वाग्ले

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्ड सजायको ६ नं., १० नं. र ४१ नं.
- कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३), (४), (५) र (६)

आदेश

**न्या.बैद्यनाथ उपाध्याय :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत निवेदनको सङ्क्षिप्त तथ्य र आदेश यसप्रकार छ :-

**१. निवेदकको निवेदन व्यहोरा :-**

गुरूभक्त उपाध्याय पौडेलको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदक बलबहादुर वि.क. भएको कर्तव्य ज्यान मुद्दामा श्री पर्वत जिल्ला अदालतबाट मिति २०४९।३।२३ गते सर्वश्वसहित जन्मकैद ठहर भएको र मिति २०४९।१०।२९ गते पुनरावेदन अदालत, पोखरा र सर्वोच्च अदालतसमेतबाट मिति २०५१।७।२८।२ मा सदर भएको मुद्दा-१, चन्द्रकला आचार्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदक बलबहादुर सुनुवार भएको २०४५ सालको फौ.नं. १५९ को रहजनी चोरी मुद्दामा पाल्पा जिल्ला अदालतको मिति २०४६।१।२७ को फैसलाले कैद २।२।७ दिन ठहर भएको रहजनी मुद्दा-१ र प्र.स.नी. पहलमान श्रेष्ठसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बलबहादुर सुनुवार भएको २०३८।६।३ गते थुनुवा प्रहरी हिरासतबाट भागेको मुद्दामा छ महिना चार दिन कैद ठहर गरि फैसला भएको मुद्दा-१ समेत माथि उल्लिखित मुद्दाहरूको कैदी पुर्जी प्राप्त भएको छैन। प्र.नि. देवेन्द्रबहादुर बस्नेतको प्रतिवेदन र वेदनाथ अर्यालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निजै बलबहादुर वि.क. भएको ज्यान मार्ने उद्योग र रहजनी चोरी मुद्दामा कास्की जिल्ला अदालतबाट मिति २०५४।२।१६ को फैसलाले कैद वर्ष ९।०।० जरिवाना रू.२६,०००।- भएकामा सो मुद्दामा थुनामा बसेको मिति २०५२।४।१० देखि कैद कट्टी हुनेगरि मैले कैदी पुर्जी पाएको छु।

राजु अर्याल, गणेश पोखरेल, इन्द्रकुमारी ज्ञवालीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदकसमेत भएको २०४६ सालको स.फौ.नं. ३४ को डाँका मुद्दामा श्री पाल्पा जिल्ला अदालतको मिति २०४९।३।७ को फैसलाबाट मलाई कैद वर्ष ६।०।० र जरिवाना रू. २७,२२३/५० हुने ठहर भई पहिला पटक कायम गरिएको, ऐ. मुद्दामा ऐ. अदालतबाट हेमकुमारी पोखरेलको जाहेरीले चलेको स.फौ.नं. ३३ को डाँका मुद्दामा कैद वर्ष ९।०।० र जरिवाना रू. ७,११३।– ठहर गरि दोस्रो पटक कायम भएको, ऐ. अदालतबाट नन्दराम भुसाल, सुरेशचन्द्र भुसाल, चन्द्रकान्त आचार्य, खिमानन्द अर्याल, रविन्द्र श्रीस, हिराबहादुर थापा क्षेत्री र सरस्वती विष्टसमेतको जाहेरीले चलेको २०४६ सालको स.फौ.नं. ३२ को डाँका मुद्दामा तेस्रो पटक कायम गरि कैद वर्ष १२।०।० र जरिवाना रू.९,८०,७३७/५० ठहर गरि फैसला

भएको थियो। यसैगरि थुनुवा भाग्यो भन्ने मुद्दामा पाल्पा जिल्ला अदालतबाट कैद वर्ष ६ ठहरि फैसला भएको र गणबहादुर पोखरेलको जाहेरीले चलेको २०४६ सालको स.फौ.नं. ३५ को जबरजस्ती चोरी मुद्दामा कैद वर्ष ०।०।४५ र जरिवानाबापत रू. २५ का दरले ६ वर्ष ४ महिनासमेत जम्मा कैद ६ वर्ष ५ महिना १५ दिन हुने गरि मिति २०४९।३।७ गते पाल्पा जिल्ला अदालतबाट फैसला भएकामा उल्लिखित मुद्दाहरूमा म निवेदकको ठेगाना स्याङ्जा जिल्ला माझकोट गा.वि.स. वडा नं. २ बस्ने दिपक भन्ने महेन्द्र ठकुरी मल्ल उल्लेख भएकाले पाल्पा जिल्ला अदालतबाट अरौटे लगत स्याङ्जा जिल्ला अदालतमा पठाई कैदी पुर्जी प्राप्त भएको समेतबाट म रिट निवेदकउपर जम्मा कैद ६३ वर्ष १ महिना २७ दिन र जरिवाना जम्मा रू. १०,४१,०७४/०० ठहर भएको प्राप्त मिसिल कागजातबाट देखिन्छ।

म निवेदकउपर ठहर भएका सम्पूर्ण मुद्दाहरूको अ.बं. १२० नं. मुलुकी ऐन, दण्ड सजायको ३८,४०,४१ र ५३ नं. बमोजिम कैद हद गरि संशोधित कैदी पुर्जी पाउँ भनि प्रत्यर्थीहरू उपर अनुरोध गर्दा कहीँबाट पुर्जी र जानकारी प्राप्त भए तापनि कर्तव्य ज्यान मुद्दा जस्तो गम्भिर प्रकृतिको मुद्दामा थुनामा बसेको बन्दीले पटकपटक माग गर्दासमेत सम्बन्धित अड्डा अदालतको हेलचेक्राईको कारण सुरू कैदी पुर्जीसमेत प्राप्त हुन सकेको छैन । फैसलाले ठहरेबमोजिम कैदी बन्दीलाई समयमा तोकिएको कैद तथा जरिवाना खोलि कुन मितिमा थुनामा परेको हो र कुन मितिमा थुनामा मुक्त हुने सो कुरा प्रस्ट खुलाई कैदी पुर्जी उपलब्ध गराउनु पर्ने कर्तव्य तथा दायित्व सम्बन्धित विपक्षी जिल्ला अदालतको हो । मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम ठूलो कैद कायम गरि सानो कैद हद गर्ने र जरिवाना एकमुष्ट गरि तिरे बुझाए असुल गर्ने, तिर्न बुझाउन नसके मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम कैद वर्ष ४।०।० ठेकी पठाउनु पर्नेमा नपठाएको र प्रत्यर्थी नं. ५, ६ र ७ ले पनि अ.बं. १७ नं. मा भएको व्यवस्थाबमोजिम मातहतको निकायलाई कानूनबमोजिमको काम गर्नु भनि निर्देशन दिनु पर्नेमा सो नदिएकाले म निवेदक वैकल्पिक उपचारको बाटो नभएकाले बाध्य भै न्यायका लागि असाधारण अधिकार क्षेत्रअन्तर्गत सम्मानित अदालत प्रवेश गरेको छु।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) को कसुर म निवेदकउपर ठहर भएको छ । कारागार ऐन, २०१९ को दफा २४ (६) अनुसार एकै व्यक्तिलाई डाँका चोरी ज्यान मार्ने उद्योग र हिरासतबाट भागेको मुद्दामा अधिकतम कैद २० वर्षभन्दा बढी नहुने व्यवस्था भएको छ । कारागार नियमावली, २०२० को नियम ३० मा जन्म कैदबापत २० वर्ष कैद बस्नुपर्ने व्यवस्था छ । त्यसैगरि मुलुकी ऐन, दण्डसजायको १० नं. मा प्रतिवादीलाई सर्वश्वसहित जन्म कैद सजाय भएपछि जरिवानाबापत थप कैद गर्न मिल्दैन भन्ने व्यवस्था छ। विलास विरूद्ध सप्तरी जिल्ला अदालतसमेत भएको ने.का.प. २०४६ पृ. ५४३ मा सर्वश्वसहित जन्म कैदको लगतमा थपिएको कानूनसङ्गत हुँदैन भनि नजिरसमेत प्रतिपादित भएको अवस्था छ । म रिट निवेदकलाई पछिल्ला ज्यान मार्ने उद्योग र डाका चोरीसमेतका मुद्दामा दिएको कैदी पुर्जीअनुसार मिति २०५२।४।१० बाट मिति २०७२।४।१० गतेसम्म निरन्तररूपमा कैदमा बसि २० वर्ष कैद भुक्तान गरे तापनि मिति २०७२।४।११ गतेबाट गैहकानूनीरूपमा थुनामा रहेको छु।

म रिट निवेदकले यसै अदालतमा दायर गरेको ०६९-WH-००२४ र ०६९-WH-००६० को दोस्रोसमेतका बन्दीप्रत्यक्षीकरण निवेदनमा निवेदक फैसलाबमोजिम कैद भुक्तानको क्रममा रहेकाले निवेदनबमोजिम आदेश जारी गर्न मिलेन भनि लिएको आधारबाट पहिलो निवेदनमा (२०४६।३।१९ बाट २०४७।८।१०) सम्म १ वर्ष ४ महिना २२ दिन

कारागारभित्र नाइकेको रूपमा काम गरि प्राप्त गरेको अवधिको गणना नगरि निवेदन खारेज भएको र दोस्रो पटकसमेत कारागारमा काम गरेबापत प्राप्त समयलाई सुविधामा नजोडि निवेदन खारेज गरि कर्तव्य ज्यान मुद्दामा मिति २०४९।३।२३ मा भएको फैसलाबमोजिमको कैदी पुर्जी निवेदकलाई दिनु भन्नेसमेत आदेश भएको थियो।

प्रस्तुत निवेदनमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) र कारागार ऐन, २०१९ को दफा २४(६) ले पनि अधिकतम कैद २० वर्षभन्दा बढी थुनामा बस्नु नपर्ने व्यवस्था भएको र म निवेदकले मिति २०५२।४।१० गतेबाट मिति २०७२।४।१० सम्म २० वर्ष कैद भुक्तान गरिसकेको तथा हालसम्म कैदी पुर्जीसमेत प्राप्त नभएकाले अन्य विकल्प नभएकाले सम्मानित अदालतको शरणमा आएको छु। विलास विरूद्ध सप्तरी जिल्ला अदालतसमेत ने.का.प. २०४६ पृ. ५४३ र निवेदक भोटे भन्ने बलबहादुर सार्कीसमेत विरूद्ध श्री ५ को सरकार भएको २०५९ सालको प्रतिवेदन नं. १३६ को जिउ मास्ने बेच्ने मुद्दामा मिति २०५९।११।२८ मा यस अदालतबाट भएको आदेशविपरीत म रिट निवेदकलाई गैह्रकानूनी थुनामा राखिएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि गैह्रकानूनी थुनाबाट मुक्त गरिपाऊँ।

**२. यस अदालतको कारण देखाउ आदेश :-**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण खुलाई यो म्याद सूचना पाएको मितिले ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनि विपक्षीहरूका नाउँमा सूचना जारी गरि नियमानुसार गरि पेस गर्नू।

**३. विपक्षी कास्की जिल्ला अदालत तहसिल शाखाको लिखित जवाफ :-**

निवेदकले आफू विरूद्ध लागेको ज्यान मार्ने उद्योग र रहजनी चोरी मुद्दामा मिति २०५४।२।१६ को फैसलाले लागेको कैद ९ वर्ष र जरिवाना रू. २६,०००।- को सम्बन्धमा कैदी पुर्जी उपलब्ध भएको भनि निवेदन मै उल्लेख गर्नुभएको छ। यस अदालतको फैसलाअनुसार फैसला कार्यान्वयन गर्ने क्रममा फैसला कार्यान्वयन गरि निजलाई दिइएको कैदी पुर्जीले निवेदकको संवैधानिक तथा नागरिक अधिकारमा कुनै आघात पुग्ने काम भएको छैन। निवेदकको निवेदनबमोजिम विभिन्न मितिमा अलगअलग अदालतबाट भएका फैसलाले निज निवेदकलाई लागेको कैद तथा जरिवाना हद गर्ने वा नगर्ने विषय यस जिल्ला अदालतको क्षेत्राधिकारभित्रको विषयसमेत नभएकाले रिट निवेदन खारेज गरिपाऊँ।

**४. विपक्षी पुनरावेदन अदालत, पोखराको लिखित जवाफ :-**

रिट निवेदकको निवेदन व्यहोराअनुसार गुरूभक्त उपाध्यायको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बलबहादुर वि.क. भएको कर्तव्य ज्यान मुद्दामा श्री पर्वत जिल्ला अदालतबाट मिति २०४९।३।२३ मा र पुनरावेदन अदालत, पोखराबाट २०४९।१०।२९ मा भएको फैसलाको सुरू मिसिल पर्वत जिल्ला अदालतमा र रेकर्ड मिसिल पुनरावेदन अदालत, बागलुङ गठन भएपछि पुनरावेदन अदालत, बागलुङमा पठाइएको हुँदा मुद्दाको तथ्य खुलाई लिखित जवाफ प्रस्तुत गर्न सक्ने अवस्था रहेनछ, साथै यस अदालतको काम कारवाहीबाट निवेदनको हक हनन् हुन नगएको अवस्था हुँदा निवेदन खारेज गरिपाऊँ।

**५. विपक्षी पुनरावेदन अदालत, बागलुङको लिखित जवाफ :-**

निवेदकले यसै विषयमा यसभन्दा पूर्व पनि २ पटकसम्म सम्मानित सर्वोच्च अदालतमा निवेदन दिई निवेदनमा भएको आदेशमा यस अदालतबाट मिति २०६९।७।२० र २०७१।२।२९ मा समेत लिखत जवाफ प्रस्तुत गरिसकिएको र प्रस्तुत मुद्दाको यथार्थ विवरण पर्वत जिल्ला अदालतसमेतको तर्फबाट प्रस्तुत हुने लिखित जवाफसमेतबाट अवगत हुने नै हुँदा मुद्दाको तथ्यतर्फ प्रवेश गरिएको छैन। यस अदालतको के कुन कारवाहीबाट निवेदकको हक हनन् हुन गएको हो भन्ने कुरा निवेदनमा स्पष्टरूपमा खुलाउन नसकेको एवम् यस अदालतबाट लगत हेरि कैदी पुर्जी दिनेलगायतका फैसला कार्यान्वयनसम्बन्धी कार्य नहुने भएबाट यस अदालतको हकमा रिट जारी हुनु पर्ने अवस्थामा छैन। रिट निवेदन खारेज गरिपाऊँ।

**६. विपक्षी पर्वत जिल्ला अदालतको लिखित जवाफ**

निवेदक बलबहादुर वि.क. प्रतिवादी गुरूदत्त उपाध्याय पौडेलको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी तत्कालीन कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. वडा नं. २ नौडाँडा बस्ने बलबहादुर कामी भएको कर्तव्य ज्यान मुद्दा यस अदालतमा मिति २०४०।३।३। मा स.फौ. ४१ मा दर्ता भएकामा निज प्रतिवादी फरार रहि मिति २०४१।५।६ मा अ.बं. १९० नं. बमोजिम मुल्तवीमा रहि मिति २०४७।१०।३ मा मुल्तवीबाट जगाई यस अदालतबाट मिति २०४९।३।२३ गते सर्वश्वसहित जन्म कैद हुने ठहरि फैसला भएको र उक्त फैसला साधक सदरको लागि श्री पुनरावेदन अदालत, पोखरामा पठाई श्री पुनरावेदन अदालत, पोखराबाट मिति २०४९।१०।२९ गते पर्वत जिल्लाले सुरू फैसला सदर हुने ठहरि फैसला भएको यस अदालतको अभिलेख मिसिलबाट देखिन्छ। यसरी पर्वत जिल्ला अदालतको फैसलाबमोजिम लागेको कैद असुल गर्नको लागि निज फरार रहेको हुँदा असुल हुन नसकेको अवस्था रहेको देखिन्छ। निज प्रतिवादी बलबहादुर वि.क. लाई यस अदालतबाट वादी नेपाल सरकार प्रतिवादी निज बलबहादुर कामी भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतका फैसलाले सर्वश्वसहित जन्म कैद भएकामा निज फरार हुँदा यस अदालतमा लगत कसी निजको वतन कास्की जिल्लाअन्तर्गतको क्षेत्राधिकारको हुँदा यस अदालतको मिति २०५९।१०।३ च.नं. ७१४ को पत्रसाथ लगत कस्न पठाई कास्की जिल्ला अदालतको मिति २०५७।१०।९ च.नं. १४१३ को पत्रसाथ लगत कसेको जानकारी प्राप्त हुन आएकाले निजको नाउँको लगत यस अदालतमा नरहेको र निजलाई यस अदालतबाट कुनै किसिमले गैह्र कानूनी तवरले थुनामा राख्ने काम नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ।

**७. विपक्षी पुनरावेदन अदालत, बुटवलको लिखित जवाफ :-**

विपक्षीको रिट निवेदनको प्रकरण ३ मा "यस पुनरावेदन अदालतसमेतको अ.बं. १७ नं. मा भएको व्यवस्थाबमोजिम तल्लो निकायबाट काम नभएको बारेमा अनुसन्धान तथा निर्देशन दिनुपर्नेमा सो नदिएकाले" भन्नेसम्म उल्लेख भएको र निजले कुन मितिमा के कुन व्यहोराको निवेदन यस अदालतमा दिएको तथा सोउपर के कस्तो व्यहोरा आदेश भएको छ एवम् उक्त आदेशबाट निजको संविधान एवम् कानून प्रदत्त के कस्तो अधिकारको हनन् भएको छ प्रस्ट उल्लेख गर्न सकेको छैन। विपक्षीको संविधान एवम् कानून प्रदत्त हक अधिकार हनन् हुने काम यस अदालतबाट नभएको हुँदा विपक्षीको रिट निवेदन यस अदालतको हकमा खारेज गरिपाऊँ।

**८. विपक्षी पाल्पा जिल्ला अदालत तहसिल शाखाको लिखित जवाफ :-**

निवेदक विपक्षीउपर यस पाल्पा जिल्ला अदालतमा राजु अर्यालसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बलबहादुर वि.क. समेत भएको ०४६ सालको स.फौ. ३४ को डाँका मुद्दा-१, हेमकुमारी पोखरेलसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपक भन्ने महेन्द्र मल्ल ठकुरीसमेत भएको ०४६ सालको स.फौ.नं. ३३ को डाँका मुद्दा-१, नन्दराम भुसालसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपक भन्ने महेन्द्र मल्ल ठकुरीसमेत भएको २०४६ सालको स.फौ.नं. ३३ को डाँका मुद्दा-१, गणबहादुर पोखरेलसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपक भन्ने महेन्द्र मल्ल ठकुरीसमेत भएको २०४६ सालको स.फौ.नं. ३५ को जबरजस्ती चोरी मुद्दा-१, वादी पाल्पा कारागार कार्यालयका मदन बुढाथोकीको जाहेरीले नेपाल सरकार प्रतिवादी दिपक भन्ने महेन्द्र मल्ल ठकुरीसमेत भएको २०४८ सालको स.फौ.नं. ७८ को थुनुवा कैदी भागेसम्बन्धी मुद्दा थान-१ समेत ५ थान मुद्दा यस अदालतमा परेको रेकर्डबाट देखिएको छ । यी रिट निवेदकले सम्मानित अदालतमा यस अदालतलाई समेत विपक्षी बनाई ०७०-WH-००६० को बन्दीप्रत्यक्षीकरण रिट दायर गरेको थिए, उक्त रिट निवेदनमा सक्कल मिसिल माग भई यस अदालतबाट ती सक्कल मिसिल थान-५ च.नं. १३० मिति २०७१।०४।२२ मा सम्मानित अदालतमा पठाइएको हालसम्म उक्त मिसिलहरू प्राप्त नभएको हुँदा मुद्दाको तथ्यगत विवरण उल्लेख गर्न सकिएन । विपक्षीले दायर गरेको सो रिट निवेदनसमेत प्रस्तुत निवेदनमा प्रमाणमा लगाई रिट निवेदन खारेज गरिपाऊँ ।

**९. यस अदालतको आदेश :-**

यसमा रिट निवेदनको प्रकरण नं. १ मा उल्लेख भएका वादी नेपाल सरकार प्रतिवादी यी निवेदक भएको कर्तव्य ज्यान, रहजनी चोरी, थुनुवा प्रहरी हिरासतबाट भागेको, ज्यान मार्ने उद्योग मुद्दाको मिसिलहरू सम्बन्धित जिल्ला अदालतबाट यथाशिघ्र छिटो मगाई निवेदनमा उल्लिखित रिट नं. ०६९-WH-००२४ र ०७०-WH-००६० का मुद्दाहरूको मिसिलहरू प्रमाणको निमित्त साथै राखि नियमानुसार पेस गर्नू ।

**१०. यस अदालतको अन्तिम आदेशः-**

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढि पेस भएको प्रस्तुत निवेदन र संलग्न मिसिल अध्ययन गरियो । निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मोहनबहादुर बञ्जरा क्षेत्रीले निवेदक प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दामा पर्वत जिल्ला अदालत हुँदै सर्वोच्च अदालतसमेतको अन्तिम फैसलाबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर ठहर भई सर्वश्वसहित जन्मकैद हुने फैसला भयो । उक्त मुद्दामा निवेदक प्रतिवादी फरार रहेको हुँदा मुल्तवी जागी फैसला भएको थियो । त्यसपछि निवेदक प्रतिवादी भएका ज्यान मार्ने उद्योग, डाँका र रहजनी चोरी र प्रहरी हिरासतबाट भागेको समेतका मुद्दामा कैद जरिवाना हुने ठहरि फैसला भएको । रिट निवेदकले पछिल्ला ज्यान मार्ने उद्योग र डाँका चोरीसमेतका मुद्दामा दिएको कैदी पुर्जीअनुसार मिति २०५२।४।१० बाट मिति २०७२।४।१० गतेसम्म निरन्तररूपमा कैदमा बसि २० वर्ष कैद भुक्तान गरेको अवस्था छ । कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्म कैद ठहर हुने गरि भएको फैसलाअनुसारको कैदी पुर्जी निवेदकले विपक्षी पाल्पा, पर्वत र कास्की जिल्ला अदालतबाट पाएको छैन । विपक्षी जिल्ला अदालतले निवेदकलाई उक्त ज्यान मुद्दाको कैदी पुर्जी दिइसकेको भनि जिकिर लिई सोको प्रतिलिपि लिखित जवाफ संलग्न गर्न सकेका पनि छैनन् । कारागार ऐन, २०१९

को दफा २४ (६) अनुसार एकै व्यक्तिलाई कर्तव्य ज्यान, डाँका चोरी, ज्यान मार्ने उद्योग, रहजनी चोरी र हिरासतबाट भागेको मुद्दामा कैदमा राख्दा अधिकतम कैद २० वर्षभन्दा बढी राख्न नहुने व्यवस्था रहेको छ। कारागार नियमावली, २०२० को नियम ३० मा जन्म कैदबापत २० वर्षमात्र कैद बस्नु पर्ने व्यवस्था छ। त्यसैगरि मुलुकी ऐन, दण्डसजायको १० नं. मा प्रतिवादीलाई सर्वश्वसहित जन्म कैद सजाय भएपछि जरिवानाबापत थप कैद गर्न मिल्दैन भन्ने व्यवस्था छ। उपरोक्त कानून र यस अदालतको अभ्याससमेतबाट एउटै व्यक्तिलाई विभिन्न मुद्दामा सजाय भए पनि लगातार २० वर्ष थुनामा बसेपछि कैद हद भई सबै सजायबाट छुटकारा पाउनेमा मिति २०७२।४।१० देखि हालसम्म निवेदक थुनामा बसेको २० वर्ष व्यतित भएको स्थितिमा पनि कैदमा राखि राखेको विपक्षीको कार्य गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुना मुक्त गरिपाउँ भनि गर्नुभएको बहससमेत सुनियो।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले थुनामा बसेको व्यक्ति भागि पुनः अपराध गरेमा पहिला भएको कैदमा भागेबापत हुने कानूनबमोजिमको कैद खापि सजाय गर्नु पर्छ। मुलुकी ऐन, दण्ड सजायको ४१ नं.को आसय पनि यही छ। निवेदक अदालतका फैसलाअनुसार कानूनबमोजिमको कैद थुनामा रहेको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाउँ भनि गर्नुभएको बहससमेत सुनियो।

म निवेदकलाई कर्तव्य ज्यान मुद्दामा सर्वश्वसहित जन्म कैद र अन्य ज्यान मार्ने उद्योग डाँका चोरीसमेतका मुद्दासमेतमा कैद र जरिवाना हुने ठहरि फैसला भएका छन्। एउटै प्रतिवादीउपर जतिसुकै मुद्दा चलि कैद र जरिवाना भए पनि मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको ठूलो सजाय भुक्तान गरेपछि सबै मुद्दामा भएको कैद जरिवानाको लगत कट्टा हुने कानूनी व्यवस्था छ। कारागार ऐन, २०१९ को दफा २४(६) ले पनि अधिकतम कैद २० वर्षभन्दा बढी थुनामा बस्नु नपर्ने कानूनी व्यवस्था गरेको छ। मलाई पछिल्ला ज्यान मार्ने उद्योग र डाँका, रहजनी चोरी र डाँका तथा प्रहरी हिरासतबाट भागेको समेतका मुद्दामा कैदी पुर्जी दिइए पनि कर्तव्य ज्यान मुद्दामा सर्वश्वसहित जन्म कैद भएको फैसलाअनुसारको कानूनबमोजिमको कैदी पुर्जी विपक्षी जिल्ला अदालतबाट दिइएको छैन। म निवेदक मिति २०५२।४।१० गतेबाट मिति २०७२।४।१० सम्म लगातार कैद थुनामा बसि २० वर्ष कैद भुक्तान गरि मिति २०७२।४।११ बाट गैरकानूनी थुनामा रहँदै आएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुनामुक्त गरिपाउँ भनि निवेदकले निवेदनमा जिकिर लिएको पाइन्छ।

निवेदक प्रतिवादी बलबहादुर वि.क. लाई यस अदालतबाट वादी नेपाल सरकार प्रतिवादी निज बलबहादुर कामी भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतका फैसलाले सर्वश्वसहित जन्म कैद भएकामा निज फरार हुँदा लगत कसि निजको वतन कास्की जिल्ला अन्तर्गतको क्षेत्राधिकारको हुँदा यस अदालतको मिति २०५९।१०।३ च.नं. ७१४ को पत्रसाथ लगत कस्न पठाई कास्की जिल्ला अदालतको मिति २०५७।१०।९ च.नं. १४१३ को पत्रले लगत कसेको जानकारी प्राप्त हुन आएकाले निजको नाउँको लगत यस अदालतमा नरहेको र निजलाई यस अदालतबाट कुनै किसिमले गैह्र कानूनी तवरले थुनामा राख्ने काम नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भनि विपक्षी पाल्पा जिल्ला अदालत, निवेदक प्रतिवादी भएका ज्यान मार्ने उद्योग डाँका, रहजनी चोरी र डाँका तथा प्रहरी हिरासतबाट भागेका समेतका विभिन्न मुद्दामा कैद जरिवाना हुने ठहरि फैसला भएअनुसार निज निवेदक कानूनबमोजिम कैदमा रहेको हुँदा रिट निवेदन

खारेज गरिपाउँ भनि विपक्षी कास्की जिल्ला अदालत, निवेदकलाई विभिन्न मितिमा अलगअलग अदालतबाट भएका फैसलाले लागेको कैद तथा जरिवाना हद गर्ने वा नगर्ने विषय यस जिल्ला अदालतको क्षेत्राधिकारभित्रको विषयसमेत नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी स्याङ्जा जिल्ला अदालत र के कस्तो आदेशबाट निवेदकको संविधान एवम् कानून प्रदत्त के कस्तो हक अधिकारको हनन् भएको छ प्रस्ट उल्लेख गर्न नसकेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भनि विपक्षी पुनरावेदन अदालतहरू समेतले लिखित जवाफमा जिकिर लिएको पाइन्छ।

पक्ष विपक्षतर्फबाट उपस्थित विद्वान्हरूको बहस बुँदा एवम् निवेदक एवम् विपक्षीहरूको उपर्युक्त लिखित जवाफलाई समेत विचार गरि निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा गुरूभक्त उपाध्याय पौडेलको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदक भएको कर्तव्य ज्यान मुद्दामा श्री पर्वत जिल्ला अदालतबाट सर्वश्वसहित जन्म कैद ठहर भएको फैसला यस अदालत समेतबाट मिति २०५१।७।२८ मा सदर हुने ठहर भएको देखिन्छ। चन्द्रकला आचार्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदक बलबहादुर सुनुवार भएको २०४५ सालको फौ.नं. १५९ को रहजनी चोरी मुद्दामा पाल्पा जिल्ला अदालतको मिति २०४६।१।२७ को फैसलाले कैद २।२।७ दिन ठहर भएको पाइन्छ। प्र.स.नी. पहलमान श्रेष्ठसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बलबहादुर सुनुवार भएको २०३८।६।३ गते थुनुवा प्रहरी हिरासतबाट भागेको मुद्दामा ०।६।४ कैद ठहर गरि फैसला भएको पाइन्छ। परन्तु उक्त मुद्दाहरूमा कानूनबमोजिमको कैदी पुर्जी विपक्षी पर्वत जिल्ला अदालतबाट निवेदकलाई दिएको देखिँदैन। लिखित जवाफमा समेत दिए बुझाएको भनि भन्न सकेको पाइँदैन। पर्वत जिल्ला अदालतले निवेदक प्रतिवादी फरार रहेको र निजको वतन कास्की जिल्ला अदालत भएको कारण अरौटे लगत कास्कीमा पठाएको भनि उल्लेख गरेको पाइन्छ। यिनै निवेदक प्रतिवादी भएको ०७०-WH-००६० को बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतबाट मिति २०७१।७।१९ मा आदेश हुँदा निवेदन खारेज भएपनि फैसलाबमोजिमको कैदी पुर्जी पठाउने व्यवस्था गर्नु भनि विपक्षी जिल्ला अदालतलाई लेखि पठाउने भनि उल्लेख भएको देखिन्छ। परन्तु उक्त आदेशानुसार कानूनबमोजिमको कैदी पुर्जी हालसम्म निवेदकलाई दिएको देखिँदैन। प्र.नि. देवेन्द्रबहादुर बस्नेतको प्रतिवेदन र वेदनाथ अर्यालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदक भएको ज्यान मार्ने उद्योग र रहजनी चोरी मुद्दामा कास्की जिल्ला अदालतबाट मिति २०५४।२।१६ को फैसलाले कैद वर्ष ९।०।० र जरिवाना रू.२६,०००।- भएकामा सो मुद्दामा थुनामा बसेको मिति २०५२।४।१० देखि कैद कट्टी हुने गरि निवेदकले कैदी पुर्जी पाएको देखिन्छ।

३. त्यसैगरि राजु अर्याल, गणेश पोखरेल, इन्द्रकुमारी ज्ञवालीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदकसमेत भएको २०४६ सालको स.फौ.नं. ३४ को डाँका मुद्दामा श्री पाल्पा जिल्ला अदालतको मिति २०४९।३।७ को फैसलाबाट निवेदकलाई कैद वर्ष ६।०।० र जरिवाना रू. २७,२२३।५० हुने ठहर भई पहिला पटक कायम भएको मुद्दा थान-१, हेमकुमारी पोखरेलको जाहेरीले चलेको स.फौ.नं. ३३ को डाँका मुद्दामा कैद वर्ष ९।०।० र जरिवाना रू. ७११३।- ठहर गरि दोस्रो पटक कायम भएको मुद्दा-१, नन्दराम भुसाल, सुरेशचन्द्र भुसाल, चन्द्रकान्त आचार्य, खिमानन्द अर्याल, रविन्द्र श्रीस, हिराबहादुर थापा क्षेत्री र सरस्वती विष्टसमेतको जाहेरीले चलेको २०४६ सालको स.फौ.नं. ३२ को डाँका मुद्दामा तेस्रो पटक कायम गरि कैद वर्ष १२।०।०

र जरिवाना रू.९,८०,७३७/५० ठहर गरि फैसला भएको मुद्दा-१ यसैगरि थुनुवा भाग्यो भन्ने मुद्दामा पाल्पा जिल्ला अदालतबाट कैद वर्ष ६ ठहरि फैसला भएको मुद्दा-१ र गणबहादुर पोखरेलको जाहेरीले चलेको २०४६ सालको स.फौ.नं. ३५ को जबरजस्ती चोरी मुद्दासमेतमा कैद वर्ष ०।०।४५ र जरिवानासमेत हुने गरि फैसला भएको देखिन्छ। उपरोक्त मुद्दाहरूमा निवेदकको ठेगाना स्याङ्जा जिल्ला माझकोट गा.वि.स. वडा नं. २ बस्ने दिपक भन्ने महेन्द्र ठकुरी मल्ल उल्लेख भएकाले पाल्पा जिल्ला अदालतबाट अरौटे लगत स्याङ्जा जिल्ला अदालतमा पठाई कैदी पुर्जी पनि दिएको देखिन्छ।

४. प्रस्तुत निवेदनमा निवेदकले आफू मिति २०५२।४।१० गतेबाट मिति २०७२।४।१० सम्म निरन्तर कैद थुनामा बसि २० वर्ष कैद भुक्तान गरि मिति २०७२।४।११ बाट गैरकानूनी थुनामा रहेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुनामुक्त गरिपाउँ भनि लिएको जिकिरतर्फ हेर्नु पर्ने हुन आयो। निवेदकलाई माथि उल्लिखित विभिन्न मुद्दामा विभिन्न अदालतबाट कैद र जरिवाना सजाय भएको तथ्यलाई निवेदकले स्वीकार गरेको नै पाइन्छ । फरक फरक अदालतबाट एउटै प्रतिवादी निवेदकउपर विभिन्न मुद्दामा भएको कैद र जरिवानाको मुलुकी ऐन, दण्ड सजायको १० नं. र ४१ नं. अनुसार समष्टिगतरूपमा एउटै कैदी पुर्जी जारी गर्न भिन्नभिन्न अदालतमा निवेदक विरूद्ध धेरै मुद्दा चलि फैसला भएको कारण अदालतबाट सकेको देखिँदैन । तर निवेदक अन्य मुद्दामा भएको सजाय भुक्तान गर्ने क्रममा थुना कैदमा परेपछि निजले माग गरेको अवस्थामा पनि निवेदक प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दामा पाल्पा जिल्ला अदालत हुँदै यस अदालतसमेतबाट सर्वश्वसहित जन्मकैद हुने ठहर भएको फैसलाबमोजिमको कैदी पुर्जी विपक्षी जिल्ला अदालतहरूबाट दिएको मिसिल संलग्न कागजातबाट देखिन आउँदैन। निवेदकले यसपूर्व दर्ता गरेको ०६९-WH-००६० को बन्दीप्रत्यक्षीकरणको निवेदन यस अदालतबाट खारेज भएपनि कर्तव्य ज्यान मुद्दामा भएको फैसलाबमोजिमको कैदी पुर्जी निवेदकलाई दिनु भनि आदेश भएको देखिन्छ। तर, विपक्षी जिल्ला अदालतहरूले प्रस्तुत निवेदनउपरको लिखित जवाफ प्रस्तुत गर्दासम्म पनि उक्त मुद्दामा निवेदकलाई कैदी पुर्जी प्रदान गरि सकिएको भनि जिकिर लिन सकेको पाइँदैन।

५. निवेदकलाई स.फौ.नं. १६/२७ को कर्तव्य ज्यान मुद्दामा पाल्पा जिल्ला अदालतको मिति २०४९।३।२३ को फैसलाले सर्वश्वसहित जन्मकैद हुने ठहरेकामा सो फैसला यसै अदालतसमेतबाट साधक जाँच हुँदा मिति २०५१।७।२८ मा सदर हुने ठहरि अन्तिम फैसला भएको देखिन आउँछ । उक्त मुद्दामा निवेदक फरार रहेको कारण निजले कैदी पुर्जी प्राप्त गर्न सक्ने अवस्था र दिने अवस्था पनि भएन । त्यसपछि, निवेदक प्रतिवादी भएको ज्यानमार्ने उद्योग र डाँकाचोरी मुद्दासमेत कास्की जिल्ला अदालतमा चलि कास्की जिल्ला अदालतको मिति २०५४।२।१६ को फैसलाअनुसार मिति २०५२।४।१० देखि निरन्तररूपमा हालसम्म कैद सजाय भुक्तान गर्न कारागारमा रहेको पाइन्छ। मुलुकी ऐन, दण्ड सजायको १० नं. मा "ऐनमा पटकपटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सोभन्दा बढी ऐन लगाई खत पटक खापि सजाय गर्नु परेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ, सोही ऐनले मात्र सजाय गर्नुपर्छ। अरू ऐनको खत खाप्नु हुँदैन । जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापि सजाय गर्नुपर्छ । जरिवानाको र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजायको मात्र दुबै कुराको सजाय गर्नुपर्छ। एकै कागजको मुद्दा भए पनि नभए पनि सर्वश्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिँदैन" भनि कानूनी व्यवस्था भएको पाइन्छ। उक्त नं. को कानूनी व्यवस्थाबाट एकै व्यक्तिलाई जति

सुकै मुद्दामा कैद र जरिवाना हुने गरि सजाय भए पनि ठूलो कलमको कैद र जरिवानाको मात्र सजाय गर्नुपर्ने तर त्यस्तो व्यक्ति प्रतिवादी भएका मुद्दाका फैसलामध्ये कुनै मुद्दामा निजलाई सर्वश्व भएपछि जरिवानाको खत नखापिने भन्ने देखिन आयो । कतिपय अपराध व्यक्तिमा तत्काल उत्पन्न हुन पुगेको खराब नियत र मनोदशाबाट हुने हुन्छ । कतिपय अपराध अवाञ्छित लाभका लागि भएका पनि हुन्छन् । परन्तु, अपराधीलाई कैदमा राखि दण्ड दिनुको उद्देश्य निजलाई पुन अपराध गर्नबाट रोक्ने, आफूबाट भएका अपराधको पश्चाताप गराउने, आफ्नो गलत कार्य स्मरण गर्दै भावी दिनमा अपराध नगर्ने सज्जन भई सभ्य समाजमा बस्नयोग्य बनाउनु पनि हो । नेपालको प्रचलित कानूनमा सर्वश्वसहित जन्मकैद नै सबैभन्दा ठूलो सजाय हो । यस्तो सजायमा जन्म कैदबापतमा बीस वर्ष कैद र सर्वश्वबापतमा कसुरदारको अंश भागमा पर्ने सबै सम्पत्ति अदालतले रोक्का राखि फैसलाबमोजिम लिलाम गरि सरकारी कोषमा जम्मा गरिने हुँदा कैदमा रहेको व्यक्ति आर्थिक हैसियतमा शून्य स्थितिमा पुग्न जान्छ । आफू बीस वर्ष कारागारमा बस्नुपर्ने र अंश पनि गुमाउनु पर्ने हुँदा योभन्दा ठूलो सजाय अरू हुन सक्दैन । जन्म कैद नै सबैभन्दा ठूलो कैदको अवधि हुने र कानूनले त्यस अवधिलाई बीस वर्ष राखेको अवस्थामा बीस वर्षभन्दा बढी कैद कसैलाई पनि राख्न मिल्ने अवस्था हुँदैन । यसै विषयलाई ध्यानमा राखि अपराध गर्ने व्यक्ति सजाय भुक्तानका क्रममा कारागारमा मृत्युवरण गर्न नपुगोस् र आफ्नो भागको सम्पत्ति नै गुमेपछि अन्य जरिवानाको सजायबापत निज कैदमा बस्न नपरोस् भन्ने उद्देश्यले कानूनले नै सर्वश्व भएपछि अरू जरिवानाको आर्थिक दण्ड असुल गरिरहन नपर्ने व्यवस्था गरेको हो । कानूनको यस मर्मलाई ध्यान नदिई निवेदक प्रतिवादीलाई कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्म कैदको सजायलाई वास्ता नगरि अन्य ज्यान मार्ने उद्योग र रहजनी चोरी तथा डाँका चोरीसमेतका मुद्दामा भएको कैद जरिवानासमेत जोडी कैदमा राख्न पठाएको विपक्षीको कार्य कानूनी र न्यायोचित पनि रहेको देखिएन ।

६. यसैगरि मुलुकी ऐन, दण्ड सजायको ४१ नं.ले कैद ठेक्दा सबै मुद्दाको विवरण कैद ठेक्ने किताबमा खुलाई सबैभन्दा ठूलो कलमको कैद र जरिवानाको मात्र कैद ठेक्नु पर्छ भनि कार्यविधिगत प्रक्रियाको बारेमा स्पष्ट पारेको पाइन्छ । सोही नं.को अन्तिम वाक्यांशमा "तर फैसला भई सकेपछि कैद नबस्दै वा थुनाकैद बसेको अवस्थामा वा थुनाकैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकामा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नु पर्छ" भन्ने लेखिएको देखिन्छ । निवेदक प्रतिवादी भई पाल्पा जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दामा थुनाबाट भागि फरार रहेको अवस्थामा अन्य अपराध गर्न पुगेबाट थुना हिरासतबाट भागेको मुद्दामा भएको सजाय तथा अन्य रहजनी चोरी डाँका मुद्दाहरू समेतमा भएका सजायहरू ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्म कैदको ठूलोखत बीस (२०) वर्ष कैदको सजायमा जोडिने नजोडिने के हो, यहाँ प्रश्न खडा भएको देखिन आउँछ । उक्त ४१ नं. का अतिरिक्त कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३), (४), (५) र (६) मा देहायको कानूनी व्यवस्था भएको पाइन्छ ।

(३) कैद म्याद ठेकिएको कैदी भागेमा प्रक्रियापछि निजलाई बाँकी कैदको डेढि बढाई सजाय हुनेछ ।

(४) कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नुभन्दा अघि थुनामा बसेको अवधि कट्टा गरि बाँकी हुने सजायमा डेढि बढाई सजाय कायम गरि त्यसमा निज भाग्नुभन्दा अघि वा पछि थुनामा रहेको जम्मा अवधि कट्टी गरि बाँकी रहन आउने सजाय हुनेछ ।

(५) उपदफा (३) वा (४) मा जुनसुकै कुरा

लेखिएको भए तापनि सो उपदफाहरू बमोजिम डेढि बढाई सजाय कायम गर्दा भाग्ने थुनुवा वा कैदी जुन अपराधमा कैद परेको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको सबैभन्दा बढी हुने गरि सजाय कायम गरिने छैन।

(६) उपदफा (३), (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरू बमोजिम सजाय गर्दा बीस वर्षभन्दा बढी कैद हुने गरि सजाय गरिने छैन।

७. मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. अनुसार निवेदकलाई निज प्रतिवादी भई चलेका सबै मुद्दाहरू व्यहोरामा खुलाई सबैभन्दा ठूलो कलम कर्तव्य ज्यान मुद्दाको सर्वश्वसहित जन्म कैदबापत दण्ड सजायको ६ नं. अनुसार बीस वर्ष र सर्वश्व भएको जरिवानाको कैद ठेकि कैदी पुर्जी विपक्षी जिल्ला अदालतबाट निवेदकलाई दिइएको अवस्था छैन । निवेदक डाँका मुद्दामा अनुसन्धान एवम् मुद्दा पुर्पक्षका क्रममा थुनाबाट भागेको सम्बन्धमा मुद्दा चलि पाल्पा जिल्ला अदालतबाट कैद वर्ष ६ हुने ठहर भएको देखिन्छ । स्याङ्जा जिल्ला अदालतबाट पाल्पा जिल्ला अदालतको अरौटे लगतसमेत जोडि कास्की जिल्ला अदालतको कैदी पुर्जीअनुसार २०६१।४।११ गते कैदबाट छुटि जानेमा सोही मितिदेखि कैद कटिने गरि भनि मिति २०८५।४।११ सम्म २४ वर्ष कैदमा बस्नु पर्ने भनि कैदी पुर्जी दिएको पाइन्छ । कास्की जिल्ला अदालतको कैदी पुर्जीबमोजिम मिति २०५२।४।१० देखि मिति २०६१।४।१० सम्म र स्याङ्जा जिल्ला अदालतको कैदी पुर्जीअनुसार मिति २०६१।४।११ देखि मिति २०८५।४।१० सम्म लगातार ३३ वर्ष कारागारमा बसि मिति २०८५।४।११ गते मात्र कारागारबाट छुट्ने गरि कैदी पुर्जी जारी गरि निवेदकलाई बुझाएको पाइन्छ । माथि उल्लिखित कारागार ऐन, २०१९ को दफा २४ को उपदफा १ देखि ५ सम्म विभिन्न अवस्था र मुद्दाको प्रकृतिअनुसार सजायको व्यवस्था गर्दै उपदफा (६) ले सो उपदफाहरू बमोजिम सजाय गर्दा बीस वर्षभन्दा बढी कैदै हुने गरि सजाय गरिने छैन भनि कानूनी व्यवस्था गरेको देखिन्छ। यहाँ थप सजाय पनि भनिएको छैन। उपदफा (३) देखि (५) सम्मको अध्ययन गर्दा जुन मुद्दामा थुनामा रहँदा भागेको हो सोही मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा डेढि बढाई सजाय गर्ने, यसरी डेढि बढाई सजाय गर्दा पनि जुन अपराधमा कैद परेको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको सबै भन्दा बढी हुने गरि सजाय कायम गर्नु हुँदैन भनि पक्राउ परी थुनामा परेको मुद्दाको सजायको हदअनुसार थुना वा कैदबाट भाग्दा बहन गर्नु पर्ने थप सजाय निर्धारण गरेको पाइन्छ । यसैगरि उपदफा (६) ले उपर्युक्त उपदफाअनुसार सजाय गर्दा बीस वर्षभन्दा बढी कैद गर्न नहुने भनि अधिकतम कैद बीस वर्ष निर्धारण गरिदिएको पाइन्छ। यसप्रकार कुनै पनि व्यक्तिलाई निरन्तररूपमा बीस वर्ष कैदमा राखेपछि सोभन्दा बढी कैदमा राख्न नपाइने कानूनी बन्देज रहेको देखियो। मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. अनुसार निवेदक प्रतिवादीलाई सजाय भएका सबै मुद्दा पेटबोलीमा खुलाई एउटै कैदी पुर्जी विपक्षी जिल्ला अदालतबाट नदिई एउटै व्यक्तिका हकमा फरकफरक जिल्ला अदालतबाट पृथकपृथक गरि कैदी पुर्जी जारी गरेको अवस्था छ। यसरी दुईवटा कैदी पुर्जी प्रदान गरेको कारण निवेदक कारागार ऐन, २०१९ को दफा २४(६) कानूनबमोजिमको सुविधा उपभोग गर्नबाट वञ्चित रहेको स्थिति देखिन आउँछ। फैसला कार्यान्वयन गर्ने अभिभारा र कर्तव्य भएका जिल्ला अदालतको आपसी समन्वयको अभाव र एउटै व्यक्तिका हकमा फरकफरक अदालतबाट दुईवटा कैदी पुर्जी जारी हुँदैमा त्यसको दायित्व बरण गरि कानूनले निर्धारण गरेको बीस वर्षभन्दा बढी कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन

आउँदैन। कानूनको शासनमा जस्तो सुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नु पर्दछ। धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेको भन्दा बढी अवधि कैदमा रहने अवस्था सृजना हुनु गैर कानूनी हुन जान्छ।

८. निवेदकलाई निज प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दामा सर्वश्वसहित जन्मकैद भएकामा उक्त मुद्दामा भएको फैसलाअनुरूपको कैदी पुर्जी प्राप्त नहुँदै निवेदक अन्य मुद्दाहरूमा पक्राउ भई अदालतका फैसला र कैदी पुर्जीबमोजिम बीस वर्षभन्दा बढी अवधि निरन्तर कैदमा बसिसकेको देखिन्छ। कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्मकैदको सजाय भुक्तान गरेपछि एकै व्यक्तिलाई एकभन्दा धेरै मुद्दाहरूमा भएको कैद सजायको लगत कारागार ऐन, २०१९ को दफा २४(६) र कर्तव्य ज्यान मुद्दामा सर्वश्व भएपछि एकभन्दा धेरै मुद्दाहरूमा भएको जरिवानाको सजाय मुलुकी ऐन, दण्ड सजायको १० नं. बमोजिम स्वतः कट्टा हुने हुँदा स्याङ्जा जिल्ला अदालतको पछिल्लो कैदी पुर्जीअनुरूप मिति २०७२।४।१० देखिको निवेदकको थुना गैरकानूनी रहेको देखियो।

९. तसर्थ, निवेदकलाई कर्तव्य ज्यान मुद्दामा सर्वश्वसहित जन्मकैद भएको विषयमा विवाद नभएको, सर्वश्व भएपछि जरिवानास्वरूप थप कैदमा बस्न नपर्ने मुलुकी ऐन, दण्ड सजायको १० नं. को कानूनी व्यवस्था भएको स्थितिमा कर्तव्य ज्यान मुद्दामा फरार रहेको अवधिमा निवेदकले विभिन्न चोरी डाँका अपराध गरे पनि निवेदक प्रतिवादी भएको पछिल्लो ज्यान मार्ने उद्योग र रहजनी चोरी मुद्दामा कास्की जिल्ला अदालतको मिति २०५४।२।१६ को फैसला र कैदी पुर्जी एवम् स्याङ्जा जिल्ला अदालतको कैदी पुर्जीसमेत अनुसार मिति २०५२।४।१० देखि हालसम्म निरन्तररूपमा कैद थुनामा बसि २० वर्षभन्दा बढी अवधि कैदमा बसेको र मिति २०७२।४।१० देखिको निवेदकको कैद गैरकानूनी रहेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदक प्रतिवादीका हकमा सङ्क्षिप्त आदेश गरि कैदबाट मुक्त गरिदिने गरि आदेश भई कार्यान्वयन भइसकेको हुँदा केही गरिरहनु परेन। दायरीको लगतकट्टा गरि मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत: कपिलमणि गौतम
इति संवत् २०७२ साल कात्तिक १२ गते रोज ५ शुभम्।

# निर्णय नं.९५०१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
आदेश मिति : २०७२।८।८।३
०७२-WH-००२२

मुद्दा : बन्दीप्रत्यक्षीकरण

निवेदक / पक्ष : धादिङ जिल्ला धुवाकोट गा.वि.स. वडा नं. ५ घर भई हाल कारागार कार्यालय, धादिङबेसी धादिङमा थुनामा रहेको दिलबहादुर श्रेष्ठको हकमा निजकी श्रीमती झलककुमारी श्रेष्ठ

विरूद्ध

विपक्षी / प्रत्यर्थी : काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत

- **विदेशी विनिमय अपचलन मुद्दामा भएको म्याद तामेली र फैसलालाई गैरकानूनी भनि निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेको कानूनअनुरूप छ छैन भन्ने सम्बन्धमा निवेदक प्रतिवादी विदेशी विनिमय अपचलन मुद्दाको अनुसन्धान एवम् कारवाहीका क्रममा फरार रहेको देखिने।**
- **निवेदकले विदेशी विनिमयको कारोबार गर्न आफ्नो नाउँमा फर्म खोलेको तथ्यलाई अन्यथा भन्न सकेको नपाइने।**
- **आफ्नो नाउँमा फर्म खोलेका निवेदकले फर्ममा उल्लेख भएअनुसारको सर्तको पालना गरि कार्य गर्ने कर्तव्य पनि निजमा रहने।**
- **निवेदकले फर्मको उद्देश्यअनुसार काम कारवाही नगरेको कारण नै निजमाथि अभियोग लाग्न गएको हो। फर्मको उद्देश्य र सर्तअनुसार काम नगरेमा आफूमाथि जहिले पनि कानूनी कारवाही हुन सक्छ भनि अनुमान गरि निवेदकसचेत रहन सकेको निजको व्यवहारले देखाउन सकेको नपाइने।**
- **पुनरावेदन अदालतबाट विदेशी विनिमय मुद्दामा तामेल भएको म्याद र फैसलासमेत कानूनबमोजिमको ठहरि अन्तिम आदेश भइरहेको अवस्थामा सोही विषयलाई लिएर निवेदनको स्वरूप परिवर्तन गरि प्रतिवादी निवेदकका हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेको पाइने।**
- **एउटै विषयमा पहिले प्रतिवादी स्वयम्ले पुनरावेदन अदालतमा निवेदन गरि अदालतबाट भएको आदेश अन्तिम भइरहेको अवस्थामा पुनः त्यही कुरालाई छुट्टै बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदक यस अदालतमा प्रवेश गरेको देखिने।**
- **एउटै विषयका बारेमा सक्षम अधिकारप्राप्त अदालतबाट निर्णय भई निर्णय अन्तिम भएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको निवेदनबाट विदेशी विनिमय अपचलन मुद्दामा भएको तामेली म्याद तथा फैसलासमेत बदर गरि गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने प्रस्तुत निवेदन खारेज हुने।**

(प्रकरण नं.३)

निवेदक / पक्षका तर्फबाट : विद्वान् अधिवक्ता रामबहादुर खड्का

विपक्षी / प्रत्यर्थीका तर्फबाट : विद्वान् उपन्यायाधीवक्ता बालकृष्ण वाग्ले

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- विदेशी विनियम नियमित गर्ने ऐन, २०१९ को दफा ४(३) र (४), दफा १७(१)

## आदेश

**न्या.बैद्यनाथ उपाध्याय :** नेपालको संविधान, २०७२ को धारा ४६, १३३ को उपधारा (१)(२) र (३) अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

**१. निवेदकको निवेदन व्यहोरा :-**

नेपाल सरकार अर्थ मन्त्रालयको उजुरी परि पति दिलबहादुरलाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा विदेशी विनिमय अपचलन मुद्दासमेत दायर भई उक्त मुद्दामा मेरो पति दिलबहादुरको वतन धादिङ जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ५ घर भै काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकी बस्ने गवाकोट इन्टरप्राइजेजका प्रो. दिलबहादुर श्रेष्ठ उल्लेख भएको रहेछ । तर म्याद काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकीमा घर डेरा पत्ता नलागेको भनि सो स्थानमा रहेको बिजुलीको खम्बामा मिति २०५६।४।५ मा मुलुकी ऐन, अ.वं. ११० नं. प्रतिकूल तामेल भएको रहेछ । सोही तामेलीलाई मान्यता प्रदान गरि उक्त मुद्दामा पति दिलबहादुर श्रेष्ठलाई दुई करोड बैसट्ठी लाख एकाउन्न हजार आठ सय पन्चानब्बे रूपैयाँ जरिवाना हुने अन्तिम फैसला भएकामा फैसला कार्यान्वयनका निमित्त पति दिलबहादुर श्रेष्ठलाई पक्राउ गरि थुनामा राखिएको छ । सामान्य ज्याला मजदुरी गरि खाने व्यक्तिलाई थाहा नदिई निजको नाममा कम्पनी खोलि कारोबार नगरि विदेशी मुद्रा अपचलन भई मुद्दा लागि सोमा प्रतिवाद एवम् प्रतिरक्षासमेतको मौकाबाट वञ्चित गरि गैरकानूनी फैसलाका आधारमा कारागारमा थुनामा राखिएकाले साह्रै अन्यायमा परि सम्मानित अदालतको शरणमा आएकी छु ।

कुनै पनि व्यक्ति वा संस्थाको विरूद्धमा कुनै कसुर अभियोग लागि न्यायिक निकायमा मुद्दा परेमा सोमा यथोचित प्रतिरक्षा गर्न पाउने स्वच्छ पुर्पक्षको पहिलो सर्त हो । प्रस्तुत मुद्दामा काल्पनिक कम्पनी खडा गरि विदेशी मुद्रा अपचलन गरेको भनि मुद्दा दायर भएपश्चात् मुद्दामा हाम्रो पुर्ख्यौली घर ठेगानासमेत उल्लेख भएकामा सो वतनमा मुलुकी ऐन, अ.वं. ११२ नं. बमोजिम रितपूर्वकको म्याद तामेल गरि मुद्दा पुर्पक्ष गर्नु गराउनु पर्ने कर्तव्य विपक्षी अदालतको हो । अतः बेरीतपूर्वक मिति २०५६।४।५ मा तामेल भएको म्यादका आधारमा काठमाडौं जिल्लाबाट मिति २०५२।९।२ भएको फैसला तथा उक्त अन्तिम फैसलाबमोजिम पक्राउ गरि दिएको कैदी पुर्जीसमेत गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेशले बदर गरि पति दिलबहादुर श्रेष्ठलाई काठमाडौं जिल्ला अदालतमा निजका विरूद्ध दायर भएको विदेशी मुद्रा अपचलन मुद्दामा प्राकृतिक न्यायको सिद्धान्त अनुकूल हुने गरि प्रतिरक्षा एवम् प्रतिवादको मौकासमेत प्रदान गरि मुद्दा पुर्पक्ष गर्नु गराउनु भनि नेपालको संविधान, २०७२ को ४६, १३३ को उपधारा (१)(२) र (३) नं. बमोजिम विपक्षीहरूका नाममा उपर्युक्त आदेशसमेत जारी गरिपाऊँ ।

**२.यस अदालतको कारण देखाउ आदेश :-**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण खुलाई यो म्याद सूचना पाएको मितिले ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनि विपक्षीहरूका नाउँमा सूचना जारी गरि नियमानुसार गरि पेस गर्नू ।

**३.विपक्षी काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंको लिखित जवाफ :-**

प्रतिवादीले वाणिज्य विभागमा दर्ता गरि ग्वाकोट इन्टरप्राइजेजको फर्म दर्ता गरि व्यवसाय गर्न भनि प्रमाण पत्र लिएको र सो फर्मको नामबाट सिंगापुरबाट सेल्डेरिङ्ग टिन इन्गोटहरू आयात गर्नको लागि राष्ट्रिय वाणिज्य बैंक बानेश्वरमा मिति २४।४।९५ यु.यस.डलर ७१००।- को BNR IT ३०।९० को प्रतित पत्र खोलि विनिमय प्राप्त गर्दाको सर्त उल्लङ्घन गरि विभिन्न मितिमा यु.यस.डलर १८३००।- को कार्य गरेको र प्रतिवादीले सामान पैठारी गरि प्रमाणित गरेको भनि बैंकमा पेस गरेको भुक्तानी प्रमाण पत्र वीरगञ्ज

भन्सार कार्यालय भिडाउँदा अभिलेख नमिलेको भनि उल्लेख भएको र प्रतिवादीले विदेशी विनिमय प्राप्त गर्दाको सर्तबमोजिम कार्य नगरि सर्तविपरीत कार्य गरेको देखिन्छ । प्रतिवादीको नाममा तामेल भएको म्यादमा निज हाजिर नभई सुरू म्यादै गुजारी बसेको र मिसिल संलग्न रहेको कागज प्रमाणहरूबाट आरोपित कसुर प्रतिवादीले गरेको देखिँदा दाबीबमोजिमको कसुर गरेको ठहर्छ प्रतिवादीलाई विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा १७(१) बमोजिम बिगोबमोजिम रू. २६२५१८९५।- दुई करोड बैसठ्ठी लाख एकाउन्न हजार आठ सय पन्चानब्बे रूपैयाँ जरिवाना हुने ठहर्छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०५८।९।२ मा फैसला भएको हुँदा फैसलाबमोजिम विपक्षीलाई कानूनबमोजिम थुनामा राखिएको हुँदा विपक्षीले दायर गरेको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाऊँ।

**४.विपक्षी प्रहरी कार्यालय, धादिङबेसी, धादिङको लिखित जवाफ :-**

रिट निवेदक नन्दलालको छोरा धादिङ धुवाकोट २०५८।९।२ गतेको फैसलाले निज दिलबहादुर श्रेष्ठउपर रू. २,६२,५१,८९५।- (दुई करोड बैसठ्ठी लाख एकाउन्न हजार आठ सय पन्चानब्बे) रूपैयाँ जरिवाना हुने गरि मुद्दामा फैसला भएको हुँदा सो जरिवाना असुलउपर गराउनु हुन भनि सम्मानित धादिङ जिल्ला अदालतबाट फैसला कार्यान्वयनको लागि पठाइएको किताबमा लगत नम्बर ६१२ मा निज विपक्षी रिट निवेदक दिलबहादुर श्रेष्ठको नाम उल्लेख भएको देखि सम्मानित काठमाडौं जिल्ला अदालतको फैसलाअनुसार उक्त जरिवाना रकम असुलउपरको लागि निज दिलबहादुर श्रेष्ठलाई न्यायसङ्गतरूपमा पक्राउ गरि आवश्यक कारवाहीको लागि मिति २०७१।५।२ गतेको पत्रसाथ सम्मानित धादिङ जिल्ला अदालतमा पेस गरिएको हुँदा निवेदकको रिट निवेदन बदर भागी छ बदर गरिपाऊँ।

**५.विपक्षी कारागार कार्यालय धादिङबेसी, धादिङको लिखित जवाफ :-**

रितपूर्वक म्याद तामेल भए पनि म्यादभित्र लिखित जवाफ नपठाएको **।**

**६.यस अदालतको आदेश :-**

यसमा प्राप्त सुरू मिसिलबाट थुनामा बसेका दिलबहादुर श्रेष्ठले पुनरावेदन अदालत, पाटनमा उत्प्रेषणको निवेदन दिएको देखिएकाले पेसीका दिन देखाई फिर्ता लैजाने गरि झिकाई पेस गर्नू।

**७.यस अदालतको अन्तिम आदेश :-**

नियमबमोजिम पेसी सूचीमा चढि पेस भएको प्रस्तुत निवेदन संलग्न मिसिल अध्ययन गरि निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामबहादुर खड्काले निवेदक प्रतिवादी भएको विदेशी विनिमय अपचलन मुद्दामा निवेदकको स्थायी वतन धादिङ धुवाकोट गा.वि.स. वडा नं. ५ उल्लेख भए पनि उक्त वतनमा म्याद जारी गर्ने तामेल गराउने कार्य गरिएको छैन । अस्थायी वतन का.जि., का.म.न.पा. वडा नं. १४ कलंकीमा घरद्वार फेला नपरेको भनि बिजुलीको खम्बामा टाँस गरिएको छ । मुलुकी ऐन, अ.वं. ११२ नं. अनुसार स्थायी वतन खुलेको अवस्थामा सोही स्थानमा नै म्याद जारी गरि तामेल गर्ने कार्य गर्नुपर्ने कानूनी व्यवस्थाविपरीत तामेल गरि सुनुवाईको मौका नदिई भएको फैसलाको दायित्व निवेदकले लिनु नपर्ने हुँदा बन्दीप्रत्यर्थीकरणको आदेश जारी गरि थुनामुक्त गरि निवेदकलाई सुनुवाइको मौका दिई कारवाही गरिपाउँ भनि गर्नुभएको बहस सुनियो।

यसै गरि विपक्षीहरूका तर्फबाट उपस्थित

विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले विवादित फर्म मैले खोलेको होइन र उक्त फर्ममा भएको हस्ताक्षर पनि मेरो हैन भनि निवेदकले निवेदनमा जिकिर लिन सक्नुभएको छैन। यिनै निवेदनले आफू पक्राउ परेपछि विदेशी विनिमय मुद्दामा आफ्ना नाउँमा जारी भै तामेल भएको म्याद बेरीतको हुँदा उत्प्रेषणको आदेश जारी गरि बदर गरिपाउँ भनि ०७१-WO-०८७४ को निवेदन पुनरावेदन अदालत, पाटनमा दर्ता गराएकामा निवेदन खारेज हुने ठहरि मिति २०७२।४।२७ मा आदेश भएको छ। उक्त आदेशउपर प्रतिवादी स्वयम्ले चित्त बुझाई पुनरावेदन नगरि बसेका छन्। प्रतिवादी स्वयम्ले स्वीकार गरि बसेको एउटै विषयमा प्रस्तुत निवेदनबाट बन्दीप्रत्यक्षीकरणको उपचार प्रदान गर्न न्यायसङ्गत नहुने हुँदा निवेदन खारेज गरिपाउँ भनि गर्नुभएको बहससमेत सुनियो।

पति दिलबहादुर श्रेष्ठ प्रतिवादी भएको विदेशी विनिमय अपचलन मुद्दामा स्थायी वतन उल्लेख हुँदाहुँदै अस्थायी वतन का.जि.का.म.न.पा वडा नं. १४ कलंकीस्थित बिजुलीको खम्बामा तामेल गरि सुनुवाईको मौका नै नदिई जरिवाना हुने गरि फैसला गरिएको रहेछ। उक्त बेरीतपूर्वक म्याद तामेल गराई भएको फैसलाका आधारमा मिति २०७१।५।२ देखि पक्राउ गरि गैरकानूनी थुनामा विपक्षीबाट राखिएको हुँदा मिति २०५६।४।५ को बेरीतको म्याद तथा सोका आधारमा मिति २०५८।९।२ मा भएको फैसला एवम् कैदी पुर्जीसमेत बदर गरि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि थुनाबाट मुक्त गरिपाउँ भनि निवेदकको हकमा पत्नी निवेदिकाले निवेदनमा जिकिर लिएको पाइन्छ। निवेदक प्रतिवादी भएको स.फौ.नं. १७३/२८४ को विदेशी विनिमय अपचलन मुद्दामा काठमाडौं जिल्ला अदालतबाट रू. २,६२,५१,८९५।- जरिवाना हुने ठहरि मिति २०५८।९।२ मा फैसला भएको रहेछ। सोही फैसला कार्यान्वयनका क्रममा निवेदकलाई कानूनबमोजिम पक्राउ गरि थुनामा पठाइएको कार्य गैरकानूनी नहुँदा निवेदन खारेज गरिपाउँ भनि विपक्षीमध्येको काठमाडौं जिल्ला अदालत र फैसलाअनुसारको जरिवाना रकम असुलउपरका लागि कानूनसम्मतरूपमा पक्राउ गरि धादिङ जिल्ला अदालतमा उपस्थित गराउने समेतमा कार्यलाई गैरकानूनी भन्न नमिल्ने हुँदा निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालय, धादिङसमेतले लिखित जवाफमा जिकिर लिएको देखियो।

उक्त तथ्य एवम् विद्वान्हरूको बहस बुँदासमेतलाई दृष्टिगत गरि मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. यसमा निर्णयतर्फ विचार गर्दा अर्थ मन्त्रालयको पत्रले नेपाल सरकार वादी निवेदक प्रतिवादी दिलबहादुर श्रेष्ठ भएको २०५८/०५९ स.फौ.नं. १७३/२८४ को विदेशी विनिमय अपचलन मुद्दामा निवेदकलाई विदेशी विनियम नियमित गर्ने ऐन, २०१९ को दफा ४(३) र (४) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १७(१) अनुसार २,६२,५१,८९५।- जरिवाना हुने ठहरि मिति २०५८।९।२ मा काठमाडौं जिल्ला अदालतबाट फैसला भएको प्रमाणमा आएको सुरू मिसिलबाट देखिन आउँछ। उक्त मुद्दा फैसला हुँदा निवेदक फरार नै रहेको देखिन्छ। सुरू मिसिल संलग्न म्याद तामेली हेर्दा का.जि., का.म.न.पा. वडा नं. १४ स्थित सार्वजनिक ठाउँ बिजुलीको खम्बामा म्याद तामेल गरिएको देखिन्छ। निवेदकले निवेदनमा जिकिर लिएअनुरूप स्थायी वतनमा म्याद जारी भएको देखिँदैन।

३. विदेशी विनिमय अपचलन मुद्दामा भएको म्याद तामेली र फैसलालाई गैरकानूनी भनि निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेको कानूनअनुरूप छ छैन भन्ने सम्बन्धमा हेर्दा निवेदक प्रतिवादी विदेशी विनिमय अपचलन मुद्दाको अनुसन्धान एवम् कारवाहीका क्रममा फरार रहेको

देखिन्छ । निवेदकले विदेशी विनिमयको कारोबार गर्न आफ्नो नाउँमा फर्म खोलेको तथ्यलाई अन्यथा भन्न सकेको पाइँदैन । आफ्नो नाउँमा फर्म खोलेका निवेदकले फर्ममा उल्लेख भएअनुसारको सर्तको पालना गरि कार्य गर्ने कर्तव्य पनि निजमा रहन्छ । तर निवेदकले फर्मको उद्देश्यअनुसार काम कारवाही नगरेको कारण नै निजमाथि अभियोग लाग्न गएको हो । फर्मको उद्देश्य र सर्तअनुसार काम नगरेमा आफूमाथि जहिले पनि कानूनी कारवाही हुन सक्छ भनि अनुमान गरि निवेदक सचेत रहन सकेको निजको व्यवहारले देखाउन सकेको पाइँदैन । निवेदकका हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन पर्नुभन्दा अगाडि अदालतबाट अन्तिम भएको फैसलाअनुरूप जरिवाना असुलीका लागि पक्राउ भै थुनामा परेपछि मिति २०७२।१।८ मा बेरीतको तामेली म्याद र सोका आधारमा भएको फैसला तथा कैदी पुर्जीसमेत बदर गरिपाउँ भनि यिनै विपक्षीहरूलाई विपक्षी बनाई पुनरावेदन अदालत, पाटनमा ०७१-WO-०८७४ को उत्प्रेषणसमेतको आदेश हुन माग गरि प्रतिवादी दिलबहादुर श्रेष्ठ स्वयम्ले निवेदन दर्ता गरेको प्रमाणमा आएको मिसिलबाट देखिन आउँछ । उक्त निवेदन खारेज हुने ठहरि पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।४।२७ मा आदेश भएको देखिन्छ। उक्त आदेशमा चित्त नबुझे कानूनबमोजिम यस अदालतमा पुनरावेदन गर्न पाउने निजको कानूनी अधिकार हो । परन्तु निवेदक प्रतिवादीले पुनरावेदन अदालतको सो आदेश नमिलेको आधार र कारणसहित उल्टी गरिपाउँ भनि आफ्नो कानूनी अधिकारको उपयोग गरि यस अदालतमा पुनरावेदन नगरि चित्त बुझाई बसेको देखिन्छ । पुनरावेदन अदालतबाट विदेशी विनिमय मुद्दामा तामेल भएको म्याद र फैसलासमेत कानूनबमोजिमको ठहरि अन्तिम आदेश भइरहेको अवस्थामा सोही विषयलाई लिएर निवेदनको स्वरूप परिवर्तन गरि प्रतिवादी निवेदकका हकमा पत्नी झलककुमारी श्रेष्ठले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेको पाइयो । एउटै विषयमा पहिले प्रतिवादी स्वयम्ले पुनरावेदन अदालतमा निवेदन गरि अदालतबाट भएको आदेश अन्तिम भइरहेको अवस्थामा पुनः त्यही कुरालाई छुट्टै बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदक यस अदालतमा प्रवेश गरेको देखिन्छ । यसरी एउटै विषयका बारेमा सक्षम अधिकारप्राप्त अदालतबाट निर्णय भई निर्णय अन्तिम भएको अवस्थामा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट विदेशी विनिमय अपचलन मुद्दामा भएको तामेली म्याद तथा फैसलासमेत बदर गरि गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । दायरीको लगतकट्टा गरि मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : कपिलमणि गौतम
इति संवत् २०७२ साल मङ्सिर ८ गते रोज ३ शुभम्।

## निर्णय नं.९५०२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
आदेश मिति : २०७१।११।३।१
०६९-wo-०७९३

मुद्दा : उत्प्रेषण / प्रतिषेध

निवेदिका : जिल्ला सुनसरी धरानस्थित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवारत रहि हाल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरको उपकुलपति पदमा कार्यरत् वर्ष ४४ कि प्रा.डा.संगिता भण्डारी

विरूद्ध

प्रत्यर्थी : सम्मानित प्रधानमन्त्रीज्यू तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति डा.बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **पदअनुरूप आचरण नगरेको भन्ने कुरा अमूर्त हुन सक्दैन । पदअनुरूप आचरण नगरेको भन्ने कुरा वस्तुगत आधारबाट प्रमाणित भएको देखिनु पर्दछ । तर निवेदकउपरको आरोपहरूलाई पुष्टि गर्ने आधारप्रमाणहरू के थिए, कसरी ती आरोपहरू पुष्टि हुन सके भन्ने कुरा पदबाट हटाइएको जानकारी गराइएको भन्ने पत्रमा उल्लेख भएको देखिँदैन भने विपक्षीहरूको लिखित जवाफबाट पनि सो कुरा पुष्टि हुन नआउने ।**

(प्रकरण नं.७)

- **कुनै पनि संस्थाको उद्देश्य वा लक्ष्य एक्लो व्यक्तिको सक्रियताबाट मात्र सम्भव छैन । संस्थाको सबै अवयवहरूको सहयोग, समन्वय र सामूहिक प्रयासबाट मात्र संस्थाले आफ्नो लक्ष्य साध्य गर्न सक्छ । उपकुलपति विपक्षी प्रतिष्ठानको प्रमुख पदाधिकारी हो तापनि निजको एक्लो प्रयासबाट मात्र प्रतिष्ठानले लक्ष्य प्राप्त गर्न सक्ने भन्ने मान्न नसकिने ।**

(प्रकरण नं.८)

- **प्रतिष्ठानलाई सुचारू राख्ने प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक एवम् प्रतिष्ठानको सर्वोच्च निकाय मानिएको सभाको कर्तव्य जिम्मेवारीलाई अनदेखा गरि प्रतिष्ठानको सम्पूर्ण जिम्मेवारी उपकुलपतिको मात्र हो भन्ने अर्थ गरि प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक र विद्यार्थीहरूले स्वयम् उपकुलपतिको राजीनामा माग गरि वार्ता इन्कार गरि चलाएको अन्दोलनलाई समाधान गर्न नसकेको भन्ने फितलो आधारमा निवेदिका उपकुलपतिको कार्य क्षमताको अभाव वा उपकुलपतिले संस्थाप्रति नकारात्मक भूमिका निभाएको भन्ने विपक्षीहरूको भनाइसित सहमत हुन सकिने आधार नदेखिने ।**

(प्रकरण नं.९)

- **कुनै प्रस्ताव पारित हुनु र नहुनुले पदीय आचरणको मापन हुन सक्दैन । यी निवेदिकाले प्रस्ताव राखेकामा कार्यकारी परिषद्बाट ती प्रस्ताव पारित नभएको भन्ने आधारमा निजको पदअनुरूपको आचरण नभएको भनि देखाउन खोज्नुले निजउपर छानबिन समितिको माग राखि कुलपतिसमक्ष निवेदन दिने प्रतिष्ठान सभाका सदस्यहरूमा निवेदक उपकुलपतिप्रतिको पूर्वाग्रह र प्रवृत्त भावना देखिन आउने ।**

- **कानूनले तोकेको कुनै कार्य निवेदिकाबाट हुन नसकेको हो र कानूनविपरीतको कुन कार्य गरेको हो भन्ने पनि स्पष्ट देखिनु पर्छ । उपकुलपति जस्तो व्यक्ति नियुक्त हुँदाका अवस्थामा योग्य हुने र नियुक्त भएको केही दिनमा नै अयोग्य भएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुन सक्नु पर्ने ।**
- **कुनै पनि संस्थामा कुनै पदाधिकारी पदमा बहाल हुनासाथ उसको कार्य प्रगति एकाएक देखिने होइन । त्यसको लागि कर्मचारीलगायत संस्थामा आबद्ध सबैंको सहयोग, अनुकूल वातावरण र पर्याप्त कार्य समयको आवश्यक हुने ।**
- **निवेदक उपकुलपतिको पदमा बहाल भै काम गर्ने पर्याप्त समय नपाउँदै र निजले गरेको कार्य प्रगति देखिन नपाउँदै कर्तव्य पालन नगरेको, पद अनुकूलको आचरण नगरेको साथै इमान्दारीपूर्वक कर्तव्यपालन नगरेको भनि आरोप लगाई छानबिन समितिसमेत गठन गर्न माग गर्ने सभाका सदस्यको कार्य नै शङ्कास्पद र नियोजित देखिने ।**
- **सभाका सदस्यले छानबिन समितिको माग गरि निवेदन दिएमा कुलपतिले छानबिन समिति गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था प्रतिष्ठान ऐनको दफा २६(१) को हो तथापि त्यस्तो समिति गठन गर्नुपर्ने कारण र औचित्यको विचार नै नगरि समिति गठन गर्न कुलपति बाध्य छ भनि अर्थ गरि कानूनको कठोर व्याख्या गर्न मिल्दैन । कुनै पनि कार्य गर्न अख्तियारी राख्ने पदीय जिम्मेवारी पाएको व्यक्तिले त्यसको औचित्य र आवश्यकताको विश्लेषण र मूल्याङ्कन गर्ने अन्तरनिहित अधिकार अख्तियारवालामा रहन्छ । साथै कुलपतिबाट त्यस्तो कार्य कुन कानूनको प्रतिकूल हो भन्ने पनि हेरिएको देखिनु पर्छ । कसैउपर अभियोग लगाउन त्यसलाई पुष्टि गर्ने कार्य पनि कानूनसम्मत नै हुनु पर्छ । तसर्थ यी निवेदकलाई पदबाट हटाउनको लागि छानबिन समिति गठन गर्नुपूर्व पर्याप्त आधार र कारण खोलि छानबिन समितिको गठन गर्नुपर्नेमा सो नगरि त्यस्तो समिति गठन गर्ने प्रतिष्ठानका कुलपतिको कार्यलाई कानूनसङ्गत मान्न नमिल्ने ।**

(प्रकरण नं.१०)

- **निवेदिकाले समितिसमक्ष उपस्थित भै दिएको अभिव्यक्तिले प्रतिष्ठानमा यी निवेदिकालाई काम गर्न कसरी अवरोध सिर्जना गरिएको रहेछ भन्ने देखिन्छ न कि निजको कार्य असक्षमताको स्वीकारोक्ति । यी निवेदिकाले आफूले कार्य गर्न नसक्नुको कारण देखाउनुलाई निजको असक्षमता हो भन्ने पर्याप्त आधार मान्न नसकिने ।**

(प्रकरण नं.११)

निवेदिकाका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल, विद्वान् अधिवक्ता शेरबहादुर के.सी.

प्रत्यर्थीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, चण्डेश्वरप्रसाद श्रेष्ठ र सरिता भण्डारी

अवलम्बित नजिर :

- ने.का.प. २०५१, नि.नं. ४९८५, पृष्ठ ७४४
- ने.का.प. २०५३ अङ्क १२, नि.नं. ६२९५

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, २०, २७
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३(१)

- पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २०, २०(१), (२), (३), (४), २६(२), २६(५)
- सुशासनसम्बन्धी ऐन, २०६४

आदेश

**न्या.गोपाल पराजुली :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ अनुसार यस अदालतको असाधारण अधिकार क्षेत्रअनुसार दायर भै निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छ :

म निवेदिका वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवारत रहेकामा सम्माननीय प्रधानमन्त्रीज्यूले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको "कुलपति" को हैसियतबाट पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ (यस पछि ऐन भनिएको) को दफा २० को उपदफा (२) अनुसार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति पदमा मिति २०६९/०५/०७ मा नियुक्त गर्नु भएको थियो । ऐनको दफा २०(३) बमोजिम सो पदको पदावधि नियुक्ति मितिले ४ वर्षको निमित्त सुनिश्चित रहेको छ । म निवेदिकाले मिति २०६९/०५/१४ देखि हाजिर भई सेवा गर्न आरम्भ गरेकी छु । म पदमा बहाल भएको लगतैदेखि नै म निवेदिकालाई असफल तुल्याउने र मेरो कार्यमा बाधा अवरोध पुर्‍याउने प्रतिष्ठानभित्रका केही व्यक्तिहरूको क्रियाकलाप सुरू भयो ।

म नियुक्ति भएदेखि नै सिमित स्वार्थ भएका व्यक्तिहरूको स्वार्थ पुरा हुन नसकेपछि उजुरकर्ता भनिएका विपक्षी रजिस्ट्रारसमेतका व्यक्तिहरूले कुलपतिलाई सम्बोधन गरि म निवेदिकाले पद अनुकूलको आचरण नगरेको भनि ऐनको दफा २६(१) बमोजिम मउपर छानबिन गर्न समिति गठन भएकाले छानबिन समिति र समिति गठन गर्ने तत्सम्बन्धी निर्णयसमेत बदर गरिपाउन यसै अदालतमा ०६९-Wo-०५८५ को रिट निवेदन दायर गरि ०६९/०८/०४ मा अन्तरिम आदेशसमेत जारी भैरहेकामा उक्त अन्तरिम आदेशले निरन्तरता नपाएको स्थिति छ ।

छानबिन समितिले कुलपतिसमक्ष पेस गरेको भनिएको २०६९/०९/२६ को प्रतिवेदनमा के कस्तो प्रतिवेदन सिफारिस छ, सो प्रतिवेदन सिफारिस के कति सदस्य उपस्थित भै निर्णय भएको हो लगायत कुनै पनि सूचना मलाई नदिई मलाई उपकुलपति पदबाट हटाउन उपयुक्त हुने भनि सिफारिस गरिएको हो सोसमेत विपक्षी रजिस्ट्रारबाट जानकारी दिएको पत्रमा समेत खुल्दैन । रजिस्ट्रारबाट दिएको जानकारी पत्रमा जिम्मेवारी पुरा गर्ने, नेतृत्वसीप र क्षमता नदेखिएको, प्रतिष्ठानको उद्देश्यअनुसार काम कारवाही गर्न नसकेको, कार्य सम्पादनमा हस्तक्षेप गरेको जस्ता आरोप लगाई विपक्षीसमेत निष्कर्षमा पुगेको भनि कुलपतिलाई सिफारिस गरि कुलपतिबाट मलाई उपकुलपतिको पदबाट हटाउने निर्णय भएको भनि जानकारी गराइएको पत्रबाट म निवेदकउपरको आरोप तथ्यगतरूपबाट प्रमाणित भएको अवस्था छैन । बिना सबुत कसैको इमान्दारिता माथि शब्दजाल प्रयोग गरि दाग लगाउन मिल्दैन । के कसरी पद अनुकूलको आचरण गर्न नसकेको हो, के कसरी अरूको कार्यमा हस्तक्षेप र संस्थाको उद्देश्यविपरीत काम गरेको हो भन्ने आरोप प्रयोग गर्दैमा पुष्टि हुने होइन । म निवेदकका लागि मिति २०६९/०८/२१ मा लिएको स्पष्टीकरणमा सोधिएको व्यहोराभन्दा बाहिर गई विभिन्न नयाँ र तथ्यहित आरोपहरू सृजना गरि सो सम्बन्धमा सफाई पेस गर्ने मौकासमेत प्रदान नगरि प्राकृतिक न्यायको सिद्धान्तविपरीत पदबाट हटाइएको पत्र बुझाइएको छ । ऐनले पदावधि सुनिश्चित गरेकामा मलाई प्रतिष्ठानको काम गर्न नै नदिई आफैँ बन्द हड्ताल गराई आफ्नै उजुरी गरि कथित समिति गठन गरि कथित सिफारिसको आधारमा मेरो अवकाशको जानकारी गराउने कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ । अत: उल्लिखित आधार कारण एवम् मिसिल संलग्न कागजातबाट विपक्षीहरूले म निवेदिकाउपर लगाइएका आरोपहरू प्रमाणित हुन नसकेको, संस्थामा के कस्तो नकारात्मक भूमिका खेलेको वा के हुन् पदनुकूलको

आचरण नगरेको हो सो पुष्टि नगरि कथित हड्ताल भएकै आधारमा कानूनबमोजिम प्राप्त म निवेदिकाको संवैधानिक र कानूनी हकबाट वञ्चित गराउने उद्देश्यले कथित उजुरी पार्न लगाई गैरकानूनीरूपले छानबिन समिति गठन गरि सिफारिस गरि मनोगत र आत्म केन्द्रित भई मलाई सेवाबाट हटाउने गरि विपक्षी सभाबाट भएको मिति २०६९/१०/११ को निर्णय र सोको आधारमा विपक्षी कुलपतिबाट मलाई प्रतिष्ठानको उपकुलपति पदबाट हटाउने गरि भएको भनिएको मिति २०६९/१०/१२ को निर्णय र विपक्षी रजिस्ट्रारले दिएको च.नं. ७९६/०४ मिति २०६९/१०/१२ को पत्र प्रवृत्त भावनाले प्रेरित भई न्यायको विपरीत हुनुको साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, २०,२७ एवम् पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २०(१) (२) (३) (४) र २६(२) एवम् सुशासनसम्बन्धी ऐन, २०६४ समेतको विपरीत भएकाले उत्प्रेषणको आदेशले बदर गरि म निवेदिकालाई मिति २०६९/०५/०७ को नियुक्ति पत्रअनुसार ४ वर्षको कर्यकाल विना अवरोध सेवा गर्न दिनु भनि परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरि पूर्ण न्याय पाउँ साथै प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म अन्य व्यक्तिलाई नियुक्त नगर्नु नगराउनु र म निवेदकलाई बिना रोकटोक काम गर्न दिनु भनि अन्तरिम आदेशसमेत जारी गरि प्रस्तुत विषयलाई अग्राधिकार दिई सुनुवाई गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनि विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा विपक्षीहरूलाई समेत सूचना दिई छलफल गरि निर्णयमा पुग्न वाञ्छनीय देखिएकाले सोको निमित्त विपक्षीहरूलाई सूचना दिई नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।१०।२१ को आदेश।

यसमा सम्बन्धत: ०६९-WO-०८३७ को रिट निवेदन साथै राखि नियमानुसार अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विचारार्थ पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।११।८ को आदेश।

सर्वप्रथम विपक्षीको रिट निवेदन भ्रामक र प्रयोजनहीन रहेको छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ (यसपछि ऐन भनिएको) को दफा २० को उपदफा (३) बमोजिम चार वर्षको लागि विपक्षी उपकुलपतिको पदमा नियुक्त भएपनि निज विरूद्ध सोही ऐनको दफा २६ को उपदफा (१) बमोजिम प्रतिष्ठान सभाका सातजना सदस्यहरूले विपक्षीको पदअनुरूपको आचरण र जिम्मेवारी पुरा नगरेको भनि प्रतिष्ठानका कुलपति एवम् नेपालको प्रधानमन्त्री म डा. बाबुराम भट्टराईसमक्ष मिति २०६९।८।१२ मा दिएको लिखित निवेदनका सम्बन्धमा आवश्यक छानबिन गर्न कुलपतिको हैसियतमा मैले मिति २०६९।८।२० मा सोही ऐनको दफा २६ को उपदफा (१) बमोजिम प्रतिष्ठान सभाका सदस्य एवम् राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. शिवकुमार राईको अध्यक्षतामा प्रतिष्ठान सभाका सदस्य, नेपाल सरकार शिक्षा मन्त्रालयका तत्कालीन सचिव सुरेशमान श्रेष्ठ एवम् सभाका सदस्य एवम् नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रविण मिश्र रहनु भएको तिन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरेको हुँदा उक्त छानबिन समिति गठन गर्ने कार्यलाई अवैधानिक भन्न नमिल्ने भएकाले विपक्षीको रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ।

छानबिन समितिले निवेदिकालाई निजउपर परेको लिखित उजुरीको व्यहोरा उल्लेख गरि सो उजुरीको एकप्रति संलग्न गरि सफाइ पेस गर्न पत्र पठाएको र निज उपस्थित भै मौखिक तथा लिखत स्पष्टीकरण पेस गरेकाले सफाइको मौका नदिएको भन्न मिल्दैन। छानबिन समितिले छानबिनको सिलसिलामा प्रतिष्ठानका पदाधिकारीहरू, उजुरीकर्ताहरू, चिकित्सक, विद्यार्थी र कर्मचारीहरूसँग बुझि छानबिनको

आवश्यक प्रक्रिया पुरा गरि सङ्कलित प्रमाणहरूको मूल्याङ्कन गर्दा उपकुलपतिमा उपकुलपतिको पदअनुरूपको जिम्मेवारी पुरा गर्न सक्ने व्यवस्थापकीय कौशल र सीप नरहेको, कार्यकारी परिषद्मा छलफल नै नगरि सभामा ठाडो प्रस्ताव पेस गरेको, बुझिएका अधिकांश व्यक्तिहरूले निजलाई उपकुलपतिको पदमा राखिरहन उपयुक्त नभएको एवम् निजको कारणबाट भइरहेको आन्दोलनको कारण प्रतिष्ठानको काम कारवाही प्रभावित भइरहेको अवस्थामा संस्थालाई धरासयी हुनबाट जोगाउन निजलाई उपकुलपतिको पदबाट हटाउन उपयुक्त देखिएको र अब उप्रान्त उपकुलपति नियुक्ति गर्दा सम्बन्धित व्यक्तिबाट vision paper लिई नियुक्ति गर्नु पर्ने भनि मिति २०६९।९।२६ मा छानबिन समितिले सिफारिससहितको लिखित प्रतिवेदन कुलपतिसमक्ष पेस गरेको हुँदा कुनै आधार र कारण बिना हटाइएको भन्ने रिट निवेदिकाको दाबी तथ्यमा आधारित नरहेकाले रिट निवेदन खारेज भागी छ।

रिट निवेदिकाको सम्बन्धमा प्रतिष्ठान सभाका सात जना सदस्यहरूले कुलपतिसमक्ष दिएको लिखित निवेदन उजुरीमा उल्लिखित आरोप पुष्टि गर्ने आधार विद्यमान छ वा छैन भनि सम्मानित अदालतले रिट निवेदनको रोहबाट निरूपण गर्ने विषय पनि होइन । सो सम्बन्धमा गठित छानबिन समितिले आवश्यक छानबिन गरेर छानबिन समितिको छानबिनको प्रतिवेदन प्रतिष्ठान सभामा पेस भई सो सभाको निर्णयबमोजिम निजलाई कुलपतिको निर्णयबाट हटाइएको र त्यस क्रममा कुनै कानूनी वा प्रक्रियागत त्रुटि नभएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने आधार र कारण रहेको छैन।

तसर्थ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको तत्कालीन उपकुलपति प्रा. डा. संगिता भण्डारीका सम्बन्धमा लिखित उजुरी परेपछि छानबिन गर्न कानूनबमोजिम छानबिन समितिगठन भै छानबिन समितिले निजलाई उचित र प्रयाप्त मौका दिई सम्बद्ध सरोकारवाला र पदाधिकारीहरू बुझि निजलाई उपकुलपतिको पदबाट हटाउन उपयुक्त हुने भनि गरेको सिफारिस सहितको प्रतिवेदन प्रतिष्ठानको सभामा पेस भै छलफल गरि सभाको बैठकबाट सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकाले रिक्त पदमा जयनारायण शाहलाई नियुक्तिसमेत गरिसकेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिष्ठानका कुलपति एवम् प्रधानमन्त्री बाबुराम भट्टराईको २०६९।११।१८ को लिखित जवाफ।

रिट निवेदक पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २० को उपदफा (२) बमोजिम चार वर्षको लागि उपकुलपतिको पदमा नियुक्त भएको भए तापनि निज विरूद्ध उक्त ऐनको दफा २६(१) बमोजिम प्रतिष्ठान सभाका सात जना सदस्यले पदानुकूलको आचारण र जिम्मेवारी पुरा नगरेको भनि प्रतिष्ठानका कुलपति एवम् प्रधानमन्त्रीसमक्ष दिएको लिखित निवेदनका सम्बन्धमा छानबिन गर्न २०६९/०८/२० मा उक्त ऐनको दफा २६(१) बमोजिम तिन सदस्यीय समिति गठन भै सो समितिले दिएको प्रतिवेदनको आधारमा दफा २६(२) को प्रक्रिया पुरा गरि निजलाई उपकुलपति पदबाट हटाउने कार्य भएको अवस्था हुँदा मागबमोजिमको आदेश जारी हुनु पर्ने होइन । ऐनको दफा २६(१) बमोजिम गठित समितिले उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्यको पालन नगरेको भनि सिफारिस गरेमा सो कुरा सभाको बैठकले पारित गरेमा कुलपतिले त्यस्तो उपकुलपतिलाई पदबाट हटाउन सक्ने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट सो मन्त्रालयका सचिव डा.प्रविण मिश्रको मिति २०६९/११/१६ को लिखित जवाफ।

साबिकमा विकास समिति ऐन, २०१३ अन्तर्गत सञ्चालित र अस्पतालको व्यवस्थापन समिति र कर्मचारीको सामूहिक छलफलपश्चात् हुने निर्णयका आधारमा व्यवस्थापन हुँदै आइरहेको र प्रतिष्ठानको कुनै पनि पदाधिकारी एवम् अधिकृत एवम् कर्मचारीको व्यक्तिगत तवरमा निर्णय गर्न सक्ने अवस्था

छैन। कार्यकारी परिषद्बाट प्रतिष्ठानको सर्वोच्च अङ्ग सभामा छलफल हुने कार्य सूचीको निर्धारण भई सभामा छलफल र निर्णय हुने गरि आएकामा विपक्षी रिट निवेदक उपकुलपति पदमा नियुक्त भएको करिब डेढ महिना पनि नबित्दै मिति २०६९/०६/२२ मा बसेको सभाको बैठकमा प्रतिष्ठानको प्राज्ञिक, आर्थिक प्रशासनिक तथा अस्पतालसम्बन्धी काम कारवाहीमा आवश्यक निर्णय गराउने अधिकार उपकुलपतिमा निहित हुनु पर्ने भनि विशेष प्रस्ताव सिधा प्रस्तुत गर्नु भयो।

तत्सम्बन्धमा प्रतिष्ठानबाट कुनै पनि प्रस्ताव सभामा पेस गर्दा सिधै प्रस्ताव पेस गर्ने परिपाटी बसाल्नु राम्रो नभएको र सामूहिक नेतृत्व र कार्य सञ्चालन गर्ने प्रतिष्ठानको सुसंस्कृतिलाई कायम गर्नु उचित हुने भनि सभामा पेस हुने कुनै पनि प्रस्ताव कार्यकारी परिषद्को निर्णय गराएर मात्र ल्याउन सभाबाट निर्देशन भएको थियो । निवेदक उपकुलपतिबाट प्रतिष्ठानको पहिलेदेखिको सामूहिक छलफल र निर्णयका आधारमा विकेन्द्रीकृत कार्य विभाजन गरि कार्य सञ्चालन हुने मूल्य मान्यता र परम्परा तथा प्रतिष्ठानको विद्यमान नियम विनियममाथि प्रहारको सुरूबाट भएको थियो। विपक्षी निवेदकले कार्यकारी परिषद्मा छलफल नै नगराई मिति २०६९/०६/२५ मा शिक्षाध्यक्षको नियुक्तिको सिफारिस भै नियुक्ति भएर आयो । यसैमा प्रतिष्ठानका शिक्षक, चिकित्सक विपक्षीलगायतका कर्मचारीको विरोध सुरू भै विपक्षी निवेदकको क्रियाकलाप प्रति असन्तुष्टि प्रकट गर्ने क्रममा मिति २०६९/०७/२१ मा प्रतिष्ठानको राष्ट्रिय सल्लाहकार बोर्डको विज्ञप्ति, २०६९/०७/२३ सम्पूर्ण विद्यार्थीको विज्ञप्ति र विपक्षीबाट शान्तिपूर्ण आन्दोलनमा प्रहरी दमन भएका कारणबाट २०६९/०७/२७ मा प्रतिष्ठानको संघर्ष समितिको अपिल र २०६९/०८/०३ मा पुन: विद्यार्थीहरूबाट विज्ञप्ति प्रकाशित भएको थियो । शिक्षाध्यक्षको नियुक्तिमा चिकित्सकहरूले इच्छा नदेखाएकाले वरिष्ठ शिक्षक, पूर्व पदाधिकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सल्लाकार समितिसित परामर्श गरि नियुक्ति गरिएको भन्ने विपक्षी निवेदकको विज्ञप्ति प्रकाशित भएपनि त्यस्तो परामर्श नभएको र राजनैतिक हस्तक्षेपको महसुस भएको भन्ने विज्ञप्तिमार्फत प्रतिक्रिया प्राप्त भएको देखिन्छ । जसले गर्दा अस्पतालमा समस्या सृजना भै लामो समयसम्म आन्दोलन भै अस्पतालको छवि धमिलिन पुगेकाले विपक्षी रिट निवेदकको नकारात्मक भूमिका भै पदअनुसारको आचरण र व्यवहार नभएको भन्दै प्रतिष्ठान सभाका सातजना सदस्यले ऐनको दफा २६ बमोजिम कुलपतिसमक्ष निवेदन परि कुलपति सम्माननीय प्रधानमन्त्रीज्यूबाट कुलपतिको हैसियतले तिन सदस्यीय छानबिन समिति गठन भएको हो । छानबिन समिति गठनपछि निज उपकुलपति स्वत: निलम्बन हुने ऐन दफा २६(२) को कानूनी व्यवस्थाविपरीत निजले उपकुलपतिको हैसियतले प्रतिष्ठानका रजिस्ट्रार, डिन, लेखा शाखा विभागीय प्रमुखहरू समेतलाई पत्राचार गरि विज्ञप्तिसमेत निकालेबाट निजले पदअनुसारको आचरण पुरा नगरेको प्रस्ट छ । लिखित उजुरीका आधारमा कुलपतिबाट छानबिन समिति गठन भएपछि विपक्षीका उपर लागेको आरोप सम्बन्धमा सम्बन्धित आरोपित व्यक्ति, उजुरीकर्ता, प्रतिष्ठानका पदाधिकारी कर्मचारी एवम् अन्य सरोकारवालासित बुझि प्रमाण सङ्कलन गरि मूल्याङ्कन गरि प्रतिवेदन पेस गर्नु पर्ने कानूनी दायित्व हुन्छ। समितिले विपक्षी निवेदकलाई आफूलाई लागेको आरोप प्रमाणसहित खण्डन गर्ने वा प्रतिवाद गर्ने अवसर प्रदान गरि सूचना जारी गरेको र सूचनाबमोजिम उजुरवाला निवेदकहरूले छानबिन समितिमा आफ्नो निवेदनलाई पुष्टि गर्ने कारण आधार पेस गरेका र विपक्षी रिट निवेदकले पनि स्वेच्छाले २०६९/०८/२५ मा लिखित स्पष्टीकरण र सोही मितिमा बयानसमेत दिएबाट समितिले प्राकृतिक न्यायको सिद्धान्तविपरीत पूर्वाग्रहित भै निज विरूद्ध कुनै काम नगरेको प्रस्ट हुन आउँछ । छानबिनको क्रममा समितिले विद्यार्थी, प्रशासन, प्राविधिक तथा शैक्षिक कर्मचारी पदाधिकारी पूर्व उपकुलपति, सल्लाहकार, सेवा आयोगका

अध्यक्षलगायतका व्यक्ति बुझ्दा उपकुलपतिको कार्य क्षमता र नेतृत्व क्षमतामाथि प्रश्न चिन्न उठाएको र निज संस्थामा रहि रहे संस्था धरासायी हुने धारणासमेत व्यक्त गरेकाले सोहीबमोजिमको प्रतिवेदन कुलपतिसमक्ष पेस भएको हो । यस्तो समितिबाट पेस भएको प्रतिवेदन सभाको बैठकमा पेस गर्नु पर्ने अनिवार्य कानूनी व्यवस्था भएबमोजिम मिति २०६९/१०/११ मा समक्ष प्रतिवेदन पेस भै छलफल हुँदा सभाको बैठकको सर्वसम्मतिबाट रिट निवेदक उपकुलपति डा.संगिता भण्डारीलाई उपकुलपति पदबाट हटाउने निष्कर्षमा सभा पुगेको हुँदा छानबिन समितिको उक्त सिफारिससहितको प्रतिवेदन सर्वसम्मतिले पारित भै पदबाट हटाउने निर्णय भै रजिस्ट्रारमार्फत जानकारी गराइएको हुँदा समितिको कुनै पनि कार्यले रिट निवेदिकाको संविधान वा कानून प्रदत्त हक अधिकारमा आघात नपुगेकाले उक्त रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिष्ठानका रजिस्ट्रार कृष्णबहादुर भण्डारीसमेत जना ६ को मिति २०६९/११/२४ को संयुक्त लिखित जवाफ।

निवेदिकाले उपकुलपति पदबाट हटाउने विपक्षी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको निजको स्थानमा डा.जयनारायण साहलाई नियुक्ति गर्ने गरेको निर्णयसमेत बदर गरि पाउन माग गरेको देखिन्छ । सो निर्णयहरू बदर हुने नहुने मूल प्रश्न भै निर्णयको औचित्य र बैधताको सम्बन्धमा पूर्ण सुनुवाई हुँदा नै सम्बोधन हुने विषय भएकाले हाल अन्तरिम आदेशको रोहमा टुङ्गो लगाउन सकिने विषय नदेखिँदा मागबमोजिम तत्काल अन्तरिम आदेश जारी गर्न मिलेन भन्ने लगाउको ०६९-WO-०८३७ को मुद्दामा भएको यस अदालतको मिति २०६९।१२।६ को आदेश।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदनसहितको मिसिल अध्ययन गरि निवेदक तथा विपक्षीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको बहससमेत सुनि निर्णय सुनाउन पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदक तथा विपक्षीहरूबाट पेस हुन आएको बहसनोटसमेत अध्ययन गरियो । निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले यी निवेदक २०६८।५।७ मा नियुक्त भै २०६९।५।१७ मा हाजिर भै काम गर्न थालेको र शिक्षाध्यक्षको नियुक्तिको लागि सिफारिस गरि २०६९।६।२२ मा सहकुलपतिबाट शिक्षाध्यक्षको नियुक्ति भएबाट शिक्षाध्यक्ष र उपकुलपतिको राजीनामासमेत माग गरि आन्दोलन गरेकाले आन्दोलनरत पक्षसित वार्ता गर्नुको औचित्य नरहेको, त्यस्तो अवस्थामा इमान्दारीपूर्वक काम नगरेको, पदनुकूलको आचरण नगरेको, पदीय जिम्मेवारी पुरा नगरेको बापतमात्र पदबाट हटाउन सकिने हो तर छानबिन समिति गठनको माग गर्न निवेदन दिने व्यक्तिसमेत आन्दोलनमा सहभागी भएकाले समिति नै पूर्वाग्रही छ । समिति गठनमा गर्न पूर्वसर्त तोकिएको छैन। समिति प्रवृत्त भावना र पूर्वाग्रह प्रेरित भै गठन गरिएको छ । उपकुलपतिलाई पदमुक्त गर्ने प्रकिया एक प्रकारको महाभियोग जस्तै हो। जसको लागि पूर्वसर्त हुनु आवश्यक छ। पदमुक्त गर्ने कारवाही औपचारिक मात्र होइन ठोस र वस्तुगत पनि हुनु पर्छ तर समितिको गठन तथा प्रतिवेदन औपचारिकता मात्र देखिन्छ भन्ने बहस प्रस्तुत गर्नु भयो।

निवेदककै तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शेर बहादुर के.सी.ले यी निवेदकलाई मिति २०६९।५।७ मा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति पदमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २०(२) अनुसार ४ वर्षको लागि नियुक्त गरिएकाले निजको पदावधि सुनिश्चित छ । यी उपकुलपतिले पद बहाली गरेदेखि नै सीमित स्वार्थ भएका व्यक्तिहरूले अस्पतालको नियमित काम कारवाहीमा अवरोध सृजना गरि काम गर्न नदिएको अवस्थामा केही व्यक्तिहरूले प्रधानमन्त्री अर्थात् कुलपतिसमक्ष उजुरी गरि निवेदक विरूद्ध छानबिन समिति गठन गरियो । ऐनको दफा २६ बमोजिम पदीय जिम्मेवारी पुरा नगरेमा, पदअनुरूपका आचरण नगरेमा वा इमान्दारीपूर्वक कर्तव्य पालन

नगरेको अवस्थामा मात्र निवेदकलाई उपकुलपति पदबाट हटाउन सकिने हो तर निजले उक्त ऐनको दफा २६ विपरीत कुनै कार्य नगरेकाले उक्त छानबिन समिति गठन विरूद्ध निवेदकबाट रिट नं. ०६९-WO-०७९३ को रिट दायर भै अन्तरिम आदेशको छलफलको लागि विपक्षीहरूका नाममा म्याद सूचना जारी भएकामा समेत अदालतको आदेश अटेर गरि विपक्षी कुलपतिबाट विपक्षी जयनारायण शाहलाई उपकुलपति पदमा नियुक्तिका लागि सिफारिस भै २०६९।१०।२८ मा नियुक्ति निर्णयसमेत भएको हुँदा प्रस्तुत रिट निवेदन दायर गर्नु परेको हो । लामो समयदेखि रिक्त शिक्षाध्यक्षको पदमा नियुक्ति गर्न यी निवेदकले उपकुलपतिको हैसियतले सहकुलपतिसमक्ष ३ जनाको नाम सिफारिस गरि पठाएकोसम्म हो जसमा निवेदकको कुनै पूर्वाग्रह छैन, अस्पतालको सेवा सञ्चालनमा यी निवेदकले कुनै विरोधी भूमिका वा क्रियाकलाप नगरेकामा निवेदक विरूद्ध हठात्‌रूपमा छानबिन समिति गठन गर्नु आफैँमा पूर्वाग्रहित र प्रवृत्त भावनाले प्रेरित छ, त्यसैले सो समितिको गठन तथा त्यसले गरेको सिफारिस बदर भागी छ, निवेदकको पदावधि ऐनको दफा २० अनुसार चार वर्ष सुरक्षित रहेकामा उल्लिखित समितिको सिफारिसमा पदबाट हटाई अर्को व्यक्तिलाई नियुक्ति दिने निर्णय र कार्य ऐनको दफा २०(३) को विपरीत भएकाले बदर हुनु पर्छ, निवेदकको के कस्तो र कुन व्यवहारबाट पदीय जिम्मेवारी पुरा नभएको हो वा प्रतिष्ठानको अहित हुन गएको भनि विपक्षी छानबिन समितिको प्रतिवेदन तथा सभा र कुलपतिको निर्णयमा खुलाउन सकेको पाइँदैन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (बैठक सञ्चालन, पदाधिकारीको काम कर्तव्य अधिकार तथा पारिश्रमिक र सुविधासम्बन्धी) नियमावली, २०६४ (यसपछि नियमावली भनिएको) को नियम ४(४) बमोजिम भनि पदअनुरूपको जिम्मेवारी पुरा गर्ने नेतृत्व, सीप र क्षमता नदेखिएको, आर्थिक काम कारवाहीमा मात्र चासो राखि संस्थाको समग्र उद्देश्य, मर्म, भावनालाई आत्मसात् गर्न नसकेको, अनुचित हस्तक्षेप गरेको भन्नेसमेतको आरोप लगाई पदमुक्त गरिएको तर यी कुरा उजुरी, स्पष्टीकरण पत्र तथा समितिको प्रतिवेदनसमेत अन्य कतै उल्लेख गरि सो आरोप विरूद्ध सफाइ दिन पाउने अवसर नै नदिई स्वच्छ सुनुवाईको सिद्धान्त प्रतिकूल आत्मपरक एवम् स्वेच्छाचारी निर्णय गरि पदमुक्त गरिएकाले विपक्षीको काम कारवाही ऐनको दफा २०(५) को प्रतिकूल छ, पहिलो रिट नं. ०६९-WO-०५८५ को रिट निवेदनमा २०६९।८।२४ मा अन्तरिम आदेश जारी भैरहेकामा समेत यी निवेदिकाले छानबिन समितिलाई सहयोग पुर्‌याउने मनसायले लिखित बयान तथा जानकारीसमेत गराएकामा एक्कासी यी निवेदकलाई पदबाट हटाउन उपयुक्त हुने भनि प्रतिवेदन दिएको रहेछ तर त्यस्तो प्रतिवेदन दिनुअघि निवेदकले आफूलाई लागेको आरोपको सफाइ पेस गर्ने मौका निवेदकलाई दिनु पर्नेमा नदिई पदबाट हटाउने सिफारिस गर्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ भने २०६९।१०।११ को निर्णयमा निर्णयकर्तासमेत उजुरीकर्ता भै निवेदक पदमुक्त भएको जानकारीसमेत यिनै व्यक्तिबाट दिएकाले उजुरीकर्ता एवम् निर्णयकर्तासमेत भएको अवस्था हुँदा उक्त निर्णय स्वेच्छादारी तथा बदनियतपूर्ण र पूर्वाग्रही छ, छानबिन समितिले यी निवेदिकाले कुनै पनि कार्य संस्थाको अहित हुने गरि अनुचित किसिमले गरेको भनि प्रमाणित गर्न सकेको अवस्था छैन बरू निवेदक उक्त पदमा नियुक्ति हुनासाथ क्रियाशील भै संस्थाको हित र प्रगतिको काम गर्न खोज्दा खोज्दै समितिमै रहेको व्यक्तिसमेतको उक्साहटमा काम गर्न नदिएको अवस्था हो । तथापि निवेदकले नियुक्तिपश्चात् प्राज्ञिक तथा प्रशासनिक बैठकहरू सम्पन्न गराएको, बजेटसम्बन्धी सभा सम्पन्न गराएको, मेडिकल काउन्सिलको बैठक गरेको, शिक्षाध्यक्ष नियुक्तिको सिफारिसलगायतका काम कारवाहीबाट निवेदक उपकुलपतिको कार्य क्षमता र कार्य शैली र कार्य कुसलता हुँदाहुँदै अनावश्यक खोट लगाई मानमर्दनसमेत गर्ने कामसमेत विपक्षीबाट भएको छ। तसर्थ विपक्षी समिति, कुलपतिलगायतका विपक्षीको काम कारबाही निवेदकलाई पद मुक्त गर्न गरेको निर्णय

पूर्वाग्रही, प्रवृत्त भावनाले प्रेरित भै प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुनुको साथै ऐनको दफा २०, २६ समेतको प्रतिकूल र सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५३, नि.नं. ६२९५, पृष्ठ ८११, ने.का.प. २०५९, नि.नं. ७०७२, पृष्ठ १, ने.का.प. २०६७, नि.नं. ८५२६, पृष्ठ २११०, ने.का.प. २०६९, नि.नं. ८८५७, पृष्ठ १०४१, मा प्रतिपादित नजिर तथा प्रतिपादित सिद्धान्तहरू समेतको प्रतिकूल हुँदा निवेदकलाई पदबाट हटाउन गरिएको छानबिन समिति गठनको निर्णय र त्यसको प्रतिवेदन, २०६९।१०।११ को सभाको निर्णय र २०६९।१०।१२ को कुलपतिको निर्णय लगायतका कामकारवाही बदर गरि यी निवेदिकालाई पुनः उपकुलपति पदमा बहाल गराउनु भन्ने आदेश जारी हुनुपर्दछ भन्ने बहस प्रस्तुत गर्दै सोहीबमोजिमको बहस नोटसमेत पेस हुन आएको देखियो।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता कृष्णजिवी घिमिरेले प्रतिष्ठान ऐनको दफा २६(१) ले उपकुलपति इमान्दारी नभएमा, पदअनुकूलको आचारण नगरेमा र पदीय जिम्मेवारी कुलपतिले छानबिन समिति गठन गर्ने भनिएकाले समिति गठन अनिवार्य भएकाले समितिको वैधता पुष्टि हुन्छ, छानबिन समितिले सिफारिस गर्नेसम्म हो, त्यो प्रस्ताव सभाले पारित गरेमा कुलपतिले हटाउने बाध्यात्मक कानूनी व्यवस्था छ, पदबाट हटाउनु अघि सफाई पेस गर्न मौका प्रदान गर्नु पर्छ भनेकामा त्यो मौका निवेदकलाई उपलब्ध गराइएको हुँदा समितिको काम कानूनबमोजिम कै छ भने निवेदकसमेतले समितिको वैधतालाई स्वीकार गरेको देखिन्छ, सुनुवाइको मौका प्रदान गरिएको छ त्यसैले समितिको काम कारवाहीलाई चुनौती दिने अधिकार निवेदकलाई छैन, कारण जेसुकै भए पनि कर्तव्य पालन गर्न सकिन भनि लिखितरूपमा स्वीकार गर्नु भएको छ। संस्था सुचारू राख्नु पर्नेमा निजका कारण संस्था नै धरासायी हुने अवस्था भएकाले निजलाई पदबाट हटाउन अनिवार्य भएकाले मागबमोजिम रिट जारी हुनु पर्ने होइन भन्ने बहस प्रस्तुत गर्नु भयो।

विपक्षीतर्फ उपस्थित वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले सिफारिस समिति र छानबिन समिति एकै होइनन्। सभाका एक चौथाई सदस्यले निवेदन नगरि छानबिन समिति नै गठन हुन सक्दैन। लिखितरूपमा सभाका सदस्यले माग गरेमा कुलपतिले इन्कार गर्न नसक्ने हुँदा यसले नचाहेमा उपकुलपति बहालमा रहन सक्ने अवस्था हुँदैन। गठित छानबिन समितिले सफाईको मौका दिएकाले प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरिएको छैन। विवाद जुनसुकै कारणबाट सिर्जना भए पनि विवादको निरूपण गरि संस्थालाई सुचारू राख्नु पर्ने जिम्मेवारी उपकुलपतिको भएकाले र संस्था सुचारू हुन नसकेबाट निजको कार्यक्षमताको अभाव देखिएको छ। समिति गठन दुषित मनसायबाट भएको होइन। समितिले दिएको प्रतिवेदनसमेत सभाले बहुमतले पारित गरेको छ। त्यसैले निजलाई कानूनबमोजिम नै पदबाट हटाइएकाले रिट जारी हुन सक्दैन भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो।

विपक्षीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वरप्रसाद श्रेष्ठले विपक्षी निवेदक संगिता भण्डारीलाई ऐनको दफा २० बमोजिम ४ वर्षका लागि प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरिएको हो। तथापि यसरी नियुक्त उपकुलपति सदा सर्वदा सो पदमा रहनै पर्छ भन्ने होइन। ऐनको दफा २६ ले त्यस्तो उपकुलपतिले पदीय जिम्मेवारी पुरा नगरेमा वा पदअनुरूपको आचरण नगरेमा वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेमा प्रतिष्ठान सभाका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा छानबिन समिति गठन गर्न सक्ने र त्यस्तो समितिले छानबिन गरि त्यस्तो उपकुलपतिलाई पद मुक्त गर्ने गरि प्रतिवेदन पेस गरेमा कुलपतिले सो प्रतिवेदन सभामा पेस गरि सभाले पारित गरेमा कुलपतिले त्यस्तो उपकुलपतिलाई पदमुक्त गर्नुपर्ने ऐनको दफा २६ को बाध्यात्मक व्यवस्थाअनुरूप निवेदकलाई पदबाट मुक्त गरिएको हो, यी निवेदक प्रतिष्ठानको उपकुलपति पदमा

नियुक्त भई कार्य गर्न थालेपछि शिक्षक कर्मचारी तथा विद्यार्थीहरूले निज एवम् शिक्षाध्यक्षको राजीनामाको माग गरि चरणबद्ध आन्दोलन गरेको, यसबाट संस्थाको छवि धमिलिएको र उपकुलपतिले आफ्नो पदअनुरूप आचरण व्यवहार नगरि संस्थाप्रति नकारात्मक भूमिका खेलेको समेत कारण संस्था अगाडि बढ्न नसक्ने निर्क्यौल भई सभाका एक चौथाइ सदस्यले निजउपर छानबिन समिति गठन गर्न कुलपतिसमक्ष निवेदन दिई माग गरेकाले त्यसरी माग भएको अवस्थामा कुलपतिले छानबिन समिति गठन गर्नुको विकल्प नरहेको ऐनको दफा २६(१) को कानूनी व्यवस्थाअनुसार छानबिन समिति गठन भएकाले छानबिन समिति कानूनबमोजिम गठन भएको हुँदा त्यस्तो समिति बदर गरिपाउँ भन्ने निवेदन माग स्वतः गैरकानूनी छ, छानबिन समिति गठनपश्चात् निवेदक समितिसमक्ष उपस्थित भई आफ्नो स्पष्टीकरण दिएको अवस्थामा समितिको वैद्यता माथि प्रश्न उठाउन मिल्ने होइन, छानबिन समितिले कार्य सम्पन्न गरि प्रतिवेदन पेस गरिसकेकाले निवेदकको निवेदनको औचित्य नै समाप्त भइसकेको छ, छानबिन समितिले विपक्षी निवेदकलाई आफ्नो सफाई पेस गर्न निज विरूद्ध परेको उजुरीको प्रतिलिपिसहित जानकारी गराएको र निजबाट स्पष्टीकरणसमेत पेस भएको अवस्था हुँदा सुनुवाईको अवसर प्रदान गरिएको छ, निजको स्पष्टीकरणमा आन्दोलनका कारण म निवेदिकालाई कर्तव्य पालन गर्न बाधा पुगेको र अस्पताल कर्मचारीभित्रैबाट शिक्षाध्यक्ष नियुक्त गर्नु पर्नेमा बाहिरका व्यक्तिलाई गरेको भनि विरोध कार्यक्रम सुरू भएको भन्ने भनाईबाट विपक्षी निवेदकको कार्य असक्षमता पुष्टि हुन्छ, समितिले स्पष्टीकरण माग गरि बयान लिने कार्यसमेत भएपछि पुनः कुलपतिले स्पष्टीकरण लिनुपर्ने कानूनी व्यवस्था छैन, उपकुलपति जस्तो पदमा आसिन व्यक्तिले आफ्नो व्यावसायिक योग्यतामात्र भएर हुँदैन संस्था सञ्चालन गर्ने प्रशासनिक योग्यता र सक्षमता राख्नु पर्नेमा सो भएको देखिँदैन, सामूहिक छलफल र सहमतिका साथ निर्णय गर्ने अस्पतालको परम्परालाई उल्लङ्घन गरि प्राज्ञिक, आर्थिक, प्रशासनिक कारवाहीमा निर्णय गराउने अधिकार उपकुलपतिमा हुनु पर्ने भनि पेस गरेको प्रस्तावमा सबै सदस्यहरू विपक्षमा उभिएको र विपक्षी निवेदककै कार्यले संस्थाको उद्देश्य पुरा हुन नसक्ने गरि आन्दोलन भै आन्दोलन निरन्तर चलिरहेकामा संवाद आदिबाट टुङ्गो लगाउने जिम्मेवारी भएको उपकुलपतिले चाहेमा समस्या समाधान हुनेमा निज गैरजिम्मेवार रहेकाले समस्या समाधान हुन नसकेको भन्ने निजले छानबिन समितिलाई दिएको बयानबाट देखिएकाले निजको कार्य असक्षमता र पद अनुकूलको आचरण नगरेको स्पष्ट हुन्छ, यस्तो अवस्थामा छानबिन समिति गठन भई समितिले सिफारिस र सभाबाट पारित प्रस्तावअनुसार कुलपतिबाट पदमुक्त गरेको कार्यलाई प्रवृत्त भावना र स्वेच्छाचारी ढङ्गले भएको भन्न मिल्दैन, समितिले पेस गरेको प्रतिवेदनउपर सभाको बैठकमा पदबाट हटाउन पारित प्रस्तावअनुरूप कुलपतिबाट पदमुक्त गरिएको कार्य कानूनअनुरूप छ । यसरी निजलाई पदमुक्त गरेपश्चात् विपक्षी जय नारायण साहलाई उपकुलपति पदमा नियुक्त गरि निजले कार्य सञ्चालनसमेत गरिरहेको अवस्थामा निवेदन मागबमोजिम निवेदकलाई उपकुलपति पदमा पुनर्वहाली गराउने र विपक्षी जय नारायण साहलाई उपकुलपति पदबाट हटाई पाउँ भनि परेको निवेदन स्वयम् गैरकानूनी हुँदा मागबमोजिम आदेश जारी हुन पर्ने होइन, निवेदन खारेज हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्दै सोहीबमोजिमको बहसनोटसमेत प्रस्तुत गर्नु भयो ।

विपक्षीतर्फबाट उपस्थित अर्का वरिष्ठ अधिवक्ता सरिता भण्डारीले कानूनको त्रुटि, अधिकारक्षेत्रको गलत प्रयोग, प्राकृतिक न्यायको सिद्धान्तको विपरीत, कानूनी उल्लङ्घन आदि कारण भएमा मात्र रिट जारी हुने हो । निवेदकले ऐनको दफा २० को नियुक्ति स्वीकार गरिसकेपछि दफा २६ को कानूनी प्रावधानलाई पनि स्वीकार गर्नु पर्छ, शिक्षक विद्यार्थी कर्मचारीहरूबाट निरन्तर आन्दोलन भै संस्था बचाउनको लागि पनि उपकुलपतिलाई हटाउन भनि सभाका सदस्यहरूले उजुरी दिएका हुन्, दफा

२६ को व्यवस्था आदेशनात्मक भएकाले कुलपतिले छानबिन समितिको गठनलगायत समितिको प्रतिवदेन सभाले पास गरेको अवस्थामा उपकुलपतिलाई पदमुक्त गर्नै पर्ने हुन्छ, संस्थाको जिम्मेवारी सम्हालेपछि सबैलाई मिलाएर लैजानु पर्ने जिम्मेवारी र दायित्व उपकुलपतिको हो, यस्तो दायित्व पुरा गर्न नसकेबाट निजको कार्यक्षमताको अभाव देखियो, सभा प्रतिष्ठानको सर्वोच्च निकाय भएकाले सभाबाट पारित प्रस्तावलाई कुलपतिले इन्कार गर्न नसक्ने हुँदा सभाले पदबाट हटाउन सिफारिस गरेको अवस्थामा कुलपतिले त्यस्तो उपकुलपतिलाई पदबाट हटाउन पर्ने कानूनी व्यवस्था हुँदा निवेदकलाई गैरकानूनीरूपबाट हटाएको नहुँदा रिट जारी हुन सक्दैन भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

यसमा यी निवेदिकालाई कुलपतिबाट पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति पदमा चार वर्षको लागि नियुक्त गरि प्रतिष्ठानमा भएको आन्दोलनसमेतको कारण निजलाई पदीय जिम्मेवारी पुरा नगरेको वा इमान्दारीपूर्वक कर्तव्य पुरा नगरेको भन्ने आधारमा निज विरूद्ध छानबिन गर्न कुलपतिबाट प्रतिष्ठान ऐनको दफा २० बमोजिम छानबिन समिति गठन भएकामा सो छानबिन समिति गठन हुन नपर्ने गठन भएको छानबिन गर्न नपाउने गरि रोक लगाएको सो समिति बदर गरिपाउँ भनि यी निवेदिकाले यस अदालतमा निवेदन दिए पनि उक्त छानबिन समितिले छानबिनको कार्य सम्पन्न गरि मिति २०६९।९।२६ मा आफ्नो प्रतिवेदन बुझाएको र सो प्रतिवेदनका आधारमा २०६९।१०।११ को सभाको निर्णय र सोको आधारमा विपक्षी कुलपतिबाट यी निवेदिकालाई प्रतिष्ठानको उपकुलपति पदबाट हटाउने गरि मिति २०६९।१०।१२ को निर्णय र च.नं. ७९६/०४ मिति २०६९।१०।१२ को पत्रबाट निवेदिकालाई जानकारी दिएकाले उक्त निर्णय र पत्रहरू संविधानको धारा १२, २०, २७ एवम् पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ दफा २०(१), (२), (३), (४), २६(२) एवम् सुशासनसम्बन्धी ऐन, २०६४ समेतको विपरीत भएकाले उत्प्रेषणको आदेशबाट बदर गरि नियुक्तिपत्र अनुसार ४ वर्षको सेवा अवधिभर कार्य गर्न दिनु भनि परमादेशको आदेश जारी गरिपाउँ भनि प्रस्तुत निवेदन पर्न आएको देखियो।

आज निर्णय सुनाउन पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरि उपर्युक्तबमोजिम विद्वान् कानून व्यावसायीहरूको बहस तथा बहसनोटसमेतलाई अध्ययन गरि निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा देहायका विषयमा निर्णय दिनुपर्ने देखियो।

(क) निवेदकलाई उपकुलपतिको पदबाट हटाउने कार्य कानूनबमोजिम छ छैन ?

(ख) निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने हो होइन ?

२. निर्णयतर्फ विचार गर्दा यी निवेदिकालाई मिति २०६९।५।७ को निर्णयानुसार कुलपतिबाट पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति पदमा नियुक्त गरि जिम्मेवारी दिएको पाइन्छ। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २० अनुसार उपकुलपतिको पदावधि चारवर्षको हुने भन्ने देखिन्छ। यी निवेदक मिति २०६९।५।७ मा नियुक्ति भै २०६९।५।१४ मा प्रतिष्ठानमा हाजिर भै कार्य गर्न थालेको र निवेदकले सिफारिस गरिएका व्यक्तिलाई सहकुलपतिबाट मिति २०६९।६।२२ शिक्षाध्यक्षको पदमा नियुक्ति गरेदेखि विपक्षी पाटन अस्पतालमा आन्दोलन सुरूभै आन्दोलन निरन्तर चलिरहेकामा समाधान गर्ने जिम्मेवारी भएको उपकुलपतिले समस्या समाधान गर्न नसकेकाले निजको कार्य असक्षमता र पद अनुकूलको आचरण नगरेको भन्ने आधारमा निजउपर छानबिन समिति गठन भई समितिको सिफारिस र सभाबाट पारित प्रस्तावअनुसार कुलपतिबाट पदमुक्त गरेको देखिन्छ । अस्पतालभन्दा बाहिरका व्यक्तिलाई शिक्षाध्यक्ष पदमा नियुक्त गरेको भनि निज उपकुलपति विरूद्ध कर्मचारी, शिक्षक, चिकित्सक तथा विद्यार्थीहरूबाट विरोध सुरू भएकामा त्यस्तो विरोध तथा आन्दोलनलाई वार्ताबाट समाधान गर्नु

पर्ने भनि निवेदकले आन्दोलनरत पक्षलाई वार्तामा आउन मिति २०६९।७।१६ मा अपिल गरेकामा २०६९।७।१५ मा उपकुलपतिको राजीनामासमेत हाम्रो माग भएकाले वार्ताको औचित्य नरहेको भनि शिक्षक तथा कर्मचारीबाट पत्र प्रस्तुत गरेको भन्ने पनि देखिन्छ । यसैबिचमा उपभोक्ता हित संरक्षण मञ्चको तर्फबाट पाटन अस्पतालसमेत विरूद्ध दायर भएको निषेधाज्ञा मुद्दामा सो मुद्दाको टुङ्गो नलागेसम्म आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ (१) बमोजिम हड्ताल गर्न निषेध गरिएको सेवा हुनाले अस्पतालको सेवा सञ्चालनमा अवरोध नपुर्‍याउनु भनि अन्तरिम आदेश जारी भएको भए तापनि यी निवेदक र शिक्षाध्यक्षको राजीनामा माग गरि विरोध कार्यक्रम भइरहेको भन्ने मिसिल संलग्न कागजात र निवेदन लेखबाट देखिन्छ । यसैबिच यी निवेदिकाले पद अनुकूलको आचरण नगरेकाले निजउपर छानबिन गर्न प्रतिष्ठान सभाका ७ जना सदस्यले माग गरेअनुसार प्रधानमन्त्री एवम् कुलपति डा. श्री बाबुराम भट्टराईले तोकेको भनि ३ सदस्यीय छानबिन समिति गठन गरेको विज्ञप्ति प्रतिष्ठानको सूचनापाटीमा २०६९।८।२० मा प्रकाशित भएकाले उक्त छानबिन समिति गठन भएको भनि जारी भएको विज्ञप्ति सूचना तथा निर्णयहरूसमेत बदर गरि कुनै पनि गैरकानूनी काम नगर्नु नगराउनु भनि प्रतिषेधको आदेशसमेत जारी गरिपाउँ भनि यी निवेदिकाले कुलपतिसमेतलाई विपक्षी बनाई यस अदालतमा रिट नं.०६९-WO-०५८५ को निवेदन दिएकामा निवेदिकालाई अपुरणीय क्षति पुग्ने अवस्था देखिएकाले २०६९।८।२१ मा प्रारम्भ भएको छानबिन समितिको काम कारवाही अगाडि नबढाउन भनि २०६९।९।३ सम्मको लागि मिति २०६९।८।२४ मा यस अदालतबाट अन्तरिम आदेश जारी भएकामा उक्त छानबिन समिति क्रियाशील भै काम गरेमा निवेदक विरूद्ध निर्णय गर्ने निश्चित अवस्था भइ नसकेको र कानूनविपरीत भएको कुनै पनि निर्णयउपर निवेदिकाले संविधान र कानूनबमोजिम उपचार खोज्न सक्ने सबै सम्भावना विद्यमान रहेको भन्ने आधारमा यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको उक्त अन्तरिम आदेशलाई निरन्तरता दिनु नपर्ने गरि मिति २०६९।९।२२ मा संयुक्त इजलासबाट आदेश भएको देखियो।

३. उपर्युक्तबमोजिम आफू विरूद्ध छानबिन हुन नपर्ने गरि आदेश जारी गरि पाउन यी निवेदिकाले यस अदालतमा निवेदन दिए पनि उक्त छानबिन समितिले छानबिनको कार्य सम्पन्न गरि मिति २०६९।९।२६ मा आफ्नो प्रतिवेदन बुझाएको र सो प्रतिवेदनका आधारमा २०६९।१०।११ को सभाको निर्णय र सोको आधारमा विपक्षी कुलपतिबाट यी निवेदिकालाई प्रतिष्ठानको उपकुलपति पदबाट हटाउने गरि मिति २०६९।१०।१२ को निर्णय र च.नं. ७९६/०४ मिति २०६९।१०।१२ को पत्रबाट निवेदिकालाई जानकारी दिएकाले उक्त निर्णय र पत्रहरू संविधानको धारा १२, २०, २७ एवम् पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ दफा २०(१), (२), (३), (४), २६(२) एवम् सुशासनसम्बन्धी ऐन, २०६४ समेतको विपरीत भएकाले उत्प्रेषणको आदेशबाट बदर गरि नियुक्तिपत्र अनुसार ४ वर्षको सेवा अवधिभर कार्य गर्न दिनु भनि परमादेशको आदेश जारी गरिपाउँ भनि यसै अदालतमा प्रस्तुत निवेदन दिएको देखिन्छ । तत्पश्चात् मिति २०६९।१०।२९ मा विपक्षी कुलपतिबाट प्रतिष्ठानको उपकुलपति पदमा विपक्षी जय नारायण साहलाई नियुक्ति गरेकामा सो नियुक्ति गर्ने मिति २०६९।१०।२९ को निर्णय र नियुक्ति पत्रसमेत बदर गरिपाउँ भनि यिनै निवेदिकाले ०६९-WO-०८३७ को उत्प्रेषणयुक्त परमादेशको निवेदन पनि दिएको देखिन्छ।

४. अब निवेदिकालाई उपयुर्क्तबमोजिम पदबाट हटाउने गरि भएको निर्णय कानूनबमोजिम छ छैन भन्ने हेर्नु पर्ने देखिन आयो । यी निवेदिकालाई उपकुलपतिको पदमा नियुक्त गर्न कानूनबमोजिमको योग्यता भएको आधारमा प्रतिष्ठानका कुलपति एवम् प्रधानमन्त्री बाबुराम भट्टराईबाट प्रतिष्ठान ऐनको दफा २०(२) बमोजिम उपकुलपतिको पदमा नियुक्त गरेकामा विवाद देखिएन। मिति २०६९।५।७ मा निवेदिका प्रा.

डा. संगिता भण्डारी प्रतिष्ठानको उपकुलपतिमा नियुक्त भै २०६९।५।१४ देखि कार्य गर्न सुरू गरेको भन्ने निवेदिकाको निवेदन तथा मिसिल संलग्न कागजातबाट देखिन्छ । यसरी नियुक्त प्रतिष्ठानको उपकुलपतिको पदावधि कति हुने र उसको जिम्मेवारी कस्तो हुने भन्ने सम्बन्धमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २० को कानूनी व्यवस्थालाई दृष्टिगत गर्नुपर्ने देखियो। प्रतिष्ठानको उपकुलपतिको सम्बन्धमा सो ऐनको दफा २० को कानूनी व्यवस्था यसप्रकार रहेको छः

**" दफा २० उपकुलपतिः**

(१) उपकुलपति प्रतिष्ठानमा पुरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाको अन्य दुई जना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(४) उपकुलपतिको काम कर्तव्य र अधिकार पारिश्रमिक सुविधा तथा सेवाको अन्य सर्त तोकिएबमोजिम हुनेछ।"

५. उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा उपकुलपतिको पदावधि नियुक्तिको मितिदेखि चार वर्षको लागि सुरक्षित गरि जिम्मेवारी दिएको देखिन्छ। यी निवेदिका २०६९।५।१४ मा प्रतिष्ठानको उपकुलपति पदमा नियुक्त भएकाले निजको पदावधि चार वर्षको हुनेमा विवाद देखिएन । उल्लिखित ऐनको उक्त व्यवस्थाअनुसार उपकुलपतिको पदावधि चार वर्षका लागि तोकिएको भए पनि त्यस्तो पदावधि निरपेक्ष भने हुन सक्दैन। उपकुलपतिलाई दिएको जिम्मेवारी, कार्य कुशलता, कार्यक्षमता र संस्थाको उद्देश्यसमेतलाई विचार गरि त्यस्तो क्षमतावान् व्यक्तिमात्र सो पदमा तोकेको समयावधिमा रहन सक्नेमा विवाद हुन सक्दैन। प्रतिष्ठानमा पुरा समय काम गर्ने पदाधिकारी हुनेछ भन्ने उक्त दफा २०(१) को कानूनी व्यवस्थाअनुसार यी निवेदिका सो प्रतिष्ठानको प्रमुख प्रशासकीय अधिकारी रहेको भन्नेमा पनि विवाद छैन। यस्तो पदाधिकारीलाई निजले आफ्नो पदप्रतिको जिम्मेवारी पुरा गर्न नसकेमा, पदअनुसारको आचरण नगरेमा वा इमान्दारीपूर्वक कर्तव्य पुरा गरेको नपाइएमा तोकिएको पदावधि पूर्व नै पदबाट हटाउनसमेत सकिने गरि प्रतिष्ठान ऐनको दफा २६ मा कानूनी व्यवस्था गरेको पाइन्छ। यस सम्बन्धमा उपकुलपतिलाई पदबाट हटाउने सम्बन्धमा ऐनको दफा २१ को व्यवस्था यसप्रकार रहेको छ।

(१) उपकुलपति, शिक्षाध्यक्ष वा रजिस्ट्रारले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा वा पद अनुकूलको आचरण नगरेमा वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पुरा गरेको छैन भनि सभाका तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एक जना सदस्य र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव रहेको तिन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति वा शिक्षाध्यक्ष वा रजिस्ट्रारले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपति, शिक्षाध्यक्ष वा रजिस्ट्रारलाई निजको पदबाट हटाउनेछ।

(३) उपदफा (१) बमोजिम छानबिन समिति गठन भए पछि उपदफा (२) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति, शिक्षाध्यक्ष वा रजिस्ट्रारबाहेक

प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफरिस गर्नुअघि छानबिन समितिले निजउपर लागेको आरोपको सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

६. यी निवेदिकालाई उपकुलपतिको पदबाट हटाउन समितिका एक चौथाई अर्थात् ७ जना सदस्यले कुलपतिसमक्ष छानबिन समिति गठन गर्न लिखित निवेदन दिएको आधारमा कुलपतिबाट समिति गठन भै समितिले छानबिन गरि सिफारिससहितको प्रतिवेदन दिएको आधारमा सभाबाट सो प्रतिवेदनमा छलफल र विचार विमर्श भै सभाले पारित गरेको आधारमा कुलपतिबाट पदबाट हटाएकाले निवेदकलाई कानूनबमोजिम हटाइएको भन्ने विपक्षतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताको बहस जिकिर एवम् विपक्षीहरूको लिखित जवाफ देखिन्छ। उल्लिखित दफा २६ को कानूनी व्यवस्थाअनुसार बहाल रहेको उपकुलपतिलाई हटाउन पदीय जिम्मेवारी पुरा नगरेको, पदअनुरूपको आचरण नगरेको वा इमान्दारीपूर्वक कर्तव्य पुरा नगरेको भनि सभाका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिनुपर्नेछ र सो आधारमा छानबिन समिति गठन भै छानबिन गर्दा उल्लिखित अवस्था देखिएको अवस्थामा मात्र सभालाई सिफारिस गर्न सक्ने र सभाले त्यस्तो सिफारिसलाई बहुमतले पारित गरेमा कुलपतिले हटाउनु पर्ने बाध्यात्मक व्यवस्था देखिन्छ। तर यो कानूनी व्यवस्थाअनुसार हटाउन लागिएको उपकुलपतिले पदीय जिम्मेवारी पुरा नगरेको वा पदअनुसार आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पुरा नगरेको भन्ने कुरा आधार प्रमाणसहित प्रमाणित नभई पदबाट हटाउन मिल्ने भने हुँदैन। त्यसरी प्रमाणित गर्ने जिम्मेवारी छानबिन समितिको देखिन्छ। छानबिन समितिले पद अनुकूल आचरण नगरेको, पदीय जिम्मेवारी पुरा नगरेको वा इमान्दारीपूर्वक कर्तव्य पालन नगरेको भनि सिफारिसमा उल्लेख गरेर मात्र पुग्दैन सो नभएको वा नगरेको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गरेर मात्र सिफारिस गर्नुपर्दछ। यद्यपि यी निवेदकले पद अनुकूलको आचरण नगरेको वा पदीय जिम्मेवारी पुरा नगरेको वा इमान्दारीपूर्वक कर्तव्य पालन नगरेको भन्ने आधारमा निजलाई पदबाट हटाएको भन्ने लिखित जवाफ तथा विद्वान् कानून व्यवसायीहरूको बहसमा उल्लेख भए पनि यी निवेदकले कुन काम नगर्दा वा कस्तो आचरण गर्दा पदीय जिम्मेवारी पुरा नभएको वा पद अनुकूलको आचरण नभएको वा इमान्दारीपूर्वक कर्तव्य पालन नगरेको भन्ने कुरा विपक्षीहरूको लिखित जवाफमा स्पष्ट उल्लेख गर्न नसक्नुको साथै त्यस्तो कुरा प्रमाणित हुन सक्ने वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको पाइँदैन।

७. निवेदिकालाई पदबाट हटाउने गरि जानकारी गराएको भन्ने मिति २०६९।१०।१२ को पत्रमा पदअनुरूपको जिम्मेवारी पुरा गर्ने नेतृत्व, सिप र क्षमता नदेखिएको, प्रतिष्ठानको उद्देश्य अनुरूपको काम कारवाही र विषयवस्तुमा मात्र चासो राखि संस्थानको समग्र उद्देश्यको मर्म र भावना आत्मसात् गर्न नसकेको लगायतका आरोप लगाई पदमुक्त गरिएको भन्ने देखिन्छ। पदअनुरूप आचरण नगरेको भन्ने कुरा अमूर्त हुन सक्दैन। पदअनुरूप आचरण नगरेको भन्ने कुरा वस्तुगत आधारबाट प्रमाणित भएको देखिनु पर्दछ। तर निवेदकउपरको आरोपहरूलाई पुष्टि गर्ने आधारप्रमाणहरू के थिए, कसरी ती आरोपहरू पुष्टि हुन सके भन्ने कुरा पदबाट हटाइएको जानकारी गराइएको भन्ने उक्त पत्रमा उल्लेख भएको देखिँदैन भने र विपक्षीहरूको लिखित जवाफबाट पनि सो कुरा पुष्टि हुन आउँदैन।

८. कुनै पनि संस्थाको उद्देश्य वा लक्ष्य एक्लो व्यक्तिको सक्रियताबाट मात्र सम्भव छैन संस्थाको सबै अवयवहरूको सहयोग, समन्वय र सामूहिक प्रयासबाट मात्र संस्थाले आफ्नो लक्ष्य

साध्य गर्न सक्छ । उपकुलपति विपक्षी प्रतिष्ठानको प्रमुख पदाधिकारी हो तापनि निजको एक्लो प्रयासबाट मात्र प्रतिष्ठानले लक्ष्य प्राप्त गर्न सक्ने भन्ने मान्न सकिँदैन । यी निवेदिकाले संस्थाको उद्देश्यविपरीत काम गरेको वा गर्न नसकेको भन्ने आरोप देखिन्छ । तर यस कुराको निज उपकुलपतिको व्यक्तिगतभन्दा पनि संस्थाका कर्मचारीहरूको योगदान र संस्थाको समग्र वस्तुस्थितिको मूल्याङ्कनबाट प्रमाणित हुन सक्नुपर्छ । यी निवेदक २०६९।५।७ मा उपकुलपति पदमा नियुक्त भै २०६९।५।१४ देखि कार्यभार सम्हाल्न थालेकामा निजको कार्यप्रगति देखिन नपाउँदै निज विरूद्धमा प्रतिष्ठानका कर्मचारी एवम् शिक्षक कर्मचारी आन्दोलनमा उत्रिई निजलाई सहयोग नगरेको भन्ने निवेदिकाको निवेदन लेखबाट मात्र होइन "पाटन अस्पतालमा भएको भ्रष्टाचार छानबिन र कारवाही भन्ने शीर्षकमा - करिब २ महिनादेखि पाटन स्वास्थ्य विद्वान् प्रतिष्ठान (पाटन अस्पताल) मा उपकुलपति र रेक्टरको राजीनामाको कुरा उठाई त्यहाँ कार्यरत् विभिन्न तहका कर्मचारी तथा चिकित्सकहरूले आन्दोलन गर्दै आएको र मङ्सिर १ गतेदेखि OPD (बहिरङ्ग) सेवासमेत स्थगित गरि नियमित कामलाई अवरूद्ध पार्ने काम भएको छ भन्ने २०६९।८।७।५ मा प्रकाशित आर्थिक साप्ताहिकको पृष्ठ २ मा पाटन अस्पतालमा अझै जुहारी शीर्षकमा मिति २०६९।७।२२ को नेपाल समाचार पत्रमा - प्रतिष्ठानका निवर्तमान उपकुलपति अर्जुनबहादुर कार्की र रजिस्ट्रार कृष्णबहादुर भण्डारी र डिन राजेशनाथ गंगोलले गरेको काम कारवाहीप्रति शङ्का उत्पन्न भएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र स्वास्थ्य मन्त्रालयले फायल मगाएकामा नवनियुक्त उपकुलपति डा.संगिता भण्डारीले रजिस्ट्रार तथा डिनले आफूलाई फायल उपलब्ध नगराएकाले फायल पठाउन नसकेको भनि बताएको भन्ने" समेतको प्रकाशित समाचारबाट समेत पुष्टि हुन आएको छ।

९. यी निवेदिकाउपर प्रतिष्ठानको उद्देश्यअनुरूप काम कारवाही गर्न नसकेको भन्नेसमेतको आरोप देखिए तापनि यी निवेदिकाले आफू उपकुलपतिमा नियुक्त भए पछि उत्पन्न अवरोध अन्त गर्न निजले प्रयास गरेको कुरा मिति २०६९।८।७ मा लेखिएको पत्र, २०६९।८।७ को विज्ञप्ति, २०६९।७।१९ को अपिलसमेतका मिसिल संलग्न कागजातबाट देखिन्छ तर आन्दोलन रोकि प्रतिष्ठानको कार्य सूचारू गर्न प्रतिष्ठानको सभा, कर्मचारी, शिक्षकलगायत सम्बद्ध पक्ष सबैले के कस्तो सहयोग पुर्‍याउँदा पनि निवेदक उपकुलपतिले काम गर्न नसकेको, कार्यक्षमताको अभाव देखिएको हो भन्ने कुरा विपक्षीहरूले स्पष्ट गर्न सकेको देखिँदैन । प्रतिष्ठानलाई सुचारू राख्ने प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक एवम् प्रतिष्ठानको सर्वोच्च निकाय मानिएको सभाको कर्तव्य जिम्मेवारीलाई अनदेखा गरि प्रतिष्ठानको सम्पूर्ण जिम्मेवारी उपकुलपतिको मात्र हो भन्ने अर्थ गरि प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक र विद्यार्थीहरूले स्वयम् उपकुलपतिको राजीनामा माग गरि वार्ता इन्कार गरि चलाएको आन्दोलनलाई समाधान गर्न नसकेको भन्ने फितलो आधारमा निवेदिका उपकुलपतिको कार्य क्षमताको अभाव वा उपकुलपतिले संस्थाप्रति नकारात्मक भूमिका निभाएको भन्ने विपक्षीहरूको भनाइसित सहमत हुन सकिने आधार देखिँदैन ।

१०. उपकुलपतिले प्रतिष्ठानको परम्परा विपरीत आर्थिक, प्रशासनिक तथा अस्पतालसम्बन्धी काम कारवाहीमा आवश्यक निर्णय गराउने अधिकार उपकुलपतिमा हुनुपर्ने भनि प्रस्ताव राखेको कार्यबाट पद अनुकूलको आचरण नभएको भन्ने लिखित जवाफमा उल्लेख गरेको पाइन्छ तर प्रतिष्ठानको कार्य सञ्चालनको प्रमुख जिम्मेवारी पाएको प्रमुख पदाधिकारीले यस्तो प्रस्ताव राख्न नसक्ने भन्ने देखिँदैन भने त्यस्तो प्रस्ताव राख्न निजलाई कानूनले रोक लगाएको पनि देखिँदैन । कुनै प्रस्ताव पारित हुनु र नहुनुले पदीय आचरणको मापन हुन सक्दैन । यी निवेदिकाले उल्लिखित प्रस्ताव राखेकामा कार्यकारी परिषद्बाट उक्त प्रस्ताव पारित नभएको भन्ने

आधारमा निजको पदअनुरूपको आचरण नभएको भनि देखाउन खोज्नुले निजउपर छानबिन समितिको माग राखि कुलपतिसमक्ष निवेदन दिने प्रतिष्ठान सभाका सदस्यहरूमा निवेदक उपकुलपतिप्रतिको पूर्वाग्रह र प्रवृत्त भावना देखिन आउँछ । यी निवेदक नियुक्ति भएको लगतै शिक्षाध्यक्षको नियुक्तिको विषयलाई लिएर यी निवेदकसमेतको राजीनामाको माग गरि शिक्षक कर्मचारी एकजुट भै आन्दोलनमा उत्रेको अवस्थामा प्रतिष्ठानको कार्य सुचारू राख्ने सम्बन्धमा प्रतिष्ठान सभाका सदस्यहरूको सकारात्मक भूमिका देखिनुपर्नेमा उल्टै कर्तव्य पालन नगरेको, मातहत कर्मचारीहरूलाई काममा लगाउन नसकेको, भनि निजको कार्य क्षमताको अभाव देखाई निजउपर छानबिन समिति गठनको माग राखि कुलपतिसमक्ष निवेदन दिने र कुलपतिबाट पर्याप्त आधार कारण नखोलि छानबिन समिति गठन गर्ने कार्यलाई कानूनअनुरूप हो होइन भनि हेर्नु पर्ने हुन्छ । कानूनले तोकेको कुनै कार्य यी निवेदिकाबाट हुन नसकेको हो र कानूनविपरीतको कुन कार्य गरेको हो भन्ने पनि स्पष्ट देखिनु पर्छ । उपकुलपति जस्तो व्यक्ति नियुक्त हुँदाका अवस्थामा योग्य हुने र नियुक्त भएको केही दिनमा नै अयोग्य भएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुन सक्नु पर्छ । कुनै पनि संस्थामा कुनै पदाधिकारी पदमा बहाल हुनासाथ उसको कार्य प्रगति एकाएक देखिने होइन । त्यसको लागि कर्मचारीलगायत संस्थामा आबद्ध सबैंको सहयोग, अनुकूल वातावरण र पर्याप्त कार्य समयको आवश्यक हुन्छ तर यी निवेदक उपकुलपतिको पदमा बहाल भै काम गर्ने पर्याप्त समय नपाउँदै र निजले गरेको कार्य प्रगति देखिन नपाउँदै कर्तव्य पालन नगरेको, पद अनुकूलको आचरण नगरेको साथै इमान्दारीपूर्वक कर्तव्यपालन नगरेको भनि आरोप लगाई छानबिन समितिसमेत गठन गर्न माग गर्ने सभाका सदस्यको कार्य नै शङ्कास्पद र नियोजित देखिन आउँछ । सभाका सदस्यले छानबिन समितिको माग गरि निवेदन दिएमा कुलपतिले छानबिन समिति गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था प्रतिष्ठान ऐनको दफा २६(१) को हो तथापि त्यस्तो समिति गठन गर्नुपर्ने कारण र औचित्यको विचार नै नगरि समिति गठन गर्न कुलपति बाध्य छ भनि अर्थ गरि कानूनको कठोर व्याख्या गर्न मिल्दैन । कुनै पनि कार्य गर्न अख्तियारी राख्ने पदीय जिम्मेवारी पाएको व्यक्तिले त्यसको औचित्य र आवश्यकताको विश्लेषण र मूल्याङ्कन गर्ने अन्तरनिहित अधिकार अख्तियारवालामा रहन्छ । साथै कुलपतिबाट त्यस्तो कार्य कुन कानूनको प्रतिकूल हो भन्ने पनि हेरिएको देखिनु पर्छ । कसैउपर अभियोग लगाउन त्यसलाई पुष्टि गर्ने कार्य पनि कानूनसम्मत नै हुनु पर्छ । तसर्थ यी निवेदकलाई पदबाट हटाउनको लागि छानबिन समिति गठन गर्नुपूर्व पर्याप्त आधार र कारण खोलि छानबिन समितिको गठन गर्नुपर्नेमा सो नगरि त्यस्तो समिति गठन गर्ने प्रतिष्ठानका कुलपतिको कार्यलाई कानूनसङ्गत मान्न मिल्ने देखिएन ।

११. निवेदिकालाई पदबाट मुक्त गर्नुपर्नेसम्मको कस्तो कारण परि निजउपर छानबिन समिति गठन गरि छानबिन गर्नु परेको हो ? स्पष्ट नभएको र उपकुलपतिले आर्थिक तथा प्रशासनिक विषयमा परिषद्समक्ष राखेको प्रस्ताव पारित हुन नसकेको तथा प्रतिष्ठानमा कार्यरत् कर्मचारीले आफ्नो पदीय कर्तव्यलाई बिर्सिई उपकुलपतिको राजीनामाको माग गरि आन्दोलनमा उत्रेको अवस्थामा त्यस्ता शिक्षक तथा कर्मचारीले काम नगरि अस्पतालको सेवा अवरूद्ध भएको अवस्थालाई पद अनुकूलको आचरण नभएको, कर्मचारीलाई काममा लगाउन नसकि कार्यक्षमताको अभाव भएको भनि देखाइएको आधार र कारण पर्याप्त र तर्कपूर्ण भएको मान्न मिल्दैन । त्यसै गरि आफूउपरको छानबिन समिति गठन भैसकेपश्चात् र यी निवेदकाले सो छानबिन समितिको वैद्यतामा प्रश्न उठाई त्यस्तो समितिबाट आफूउपर छानबिन नहोस् भनि यस अदालतमा रिट निवेदन दायर गरि यस अदालतबाट तत्कालका लागि समितिले यी निवेदिकाउपर छानबिन नगर्न अन्तरिम आदेशसमेत जारी भैरहेको अवस्थामा समिति क्रियाशील भै निजउपर छानबिनको काम जारी राखेकाले यी निवेदिकाले समितिसमक्ष उपस्थित भै

"प्रतिष्ठानमा शिक्षक, कर्मचारीले चरणबद्ध आन्दोलन गरेको कारण पूर्णतया म निवेदिकालाई कर्तव्य पालन गर्न नै बाधा अवरोध सिर्जना गरिएको छ", "शिक्षाध्यक्ष डा. सौम्या भट्टाचार्यले मिति २०६९।६।२५ देखि सेवा गर्न प्रारम्भ गर्नासाथ पाटन अस्पतालभित्रैबाट शिक्षाध्यक्षमा नियुक्ति गर्नुपर्नेमा बाहिरका व्यक्तिलाई नियुक्ति गरेको भनि मिति २०६९।६।२८ देखि विरोध कार्यक्रम गरि अस्पतालको काममा अवरोध पुर्‍याउन सुरू भयो" भनि दिएको अभिव्यक्तिबाट निजको कार्य असक्षमता स्पष्ट हुन्छ भनि विपक्षीहरूले लिखित जवाफमा जिकिर लिएको पनि देखिन्छ। यी निवेदिकाले समितिसमक्ष उपस्थित भै दिएको उपर्युक्त अभिव्यक्तिले प्रतिष्ठानमा यी निवेदिकालाई काम गर्न कसरी अवरोध सिर्जना गरिएको रहेछ भन्ने देखिन्छ नकि निजको कार्य असक्षमताको स्वीकारोक्ति । यी निवेदिकाले आफूले कार्य गर्न नसक्नुको कारण देखाउनुलाई निजको असक्षमता हो भन्ने पर्याप्त आधार मान्न सकिँदैन।

१२. जहाँसम्म सुनुवाईको मौका नै नदिई र आफूउपर लगाइएको आरोपको पुष्टि नै नगरि पदबाट हटाइएको निर्णय गैरकानूनी र पूर्वाग्रहपूर्ण छ भन्ने निवेदन जिकिर रहेको छ सो सम्बन्धमा पनि यो इजलासको ध्यान आकृष्ट भएको छ। यी निवेदिकाउपर छानबिन गर्न प्रतिष्ठान सभाका सदस्यको लिखित निवेदनअनुसार भनि कुलपतिबाट २०६९।८।२० मा छानबिन समिति गठन भएको छ। छानबिन समितिको गठन ठिक थियो वा थिएन भन्ने सम्बन्धमा कुलपतिले छानबिन समिति गठन गर्नु आवश्यक थियो भनि आफू विश्वस्त हुने कारण र औचित्य खोलि गठन गर्नु पर्नेमा सो नभएको भन्ने सम्बन्धमा माथि उल्लिखित प्रकरणमा उल्लेख गरिसकिएको छ। छानबिन समिति गठन गरेको भए तापनि छानबिन समिति गठन भैसकेपछि त्यस्तो समितिको काम कारवाही निष्पक्ष र पूर्वाग्रहरहित थियो थिएन भन्ने सम्बन्धमा पनि छलफल गर्न सान्दर्भिक देखिन आएको छ। छानबिन समितिले मिति २०६९।८।२१ मा निवेदकलाई सफाई पेस गर्न उजुरीको प्रतिलिपिसहित पठाइएको र २०६९।८।२५ मा यी निवेदकले लिखित तथा मौखिकरूपमा स्पष्टीकरण दिएकाले सुनुवाईको मौका प्रदान गरिएको भन्ने विपक्षीहरूको जिकिर देखिन्छ। तर यी निवेदकलाई लगाइएको आरोप यी यी हुन् भनि स्पष्ट उल्लेख गरि स्पष्टीकरण माग गरिएको भन्ने देखिँदैन। खालि तपाईंले पदअनुरूपको आचरण र व्यवहार नगर्नु भएकाले आफूलाई लागेको आरोपको लिखितरूपमा सफाइ पेस गर्नु भनि पत्रमा उल्लेख गर्दैमा आरोपको सफाई दिने मौका प्रदान गरिएको भन्न मिल्ने होइन। ऐनको दफा २६ को व्यवस्था नै प्रतिष्ठानको पदाधिकारीलाई सेवाबाट हटाउने सम्बन्धमा गरिएको व्यवस्था भएको र यस दफाअनुसार गठन गरिएको समिति नै कुनै पदाधिकारीलाई सेवाबाट हटाउन वा नहटाउने सम्बन्धमा छानबिन गर्ने समिति भएकाले छानबिनको आधारमा कुनै पदाधिकारीलाई सेवाबाट हटाउन सिफारिस गर्नुअघि त्यस्तो पदाधिकारीसित उसलाई लागेको आरोपको सम्बन्धमा सफाई पेस गर्न पर्याप्त समयसहितको मौका प्रदान गर्नुपर्ने हुन्छ तर यी निवेदिकालाई उपरोक्तबमोजिम सफाइ पेस गर्न मौका प्रदान गरिएको नभै छानबिनको क्रममा समितिको कार्य सहजताका लागि स्पष्टीकरण सोधिएकोसम्म देखिन्छ तर छानबिनको कार्य समाप्त भै यी निवेदिकालाई पदबाट हटाउन लागिएको छ भन्ने कुराको जानकारी र सोसम्बन्धमा आफ्नो सफाई दिने मौका प्रदान गरिएको भने देखिँदैन । उल्लिखित ऐनको दफा २६(१) मा प्रतिष्ठानको पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नुअघि छानबिन समितिले निजउपर लागेको आरोपका सफाई पेस गर्ने मौका दिनुपर्नेछ" भन्ने उल्लेख भएकाले छानबिनको क्रममा सोधिएको स्पष्टीकरण नै निवेदकलाई सफाई पेस गर्न दिइएको पर्याप्त मौका हो भनि अर्थ गर्न मिल्दैन।

१३. पदीय अधिकार स्वेच्छाचारी हुन सक्दैन। कसैलाई नियुक्त गर्ने र बर्खासी गर्ने अधिकार कसैमा निहित छ भन्दैमा त्यस्तो अधिकारको प्रयोग गर्दा स्वेच्छाचारी ढङ्गबाट प्रयोग गर्न मिल्दैन । यसै सन्दर्भमा "कानूनले कसैलाई अर्काको हक अधिकारमा

रोक वा नियन्त्रण लगाउने अधिकार प्रदान गर्दा निस्पक्षता एवम् विवेकसाथ प्रयोग गरियोस् भनेर प्रदान गरेको हुन्छ । अवकास दिने गरि भएको निर्णय व्यक्तिको पदीय हकसम्बन्धी भएकाले यस्तोमा निर्णय गर्दा विवेकपूर्ण र न्यायसङ्गत तरिकाबाट गरिनु पर्छ । अवकासको निर्णय गर्दा आधार कारण खोल्नु नपर्ने भए स्वेच्छाचारिताले प्रश्रय पाउँछ । यो आधार र कारणबाट अवकास दिएको हो भनि अवकास दिइने कर्मचारीलाई जानकारी गराउन आवश्यक नभएपछि उक्त निर्णय बदनियत (Melafide) पूर्ण हुन सक्छ । आधार कारण नखोलि अवकास दिने गरि भएको निर्णय त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने" भनि बद्रीकुमार बस्नेत विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०५१, नि.नं. ४९८५, पृष्ठ ७४४) मार "कानूनद्वारा पदावधि निर्धारित भएको पदबाट अवकाश दिने, हटाउने कार्य पनि कानूनबमोजिम नै हुनु पर्ने, सस्पेण्ड वा बर्खास्त गर्न पाउँछ भन्ने उल्लिखित शब्दहरूले नै आरोप लगाई कारवाही हुने कुरालाई इङ्गित गर्दछ । यस्तो अवस्थामा कारवाही गरिने व्यक्तिलाई सफाईको मौका पनि दिनुपर्ने, कुनै पनि पदमा कानूनबमोजिम नियुक्त पदाधिकारीले कानूनबमोजिम पदबाट हट्नु पर्ने अवस्थामा बाहेक बहाल रहि आफ्नो दायित्व र जिम्मेवारी वहन गर्दै कार्य गर्न पाउने हक राख्ने, कानूनमा भएको व्यवस्थाअनुरूप बाहेक निवेदकलाई अवकाश दिने कार्यले निवेदकको समानता तथा स्वतन्त्रता जस्तो मौलिक हकमा आघात पुगेको देखिँदा उक्त कार्य संविधान र कानूनसङ्गत भन्न नमिल्ने" भनि डा. टिकाप्रसाद पोखरेल विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालयसमेत भएको (ने.का.प. २०५३ अङ्क १२, नि.नं. ६२९५) उत्प्रेषण मुद्दामा सिद्धान्त प्रतिपादन भैरहेको परिप्रेक्ष्यमा यी निवेदिकालाई सेवाबाट हटाउँदा न त छानबिन समितिले यी निवेदकलाई सेवाबाट हटाउन सिफारिस गर्नुअघि निजलाई आफू विरूद्ध लगाइएको आरोपको सफाई पेस गर्ने मौका दिएको देखियो न त प्रधानमन्त्री एवम् कुलपतिले निवेदिकालाई पदमुक्त गर्दासमेत औचित्यपूर्ण आधार र कारण खोलि पदबाट हटाएको देखिन्छ केवल समितिको सिफारिस सभाबाट पारित भएको भन्ने आधारमा कुलपतिबाट निवेदकलाई सेवाबाट हटाउने कार्यमा उल्लिखित दफा २६(१) को कानूनी व्यवस्थाको त्रुटि र उल्लिखित कानूनी सिद्धान्त एवम् प्राकृतिक न्यायको सिद्धान्तको समेत प्रत्यक्ष उल्लङ्घन भएको देखियो । यसको साथै यी निवेदक विरूद्ध दिएको उजुरी निवेदनमा रजिस्ट्रार डा. कृष्ण भण्डारीको छाप दस्तखत भएको र निजले सभाको सदस्यको हैसियतले २०६९।१०।११ को सभाको निर्णयमा समेत सही गरि निजबाटै यी निवेदिकालाई पदबाट हटाएको जानकारीसमेत दिएको अवस्था देखिँदा उजुर गर्ने र निर्णय गर्ने व्यक्तिसमेत एकै व्यक्ति भएकोसमेत देखिएकाले विपक्षीहरूको काम कारवाही पूर्वाग्रहित भएको प्रस्ट हुन आएको छ ।

१४. तसर्थ उपरोक्त उल्लिखित आधार प्रमाणबाट यी निवेदिकालाई छानबिन गर्न गठित छानबिन समितिले पदबाट हटाउन गरेको सिफारिस पारित गर्ने प्रतिष्ठानको सभाको मिति २०६९।१०।११ को निर्णय र सभाबाट पारित भएअनुसार भनि यी निवेदिकालाई पदबाट हटाउने गरि कुलपतिबाट भएको मिति २०६९।१०।२९ निर्णय र सो निर्णयको प्रतिष्ठानका रजिस्ट्रारबाट गराइएको जानकारीसमेतका सम्पूर्ण काम कारवाहीमा प्रतिष्ठान ऐन, २०६४ को दफा २०(३) तथा दफा २६ (५) को प्रत्यक्ष कानूनको त्रुटि र प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको देखिएकाले उक्त त्रुटिपूर्ण कारवाहीबाट रिक्त भएको पदमा विपक्षी प्रा.डा. जय नारायण साहलाई नियुक्ति गर्न मिति २०६९।१०।२९ मा कुलपतिबाट भएको निर्णय र नियुक्तिसमेत त्रुटिपूर्ण भै उत्प्रेषणको आदेशले बदर हुने र उपकुलपतिको पदमा यी निवेदिकालाई २०६९।५।७ मा दिएको नियुक्ति कायम भै निजलाई कानूनबमोजिम प्रदान गरिएको पारिश्रमिक र सुविधा प्रदान गरि निजलाई पूर्ववत् उपकुलपतिको पदमा काम गर्न दिनु भनि विपक्षीहरूको नाममा परमादेशको

आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार गरि अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः उमानाथ गौतम
इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

## निर्णय नं.९५०३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।९।२३।५
०६९-CI-०६९०

मुद्दा : उत्प्रेषण / परमादेश

पुनरावेदक / पक्ष : रामदेवन भन्ने रामदेव महतो नुनियाको छोरा जिल्ला बारा, गाउँ विकास समिति बेलदारी, वडा नं. ८ बस्ने गोखुल महतो नुनियासमेत

विरूद्ध

विपक्षी / प्रत्यर्थी : भारत विहार जिल्ला पूर्वी चम्पारण थाना महुअवा ग्राम विन्दवासिनी हाल बारा जिल्ला बेल्दारी गाउँ विकास समिति वडा नं. ८ बस्ने दानी महतोको छोरा भुखल महतोसमेत

- **कानूनी राज्यमा Due process of law को पालना गर्नु प्रत्येक व्यक्ति तथा निकायको दायित्व हो । कानूनको अधीनमा रहि अदालतमा प्रवेश गरेको मुद्दामा माथिल्लो अदालतबाट हस्तक्षेप गर्दै जाने हो भने कानूनको शासनकै उपहास हुन जान्छ । अधिकारप्राप्त न्यायिक निकायसमक्ष साधारण क्षेत्राधिकारअन्तर्गत दायर भई विचाराधीन रहेको विषयमा हस्तक्षेप गरि त्यस्तो मुद्दाको कारवाही स्थगित गर्नु वा जारी भएको म्याद सूचना जारी नगर्नु, त्यसमा कुनै कारवाही नगर्नु भनि रिट क्षेत्रबाट प्रवेश गरि हस्तक्षेप गर्नु कानूनको मान्य सिद्धान्तसमेतको विपरीत हुन जाने ।**

(प्रकरण नं.४)

- **कानूनले निर्दिष्ट प्रक्रिया अवलम्बन गरि अदालतसमक्ष प्रतिरक्षा गर्नु पर्नेमा due process of law लाई छलेर निवेदकहरू प्रस्तुत निवेदन गर्न आएको देखिँदा कानूनको व्यवस्था र कार्यविधिलाई निस्तेज पार्ने गरि वा सुरू अदालतसमक्ष विचाराधीन मुद्दाको तथ्यमा प्रवेश गरि वा सुरू अदालतको न्यायिक क्षेत्राधिकारमा हस्तक्षेप हुने गरि निवेदन मागबमोजिम उत्प्रेषण एवम् परमादेशको आदेश जारी गर्न नमिल्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / पक्षका तर्फबाट :
विपक्षी / प्रत्यर्थीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १

सुरू फैसला गर्ने:
माननीय न्यायाधीश श्री दिनेशकुमार कार्की
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

आदेश

**न्या.देवेन्द्र गोपाल श्रेष्ठ :** पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।२।३१ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अन्तर्गत यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ:-

**तथ्य खण्ड**

रामफल महतोको एकमात्र छोरा रामदेव महतो र रामदेव महतोको दुई छोरा क्रमशः हामी गोखुल महतो तथा किसुन महतो भई सुरेश महतो गोखुल महतोको छोरा हुँ। स्व. रामदेव महतो भन्ने रामदेवको नाममा नाप नक्सा भएको जिल्ला बारा, गाउँ विकास समिति बेल्दारी वडा नं. १ कि.नं. ५०, कि.नं. १०४, ऐ. वडा नं. २ कि.नं. १४२ का जग्गाहरू पिता, हजुरबुबाको नाममा फिल्डबुक तयार भई सोहीअनुसार जग्गाधनी प्रमाण पुर्जा कायम भई पिता हजुरबुबाको जीवनकालसम्म पिता हजुरबुबाले तथा २०२९ सालमा वहाँको मृत्युपश्चात् निर्विवादरूपमा हामीले भोगचलन गरि आएका थियौं। हामी दाजुभाइ गोखुल महतो तथा किसुन महतोको बिचमा बारा जिल्ला अदालतमा अंशसमेतका मुद्दा परि मिति २०६७।५।१७ मा मिलापत्र हुँदा कि.नं. ५० तथा कि.नं. १०४ को जग्गाहरू मिलापत्रबाट हामी दाजुभाइको अंशभागमा परि जग्गाधनी प्रमाण पुर्जासमेत पाई हामीले भोगचलन गरि आएका छौं। सो साबिक कि.नं. १०४ कित्ताकाट भई कि.नं. ४२० तथा कि.नं. ४२१ कायम भएको छ। विपक्षी भुखल महतोले हाम्रो उक्त जग्गामा लोभ गरि हामीउपर बारा जिल्ला अदालतमा मिति २०६७।९।२३ मा किर्ते जालसाजी, जालसाजी तथा दा.खा. निर्णय दर्ता बदर, मिलापत्र बदर हक कायम लिखत दर्ता बदरलगायतका मुद्दाहरू दिएकामा प्रतिउत्तर फिराई मुद्दाको पुर्पक्ष गरि रहेका छौं। कि.नं. १४२ को जग्गा किर्ते जालसाजी गरि विपक्षी भुखल महतोले आफ्नो नाममा दर्ता गराएकाले हामीले बारा जिल्ला अदालतमा जालसाजी तथा टिप्पणी आदेश बदर हक कायम लिखत दर्ता बदर दर्ताको मुद्दाहरू दिई विपक्षीले प्रतिउत्तर फिराई मुद्दा कारवाहीमा छ। विपक्षी भुखल महतोले हामीलाई दुःख हैरान दिने बदनियतले बारा जिल्ला अदालतमा हामीउपर वादी बनि जुन विषय उठान गरि किर्ते जालसाजीलगायतका माथि उल्लिखित मुद्दाको नालेस दिनु भएको छ, पुनः अर्को निकायमा सोही विषयवस्तुलाई पुनः उठान गरि जिल्ला प्रहरी कार्यालय, बारामा सरकारी कागज किर्तेको जाहेरी दर्ता गराई मिति २०६८।४।११ मा बारा जिल्ला अदालतमा मुद्दा दर्ता भई हाम्रो नाउँमा सूचना जारी भएको रहेछ। कुनै व्यक्तिउपर एकै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने संवैधानिक व्यवस्था रहेकामा सोविपरीत जिल्ला प्रहरी कार्यालय, बाराले जाहेरी दर्ता गरि जिल्ला सरकारी वकिल कार्यालयले अनुसन्धान कार्य गरि बारा जिल्ला अदालतले स.फौ.नं. १११-५०-०६८-००१६० को मुद्दा दर्ता गरेको कार्यले हामी निवेदकहरूको नेपालको संविधान, २०६३ को धारा २४(६), मुलुकी ऐन, अदालती बन्दोबस्तको ८९ नं., नागरिक अधिकार ऐन, २०१२ को दफा ११(२) द्वारा प्रदत्त हाम्रो हक अधिकारमा हनन् हुन जाने प्रवल सम्भावना रहेकाले भुखल महतोको जाहेरीले जिल्ला प्रहरी कार्यालय, बारा र जिल्ला सरकारी वकिल कार्यालय, बाराबाट भएका अनुसन्धानका सम्पूर्ण कार्य तथा बारा जिल्ला अदालतमा दर्ता भएको सरकारी कागज किर्ते मुद्दा र सो मुद्दामा अदालतमा हाजिर हुन जारी भएको म्याद सूचनासमेतका सम्पूर्ण काम कारबाही कानूनविपरीत भएकाले विपक्षीहरूको सो कानूनविपरीतका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ साथै हाम्रो नाममा तामेल भएको म्याद सूचनाको प्रक्रिया स्थगित गरि सोमा कुनै कारवाही नगर्नु, नगराउनु भनि बारा जिल्ला अदालतका नाममा अन्तरिम आदेश जारी

गरिपाउँ भन्नेसमेत व्यहोराको गोखुल महतोसमेत जना ३ को मिति २०६८।७।२४ को रिट निवेदन।

निवेदकको मागबमोजिम आदेश जारी हुनु नपर्ने कुनै, कारण, प्रमाण भए सोसमेत उल्लेख गरि कानूनबमोजिम सूचना म्याद तामेल भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. २, ३ र ४ का हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडामार्फत र विपक्षी नं. १ का हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनि विपक्षीहरूका नाममा सूचना म्याद जारी गरि लिखित जवाफ परे वा अवधि नाघेपछि पेस गर्नू। अन्तरिम आदेशको मागको सम्बन्धमा दुवै पक्षलाई रोहवरमा राखि छलफल गरि आदेश गर्नु उपयुक्त देखिन आएकाले विपक्षीहरूका नाममा सोको सूचना दिई मिति २०६८।८।४ का दिन अन्तरिम आदेशको सम्बन्धमा छलफलका लागि तारेख तोकि सोहि मितिमा उपस्थित हुनु भनि विपक्षीहरूका नाममा सूचना जारी गरि नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०६८।७।२५ को पुनरावेदन अदालत, हेटौंडाको आदेश।

भुखल महतोले गोखुल महतोसमेत उपर र गोखुल महतोसमेतले भुखल महतोउपर दायर गरेका मुद्दाहरू यस अदालतमा कारवाहीयुक्त अवस्थामा रहेकै अवस्था भुखल महतोले रिट निवेदकसमेतलाई विपक्षी बनाई सरकारी कागज किर्तेको जाहेरी दिई जिल्ला प्रहरी कार्यालयको अनुसन्धानपश्चात् जिल्ला सरकारी वकिल कार्यालयले यस अदालतमा मिति २०६८।५।२ मा सरकारी कागज किर्ते मुद्दाको अभियोगपत्र दायर भई सो मुद्दासमेत हाल कारवाहीयुक्त अवस्थामा रहेकामा यस अदालतमा विचाराधीन मुद्दामा के हुने भन्ने बारेमा न्याय निरूपण हुँदाका बखत विचार हुने नै हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बारा जिल्ला अदालतको मिति २०६८।८।४ को लिखित जवाफ।

भुखल महतोको बाजे रामदेवन भन्ने रामदेवको नाममा दर्ता रहेको बारा बेल्दारी-१ को कि.नं. ५०, ४२० र ४२१ जग्गाको जग्गाधनी प्रमाणपुर्जा मालपोत कार्यालय, बाराबाट प्रमाणित प्रतिलिपि लिई रामदेवनको पछाडि महतो थपि भारत लाइन मेटाई बेल्दारी ८ लेखी अर्कै मतलब र अर्थ आउने गरि सरकारी छाप र दस्तखत भएको सरकारी कागजमा किर्ते गरेकामा निवेदकउपर मुलुकी ऐन, किर्ते कागजको १ नं. ७ नं. र १२ को कसुर अपराधमा ऐ. महलको ७ नं. को सजाय गरि १२ नं. बमोजिम थप सजायको मागदाबी लिई बारा जिल्ला अदालतसमक्ष मुद्दा दायर गरिएको हो। दुनियाँवादी फौजदारी मुद्दा र सरकारवादी फौजदारी मुद्दा छुट्टाछुट्टै कसुर अपराधमा मुद्दा दायर भएको देखिँदा निवेदकको दाबीबमोजिम रिट जारी गर्नु पर्ने अवस्था नहुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, बाराको मिति २०६८।८।४ को लिखित जवाफ।

यसमा एकपटक फैसला भैसकेको कुरालाई लिएर दोस्रो पटक सोही विषयमा दोस्रो मुद्दा चलाएको भन्ने निवेदकको निवेदन व्यहोराबाट नै देखिन नआएको र निवेदनउपर चलेको सरकारी कागज किर्तेसमेतका मुद्दाहरू हाल सुरू अदालतमा विचाराधीन अवस्थामा रहेको भन्ने देखिँदा निवेदकको मागबमोजिमको अन्तरिम आदेश जारी गर्न मिल्ने देखिएन। आदेशको जानकारी पक्षहरूलाई गराई मिसिल नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०६८।८।४ को पुनरावेदन अदालत, हेटौंडाको आदेश।

जिल्ला बारा, गाउँ विकास समिति बेल्दारी वडा नं.१ कि.नं. ५०, ४२० र ४२१ का जग्गा लिन खानको लागि गोखुल महतोसमेतको मिलेमतो संलग्नतामा मालपोत कार्यालय, बाराबाट स्रेस्ताको प्रमाणित प्रतिलिपि लिई रामदेवनको पछाडि महतो थपि, भारत मेटाई बेल्दारी-८ लेखि सरकारी कागज किर्ते गरेको भनि भुखल महतोको मिति २०६८।३।३२ मा यस कार्यालयमा जाहेरी दरखास्त पर्न आएको हुँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको प्रहरी कार्यालयले अनुसन्धान गर्ने तथा यस कार्यालयको कार्य क्षेत्राधिकारभित्र पर्ने भएको हुँदा सरकारी कागज किर्ते मुद्दा मिति २०६८।४।११ मा

सरकारी कागज किर्ते शीर्षकमा दर्ता गरि अभियुक्तहरू मध्येका विन्दाप्रसाद महतो पक्राउमा परि सम्पूर्ण अनुसन्धान कार्य पुरा गरि बारा जिल्ला अदालतमा पेस गरिएको हो । रिट निवेदकहरूको रिट निवेदन दाबी जिकिरअनुसार कार्य क्षेत्राधिकार बाहिर गई कानूनविपरीत गैर कानूनी कार्य गरिएको नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला प्रहरी कार्यालय, बाराको मिति २०६८।८।९ को लिखित जवाफ।

सरकारी कागज किर्ते मुद्दा र बारा जिल्ला अदालतमा चलेका किर्ते जालसाजीलगायतका अन्य मुद्दाको तथ्य र विवाद अलगअलग छ । दाबीअनुसार एउटै कसुरमा दुईवटा मुद्दा चलाइएको होइन । अपराधबाट बच्न उम्कनका लागि परेको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको भुखल महतोको मिति २०६८।८।१३ को लिखित जवाफ।

निवेदकहरूका विरूद्ध दायर हुन आएको सरकारी कागज किर्ते मुद्दामा कानूनको निर्दिष्ट प्रक्रिया अवलम्बन गरि अदालतसमक्ष प्रतिरक्षा गर्नु पर्नेमा Due process of law लाई छलेर निवेदकहरू प्रस्तुत निवेदन गर्न आएको देखिन्छ । कानूनको व्यवस्था र कार्यविधिलाई निस्तेज पार्ने गरि वा सुरू अदालतसमक्ष विचाराधीन मुद्दाको तथ्यमा प्रवेश गरि वा सुरू अदालतको न्यायिक क्षेत्राधिकारमा हस्तक्षेप हुने गरि निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरि रहनु पर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०६९।२।३१ को पुनरावेदन अदालत, हेटौंडाको फैसला।

मुलुकी ऐन, अ.वं. ८९ नं. को व्यवस्थाबमोजिम एकै प्रकृतिको दुईवटा मुद्दा परेकामा अगाडिको मुद्दामा कारवाही चलाई पछि परेको मुद्दा वातिल गरि मुद्दा छिन्नुपर्छ भन्ने व्यवस्थाको कुनै व्याख्या विवेचना नै नगरि Doctrine of double jeopardy को आधारमा मात्र विवेचना गरि रिट खारेज हुने ठहर गरि भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०२९ नि.नं. ६७१ पृ. ७३, ने.का.प. २०२६ नि.नं. ४७३ पृ. ८० समेत) तथा मुलुकी ऐन, अ.वं. ८९ नं. को प्रतिकूल रहि कानून र अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको त्रुटिपूर्ण हुँदा रिट खारेज गर्ने गरि भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला बदर गरि हामीहरूको मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको गोखुल महतो नुनिया, किसुन महतो नुनिया र सुरेश महतोको मिति २०६९।९।९ को संयुक्त पुनरावेदनपत्र।

नियमबमोजिम मुद्दा पेसी सूचीमा चढि निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरि विवादसँग सम्बद्ध तथ्य तथा प्रमाणसमेतको आधारमा पुनरावेदन अदालत, हेटौंडाको आदेश मिलेको छ वा छैन र पुनरावेदकको माग दाबीबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्न पर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा जिल्ला बारा, गाउँ विकास समिति बेल्दारी वडा नं. १ कि.नं. ५०, कि.नं. १०४ र ऐ. वडा नं. २ कि.नं. १४२ का जग्गाहरू पिता पुर्खाको पालादेखि भोग चलन गरि आएकामा हामी दाजुभाइ गोखुल महतो तथा किसुन महतोको बिच मिति २०६७।५।१७ मा मिलापत्र भई कि.नं. ५० तथा कि.नं. १०४ को जग्गाहरू हामी दाजुभाइको अंशभागमा परि जग्गाधनी प्रमाणपुर्जासमेत पाई हामीले भोगचलन गरि आएकामा साबिक कि.नं. १०४ कित्ताकाट भई कायम कि.नं. ४२० तथा कि.नं. ४२१ का जग्गाहरू विपक्षी भुखल महतोले लोभ गरि हामीउपर बारा जिल्ला अदालतमा मिति २०६७।९।२३ मा किर्ते जालसाजी, जालसाजी तथा दा.खा. निर्णय दर्ता बदर, मिलापत्र बदर हक कायम, लिखत दर्ता बदरलगायतका मुद्दाहरू दिएकामा प्रतिउत्तर फिराई मुद्दाको पुर्पक्ष गरि रहेको अवस्थामा यिनै जग्गाको विषयलाई लिएर विपक्षी भुखल महतोले जिल्ला प्रहरी कार्यालय, बारामा सरकारी कागज किर्तेको जाहेरी दर्ता गराई मिति २०६८।४।११ मा बारा जिल्ला अदालतमा

मुद्दा दर्ता भई हाम्रो नाउँमा सूचना जारी गरेको कार्यले हामी निवेदकहरूको संवैधानिक तथा कानूनी हक अधिकारमा हनन् हुन जाने प्रवल सम्भावना रहेकाले भुखल महतोको जाहेरीले जिल्ला प्रहरी कार्यालय, बारा र जिल्ला सरकारी वकिल कार्यालय, बाराबाट भएका अनुसन्धानका सम्पूर्ण कार्य तथा बारा जिल्ला अदालतमा दर्ता भएको सरकारी कागज किर्ते मुद्दा र सो मुद्दामा अदालतमा हाजिर हुन जारी भएको म्याद सूचनासमेतका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ साथै हाम्रो नाममा तामेल भएको म्याद सूचनाको प्रक्रिया स्थगित गरि सो मा कुनै कारवाही नगर्नु, नगराउनु भनि बारा जिल्ला अदालतका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन माग रहेको पाइन्छ। भुखल महतोले गोखुल महतोसमेत उपर र गोखुल महतोसमेतले भुखल महतोउपर दायर गरेका मुद्दाहरू अदालतमा कारवाहीयुक्त अवस्थामा रहेकै अवस्था भुखल महतोले रिट निवेदकहरू समेतलाई विपक्षी बनाई सरकारी कागज किर्तेको जाहेरी दिई जिल्ला प्रहरी कार्यालयको अनुसन्धानपश्चात् मिति २०६८।५।२ मा सरकारी कागज किर्ते मुद्दाको अभियोगपत्र दायर भई सो मुद्दासमेत हाल कारवाहीयुक्त अवस्थामा रहेकाले यस अदालतमा विचाराधीन मुद्दामा के हुने भन्ने बारेमा न्याय निरूपण हुँदाका बखत विचार हुने नै हुँदा निवेदन खारेज गरिपाउँ भनि बारा जिल्ला अदालतको दुनियाँवादी फौजदारी मुद्दा र सरकारवादी फौजदारी मुद्दा छुट्टाछुट्टै कसुर अपराध भई मुद्दा दायर भएको देखिँदा निवेदकको दाबीबमोजिम रिट जारी गर्नु पर्ने होइन भन्ने जिल्ला सरकारी वकिल कार्यालय, बाराको जिल्ला बारा, गाउँ विकास समिति बेल्दारी वडा नं.१ कि.नं. ५०, ४२० र ४२१ का जग्गा लिन खाने उद्देश्यले गोखुल महतोसमेतको मिलेमतो संलग्नतामा सरकारी कागज किर्ते गरेको भनि भुखल महतोको जाहेरी परेको हुँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको मुद्दा भएकाले यस कार्यालयको कार्य क्षेत्राधिकारभित्र पर्ने हुँदा अभियुक्तहरू मध्येका विन्दाप्रसाद महतोलाई पक्राउ गरि बारा जिल्ला अदालतमा पेस गरिएको भन्ने जिल्ला प्रहरी कार्यालय, बाराको तथा सरकारी कागज किर्ते मुद्दा र बारा जिल्ला अदालतमा चलेका किर्ते जालसाजीलगायतका अन्य मुद्दाको तथ्य र विवाद अलगअलग रहेको भन्ने भुखल महतोको लिखित जवाफ परेको पाइन्छ। निवेदकहरूका विरूद्ध दायर हुन आएको सरकारी कागज किर्ते मुद्दामा कानूनको निर्दिष्ट प्रक्रिया अवलम्बन गरि अदालतसमक्ष प्रतिरक्षा गर्नु पर्नेमा Due process of law लाई छलेर निवेदकहरू प्रस्तुत निवेदन गर्न आएको देखिँदा कानूनको व्यवस्था र कार्यविधिलाई निस्तेज पार्ने गरि वा सुरू अदालतसमक्ष विचाराधीन मुद्दाको तथ्यमा प्रवेश गरि वा सुरू अदालतको न्यायिक क्षेत्राधिकारमा हस्तक्षेप हुने गरि निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरि रहनु नपर्ने हुँदा निवेदन खारेज हुने ठहर्छ भनि पुनरावेदन अदालत, हेटौंडाबाट फैसला भएउपर यी पुनरावेदकको प्रस्तुत पुनरावेदन परेको देखियो।

३. यसमा एउटै जग्गाको विषयलाई लिएर परेका दुईवटा मुद्दाहरूको सम्बन्धमा मुलुकी ऐन, अ.वं. ८९ नं. को व्याख्या नगरि एक पटक फैसला भइसकेको कुरालाई लिएर दोस्रो पटक सोही विषयमा दोस्रो मुद्दा चलाएको भन्ने निवेदन व्यहोराबाट देखिएन भन्ने आधार लिई Doctrine of double jeopardy को आधारमा मात्र विवेचना गरि रिट खारेज हुने ठहर गरि भएको पुनरावेदन अदालत, हेटौँडाको फैसला कानून र अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरि हामीहरूको मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदन जिकिर रहेको छ। यी पुनरावेदकउपर विवादित साबिक कि.नं. १०४ हाल कि.नं. ४२० तथा कि.नं. ४२१ का जग्गालाई लिएर विपक्षी भुखल वादी भई बारा जिल्ला अदालतमा किर्ते जालसाजी, जालसाजी तथा दा.खा. निर्णय दर्ता बदर, मिलापत्र बदर हक कायम लिखत दर्ता बदरलगायतका मुद्दाहरू दिई कारवाहीयुक्त अवस्थामा रहेको भन्ने निवेदन व्यहोराबाटै खुल्न आएको छ। पुनः

सोही कि.नं. ४२० र ४२१ का जग्गाको किर्ते गरेको भनि बारा जिल्ला अदालतमा सरकारी छाप दस्तखत किर्ते मुद्दा दायर गरि कारवाहीयुक्त अवस्थामा रहेको भन्ने देखिन्छ । यी पुनरावेदकले जिकिर लिएको मुलुकी ऐन, अ.वं. ८९ नं. को व्यवस्था व्यक्तिवादी देवानी विषयसँग सम्बन्धित रहेको पाइन्छ । सरकारी छाप दस्तखत किर्ते मुद्दा सरकारवादी हुने फौजदारी मुद्दा भई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीभित्र पर्ने मुद्दा भएको र यी पुनरावेदकउपर बारा जिल्ला अदालतमा विचाराधीन रहेका वादी भुखल महतो र प्रतिवादी यी पुनरावेदकहरू भएको किर्ते जालसाजी, जालसाजी तथा दा.खा. निर्णय दर्ता बदरसमेतका मुद्दाहरू सोही जग्गाको सम्बन्धमा परेका भए पनि दुनियाँवादी प्रकृतिका मुद्दा रहेकामा विवाद देखिएन । "...एक वा बढी कानून अन्तर्गतको कसुर हुन्छ भने त्यस्तो कसुरमा एक वा सोभन्दा बढी मुद्दा चल्न सक्छ" भनि किशोर श्रेष्ठ विरूद्ध जिल्ला प्रशासन कार्यालय, हनुमानढोकासमेतको मुद्दा (२०५९ सालको रिट नं. २८४५ आदेश मिति २०६०।२।१४) मा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखियो । पुनरावेदकले पुनरावेदनपत्रमा एकै विषयमा दुई छुट्टाछुट्टै मुद्दा परेको भनि उठाएको भए पनि एउटै जग्गाको सम्बन्धमा परेका मुद्दा भए पनि सरकारवादी फौजदारी मुद्दा र दुनियाँवादी फौजदारी/देवानी मुद्दालाई एउटै प्रकृति र एउटै विवाद मान्न मिलेन ।

४. कानूनी राज्यमा Due process of law को पालना गर्नु प्रत्येक व्यक्ति तथा निकायको दायित्व हो । कानूनको अधीनमा रहि अदालतमा प्रवेश गरेको मुद्दामा माथिल्लो अदालतबाट हस्तक्षेप गर्दै जाने हो भने कानूनको शासनकै उपहास हुन जान्छ । अधिकारप्राप्त न्यायिक निकायसमक्ष साधारण क्षेत्राधिकारअन्तर्गत दायर भई विचाराधीन रहेको विषयमा हस्तक्षेप गरि त्यस्तो मुद्दाको कारवाही स्थगित गर्नु वा जारी भएको म्याद सूचना जारी नगर्नु, त्यसमा कुनै कारवाही नगर्नु भनि रिट क्षेत्रबाट प्रवेश गरि हस्तक्षेप गर्नु कानूनको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ ।

५. तसर्थ कानूनले निर्दिष्ट प्रक्रिया अवलम्बन गरि अदालतसमक्ष प्रतिरक्षा गर्नु पर्नेमा due process of law लाई छलेर निवेदकहरू प्रस्तुत निवेदन गर्न आएको देखिँदा कानूनको व्यवस्था र कार्यविधिलाई निस्तेज पार्ने गरि वा सुरू अदालतसमक्ष विचाराधीन मुद्दाको तथ्यमा प्रवेश गरि वा सुरू अदालतको न्यायिक क्षेत्राधिकारमा हस्तक्षेप हुने गरि निवेदन मागबमोजिम उत्प्रेषण एवम् परमादेशको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहर गरि भएको सुरू पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।२।३१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.जगदीश शर्मा पौडेल

इजलास अधिकृत : इन्दिरा शर्मा
इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम् ।